# ज्यान मार्ने उद्योगसम्बन्धी कानूनी व्यवस्था र अभ्यास विषयक अध्ययन प्रतिवेदन, २०७९

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजु, काठमाडौं

# ज्यान मार्ने उद्योगसम्बन्धी कानूनी व्यवस्था र अभ्यास विषयक अध्ययन प्रतिवेदन, २०७९


**अध्ययन समूहः**

**माननीय डा. श्री रमेशप्रसाद रिजाल,** जिल्ला न्यायाधीश/फ्याकल्टी, रा.न्या.प्र

**श्री संजीव राई,** उप निर्देशक, अनुसन्धान तथा विकास महाशाखा, रा.न्या.प्र

**श्री करूणा थपलिया,** अनुसन्धान अधिकृत, अनुसन्धान तथा विकास महाशाखा रा.न्या.प्र



**राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल**

**मनमैंजु, काठमाडौ**

**प्रकाशन :** राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजु, काठमाडौं
फोन नं.: ९७७-१-४०२७४४९/४०२७४५१
इमेलः info@njanepal.org.np
वेभसाइटः www.njanepal.org.np

**सर्वाधिकार** : राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
**प्रकाशन मिति** : २०८०
**प्रकाशित प्रति** : ५०० प्रति
**लेआउट** : सुसन मर्हजन
**मुद्रक** : एन.आर.एस. प्रिन्ट सर्भिष

## मन्तव्य

राष्ट्रिय न्यायिक प्रतिष्ठान स्थापनाकालदेखि न्याय र कानूनको क्षेत्रमा कार्यरत जनशक्तिको व्यावसायिक क्षमता अभिवृद्धिको लागि अविच्छिन्न रुपमा प्रयासरत रहिआएको छ। आफ्नो उद्देश्य अनुरुप प्रतिष्ठानले न्याय क्षेत्रमा आवद्ध जनशक्तिलाई लक्षित गरी अध्ययन, अनुसन्धान गर्ने लगायत प्रशिक्षण, अन्तरक्रिया, सेमिनार जस्ता कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मिति २०७५\०५\०१ देखि कार्यान्वयनमा आएपछि ज्यान मार्ने उद्योगसम्बन्धी अपराधको विषयमा नयाँ परिवर्तित कानूनी व्यवस्थाको प्रयोग र कार्यान्वयनमा परेका समस्या र चुनौती बारेमा कुनै अध्ययन अनुसन्धान भएको देखिँदैन। त्यसैले यिनै कानूनको आधारमा जिल्ला अदालतबाट भएको थुनछेक आदेश र फैसलाको अनुसन्धानमूलक ढंगले अध्ययन र विश्लेषण गरी "ज्यान मार्ने उद्योगसम्बन्धी कानूनी व्यवस्था र अभ्यास विषयक अध्ययन प्रतिवेदन, २०७९" प्रकाशन गरिएको हो।

ज्यान मार्ने उद्योगसम्बन्धी कसुरको सन्दर्भमा हाम्रो परिबर्तित कानूनी व्यवस्था र विकसित विधिशास्त्रका बारेमा अनुसन्धान, अभियोजन र न्याय निरोपणमा संलग्न हुने निकाय र सरोकारवालाहरुलाई समेत अद्यावधिक हुन अत्यन्त आवश्यक देखिन्छ। तसर्थ यस अध्ययन प्रतिवेदनले न्यायिक जनशक्तिलाई यस क्षेत्रमा अद्यावधिक हुनका साथै प्रस्ट दृष्टिकोण राख्ने कार्यमा योगदान प्रदान गर्नेछ भन्नेमा म बिस्वस्त छुँ। यस प्रतिवदेनबाट ज्यान मार्ने उद्योगसम्बन्धी सैद्धान्तिक अवधारणा, कानूनी व्यवस्था र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरुको सम्बन्धमा अवगत हुन न्यायाधीश, कानून व्यवसायी, प्रध्यापक, अनुसन्धानकर्ता, विद्यार्थी र सरोकार राख्ने सबैलाई थप मद्दत मिल्नेछ भन्ने विश्वास लिएको छु।

अन्तमा यस अध्ययन प्रतिवदेनलाई प्रस्तुत रुपमा प्रकाशन योग्य तुल्याउने कार्यमा संलग्न हुनुभएका अध्ययन समूहका संयोजक प्रतिष्ठानका फ्याकल्टी/जिल्ला न्यायाधीश माननीय डा. श्री रमेशप्रसाद रिजाल, अनुसन्धान तथा विकास महाशाखाका उप-निर्देशक श्री संजीव राई र अनुसन्धान अधिकृत श्री करुणा थपलिया लगायत सम्पूर्णलाई धन्यवाद दिन चाहन्छु। अन्तमा पाठक वर्गहरुबाट रचनात्मक सुझावको लागि समेत प्रतिष्ठान अपेक्षा गर्दछ।

बैद्यनाथ उपाध्याय
कार्यकारी निर्देशक
राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

मनमैजु, काठमाडौं
फोन नं.: +१-४०२७४४९, +१-४०२७४५१
फ्याक्स +१-४०२७१४०
पोष्ट बक्स नं.: २४८६५
E-mail : info@njanepal.org.np
URL: www.njanepal.org.np
Manamaiju, Kathmandu
Ph.: +1-4027449, +1-4027451
Fax: +1-4027140
Post Box No: 24865

# विषय सूची


| | | |
|---|---|---|
| **परिच्छेद-एक** | | |
| १ | परिचय | १ |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | अध्ययनको समस्या कथन | २ |
| १.३ | अध्ययनको उद्देश्य | २ |
| १.४ | अध्ययनको आवश्यक्ता र महत्व | ३ |
| १.५ | अध्ययनको सीमा | ३ |
| १.६ | अध्ययनको संरचना | ३ |
| **परिच्छेद-दुई** | | |
| २. | पूर्व अध्ययनको समीक्षा | ५ |
| २.१ | ज्यान मार्ने उद्ययोगसम्बन्धी अपराधको प्रवृत्तिः एक विश्लेषणात्मक अध्ययन | ५ |
| २.२ | ज्यानसम्बन्धी कसुर, सामान्य चर्चा | ६ |
| २.३ | आजको बदलिँदो सन्दर्भमा ज्यान मार्ने उद्योगः एक विवेचना | ७ |
| २.४ | कुटपिटका अभियुक्तविरूद्ध ज्यान मार्ने उद्योग मुद्दा, कसुर स्थापित नहुँदा न्याय पाउँदैनन् पीडितले | ८ |
| **परिच्छेद-तीन** | | |
| ३. | अध्ययन तथा अनुसन्धान पध्दति | १० |
| ३.१ | अध्ययन तथा अनुसन्धानको ढाँचा | १० |
| ३.२ | नमुनाकरण विधि | १० |
| ३.२.१ | अध्ययन तथा अनुसन्धानको जनसंख्या | १० |
| ३.२.२ | नमुना र नमुनाको आकार | १० |
| ३.३ | तथ्याङ्कको स्रोत | १० |
| ३.३.१ | प्राथमिक तथ्याङ्क | ११ |
| ३.३.२ | गौण तथ्याङ्क | ११ |
| ३.४ | तथ्याङ्कको प्रशोधन तथा विश्लेषण र व्याख्या | ११ |
| ३.५ | अध्ययनको लागि लाग्ने अनुमानित समयावधि र स्रोत | ११ |
| ३.६ | अध्ययनमा प्रयोग हुने भाषा | ११ |

| | | |
|---|---|---|
| **परिच्छेद-चार** | | |
| ४. | ज्यान मार्ने उद्योगसम्बन्धी अवधारणागत पक्ष | १२ |
| ४.१ | अपराध गर्ने उद्योग | १२ |
| ४.२ | अपराध गर्ने उद्योगको आवश्यक तत्वहरु | १३ |
| ४.२.१ | आपराधिक मानसाय(Mens Rea) | १३ |
| ४.२.२ | आपराधिक कार्य(Actus Reus) | १४ |
| ४.३ | तयारी र अपराध गर्ने उद्योगविच भिन्नता छुट्याउने परीक्षणसम्बन्धी सिद्धान्त | १५ |
| ४.३.१ | सन्निकटताको परीक्षण (The Proximity Test) | १५ |
| ४.३.२ | सामाजिक खतराको परीक्षण (The Dangerous Proximity Doctrine or Social Danger Test) | १५ |
| ४.३.३ | अस्पष्ताको परीक्षण (The Equivocality Test or Res Loquitor Test) | १६ |
| ४.३.४ | पश्चातापको लागि समय परीक्षण (Locus Paenitentiae Test or A Time for Repentance) | १६ |
| ४.४ | अपराध गर्ने उद्योगसम्बन्धी प्रतिरक्षा | १७ |
| ४.४.१ | परित्याग (Abandonment) | १७ |
| ४.४.२ | असम्भाव्यता (Impossibility) | १८ |
| ४.५ | ज्यान मार्ने उद्योग | १८ |
| **परिच्छेद-पाँच** | | |
| ५. | ज्यान मार्ने उद्योगसम्बन्धी संयुक्त राष्ट्रसंधीय र राष्ट्रिय कानूनी व्यवस्था | २१ |
| ५.१ | संयुक्त राष्ट्रसंधीय व्यवस्था | २१ |
| ५.२ | राष्ट्रिय कानूनी व्यवस्था | २१ |
| ५.२.१ | संवैधानिक व्यवस्था | २१ |
| ५.२.२ | सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ | २१ |
| ५.२.३ | मुलुकी अपराध संहिता, २०७४ | २१ |
| **परिच्छेद-छ** | | |
| ६. | ज्यान मार्ने उद्योगसम्बन्धी न्यायिक अभ्यास | २२ |
| ६.१ | नेपाल सरकार वि. अशोक सितिखुसमेत | २२ |
| ६.२ | नेपाल सरकार वि. ऐजुव खाँ मियाँसमेत | २३ |
| ६.३ | नेपाल सरकार वि. गणेश राई | २३ |
| ६.४ | नेपाल सरकार वि. शैलेश कोइराला | २४ |

| | | |
|---|---|---|
| ६.५ | नेपाल सरकार वि. शंकर वि.क. | २४ |
| ६.६ | नेपाल सरकार वि. सञ्जु श्रेष्ठसमेत | २५ |
| ६.७ | नेपाल सरकार वि. अजय कामत | २५ |
| ६.८ | जीवन वि.क. वि. नेपाल सरकार | २५ |
| | **परिच्छेद-सात** | |
| ७. | ज्यान मार्ने उद्योगसम्बन्धी संकलित तथ्याङ्कको विश्लेषण र व्याख्या | २६ |
| | **परिच्छेद-आठ** | |
| ८. | अध्ययनको नतिजा, निष्कर्ष र सुझाव | ३८ |
| ८.१ | नतिजा | ३८ |
| ८.२ | निष्कर्ष | ४० |
| ८.३ | सुझाव | ४३ |
| | अनुसूची | ४५ |
| | सन्दर्भ ग्रन्थसूची | १३३ |

# परिच्छेद-एक

## १. परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

सामान्यतः ज्यान मार्ने उद्योग भन्नाले कुनै व्यक्तिमा ज्यान मार्ने मनसाय हुनु र सोही अनुसार आपराधिक कार्य गर्दा कुनै कारणले उक्त व्यक्तिले चाहेको मानिस मर्ने परिणाम मात्र प्राप्त नभएको घटना हो। अर्थात, मनसाय र तयारीपश्चात् इच्छित परिणाम ल्याउन कार्य गरिएको तर परिणामले पूर्णता नपाएको अवस्था नै ज्यान मार्ने उद्योग हो। ज्यान मार्ने उद्योगसम्बन्धी अपराधले मानिसको सबैभन्दा प्यारो र महत्त्वपूर्ण जीवन वा ज्यानमा प्रत्यक्ष रुपमा आघात पुऱ्याउने भएको हुँदा अपूर्ण अपराध भए तापनि विश्वका प्रत्येक राष्ट्रले यसलाई अपराधको रुपमा परिभाषित गरी दण्डनीय बनाएको पाइन्छ[१]। ज्यान मार्ने उद्योग अपूर्ण अपराध अन्तर्गतको एउटा पृथक अपराध[२] भएको हुँदा यसलाई फौजदारी कानूनको दायरामा राखिएको हो। नेपालको फौजदारी कानूनले पनि अपूर्ण अपराध अन्तर्गतको ज्यान मार्ने उद्योगलाई अपराधको रुपमा परिभाषित गरी त्यस्तो कार्यलाई सजायको व्यवस्था गरेको छ।

ज्यान मार्ने उद्योग जिउ ज्यानसम्बन्धी अपराध अन्तर्गतकै परम्परागत अपराध भएको हुँदा यस अपराधको नकारात्मक प्रभावबाट नेपाली समाज पनि अछुतो नरहेको अवस्था छ। ज्यान मार्ने उद्योग कसुरमा संलग्न तीन जना पक्राउ[३] ज्यान मार्ने उद्योग मुद्दाका अभियुक्त ९ वर्षपछि पक्राउ[४] ज्यान मार्ने उद्योग र डाँका मुद्दाका अभियुक्त न्यायिक समितिको सदस्य[५] ज्यान मार्ने उद्योग मुद्दाका फरार व्यक्ति पक्राउ[६] ज्यान मार्ने उद्योग मुद्दामा फरार वडाध्यक्ष पक्राउ[७] यी प्रतिनिधिमूलक समाचारहरुले नेपाली समाजमा ज्यान मार्ने उद्योगसम्बन्धी कसुरका घटनाहरु उल्लेखनीय रुपमा घटिरहेका अवस्थालाई उजागर गरेको छ। ज्यान मार्ने उद्योगसम्बन्धी घटनाहरु आर्थिक वर्ष २०७६/०७७ मा भन्दा २०७७/०७८ मा २० दशमलव ९४ प्रतिशतले बढेको तथ्याङ्क नागरिक दैनिकमा प्रकाशित भएको

---

[१] फौजदारी कसुरसम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक अपराध संहिता,२०७४, दफावार व्याख्यात्मक टिप्पणी, प्रकाशकः राष्ट्रिय न्यायिक प्रतिष्ठान,नेपाल, हरिहरभवन,ललितपुर, पृ.२५९।

[२] प्रा.डा. रजितभक्त प्रधानाङ्ग र अधिवक्ता डिल्लीराम श्रेष्ठ, आजको बदलिँदो सन्दर्भमा ज्यान मार्ने उद्योगः एक विवेचना, कानून, अङ्क ५४, प्रकाशकः कानून व्यवसायी क्लब, काठमाडौं, डिल्लिबजार, काठमाडौं,पृ.२८।

[३] हेर्नुहोस्,https://www.newsofnepal.com/२०२३/०१/१८/५४८५१७/, (माघ ०६, २०७९)।

[४] हेर्नुहोस्,https://www.onlinekhabar.com/2019/04/754652, (माघ ०६, २०७९)।

[५] हेर्नुहोस्,https://nagariknews.nagariknetwork.com/social-affairs/८५२३५१-१६५५०२४४३३.html, (माघ ०६, २०७९)।

[६] हेर्नुहोस्,https://nepalpolice.gov.np/news/१५४०/, (माघ ०६, २०७९)।

[७] हेर्नुहोस्,https://shilapatra.com/detail/19989, (माघ १०, २०७९)।

छ[८]। त्यसैगरी नयाँ पत्रिकामा प्रकाशित लेखनुसार मुलुकभर बर्षेनी करिब नौ सय ज्यान मार्ने उद्योगका मुद्दा दर्ता हुने गरेको भए तापनि ९९ प्रतिशत ज्यान मार्ने उद्योग मुद्दा कुटपिट वा अंगभंग कसुरमा परिणत भई अभियुक्त धरौटीमा छुट्ने गरेको पाइन्छ। सामान्य कुटपिटदेखि जघन्य प्रकृतिका अपराध ज्यान मार्ने उद्योगअन्तर्गत दर्ता हुन्छन्। तर यस्ता घटना पुष्टि हुन निकै मुस्किल पर्छ। त्यसैले यस्ता मुद्दाको संख्या धेरै देखिए तापनि यसै अभियोगमा कारवाही कम हुन्छन्।[९] यस्तो अन्यौलताले वास्तविक अभियुक्तलाई सजाय नहुने र पीडितले पनि न्याय नपाएको अवस्था स्पष्ट भएको छ।

अतः प्रस्तुत अध्ययन ज्यान मार्ने उद्योगसम्बन्धी सैद्धान्तिक तथा अवधारणागत पक्ष, नेपालको संवैधानिक र प्रचलित राष्ट्रिय कानूनी व्यवस्था, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तका साथै विशेष गरी मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को परिच्छेद-१२ मा ज्यान मार्ने उद्योगसम्बन्धी व्यवस्था भएअनुसार जिल्ला अदालतबाट ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दामा भएका फैसलाको प्रबृत्तिको विश्लेषणमा केन्द्रित रहेको छ।

## १.२ अध्ययनको समस्या कथन

प्रस्तुत अध्ययन निम्न लिखित समस्यामा केन्द्रित रहेको छ।

१.२.१ ज्यान मार्ने उद्योग मुद्दामा अदालतबाट फैसला हुँदा कसुर ठहर, कसुरबाट सफाइ र अन्य मुद्दामा परिणत हुने प्रवृत्ति कस्तो रहेको छ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको देहायबमोजिमको प्रमुख उद्देश्यहरू रहेका छन्ः

१.३.१ ज्यान मार्ने उद्योगसम्बन्धी आवधारणागत पक्षको अध्ययन गर्ने।

१.३.२ ज्यान मार्ने उद्योगसम्बन्धी नेपालको प्रचलित कानूनमा भएका व्यवस्थाको अध्ययन गर्ने।

१.३.३ ज्यान मार्ने उद्योगसम्बन्धी सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको अध्ययन गर्ने।

१.३.४ जिल्ला अदालतहरूबाट ज्यान मार्ने उद्योगसम्बन्धी थुनछेक आदेश र फैसलाको प्रवृत्तिको विश्लेषण र व्याख्या गर्ने।

१.३.५ अध्ययनबाट पहिचान भएका समस्या समाधानको लागि सुझाव प्रस्तुत गर्ने।

[८] हेर्नुहोस्,https://nagariknews.nagariknetwork.com/social-affairs/५९३०३१-१६२८२९९३९२.html, (माघ ०६, २०७९)।

[९] हेर्नुहोस्, https://www.nayapatrikadaily.com/news-details/५५६२२/२०२०-११-२९ (माघ ०६, २०७९)।

## १.४ अध्ययनको आवश्यक्ता र महत्त्व

ज्यान मार्ने उद्योग मुद्दाको प्रवृत्तिको सम्बन्धमा प्रभावकारी रूपमा कुनै अध्ययन भएको पाइदैन। यस्ता मुद्दामा कति मुद्दामा कसुर ठहर हुने र कति मुद्दा अन्य मुद्दामा परिणत हुने एवं कति मुद्दामा सफाइ पाउने भन्ने विषयमा हालसम्म कुनै अध्ययन भएको पाइदैन। प्रस्तुत अध्ययन उल्लिखित प्रवृत्तिमा केन्द्रित रहेकोले यस्तो अध्ययनको आवश्यकता रहेको देखियो। यस अध्ययनले उल्लिखित प्रवृत्तिको उजागर गरेकोले यो अध्ययन ज्यादै महत्त्वपूर्ण रहेको छ। प्रस्तुत अध्ययन न्यायाधीश, सरकारी वकिल, कानून व्यवसायी, अपराध अनुसन्धानकर्ता, कानूनका विद्यार्थी एवं कानून र न्यायको क्षेत्रमा कार्यरत र चासो राख्ने सबैका लागि एउटा महत्त्वपूर्ण अध्ययन सामग्रीको रूपमा रहेको छ। त्यसैगरी ज्यान मार्ने उद्योगसम्बन्धी कानूनी व्यवस्थाको अवधारणागत पक्षमा स्पष्टता ल्याउन र न्याय सम्पादन गर्ने क्रममा एकरुपता कायम गर्नका लागि समेत प्रस्तुत अध्ययन महत्त्वपूर्ण रहन्छ भन्ने सम्बन्धमा अध्ययन समूह विश्वस्त छ।

## १.५ अध्ययनको सीमा

मुलुकी अपराध संहिता, २०७५ भदौ १ गतेदेखि लागु भएपश्चात् यस संहितामा व्यवस्था भएको ज्यान मार्ने उद्योगसम्बन्धी कानूनको प्रयोग तथा कार्यान्वयनको सन्दर्भमा पहाड, भित्री मधेश, तराई र काठमाडौं उपत्यकाका जिल्ला[१०] र सातवटै प्रदेशको[११] प्रतिनिधित्व हुने गरी झापा, महोत्तरी, काठमाडौं, बाग्लुङ, रुपन्देही, सुर्खेत र डडेल्धुरा जिल्ला अदालत गरी जम्मा ७ वटा जिल्ला अदालतबाट आर्थिक बर्ष २०७८/०७९ मा ज्यान मार्ने उद्योग मुद्दामा भएका फैसला मात्र यस अध्ययनमा समावेश गरिएको छ। त्यसैगरी उल्लिखित फैसलामा भएका जिल्ला अदालतबाट भएको थुनछेक आदेश, सो आदेशउपर उच्च अदालतबाट भएको आदेश र अन्तिम फैसलाको मात्र अध्ययन गरिएको छ। भौगोलिक कठिनता, आर्थिक व्ययभार र समय अभावको कारणले हिमाली जिल्लामा रहेका जिल्ला अदालत र अन्य बाँकी जिल्ला अदालतहरुबाट नमुना संकलन गरिएको छैन।

## १.६ अध्ययनको संरचना

प्रस्तुत अध्ययन प्रतिवेदनलाई छ वटा परिच्छेदहरुमा विभाजन गरिएको छ। परिच्छेद-एकमा अध्ययनको पृष्ठभूमि, अध्ययनको समस्या कथन, अध्ययनको उद्देश्य, अध्ययनको आवश्यकता र महत्त्व, अध्ययनको सीमा समावेश गरिएको छ। परिच्छेद-दुईमा पूर्व अध्ययनको समीक्षालाई समावेश गरिएको छ। परिच्छेद-तीनमा अध्ययन तथा अनुसन्धान पद्धति (तथ्याङ्क संकलन र तथ्याङ्कका स्रोत)

---

[१०] स्थानीय सरकार सञ्चालन ऐन,२०७४, अनुसूची-१।

[११] नेपालको संविधान, अनुसूची-४।

लाई समावेश गरिएको छ। परिच्छेद-चारमा ज्यान मार्ने उद्योगसम्बन्धी अवधारणागत र सैद्धान्तिक पक्ष, संयुक्त राष्ट्रसंघीय कानूनी व्यवस्था, नेपालको संवैधानिक व्यवस्था र प्रचलित कानूनी व्यवस्था समावेश गरिएको छ। परिच्छेद-पाँचमा ज्यान मार्ने उद्योगसम्बन्धी सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समावेश गरिएको छ। परिच्छेद-छमा ज्यान मार्ने उद्योगसम्बन्धी संकलित तथ्याङ्कको तालिकीकरण र विश्लेषण गरिएको छ। परिच्छेद-सातमा अध्ययनबाट प्राप्त नतिजा, सुझाव र निष्कर्ष समावेश गरिएको छ।

# परिच्छेद-दुई

## २. पूर्व अध्ययनको समीक्षा

ज्यान मार्ने उद्योगसम्बन्धी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८३ मा स्पष्ट व्यवस्था गरिएको छ। ज्यान मार्ने उद्योग परम्परागत अपराध हो। त्यसैगरी यससम्बन्धी कानूनी व्यवस्था पनि नेपालको कानूनी विकासको सन्दर्भमा नवीनतम कानूनी अवधारणा होइन। तर पनि हालसम्म यस विषयमा पर्याप्त अध्ययन तथा अनुसन्धान भएको पाइदैन। यद्यपि यस अध्ययनको सन्दर्भमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सरोकार राख्ने उपलब्ध भएसम्मको पूर्व अध्ययन सामग्रीहरूको रुपमा राष्ट्रिय स्तरमा प्रकाशित विभिन्न अध्ययन तथा अनुसन्धानमूलक लेखहरूलाई देहायका बुदाहरूमा संक्षिप्त रुपमा समीक्षा गरिएको छ।

### २.१ ज्यान मार्ने उद्योगसम्बन्धी अपराधको प्रवृत्तिः एक विश्लेषणात्मक अध्ययन[१२]

प्रस्तुत अध्ययन सोमकान्ता भण्डारीद्वारा सम्पन्न गरी महान्यायाधिवक्ताको कार्यालयको **अपराधशास्त्रीय अनुसन्धान केन्द्र**बाट प्रकाशन गरिएको **जिउ, ज्यानसम्बन्धी अपराधको प्रवृत्तिगत अध्ययन**मा प्रकाशित भएको हो। विशेषगरी यस अध्ययनमा अपूर्ण अपराधमध्येको ज्यान मार्ने उद्योगका सम्बन्धमा बिद्यमान नेपालको कानूनी व्यवस्था, विगत दस वर्षको मुद्दाको दर्ता र कारबाही, सर्वोच्च अदालतबाट यस प्रकृतिका मुद्दामा भएका निर्णयहरुको अवस्था र विश्लेषण गर्ने प्रयास गरिएको छ। ज्यान मार्ने उद्योगको कसुर ठहरको दर अत्यन्तै न्यून भए पनि दायरीको अवस्था अत्यधिक रहेको तर सफलताको अनुपात निकै कम रहेको, अपूर्ण अपराधको सफलता प्रतिशत अरु अपराधको तुलनामा कम हुने, संख्यात्मक रुपमा अपराध बढ्दै जाने र मात्रात्मक रुपमा अदालतबाट कसुर ठहर नभएको यथार्थ अवस्थाको यस अध्ययनमा चर्चा गरिएको छ। त्यसैगरी प्रचलित कानूनले कसुर गरी सजायको भागीदारकर्तालाई गराउन अपराध अनुसन्धानदेखि नै विशेष ध्यान दिनुपर्ने, ज्यान मार्ने उद्योग र कुटपिट अपराधका तत्त्वहरु पहिचान गरी कानूनका आधारमा सजायको मागदावी गर्नुपर्ने जस्ता संवेदनशील विषयको पनि यस अध्ययनमा उल्लेख गरिएको छ। ज्यान मार्ने उद्योग मुद्दा अदालतबाट ठहर नभएको अवस्थामा प्रायः कुटपिटमा परिणत गर्ने अदालती अभ्यास रहेको कारणले गर्दा कानूनको प्रभावकारी कार्यान्वयन हुन नसकी पीडितले न्याय नपाएको यथार्थ अवस्थालाई यस अध्ययनले स्वीकार गरेको छ। अदालतको लामो प्रक्रियापछि ज्यान मार्ने उद्योग नठहरी कुटपिटमा परिणत गर्दा मुद्दामा ढिलाई हुनुका साथै मुद्दाको प्रक्रियामा समेत पीडितलाई अन्यौलता हुने कुरालाई यस अध्ययनले उजागर गरेको छ।

---

[१२] जिउ,ज्यानसम्बन्धी अपराधको प्रवृत्तिगत अध्ययन,(२०७४),प्रकाशकः महान्यायाधिवक्ताको कार्यालय, नेपाल, अपराधशास्त्रीय अनुसन्धान केन्द्र,रामशाहपथ, काठमाडौं,पृ.१११-१२६।

उल्लिखित चुनौतीपूर्ण अवस्थालाई सुधार गर्नको लागि सामान्य कुटपिटको वारदातलाई पनि ज्यान मार्ने उद्योगको रुपमा अभियोजन गर्ने प्रचलनलाई तत्कालै सुधार गर्नुपर्ने,अनुसन्धानकर्ता र अभियोजनकर्ताले ज्यान मार्ने उद्योग पुष्टि हुने गरी प्रमाण संकलन र सो बमोजिम अभियोजन गर्नुपर्ने, ज्यान मार्ने उद्योग मुद्दाको सुनुवाइ गरी निर्णय हुँदा कुटपिटमा परिणत हुने गरी निर्णय भएमा तत्काल यससम्बन्धी जानकारी पीडितलाई प्राप्त हुने व्यवस्था गरिनुपर्ने, कर्ताले ज्यान मार्ने मनसायसहित आपराधिक कार्य गरेको तर सो अपराधले पूर्णता पाउन कुनै कारण, परिस्थिति, अवस्थाले नसकेमा ज्यान मार्ने उद्योग हुने कानूनी व्यवस्थालाई वारदातअनुसार नै न्यायिक व्याख्या हुनुपर्ने, पीडितको घा चोटपटकको उपचार र क्षतिपूर्तिको व्यवस्थासमेत कानूनमा गरिनुपर्ने जस्ता महत्त्वपूर्ण सुझाव यस अध्ययनमा समावेश गरिएको छ।

## २.२ ज्यानसम्बन्धी कसुर, सामान्य चर्चा [१३]

प्रस्तुत लेख अधिवक्ता कमलप्रसाद इटीद्वारा लिखित लयर्स फोरम नेपालबाट प्रकाशित **त्रैमासिक भर्डिक्टमा** प्रकाशित लेख हो। यस लेखमा मुलुकी अपराध संहिता,२०७४ मा ज्यानसम्बन्धी कसुर र सोसँग सम्बन्धित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरुको चर्चा गरिएको भए तापनि यस अध्ययनको लागि आवश्यक भएको **ज्यानसम्बन्धी कसुरअन्तर्गत ज्यान मार्ने उद्योग**को विषयलाई मात्र समीक्षा गरिएको छ। ज्यानसम्बन्धी अपराधमा ज्यान मार्ने उद्योग भन्नाले कर्ताले ज्यान मार्नका लागि मनसायपूर्वक ज्यान लिन गर्नुपर्ने सम्पूर्ण कार्य गरी बाँकी नराखेको तर कारणवश ज्यान नमरेको अवस्थालाई ज्यान मार्ने उद्योग (Attempt to Murder) भनिन्छ। यो आपराधिक परिणाम हासिल गर्न नसकेको अपराधको तेस्रो चरण हो। ज्यान मुद्दामा ज्यान मार्ने उद्योगमा सजाय गर्नका लागि कर्ताले ज्यान मार्ने मनसायका साथ कार्य गरेको स्थापित हुन सक्नुपर्छ भनि यस लेखमा ज्यान मार्ने उद्योगलाई अर्थ्याएको छ। ज्यान मार्ने मनसायले गोली चलाउने वा बम हान्ने वा घातक हतियारले काट्ने वा मार्नका लागि अरु जुनसुकै कुराको उद्योग गरी मर्नेसम्मको काम गरेकोमा कुनै कारणले ज्यान मर्न नपाएको अवस्थालाई ज्यान मार्ने उद्योगका रुपमा उल्लेख गरी ज्यान मार्ने उद्योग गर्ने, गर्न लगाउने तथा सो ठाउँमा गई बचन दिने वा मद्दत गर्नेलाई पाँच वर्षदेखि बाह्र वर्षसम्म कैद गर्ने साविक मुलुकी ऐनको व्यवस्थाले ज्यान मार्ने उद्योगको परिभाषा गरे तापनि मुलुकी अपराध संहिताले परिभाषा नगरेको, कसैको ज्यान मार्ने नियतले त्यसको उद्योग गर्न हुदैन भनी त्यस्तो कसुर गर्ने, गराउने व्यक्तिलाई दश वर्षसम्म कैद र एक लाख रुपियाँसम्म जरिवाना हुने अपराध संहितामा भएको व्यवस्था मुलुकी ऐनको प्रावधानभन्दा केही खुकुलो रहेको, मुलुकी ऐनमा न्यूनतम सजायको हद तोकी न्यायकर्तालाई आंशिक तजबिजी अधिकार प्रदान गरेको, हाल सजायको न्यूनतम हद किटान

[१३] त्रैमासिक भर्डिक्ट, वर्ष ४, अङ्क १४,चैत्र-जेठ,२०७७, प्रकाशकः लयर्स फोरम नेपाल, अनामनगर, काठमाडौं,पृ.३६-३७।

नगरिएकोले न्यायकर्तालाई पूर्ण तजबिजी अधिकार रहेको, साबिकमा नभएको जरिवानासम्बन्धी व्यवस्था हाल संहिताको प्रावधानमा राखिएको आदि व्यवस्थाहरुलाई लेखकले तुलनात्मक रुपमा चर्चा गर्नु भएको छ।

त्यसैगरी यस लेखमा "ज्यानसम्बन्धी अपराधहरुमा कर्तव्य ज्यान र यसको उद्योगको बिचमा अपराध स्थापित गर्ने तत्त्वहरुको रुपमा रहेको कर्य (Actus Reus), मनसाय (Mens Rea) र बैध प्रतिरक्षाको अभाव (Absence of valid defense) को दृष्टिकोणबाट हेर्दा कुनै भिन्नता रहेको हुँदैन। केवल परिणामको दृष्टिले अपराधले पूर्णता पाउन मात्र बाँकी रहेको हुन्छ। कुनै अपराधको सन्दर्भमा सो अपराध गर्ने उद्योगको प्रश्न मनसायपूर्वक गरिएको आपराधिक कार्यमा मात्र सान्दर्भिक हुन आउने..""ज्यान मर्न नपाएको अवस्था हुनका लागि तेस्रो पक्षको उपस्थिति अनिवार्य भने होइन। तेस्रो पक्षले हस्तक्षेप गरेका हुन पनि सक्दछ र नगरेको पनि हुन सक्छ। कारण जेसुकै भए पनि मर्नबाट बच्नु र कर्तव्य ज्यानको वारदातका लागि आवश्यक सबै तत्त्वहरुको विद्यमानता हुनु नै ज्यान मार्ने उद्योगको वारदात स्थापित हुन पर्याप्त हुने..." नेपाल सरकारविरुद्ध अशोक सितिखुसमेतको ज्यान मार्ने उद्योग मुद्दामा सर्वोच्च अदालतबाट प्रतिपादित भएको सिद्धान्त यस लेखमा चर्चा गरिएको छ।

## २.३ आजको बदलिँदो सन्दर्भमा ज्यान मार्ने उद्योगः एक विवेचना [१४]

प्रस्तुत लेख प्रा.डा. रजितभक्त प्रधानाङ्ग र अधिवक्ता डिल्लीराम श्रेष्ठद्वारा लिखित **कानून** द्वैमासिक पत्रिकामा प्रकाशन भएको लेख हो। यस लेखमा ज्यान मार्ने उद्योग अपराधको प्रकृति र स्वरुप, अपराध गर्ने क्रममा अपराधीले पार गर्ने विविध चरणहरुको विवेचना, वर्तमान (तत्कालीन) नेपाली फौजदारी कानूनमा ज्यान मार्ने उद्योगसम्बन्धी भएका व्यवस्थाहरु र सर्वोच्च अदालत र ज्यान मार्ने उद्योगका मुद्दाहरुमा प्रतिपादन भएका सिद्धान्तहरुको चर्चा गरिएको छ। ज्यान मार्ने उद्योग ठहरिन आपराधिक मनसाय स्पष्ट रुपमा नै प्रमाणित र स्थापित हुनुपर्दछ। लापरवाहीबाट गरिएको कुनै कार्यबाट मानिस मर्न नपाएकोमा भने वारदात ज्यान मार्ने उद्योग ठहर्न सक्तैन र ठहऱ्याउन नमिल्ने हुँदा *श्री ५ को सरकार वि. बुद्धिमान तामाङ्ग*समेतको ज्यान मार्ने उद्योग मुद्दामा सर्वोच्च अदालतले लिएको दृष्टिकोण र व्याख्या गरेको सिद्धान्त विधिशास्त्रीय दृष्टिकोणबाट स्वीकार गर्न नमिल्ने कुरा लेखकद्वयले स्पष्ट पार्नुभएको छ। वर्तमान (तत्कालीन) अवस्थामा नेपाली फौजदारी कानूनलाई आधुनिकीकरण गर्न तथा समायानुकूल परिवर्तन गरी एकरुपता प्रदान गर्न प्रस्तावित अपराध संहिता,२०५८ को मस्यौदामा उद्योगको सम्बन्धमा स्पष्ट धारणा समावेश नगरिएको हुँदा प्रचलित नेपाली (तत्कालीन) फौजदारी कानूनले अङ्गीकार गर्दै आएको **अन्तिम चरणको सिद्धान्त** र तेस्रो पक्षको

[१४] कानून, अंङ्क ५४, प्रकाशकःकानून व्यवसायी कलब, काठमाडौं, डिल्लिबजार, काठमाडौं,पृ.२५-३३।

हस्तक्षेप हुनैपर्ने दोहोरो मापदण्डको सिद्धान्तहरुलाई परित्याग गरी बेलायतको फौजदारी कानून पुनरावलोकन समितिले अनुमोदन गरेको महत्त्वपूर्ण पाइलाको सिद्धान्तलाई अनुसरण गर्नुपर्ने कुरालाई यस लेखमा जोड दिइएको छ।

*महेन्द्रराज बम वि.श्री ५ को सरकारको* ज्यान मार्ने उद्योग मुद्दामा सर्वोच्च अदालतबाट तेस्रो पक्षको हस्तक्षेप हुनुपर्ने सिद्धान्त प्रतिपादन गरेपछि प्रायः सबै ज्यान मार्ने उद्योगका मुद्दाहरु कुटपिटमा परिणत हुने ठहर भएको कारणले ज्यानसम्बन्धी महलको १५ नं. लाई अप्रत्यक्ष रुपमा पक्षघात तुल्याइदिएको वास्तविकतालाई दृष्टिगत गरी अब बनाइने अपराध संहितामा ज्यान मार्ने उद्योगसम्बन्धी प्रावधानका बारेमा विचार गरिनु पर्दछ भन्ने कुरालाई यस लेखमा प्रकाश पारिएको छ।

अदालतहरुले ज्यान मार्ने उद्योग मुद्दामा अभियुक्तको मनसाय पत्ता लगाउन र मनसाय भएको निष्कर्षमा पुग्न अभियुक्तले प्रयोग गरेको हातहतियार र पीडित पक्षलाई पुग्न गएको चोट वा क्षतिलाई मूल आधारको रुपमा लिनु यो सिद्धान्ततः सही भन्न नमिल्ने तर यसलाई मूल आधार नबनाई अन्य परिवन्धात्मक प्रमाणहरु जस्तै अपराध गर्दाको तयारी, मौका, आशय र पूर्व तयारी जस्ता कुरा जनाउने प्रमाणहरु खोज्नमा हाम्रो अनुसन्धान अभिमुख हुनुपर्ने र अदालतले पनि परिबन्धनात्मक प्रमाणहरुलाई सुक्ष्म रुपमा मूल्याङ्कन गर्नुपर्ने तरिकालाई अबलम्बन गर्नुपर्ने सुझाव यस लेखमा समावेश गरिएको छ।

वर्तमान फौजदारी कानून धेरै दृष्टिकोणबाट अपूर्ण, अस्पष्ट एवम् अन्योलपूर्ण रहेको हुँदा कानूनको कमजोरी र शून्यताको फाइदा अभियुक्तहरुलाई हुने, कानूनको अस्पष्टताले गर्दा न्यायमूर्तिहरु सफाइ दिन लाचार हुनुपरेको अवस्थालाई पनि यस लेखमा उजागर गरिएको छ। त्यसैकारणले पछिल्लो पटक प्रस्तावित रुपमा मस्यौदा भएको अपराध संहिता (तत्कालीन) को उद्योगसम्बन्धी प्रावधानलाई स्पष्ट परिभाषासहित कानूनी रुप दिनुपर्ने आजको टड्कारो आवश्यकता रहेको निष्कर्ष यस लेखको रहेको पाइन्छ।

## २.४ कुटपिटका अभियुक्तविरुद्ध ज्यान मार्ने उद्योगमा मुद्दा, कसुर स्थापित नहुँदा न्याय पाउँदैनन् पीडितले[१५]

प्रस्तुत लेख टेकराज थामीद्वारा लिखित **नयाँ पत्रिका**मा प्रकाशित लेख हो। यस लेखमा लेखकले ज्यान मार्ने उद्योग कुटपिटको मुद्दामा परिणत भएको विभिन्न मुद्दाहरुको यथार्थपरक ढङ्गबाट विश्लेषण गर्नु भएको छ। मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ (१) र (२) मा भएको व्यवस्थाले कुन अवस्थामा ज्यान मार्ने उद्योग मुद्दा आकर्षित हुन्छ भन्ने बिषय कतै व्याख्या नगरिएको तर कुटपिट वा

[१५] हेर्नुहोस्, https://nayapatrikadaily.com/news-details/55622/2020-11-29, (माघ ०४, २०७९)।

अंगभंगसम्बन्धी कसुरलाई सोही संहितामा सप्रसंग व्याख्या गरिएको अवस्थालाई लेखकले तुलनात्मक अध्ययन गर्नुभएको छ। मुद्दा बलियो बनाउने र पीडकलाई बढीभन्दा बढी सजाय दिलाउनेतर्फ केन्द्रित हुँदा पीडित पक्षको ध्यान कुटपिट कसुरतर्फ नगएको र कानून व्यवसायीले पनि उनीहरुलाई सही सल्लाह नदिएको कारणले कुटपिटको सामान्य मुद्दा पनि र साँच्चिकै ज्यान जोखिममा परेका घटना पनि ज्यान मार्ने उद्योग मुद्दा अन्तर्गत नै दर्ता हुँदा घटनासँग संलग्न अभियुक्त तारेखमा सजिलै छुटन गएको अवस्थाको चर्चा यस लेखमा गरिएको छ।

# परिच्छेद-तीन

## ३. अध्ययन तथा अनुसन्धान पद्धति

यस अध्ययन तथा अनुसन्धानमा आवश्यकतानुसार निम्नलिखित अनुसन्धान विधिहरू अवलम्बन गरिएका छन्।

## ३.१ अध्ययन तथा अनुसन्धानको ढाँचा

प्रस्तुत अध्ययन तथा अनुसन्धानको ढाँचा सैद्धान्तिक र गुणात्मक अनुसन्धान (Doctrinal and Qualitative Research) हो। त्यसैगरी यस अध्ययन तथा अनुसन्धानमा वर्णनात्मक र विश्लेषणात्मक अनुसन्धान ढाँचा (Descriptive and Analytical Research Design) को प्रयोग गरिएको छ।

## ३.२ नमुनाकरण विधि

### ३.२.१ अध्ययन तथा अनुसन्धानको जनसंख्या

नेपालको ७७ वटा जिल्ला अदालतमध्ये झापा, महोत्तरी, काठमाडौं, बागलुङ, रुपन्देही, सुर्खेत र डडेल्धुरा जिल्ला अदालत गरी जम्मा ७ वटा जिल्ला अदालतबाट आर्थिक बर्ष २०७८/०७९ मा फैसला भएका संकलित १३८ वटा ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दा यस अध्ययन तथा अनुसन्धानको जनसंख्या हो।

### ३.२.२ नमुना र नमुनाको आकार

उल्लिखित ७ वटा जिल्लामध्ये प्रत्येक जिल्ला अदालतबाट आर्थिक बर्ष २०७८/०७९ मा ज्यान मार्ने उद्योग मुद्दामा भएका संकलित १३८ थान फैसला कूल संख्याको कम्तीमा १० प्रतिशत[१६]भन्दा बढी हुने गरी ५१ प्रतिशत अर्थात ७० थान फैसला साधारण दैवी नमुना छनौट (Simple Random Sampling) विधिअनुसार[१७] नमुनाको रुपमा छनौट गरिएको छ।

## ३.३ तथ्याङ्कको स्रोत

प्रस्तुत अध्ययन तथा अनुसन्धान कानून तथा न्याय क्षेत्रको अनुसन्धान भएकाले आवश्यकतानुसार प्राथमिक र गौण स्रोतहरू (Primary and Secondary Sources) बाट तथ्याङ्क तथा सूचनाहरू देहायअनुसार संकलन गरिएका छन्।

---

[१६] प्रा.ड. पेशल दाहाल र प्रा. सोमप्रसाद खतिवडा, अनुसन्धान पद्धति, (२०७७), प्रकाशक:पैरवी बुक हाउस प्रा.लि. पृ.१९०।

[१७] Dr. S.R. MYNENI, LEGAL RESEARCH METHODOLOGY, (2001), Published By; Allahabad Law Agency, Plot No.33,16/2, Mathura Road, Faridabad (HARYANA), पृ. १२४ -१२५।

### ३.३.१ प्राथमिक तथ्याङ्क

संविधान, ऐन र विशेष गरी  जिल्ला अदालतबाट ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दामा भएका फैसलाहरुबाट प्राथमिक तथ्याङ्क तथा सूचनाहरू संकलन गरिएका छन्।

### ३.३.२ गौण तथ्याङ्क

प्रस्तुत अध्ययन तथा अनुसन्धान प्रतिवेदन तयारीका सिलसिलामा विभिन्न लेख, समाचार, पुस्तक, पूर्व अध्ययन प्रतिवेदन तथा अनुसन्धान कृतिहरूबाट ज्यान मार्ने उद्योगसम्बन्धी विभिन्न सूचना तथा तथ्याङ्क संकलन गरिएको छ। साथै उक्त विषयमा विद्युतीय माध्यम र पुस्तकालयबाट पनि पूर्व प्रकाशित सामग्रीहरु संकलन गरिएका छन्।

## ३.४ तथ्याङ्कको प्रशोधन तथा विश्लेषण र व्याख्या

यस अनुसन्धानका प्राथमिक तथा द्वितीय तथ्याङ्कीय स्रोतहरूबाट संकलित तथ्याङ्क तथा सूचनाहरूलाई प्रशोधन तथा विश्लेषण गरी विभिन्न तालिकाहरूमा प्रस्तुत गरी आवश्यक्तानुसार तथ्याङ्कहरूलाई विभिन्न स्तम्भ चित्रहरूमा प्रस्तुत गरी विश्लेषण र व्याख्या गरिएको छ।

## ३.५ अध्ययनको लागि लाग्ने अनुमानित समयावधि र स्रोत

यस अध्ययन प्रतिवेदनको लागि लाग्ने समयको सीमा ६ महिनाको रहेको थियो। यस अध्ययन प्रतिवेदनेका लागि आवश्यक वित्तीय स्रोतको व्यवस्थापन राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट स्वीकृत भएबमोजिम उपलब्ध भएको थियो।

## ३.६ अध्ययनमा प्रयोग हुने भाषा

यस अध्ययन प्रतिवेदन नेपाली भाषामा तयार गरी प्रस्तुत गरिएको छ।

# परिच्छेद- चार

## ४. ज्यान मार्ने उद्योगसम्बन्धी अवधारणागत पक्ष

### ४.१ अपराध गर्ने उद्योगः

फौजदारी विधिशास्त्रमा कुनै पनि अपराधलाई सामान्यतः अपराध गर्ने मनसाय चरण, अपराध गर्ने तयारी, अपराध गर्ने उद्योग र पूर्ण अपराध गरी[१८] चार चरणहरुमा विभाजन गर्ने गरिएको छ। कुनै निश्चित परिणाम आएपछि मात्र अपराध कायम हुने प्रकृतिको अपराध घटाउनको लागि कर्ताले मनसाय बनाई सो अनुसारको तयारी पनि गरी मनसायबमोजिमको परिणाम प्राप्त गर्नको लागि आपराधिक कार्य गर्दछ तर कुनै कारणले चाहेको परिणाम प्राप्त हुँदैन भने यस्तो अवस्थालाई अपराधको उद्योग (Attempt to Crime) भनिन्छ।[१९] अपराधमा तयारी चरणपश्चात्को यस्तो चरण हो जसमा अपराधीले योजना बनाएको अपराध पूर्ण गर्नका खातिर भौतिक तथा मानसिक दुबै रुपबाट अन्तिम प्रयास गर्दछ तर विशेष कारणवश अपराध उसले सोचेको पूर्ण परिणाममा नपुगेको अवस्था नै अपराधको उद्योग हो।[२०] उद्योग कुनै आपराधिक मनोबृत्तिको अंश पूरा गर्ने सिलसिलामा गरिएको कार्य हो, जो तयारीभन्दा ठुलो हुन्छ, तर वास्तवमा पूरा भइसकेको हुँदैन, 'जसमा पूरा गर्ने' कार्य बाहेक अपराधका सबै गुणहरु विद्यमान हुन्छन् र यदि मनोबृत्तिलाई रोकिँदैन भने वाञ्छित अपराध पूर्ण रुपले सफल हुन्थ्यो[२१] भनी कानूनी शब्दकोषमा अपराधको उद्योगलाई अर्थ लगाएको पाइन्छ। उद्योग भन्नाले कुनै अपराध गर्ने सिलसिलामा गरिएका मनसायपूर्वकको त्यस्तो कार्य हो जसलाई हस्तक्षेप वा गर्नबाट निरुत्साहित नगरिएका खण्डमा अपराध वास्तविक रुपमा पूरा हुन्छ र जसमा अपराध पूरा हुने तत्त्वबाहेक अन्य सबै तत्त्वहरु समावेश भएका हुन्छन्।[२२] उद्योग ठहर्नको लागि अभियुक्तले कसुरको तयारी गरेर मात्र पुग्दैन। तयारीभन्दा अघि उसले पूर्ण अपराध घटाउन सारभूत रूपमा प्रयासहरू गरेको हुनुपर्ने भनी सर्वोच्च अदालतले पनि बोलेको पाइन्छ।[२३]

अतः अपराध गर्ने उद्योग भन्नाले मनसायपूर्वक गरिने अपराधको कार्यान्वयन गर्ने सिलसिलामा गरिने त्यस्तो कार्य वा कार्यहरुको समूह हो जसलाई हस्तक्षेप, रोक, बाधा विरोध र अवरोध गरिएको

---

[१८] प्रा.डा. रजितभक्त प्रधानाङ्ग, अधिवक्ता मेघराज पोखरेलसमेत, फौजदारी कानूनको परिचय, (२०६२), प्रकाशकः भृकुटी एकेडेमी पब्लिकेशन्स, प्रदर्शनी मार्ग,काठमाडौं,पृ.२०७ देखि २१३।

[१९] पुर्वपाद टिप्पणी १, पृ.२८५।

[२०] पुर्वपाद टिप्पणी १८, पृ.२११।

[२१] टोपबहादुर सिंह, कानूनी शब्दकोष, (२०४५), प्रकाशकः रत्न पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं, पृ.९३।

[२२] पुर्वपाद टिप्पणी १८, पृ.२२६।

[२३] ने.का.प. २०७६, अंकः ९, नि.नं.१०३५३।

कारणबाट वा अन्य विविध कारणबाट अपराध पूरा हुन वा निर्धारण गरेको परिणाम निस्कन वा कानूनले निर्धारित तरिकाभन्दा भिन्न परिणाम निस्कन पुगेको[२४] अवस्थालाई बुझ्न सकिन्छ।

## ४.२ अपराध गर्ने उद्योगको आवश्यक तत्त्वहरु

अपराधमा आपराधिक मनसाय (Mens Rea ) र आपराधिक कार्य (Actus Reus) को आवश्यकता भए जस्तै अपराध गर्ने उद्योगमा पनि यी दुई तत्त्वहरुको अनिवार्य रुपमा उपस्थिति रहेको हुनुपर्दछ। यी दुई तत्त्वहरुमध्ये कुनै एकको अभावमा कुनै पनि अपराध गर्ने उद्योगको अभियोगमा अभियुक्तलाई सजाय गर्न सकिँदैन। जसलाई देहायनुसार संक्षिप्त रुपमा उल्लेख गरिएको छ।

**४.२.१ आपराधिक मानसाय (Mens Rea):** अभियुक्तसँग भएको अपेक्षित आपराधिक मनसाय (Mens rea) नै उद्योगको पहिलो तत्त्व हो। उद्योग हुनको लागि मनसाय (intent) एउटा विशिष्टिकृत मनसाय (specific intent) को रुपमा हुन आवश्यक हुन्छ। सामान्य आपराधिक मनसाय (general criminal intent) पर्याप्त हुदैन। कानूनी रुपमा एउटा व्यक्तिले तबसम्म अपराधको उद्योग गर्न सक्दैन जबसम्म निजसँग अपेक्षित विशिष्ट मनसाय हुदैन। त्यसैले अपराधको उद्योगमा सामान्य मनसाय (general intent), लापर्बाही (Recklessness) र हेलचेत्र्याई (Negligence) बाट निष्केको कसुरको परिणामलाई समावेश गरिदैन।[२५] प्रत्येक उद्योग एउटा 'विशिष्टकृत मनसायमा' आधारित रहेको हुन्छ, जसको कुनै विशेष अपराध गर्ने मनसाय हुन्छ।[२६] पूर्वसोच विचार गरी गरिएको कारबाही असफल भएमा मात्र उद्योगमा मुद्दा चल्न सक्छ। जुनसुकै अपराधमा उद्योगमा कारबाही चलाउँदा अभियुक्तको दुषित मनसाय सिद्ध गर्नुपर्दछ।[२७] कसुरको उद्योगमा पूर्ण अपराधमा हुनुपर्ने मनसाय तत्त्व विद्यमान हुनुपर्छ। मनसाय नराखी गरिएको कार्य उद्योग ठहर्न नसक्ने भनी *प्रहरी वृत्त कालिमाटी (घ) को जाहेरीले नेपाल सरकार वि. कृष्णबहादुर बोगटी*[२८] को मुद्दामा सर्वोच्च अदालतले बोलेको पाइन्छ।

अतः उद्योग हुनको लागि अभियुक्तको मनसाय त्यस्तो कार्य गर्नमा उन्मुख हुनुपर्दछ जुन कार्य पूरा भएको अवस्थामा एउटा छुट्टै स्वतन्त्र अपराध हुन्थ्यो, अर्थात अभियुक्तको मनसाय त्यस्तो रुपमा प्रमाणित गर्नुपर्दछ जुन कार्य गर्ने मनसाय राखिएको हो र जुन अपराध गर्नमा उन्मुख छ।[२९]

---

[२४] पुर्वपाद टिप्पणी २, पृ.२७।

[२५] DEU TITUS REID, CRIMINAL LAW, (2007), SEVENTH EDITION, Published by; New York Oxford, OXFORD UNIVERSITY PRESS, p.58.

[२६] Monica Chawla, Criminal Attempt and Punishment, (2006), Published by; DEEP & DEEP PUBLICATIONS PVT. LTD, F-159, Rajouri Garden, New Delhi-110 027, p. 25-26.

[२७] प्रा.माधवप्रसाद आचार्य, अधिवक्ता बद्रीप्रसाद भण्डारी, फौजदारी कानूनको समीक्षात्मक विवेचना, (२०६३), प्रकाशकः भृकुटी एकेडेमिक पब्लिकेशन्स, प्रदर्शनी मार्ग, काठमाडौं ,पृ.१०३।

[२८] ने.का.प. २०७६, अंकः ९, नि.नं.१०३५३।

[२९] पुर्वपाद टिप्पणी १८, पृ.२२५।

**४.२.२ आपराधिक कार्य (Actus Reus):** एउटा आपराधिक कार्य अपराध गर्ने उद्योगको दोस्रो तत्त्वको रुपमा रहेको हुन्छ।[३०] आपराधिक कार्यको अपेक्षा तथा आवश्यक्ता पूरा नगरी आपराधिक मनसायको अनुसरण मात्र केही कार्यद्वारा गरिएको अवस्थामा आपराधिक कार्यको फौजदारी दायित्व सृजना हुँदैन।[३१] अभियुक्तले तयारीको चरण पार गरेर नियोजित रुपमा अपराधलाई परिणाममुखी बनाउने कार्यको सुरुवात गरिसकेको अवस्थामा मात्र निजले फौजदारी दायित्व वहन गर्नुपर्दछ।[३२] उद्योगको आपराधिक कार्यको सन्दर्भमा अङ्ग्रेजी कानूनविद् रसेलका अनुसार "अभियोक्ता पक्षबाट त्यस कुराको स्थापना भएको प्रमाणित गर्नुपर्दछ जसमा आरोपित अपराधको उद्योग गर्ने अभियुक्तले अपराध गर्ने सिलसिलामा गरेको कार्य त्यस आरोपित अपराध गर्ने दिशातिर निर्देशित छ। अर्को शब्दमा अभियुक्तले गरेको कार्य त्यस आरोपित अपराध गर्ने मनसायबाट गरिएको हो भन्ने कुरा स्थापित हुनुपर्दछ"।[३३] उद्योगको आपराधिक कार्य अपराध गर्ने मनसाय राखेर अपराधलाई पूर्णता दिँदा सृजना भएको परिस्थितिबाट निक्यौंल गर्न सकिन्छ। उद्योगका लागि गरिएका कार्यका सम्बन्धमा (१) उद्योगलाई जनाउने कार्यले निश्चित रुपमा आरोपित अपराध गर्ने सिलसिलामा गरिएको कदम (Proximate Step) भन्ने कुरा देखाउनु, (२) जुन अपराध गर्ने मनसायले सो कार्य गरिएको छ सो मनसायबमोजिम काम पूरा भइसकेको हुनु हुदैन र (३) अभियुक्त वास्तविक रुपमा सो कार्य गर्न कार्यरत हुनुपर्छ (on his job) जस्ता तीनवटा सामान्य नियमहरु विद्यमान रहेको पाइन्छ।[३४]त्यसैगरी अपराध गर्ने उद्योगमा कार्यले निम्नलिखित चारवटा विशिष्ट गुणहरु अनिवार्य रुपमा धारण गरेको हुनुपर्दछ।[३५]

(क) उद्योगको कार्य दण्डनीय अपराधतर्फ उन्मुख भएको हुनुपर्दछ,

(ख) यो स्पष्ट रुपमा इच्छित उद्देश्यअनुकूल गरिएको हुनुपर्दछ,

(ग) यो खतरनाक रुपले सफलताको नजिक पुगेको हुनुपर्दछ र

(घ) यो पूर्ण रुपमा सफल भएको हुनुहुदैन।

अपराध गर्ने उद्योगको उल्लिखित प्रत्येक कार्यहरुलाई उद्योगको कसुर स्थापित गर्नको लागि अत्यधिक ध्यानपूर्वक परीक्षण गरिनुपर्दछ।

---

[३०] पुर्वपाद टिप्पणी २५, पृ. ५९.

[३१] पुर्वपाद टिप्पणी २६, पृ ४३

[३२] हेर्नुहोस https://law.jrank.org/pages/553/Attempt-Modern-law.html (फागुन २३, २०७९)

[३३] Russel on Crime (11th ed.), London, p.195. उद्धृत गरिएको पुर्वपाद टिप्पणी १८, पृ.२२३।

[३४] ऐ. पृ.२२३-२२४

[३५] J.S. Beale, Jr. Criminal Attempts, Harvard Law Review, May,1903, Vol.16, No.7, Published by; The Harvard Law Review Association, p.492.

## ४.३ तयारी र अपराध गर्ने उद्योगविच भिन्नता छुट्याउने परीक्षणसम्बन्धी सिद्धान्त

अपराधको तयारीको चरण फौजदारी दायित्वको विषय हुदैन तर अपराध गर्ने उद्योग फौजदारी दायित्वको रुपमा दण्डनीय हुन्छ। यसरी प्रत्येक अपराधमा अपराधको तयारी र उद्योगबिचको भिन्नतालाई तथ्यगत रुपमा विभाजन गरिनुपर्दछ। फौजदारी दायित्वको सन्दर्भमा अपराधको तयारी र उद्योगविच सीमाङ्कन रेखा कोर्नु एउटा जटिल कार्य हो। कुनै निश्चित कार्य केवल एक तयारी मात्र हो वा आपराधिक कार्य सम्पन्न गर्नको लागि गरिएको प्रयास हो भन्ने प्रश्न तथ्यको प्रश्न हुन आउदछ। यसै सन्दर्भमा अपराध गर्ने उद्योगलाई स्थापित गर्नको लागि न्यायाधीश तथा विधीशास्त्रीहरुबाट अपराधको तयारी र उद्योगबिचको भिन्नता पहिल्याउन केही परीक्षणसम्बन्धी देहायमा उल्लिखित सिद्धान्तहरु विकास गरिएको पाइन्छ।

**४.३.१ सन्निकटताको परीक्षण (The Proximity Test):**[३६] सन्निकटताको परीक्षणले अभियुक्त अपराध पूरा गर्नको लागि कतिको नजिक छ भन्ने जाँच गर्दै अभियुक्तको कार्यप्रतिको अग्रसरता मापन गर्दछ। यसमा तयारी र अपराध सफलतापूर्वक सम्पन्न भएको विचको दूरीलाई मापन गरिन्छ। यस परीक्षणले प्रतिपादित गरेको सिद्धान्तअनुसार कार्य वा कार्यहरुको श्रृङ्खला अपराधको उद्योग हुन अपराधीले अपराध गर्नको लागि आवश्यक सबै महत्त्वपूर्ण चरणहरु पूरा गरिसकेको अवस्था भए तापनि अपराधको अन्तिम आवश्यक परिणाम भने निस्किएको हुनु हुदैन। कसुरदारको कुनै पनि कार्य अपराध नै गर्नको लागि गरिएको कुरा स्थापित भएको अवस्थामा निजले अपराधको उद्योगमा कसुर गरेको ठहरिन सक्छ। यस परीक्षणको मान्यतानुसार अपराधीको आपराधिक कार्य अन्तिम चरणको कार्यसँग निकट पुगेको अवस्थामा नै निजउपर उद्योगमा कारवाही चलाउन सकिन्छ। यस परीक्षणले अपराध गर्नको लागि गरिएको कार्यबाट सो अपराधले पूर्णता प्राप्त गर्ने प्रबल सम्भावना र अपराध सम्पन्न हुनको लागि सो कार्यको सन्निकटताको अवस्थालाई आधार लिन्छ। अतःसन्निकटता परीक्षणको सिद्धान्तअनुसार उद्योगको कसुर स्थापित हुनको लागि अभियुक्तले अपराध सम्पन्न गर्ने मनसाय राखेर गरेको कार्य पूर्ण अपराधको अत्यधिक नजिक हुनपुगेको हुनुपर्दछ।

**४.३.२ सामाजिक खतराको परीक्षण (The Dangerous Proximity Doctrine or Social Danger Test):**[३७] यस परीक्षणमा अभियुक्तले अपराध गर्नको लागि गरेको तयारीबाट समाजको सुरक्षाको लागि खतरा उत्पन्न भएको अवस्थालाई मापन गरिन्छ। सिङ्गो समाजले नै असुरक्षाको अनुभूति गर्नुपर्ने स्तरको आपराधिक तयारीलाई यस परीक्षणले सम्बोधन गर्दछ जसलाई दण्डनीय बनाउन अति आवश्यक हुन्छ। कुनै पनि कार्य अपराधको उद्योग हो वा होइन भनी निर्धारण गर्नको लागि

---

[३६] पुर्वपाद टिप्पणी २६, पृ. ४५

[३७] ऐ. पृ. ५३

अभिप्राययुक्त अपराधको गम्भीरता, आपराधिक परिणामको सन्निकटता र सो कार्यले अपराधको परिणाम ल्याउने प्रवल सम्भावनालाई विचार गर्नुपर्ने हुन्छ। यसरी गम्भीरता, सन्निकटता र सम्भावनाको आधारमा कुनै पनि कार्यलाई अपराधको उद्योग भन्न सकिन्छ। अपराधको उद्योगमा सजाय गर्नु भनेको अवाञ्छनीय व्यवहारलाई निरुत्साहित गर्नु र अभियुक्तको आचरण पर्याप्त मात्रामा खतरनाक नभएसम्म त्यस्तो आचरणलाई निरुत्साहित गर्ने कुनै यथोचित कारण हुदैन भन्ने धारणामा यो परीक्षण आधारित रहेको छ। उद्योग गरिएको अपराधको गम्भीरता अपराधको उद्योगमा दायित्व वहन गराउने एउटा महत्त्वपूर्ण मापदण्डको रुपमा रहेको छ। यदि कुनै पनि तथ्य र परिस्थितिलाई हस्तक्षेप नगरिएको भए त्यसको परिणाम गम्भीर प्रकृतिको हुन सक्थ्यो भने त्यस अवस्थामा अपराधको उद्योग पूरा भएको मानिन्छ। कुनै पनि कार्यले सोचे अनुरुप सफलता प्राप्त नगरे तापनि सो कार्यबाट सामाजिक खतरा पर्याप्त मात्रामा उत्पन्न भएको अवस्थालाई उद्योग रुपमा यस परीक्षणले स्वीकार गर्दछ।

**४.३.३ अस्पष्टताको परीक्षण (The Equivocality Test or Res ipsa Loquitor Test ):**[३८] यस परीक्षणको अभियुक्तले स्पष्ट रुपमा अपराध गर्ने मनसाय राखेर गरेको कार्य अपराधको उद्योगको लागि योग्य हुन्छ भन्ने मान्यता रहेको छ। अपराधको उद्योगमा दायित्व वहन गराउनको लागि अभियुक्तको मनसाय निजले गरेको कार्यमा स्पष्ट रुपले प्रतिबिम्बित भएको हुनुपर्ने विषयसँग यो परीक्षण आधारित रहेको पाइन्छ। फौजदारी कानूनको उद्देश्य पूर्ण अपराधलाई मात्र रोकथाम गर्नु नभई भावी अपराधहरु सम्पन्न हुनबाट पनि रोक्नु हो। अभियुक्तको अपराध गर्ने मनसाय शंकारहित तबरबाट प्रमाणित भएको अवस्थामा मात्र निजलाई अपराधको उद्योगमा गरिएको सजाय न्यायोचित हुन्छ। उद्योग स्थापित हुनको लागि अभियुक्तको कार्य अन्य कुनै उद्देश्यबाट नभई निश्चित अपराध गर्ने उद्देश्यबाट नै प्रेरित भएर गरिएको कुरा शंकारहित तरिकाबाट पुष्टि हुनुपर्दछ। यसरी स्पष्ट रुपमा अभियुक्तको अपराधप्रतिको उद्देश्य प्रमाणित नभएको अवस्थामा सो कार्य तयारीमा मात्र सीमित हुन पुग्दछ। अतः अभियुक्तले कसुर गर्नको लागि गरेको कार्यबाट निजको उद्देश्य अस्पष्ट वा स्पष्ट भए नभएको परीक्षण गरेर मात्र कुनै पनि अपराधको प्रयासलाई उद्योग ठहर गर्नुपर्ने यस परीक्षणको मान्यता हो।

**४.३.४ पश्चातापको लागि समय परीक्षण (Locus Paenitentiae Test or A Time for Repentance)**:[३९] यस परीक्षणको तात्पर्य कानूनले प्रत्येक अपराधीलाई कानूनको दायरामा आउनु भन्दा पहिले निजलाई अपराधप्रतिको पश्चाताप गर्ने समयको लागि एउटा अवसर प्रदान गर्दछ भन्ने हो। यस परीक्षणको सिद्धान्तअनुसार कुनै पनि व्यक्ति आफ्नो आपराधिक योजनालाई अगाडि बढाउने कार्यबाट

[३८] ऐ. पृ. ५८
[३९] ऐ. पृ. ६६

स्वयम् विमुख हुने उचित सम्भावना रहेसम्म निजलाई दण्डको भागीदार बनाइँदैन। यसको लागि अभियुक्तले अपराध पूरा गर्ने उद्देश्यले निर्णायक कारवाही गर्ने समयमा निजले आफैलाई सो उद्देश्यबाट रोकेको हुनुपर्दछ। यस परीक्षणले यस्तो विषयलाई सम्बोधन गर्दछ जसमा कुनै पनि व्यक्तिले अपराध गर्नको लागि तयारी गरेको हुन्छ तर सो अपराध पूरा गर्नुभन्दा पहिले नै उसले आफ्नो मनसाय परिर्वतन गर्दछ र अपराध गर्ने अन्तिम अवस्थाबाट फर्कन्छ। यस्तो अपराध गर्ने मनसायको वापसीले अपराधको उद्योग तयारीमा परिवर्तित हुन्छ र कुनै पनि कानूनी दायित्व बहन गर्नु पर्दैन। अतः यस पश्चातापको लागि समय परीक्षणको सिद्धान्तले अभियुक्तले आपराधिक कार्य घटाउनु पहिले स्वयम् आफैले सो कार्य रोक्ने सम्भावना भएसम्म निजलाई निर्दोष नै मान्नुपर्ने मान्यता राख्दछ।

## ४.४ अपराध गर्ने उद्योगसम्बन्धी प्रतिरक्षा

अपराध गर्ने उद्योगसम्बन्धी मुद्दाको सन्दर्भमा परित्याग (Abandonment) र असम्भाव्यता (Impossibility)[४०] गरी दुई वटा अवस्थाहरुमा प्रतिरक्षाको जिकिर लिन सकिन्छ।

**४.४.१ परित्याग (Abandonment):** कुनै अभियुक्त आफैले कुनै अपराध गर्ने योजना बनाइरहेकोमा वा निज अन्य सहअभियुक्तहरुसँग मिलेर अपराधमा संलग्न भइरहेकोमा पछि निजले सो अपराध नगर्ने निर्णय गर्नुलाई परित्याग भनेर बुझ्न सकिन्छ। धेरै व्यक्तिहरु संलग्न भएर गरिएको अपराधले पूर्णता पाएको अबस्थामा कुनै एक अभियुक्तले परित्याग गरेकै कारणले अन्य अभियुक्तहरु पनि आपराधिक दायित्वबाट मुक्त हुन सक्दैन। त्यसैगरी कुनै अभियुक्तले कुनै नियोजित आपराधिक क्रियाकलाप छोडेपश्चात् निज पूनः सोही क्रियाकलापमा संलग्न अन्य अभियुक्तहरुको सम्पर्कमा पुग्दछ भने निजले यस्तो अवस्थामा परित्यागसम्बन्धी प्रतिरक्षाको अधिकार प्राप्त गर्न सक्दैन। परित्यागसम्बन्धी प्रतिरक्षाको अधिकार प्राप्त गर्न प्रतिवादीले अपराधलाई पूर्णता नदिनको लागि निजको हृदयमा आएको परिवर्तन र गरिएको निर्णय स्वैच्छिक र स्वतन्त्र रहेको स्थापित गर्नुपर्दछ।[४१] प्रतिवादीलाई अपराधको पूर्णताको लागि अगाडि बढ्ने कार्यबाट रोक्न र कानूनी बाध्यकरण हस्तक्षेपको आवश्यकता विना अपराध घटन नदिनको लागि स्वैच्छिक परित्यागसम्बन्धी प्रतिरक्षाले प्रोत्साहन गर्दछ।[४२] परित्यागसम्बन्धी प्रतिरक्षालाई स्वीकार गर्नुको मुख्य उद्देश्य अपराध गर्ने उद्योग अन्य अपराधहरुभन्दा भिन्न हुन्छ भन्ने भावबाट उत्पन्न भएको हुन्छ। कर्ताबाट गरिएको अपराधको परित्यागले निज खतरनाक नहुनुको साथै दण्डित गरिनु नपर्ने व्यक्ति पनि भएको संकेत गर्दछ।[४३] अतः परित्यागसम्बन्धी प्रतिरक्षा

[४०] पूर्वपाद टिप्पणी २५, पृ. ६२

[४१] हेर्नुहोस्, https://www.justia.com/criminal/defenses/abandonment, (फागुन २४, २०७९)।

[४२] हेर्नुहोस्, M LIBRARIES, https://open.lib.umn.edu/criminallaw/, (चैत ०२, २०७९)।

[४३] पूर्वपाद टिप्पणी २६, पृ. ७१

तब हुन्छ जब अपराध कार्यान्वयनको अन्तिम प्रक्रियामा अभियुक्तले स्वतन्त्र र स्वैच्छिक रुपमा अपराध गर्ने प्रयास परित्याग गर्दछ।[४४]

**४.४.२ असम्भाव्यता (Impossibility):** उद्योगको अपराध गर्ने सन्दर्भमा प्रतिरक्षाको लागि कानूनी असम्भाव्यता (Legal Impossibility) र तथ्यगत असम्भाव्यता (Factual Impossibility) बढी विश्वसनीय हुन्छ।[४५] अभियुक्त आफूले गर्न गइरहेको कार्यको प्रयासलाई गैरकानूनी हो भन्ने सोचिरहेको हुन्छ तर वास्तविकता त्यस्तो नहुनु नै कानूनी असम्भाव्यता हो। कार्य पूरा भएर पनि अपराध नभएको परिस्थितिलाई सामान्यतः कानूनी असम्भाव्यताको रुपमा वर्णन गर्न सकिन्छ।[४६] उदाहरणको लागि कुनै व्यक्तिले चोरी गरिएको वस्तु भनी विश्वास गरी सो वस्तुलाई ग्रहण गर्दछ। तर वास्तिकतामा सो वस्तु चोरी गरिएको वस्तु हुदैन भने निज व्यक्ति चोरीको वस्तु ग्रहण गरेको उद्योगमा दोषी हुदैन।[४७] अतःफौजदारी कानूनको भूल वा असमझको कारण अभियुक्तले अपराध नै भएको विश्वास गर्दछ तर फौजदारी कानूनले उक्त कार्यलाई अपराध भनी निषेध नगरेको कारणबाट उक्त कार्य अपराध हुन असम्भव हुन पुग्दछ भने यसलाई कानूनी असम्भाव्यता भनिन्छ।[४८] तथ्यगत असम्भाव्यताको अर्थ यो हो कि अभियुक्तले गरेको प्रयत्नले अपराध पूरा गर्न सकेको हुदैन किनकि तथ्य वा वास्तविकता त्यस्तो हुदैन जुन निजले विश्वास गरेको हुन्छ।[४९] फगत अभियुक्तलाई अज्ञात भएको केही भौतिक वा तथ्यगत स्थितिको कारण आभारभूत वा मूल अपराधलाई पूरा गर्नको लागि असम्भव हुने परिस्थितिलाई तथ्यगत असम्भाव्यता भनेर बर्णन गर्न सकिन्छ। उदाहरणको लागि; खाली बगलीमा बगली मार्नु, खाली घरबाट चोरीको प्रयास गर्नु आदि।[५०] अतः अभियुक्तले सोचे अनुरुपको तथ्य वा वास्तविकता नभएको कारणले निजको अपराध गर्ने कोसिसबाट अपराधले पूर्णता नपाएको अवस्था नै तथ्यगत असम्भाव्यता हो।

### ४.५ ज्यान मार्ने उद्योग

सामान्यतः एउटा व्यक्तिले अर्को व्यक्तिको हत्या गर्ने मनसाय राख्दछ र हत्या गर्न खोज्दछ तर कुनै कारणवश सो कार्यलाई परिणाममुखी बनाउन असफल हुन्छ भने यस्तो अवस्थामा निजलाई ज्यान मार्ने उद्योगको अपराधमा अभियोग लगाउन सकिन्छ। हत्या जस्तै ज्यान मार्ने उद्योग पनि एउटा गम्भीर

---

[४४] ऐ. पृ. ७२
[४५] पूर्वपाद टिप्पणी २५, पृ. ६३
[४६] ऐ. पृ ६३
[४७] ऐ. पृ ६४
[४८] पूर्वपाद टिप्पणी १८, पृ.२२०।
[४९] हेर्नुहोस्, M LIBRARIES, https://open.lib.umn.edu/criminallaw/, (चैत ०२, २०७९)।
[५०] पूर्वपाद टिप्पणी २५, पृ. ६४

प्रकृतिको अपराध भएको हुँदा यस अपराधको लागि फौजदारी न्याय प्रणाली अन्तर्गत कठोर दण्डको व्यवस्था गरिएको हुन्छ।[५१]

ज्यानसम्बन्धी अपराधमा ज्यान मार्ने उद्योग भन्नाले कसैले कसैलाई ज्यानै मार्ने मनसाय (Intention) राखेर कसैलाई मर्नेसम्मको कुनै कार्य गर्दा केही कारणवश वा केही हस्तक्षेप भएका कारणबाट पीडित मर्नबाट बाँचेको अवस्था नै ज्यान मार्ने उद्योगको कसुर हो।[५२] मनसाय प्रेरित हत्याको वारदात असफल भयो भने त्यसलाई ज्यान मार्ने उद्योग भनिन्छ।[५३] मानिसको ज्यान लिने उद्देश्यले कर्ताले गरेको कार्य उसको काबुबाहिरको परिस्थिति परी परिणाम प्राप्त नभएको अवस्था हुनु नै ज्यान मार्ने उद्योगको वारदात हुनु हो।[५४]कर्तामा ज्यान मार्ने मनसाय हुनु र सोही बमोजिम आपराधिक कार्य गर्दा कुनै कारणले निजले चाहेको मानिस मर्ने परिणाम मात्र प्राप्त नहुनु यसको विशेषता हो।[५५] ज्यान मार्ने उद्योग व्यक्ति बिरुद्धको अपराध अर्थात ज्यानसम्बन्धी कसुर अन्तर्गत पर्ने अपराधहरुमध्ये पनि पीडितलाई शारीरिक, मानसिक र आर्थिक रुपमा पुग्न गएको आघातको आधारमा एउटा गम्भीर प्रकृतिको अपराध हो।

ज्यान मार्ने उद्योग अर्को व्यक्तिको हत्या गर्ने असफल प्रयास हो। अन्य अपराध जस्तै ज्यान मार्ने उद्योगमा पनि कार्य (action) र मनसाय (intention) दुवै अनिवार्य रुपमा समावेश भएको हुन्छ। ज्यान मार्ने उद्योगमा एउटा व्यक्तिले अर्को व्यक्तिको हत्या गर्ने विशेष नियतसाथ प्रत्यक्ष पाइला (direct step) चालेको हुनुपर्दछ।[५६] यस अपराधमा दोषी ठहऱ्याउनको लागि अभियोजनकर्ताले अभियुक्तले पीडितलाई लक्ष्य बनाई मार्ने कार्यको लागि प्रत्यक्ष पाइला (direct step) चालेको अवस्था अनिवार्य रुपमा देखाउन सक्नुपर्दछ।[५७] ज्यान मार्ने उद्योगको अपराध अचानक वा दुर्घटनापूर्वक हुने अपराध होइन। त्यसैले यस अपराधमा दोषी ठहऱ्याउन अभियोजनकर्ताले अभियुक्तको सो अपराध गर्नुमा विशेष मनसाय नै थियो भनि अनिवार्य रुपमा देखाउनु पर्दछ। त्यसैगरी अभियोजनकर्ताले अभियुक्तको मनसायलाई मात्र प्रमाणित गरेर हुदैन त्यो मनसाय विशिष्ट पीडित (specific victim) को हत्या गर्नको लागि नै थियो भनि

---

[५१] हेर्नुहोस्, MarkTheoharis, https://www.criminaldefenselawyer.com/resources/criminal-defense/crime-penalties/charged-attempted-murder.html, (साउन ३०, २०८०)

[५२] पूर्वपाद टिप्पणी १८, पृ.४५८।

[५३] पूर्वपाद टिप्पणी २७, पृ.१४६।

[५४] सोमाकान्त भण्डारी, जिउ,ज्यानसम्बन्धी अपराधको प्रवृत्तिगत अध्ययन(२०७४), महान्यायाधिवक्ताको कार्यालयको बुलेटिन, पूर्णाङ्क १५, वर्ष ४, अंक १, २०७१, वैशाख/जेष्ठ, काठमाडौं, महान्यायाधिवक्ताको कार्यालय, प्रकाशकः महान्यायाधिवक्ताको कार्यालय, नेपाल, अपराधशास्त्रीय अनुसन्धान केन्द्र, रामशाहपथ, काठमाडौं, पृ.१२५।

[५५] पूर्वपाद टिप्पणी १, पृ.२८५।

[५६] हेर्नुहोस्, MarkTheoharis,https://www.criminaldefenselawyer.com/resources/criminal-defense/crime-penalties/charged-attempted-murder.htm, (साउन ०३, २०८०)।

[५७] हेर्नुहोस्, MarkTheoharis,https://www.criminaldefenselawyer.com/resources/criminal-defense/crime-penalties/charged-attempted-murder.htm, (साउन ०३, २०८०)।

पुष्टि पनि गर्नुपर्दछ।[५८] यसै सन्दर्भमा महान्यायाधिवक्ताको कार्यालयको बुलेटिनमा ज्यान मार्ने उद्योगलाई देहायनुसार उल्लेख गरिएको पाइन्छ।

*"ज्यान मार्ने उद्योग र कर्तव्य ज्यानमा आवश्यक पर्ने आपराधिक तत्त्व आपराधिक कार्य बाहेक सबै आवश्यक पर्दछ। ज्यान मार्ने उद्योग अपूर्ण अपराध भएको हुँदा कर्ताले यो अपराध गर्दा मनसाय, तयारीसहित कार्य गर्दछ। तर कुनै कारणवश कार्य गरेको तर त्यसको पूर्णता उसको काबुबाहिरको परिस्थिति, कारणले प्राप्त हुन नपाएको अवस्था हुन्छ। मनसायप्रेरित वारदात भएकोमा अपराध पूरा हुन कानूनद्वारा निर्धारित परिणाम निस्कन असफल भयो भने त्यस्तो वारदातलाई अपराध गर्ने उद्योग भनिन्छ। यही सिद्धान्तअनुसार मनसायप्रेरित हत्याको वारदात असफल भयो भने त्यसलाई ज्यान मार्ने उद्योग भनिन्छ।"* [५९]

ज्यान मार्ने उद्योग यस्तो अपराध हो जसमा कार्य वा कार्यहरुको परिणामलाई भन्दा मनसायलाई बढी महत्त्व दिइन्छ। मनसाय कुनै पनि व्यक्तिको आन्तरिक सोचमा आधारित हुन्छ जुन दोषी दिमाग (Guilt Mind) थियो वा थिएन भनी प्रमाणित गर्नको लागि तथ्य (facts) र परिस्थितिहरु (circumstances) मा निर्भर भएको हुन्छ। समग्रमा, ज्यान मार्ने उद्योग हत्या गर्नको लागि भएको असफलता हो। अभियुक्तले पीडितको हत्या गर्न चाहेको हुन्छ तर भाग्यवश पीडित भने बाँच्न सफल भएको हुन्छ।[६०] अतः कुनै पनि व्यक्तिले ज्यान मार्ने आपराधिक मनसाय (Mens Rea) राखी ज्यान मार्ने आपराधिक कार्य (Actus Reus) गरेको तर कुनै कारणवश पीडितको ज्यान भने मर्न नपाएको अवस्थामा निजको सो कार्य नै ज्यान मार्ने उद्योग हो। ज्यान मार्ने उद्योग आपराधिक परिणाम पूरा हुन नसकेको अपराधको तेस्रो चरणको अवस्था हो। ज्यान मुद्दाको सन्दर्भमा ज्यान मार्ने उद्योगमा सजाय गर्नको लागि कसुरदारले ज्यान मार्ने मनसायपूर्वक गरेको अवस्था पुष्टि हुन आवश्यक छ।

## ४.६ ज्यान मार्ने उद्योगको सन्दर्भमा संयुक्त राष्ट्रसंघीय र राष्ट्रिय कानूनी व्यवस्था

### ४.६.१ संयुक्त राष्ट्रसंघीय व्यवस्था

- **मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८**

  प्रत्येक व्यक्तिलाई जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार हुनेछ।[६१]

- **नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६**

---

[५८] हेर्नुहोस्, MarkTheoharis,https://www.criminaldefenselawyer.com/resources/criminal-defense/crime-penalties/charged-attempted-murder.htm , (साउन ०३, २०८०)।

[५९] महान्यायाधिवक्ताको कार्यालयको बुलेटिन, पूर्णाङ्क १५, वर्ष ४, अंक १, २०७१, वैशाख/जेष्ठ, काठमाडौं, महान्यायाधिवक्ताको कार्यालय, पृ.९३। उद्धृत गरिएको पूर्वपाद टिप्पणी ५४, पृ.११३।

[६०] हेर्नुहोस्, https://indianlawportal.co.in/attempt-to-murder/, (भदौ ०३, २०८०)

[६१] मानव अधिकारको विश्वव्यापी घोषणापत्र,१९४८, धारा ३।

प्रत्येक व्यक्तिलाई जीवनको अन्तर्निहित अधिकार छ। कानूनद्वारा यस अधिकारको संरक्षण गरिनेछ। स्वेच्छाचारी रुपले कसैको पनि जीवन हरण गरिने छैन।[६२]

## ४.६.२ राष्ट्रिय कानूनी व्यवस्था

- **संवैधानिक व्यवस्था**

  प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ।[६३]

- **सवारी तथा यातायात व्यवस्था ऐन, २०४९**

  कसैले सवारी चलाइ कुनै मानिसलाई किची, ठक्कर दिई वा कुनै किसिमले सवारी दुर्घटना गराइ सवारीमा रहेको सवारी बाहिर जुनसुकै ठाउँमा रहेबसेको कुनै मानिस त्यस्तो दुर्घटनाको कारणबाट तत्कालै वा सोही चोटको परिणामस्वरुप एक्काइस दिनभित्र मरेमा त्यस्तो कार्य ज्यान मार्ने मनसाय लिई गरेको भए त्यसरी सवारी चलाउने व्यक्तिलाई जन्मकैद हुनेछ। कसैले ज्यान मार्ने मनसाय लिई त्यस्तो कार्य गरेकोमा ज्यान मार्न पाएको रहेनछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई कसुरको मात्राअनुसार पाँच वर्षदेखि बाह्र वर्षसम्म कैद हुनेछ।[६४]

- **मुलुकी अपराध संहिता, २०७४**

  कसैले कसैको ज्यान मार्ने नियतले सोको उद्योग गर्न हुदैन।[६५] सो बमोजिमको कसुर गर्ने व्यक्तिलाई दश वर्षसम्म कैद र एक लाख रुपियाँसम्म जरिवाना हुनेछ। [६६]

[६२] नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र,१९६६, धारा ६(१)।
[६३] नेपालको संविधान,धारा १६(१)।
[६४] सवारी तथा यातायात व्यवस्था ऐन,२०४९, दफा १६१(१)।
[६५] मुलुकी अपराध संहिता,२०७४, दफा १८३(१)।
[६६] मुलुकी अपराध संहिता,२०७४, दफा १८३(२)।

# परिच्छेद-पाँच

## ५. ज्यान मार्ने उद्योगसम्बन्धी न्यायिक अभ्यास

सर्वोच्च अदालतबाट ज्यान मार्ने उद्योगसम्बन्धी विभिन्न समयमा विभिन्न महत्त्वपूर्ण सिद्धान्तहरु प्रतिपादन गर्दै आएको पाइन्छ। कतिपय स्थितिमा कानूनको निर्माण हुनुभन्दा पहिले नै नजिर स्थापित गरी सोही आधारमा कानूनको निर्माण भएको अवस्थासमेत छ। यसरी ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दामा विधिशास्त्रीय स्पष्टता ल्याउन सर्वोच्च अदालतको विशिष्ट योगदान रहेको छ। अभियुक्तको पीडितलाई मार्ने मनसाय भएको हुनुपर्ने, अभियुक्तले घातक हतियार प्रयोग गरेको हुनुपर्ने, अभियुक्तको उद्देश्य र तेस्रो पक्षको हस्तक्षेप जस्ता ज्यान मार्ने उद्योगको सन्दर्भमा प्रशस्त नजिरहरु स्थापित भइसकेको पाइन्छ। यसरी ज्यान मार्ने उद्योगसम्बन्धी सिद्धान्तहरु प्रतिपादित हुने क्रममा सर्वोच्च अदालतबाट प्रतिपादित भएको केही महत्त्वपूर्ण सिद्धान्तहरु देहायअनुसार उल्लेख गरिएको छ।

### ५.१ नेपाल सरकार वि. अशोक सितिखुसमेत[६७]

- ज्यानसम्बन्धी अपराधहरूमा कर्तव्य ज्यान र यसको उद्योगको बिचमा अपराध स्थापित गर्ने तत्त्वहरूको रुपमा रहेको कार्य (Actus reus), मनसाय (Mens rea) र वैध प्रतिरक्षाको अभाव (absence of valid defense) को दृष्टिकोणबाट हेर्दा कुनै भिन्नता रहेको हुदैन। केवल परिणामको दृष्टिले अपराधले पूर्णता पाउन मात्र बाँकी रहेको हुन्छ। कुनै अपराधको सन्दर्भमा सो अपराध गर्ने उद्योगको प्रश्न मनसायपूर्वक गरिएको आपराधिक कार्यमा मात्र सान्दर्भिक हुन आउने।
- मनसायपूर्वक गरिएको अपराधमा मनसाय, तयारी, उद्योग र पूर्ण अपराधका चार चरणहरूमध्ये मनसाय र तयारीसम्मको चरणमा त्यस्तो अपराध गर्न चाहने व्यक्तिले आपराधिक कार्य घटाउनको लागि कुनै कार्य नगरेको हुनाले यो चरणसम्म अपराधको उद्योगको प्रश्न नउठ्ने।
- अपराध गर्न चाहने व्यक्तिले मनसायअनुसारको तयारी पूरा गरी मनसायलाई कार्यरुप दिन सारवान रुपमा (Substantially) कुनै आपराधिक कार्य गरेको तर कुनै कारणले निजको कार्यबाट निजले अपेक्षा गरेको परिणाम प्राप्त नभएको अवस्थालाई उद्योगको रुपमा लिन सकिन्छ। यस्तो अपूर्ण कार्यलाई छुट्टै अपराधको रुपमा परिभाषित गरी कानूनले दण्डनीय बनाएको अवस्थामा सो कार्य गर्ने व्यक्तिले कानूनमा उल्लिखित आपराधिक दायित्व वहन गर्नुपर्ने।

[६७] ने.का.प.२०६९, अंक १,नि.नं.८७६१।

- ज्यान मार्ने उद्योगको अपराधमा कर्तव्य ज्यानको अपराधको लागि आवश्यक पर्ने आपराधिक कार्य, आपराधिक मनसाय र वैध प्रतिरक्षाको अभावसमेतका सबै तत्त्वहरू विद्यमान हुनुपर्दछ। तर, परिणामका दृष्टिले पीडितको मृत्यु भएको हुन भने नहुने।
- ज्यान मार्ने मनसाय राखेर पीडितमाथि कुनै किसिमको प्रहार वा अन्य कुनै प्रकारको आपराधिक कार्य गर्दछ र उसलाई वैध प्रतिरक्षा उपलब्ध छैन भने त्यस्तो प्रतिवादीले ज्यान मार्ने उद्योगको अपराध गरेको मान्नुपर्ने।

  ▪ ज्यान मर्न नपाएको अवस्था हुनको लागि तेस्रो पक्षको उपस्थिति अनिवार्य भने होइन। तेस्रो पक्षले हस्तक्षेप गरेको हुन पनि सक्दछ र नगरेको पनि हुन सक्दछ। कारण जेसुकै भए पनि ज्यान मर्नबाट बच्नु र कर्तव्य ज्यानको वारदातको लागि आवश्यक सबै तत्त्वहरूको विद्यमानता हुनु नै ज्यान मार्ने उद्योगको वारदात स्थापित हुन पर्याप्त हुने।
- वारदात स्थलमा हातहतियारसहित समूहमा प्रवेश गरेको अवस्थामा निजहरूले मार्ने मनसायले नै पीडितमाथि हतियार प्रहार गरेको भए बाँच्न सक्ने अवस्था देखिन आउँदैन। यसबाट प्रतिवादीहरूमा जाहेरवालालाई मार्नेसम्मको मनसाय (Intention) थियो भन्ने स्थापित हुन नआउने।

## ५.२ नेपाल सरकार वि.ऐजुव खाँ मियाँसमेत[६८]

वस्तुतः उद्योगको कसुरमा आपराधिक कार्य (Actus reus) हुनको लागि “मर्नेसम्मको काम गरेको” हुनुपर्छ तर सो कार्य जे पनि हुन सक्छ, यसको सूची अनन्त बन्न सक्छ। त्यसैले उद्योगको कसुरमा के कार्य गऱ्यो भन्ने भन्दा पनि के कस्तो परिस्थितिमा के कति गम्भीर कार्य गऱ्यो र सो कार्य पूर्ण अपराधको कति नजिक छ भन्ने हेरिनुपर्ने।

## ५.३ नेपाल सरकार वि. गणेश राई[६९]

ज्यान मार्ने उद्योगको कसुर कायम हुनका लागि मार्ने नियतले प्रहार गरेको र उक्त प्रहारबाट मर्नेसम्मको कार्य भएको देखिने हुनुपर्दछ। यस आधारमा हेर्दा ज्यान मार्ने उद्योग मुद्दा ज्यान मर्नुअगाडिको अपूर्ण अपराधको सम्बन्धमा आकर्षित हुने। उद्योगको कार्य त्यस्तो अवस्था हो जुन कुनै तत्त्व वा वस्तुले बिचमा हस्तक्षेप वा बाधा खडा नगरेको भए त्यहाँ पूर्ण अपराध हुने निश्चित थियो। उद्योग अपराधको त्यस्तो चरण हो जहाँ मनसाय, सोअनुसारको तयारी र अपराधको लागि साधन र स्रोतको परिचालन गरिएको अवस्थामा समेत सोचेअनुसारको काम वा परिणाम निस्किसकेको हुँदैन।

[६८] ने.का.प. २०७४,अंक ६, नि.नं. ९८३०।
[६९] ने.का.प. २०७४,अंक १२, नि.नं. ९९०६।

उद्देश्यमूलक ढंगबाट गरिएको आपराधिक कार्यको निश्चित श्रृंखला जसमा अवरोधको अवस्थाको कारण ज्यान मर्न नपाएको अवस्था नै आपराधिक उद्योगको रुपमा रहने।

## ५.४ नेपाल सरकार वि. शैलेश कोइराला[७०]

ज्यान मार्ने उद्योगको वारदात व्यक्तिहरूको समूहबाट आक्रमण भएको अवस्थामा चोट छाड्ने लगायत सो कार्यमा प्रत्यक्ष रूपमा सघाउ पुऱ्याउने हिसाबले सहयोग गर्ने वा चोट छाड्ने क्रियामा संलग्न हुनेलाई पनि मुख्य कसुरदार सरह एउटै श्रेणीमा राखेको हुँदा ज्यान मार्ने उद्योगको वारदातको जुनसुकै अवस्थाको जुनसुकै प्रकृतिको क्रियामा संलग्न हुनेलाई पनि मुख्य कसुरदारसँग छुट्याएर हेर्न मिल्ने अवस्था देखिँदैन। मुख्य अभियुक्तको कार्य ज्यान मार्ने उद्योगको कसुरको दायराभित्र परेपछि सो सरहका कार्यमा प्रत्यक्ष, क्रियात्मक एवं सहभागितात्मक रूपमा अन्य अभियुक्तहरू पनि संलग्न रहेको प्रमाणबाट पुष्टि हुन गएमा तिनीहरू पनि सोही प्रमाणको आधारमा सोही कसुरको दायराभित्र नै पर्न आउने।

## ५.५ नेपाल सरकार वि. शंकर वि.क.[७१]

मुख्यतः अपराधका चारवटा चरणहरू हुन्छन्। पहिलो हो अपराध गर्ने मनसाय चरणः यस चरणमा कसैले कुनै अपराध गर्ने बारेमा सोच्दछ वा मनसायको उत्पत्ति गर्दछ। दोस्रो हो तयारी चरणः यसमा मनले सोचेको कुरालाई कार्य रूप दिनका लागि आवश्यक पूर्वाधारहरू तयार वा वातावरण निर्माण गरिन्छ। तेस्रो हो उद्योग चरणः यसमा अपराधको तयारीपश्चात् तयारीकर्ताले मनसायपूर्वक अपराध घटाउन वास्तविक कार्यमा उत्रन्छ तर केही अवरोधका कारणबाट अपराध पूरा हुन नपाई खालि पूर्ण अपराधको प्रयत्न मात्र हुन्छ। चौथो तथा अन्तिममाः यसरी अवरोध नआएको भए पूर्ण रूपमा आपराधिक कार्य सम्पन्न हुन्छ। यसबाट अभियुक्तलाई लगाइएको कसुरप्रति निजको अन्तिम प्रयास असफल भएको अवस्था नै आपराधिक उद्योग हो भन्ने स्पष्ट हुन्छ। यदि उद्योग सफल भएको भए उसको इच्छित अपराध पूरा हुने थियो भन्ने अवस्था नै अपराधको उद्योग हो। यसरी अपराधको उद्योग भन्नाले अपराध गर्नको लागि आपराधिक मनसायसहित आपराधिक कार्य प्रक्रिया सुरू गरिरिसकेको तर कुनै कारणवश इच्छित परिणाम प्राप्त गर्न नसकेको अवस्था हुने।

---

[७०] ने.का.प. २०७५,अंक २, नि.नं. ९९६१।

[७१] ने.का.प. २०७५, अंक ८, नि.नं. १००७०।

## ५.६ नेपाल सरकार वि.सञ्जु श्रेष्ठसमेत[७२]

प्रतिवादीले ज्यान मार्ने मनसाय राखेर पीडितमाथि कुनै किसिमको प्रहार गर्दछ र उसलाई वैध प्रतिरक्षा उपलब्ध छैन भने त्यस्तो प्रतिवादीले ज्यान मार्ने उद्योगको अपराध गरेको मान्नुपर्ने हुन्छ। ज्यान मर्न नपाएको अवस्था हुनको लागि तेस्रो पक्षको उपस्थिति अनिवार्य भने होइन। तेस्रो पक्षले हस्तक्षेप गरेको पनि हुन सक्दछ वा नगरेको पनि हुन सक्दछ। कारण जेसुकै भए पनि ज्यान मर्नबाट बच्नु र कर्तव्य ज्यानको वारदातको लागि आवश्यक सबै तत्त्वहरूको विद्यमानता हुन नै ज्यान मार्ने उद्योगको वारदात स्थापित हुन पर्याप्त हुने।

## ५.७ नेपाल सरकार वि.अजय कामत [७३]

उद्योगमा पनि त्यही आपराधिक मनसाय रहनुपर्छ, जुन कर्तव्य ज्यानको कसुरको लागि आवश्यक हुन्छ। यहाँ निन्दित मनसाय, निर्ममता, दयाहिनता त्यही श्रेणीको हुनुपर्छ जुन कर्तव्य ज्यानमा हुन्छ। उद्योग ठहर्नको लागि केवल तयारी मात्र नभई अभियुक्तले वारदात घटाउने मनसायका साथ सोतर्फ गम्भीर प्रयास गरेको सो कार्य खतरनाक रुपले पूर्ण अपराधको नजिक (Dangerous proximity to the end) हुनुपर्ने।

## ५.८ जीवन वि.क. वि. नेपाल सरकार [७४]

योजनाबद्ध रुपमा पूर्वतयारीका साथ मनसायप्रेरित आपराधिक कार्यको प्रकृतिअनुसार तत्काल प्रभावकारी उपचार उपलब्ध नभएको भए पीडितको ज्यान जान सक्ने अवस्था सिर्जना हुन्छ भने त्यहाँ ज्यान मार्ने उद्योग कसुर कायम गर्न तेस्रो बाहिरी अप्रत्यासित हस्तक्षेपको कारणले ज्यान मर्न नपाएको भनी दाबी लिने अवस्था नदेखिने।

[७२] ने.का.प.२०७६,अंक, ८, नि.नं.१०३३६।
[७३] ने.का.प. २०७६, अंक १२, नि.नं. १०४११।
[७४] ने.का.प. २०७८, अंक ८, नि.नं. १०७३९।

# परिच्छेद-छ

## ६. ज्यान मार्ने उद्योगसम्बन्धी संकलित तथ्याङ्कको विश्लेषण र व्याख्या

श्री काठमाडौं, झापा, मोहत्तरी, बाग्लुङ्ग, रुपन्देही, सुर्खेत र डडेल्धुरा जिल्ला अदालतहरुबाट आर्थिक वर्ष २०७८/०७९ मा फैसला भएका संकलित १३८ वटा ज्यान मार्ने उद्योगसँग सम्बन्धित फैसलाहरुमध्ये ५१ प्रतिशत अर्थात ७० वटा फैसलाहरुलाई देहायका स्तम्भ चित्रहरु र तालिकाहरुमा उल्लेख गरेअनुसार विश्लेषण र व्याख्या गरिएको छ।

### ६.१ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७,६८ र ६९ बमोजिम मुद्दाको पुर्पक्ष लागि भएको थुनछेक आदेशको अवस्था।

**स्तम्भ चित्र नं. १**




स्तम्भ चित्र नं. १ मा उल्लिखित तथ्याङ्कअनुसार ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दाको थुनछेक आदेश हुँदा जम्मा ७० वटा मुद्दाहरुमध्ये ४२ वटा (६० प्रतिशत) मुद्दामा प्रतिवादीलाई अभियोग दावीको कसुरमा संलग्नता नरहेको भनी विश्वास गर्न सकिने अवस्था नदेखिएकोले पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने देखिँदा फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ८० बमोजिम थुनुवा पूर्जी दिई कारागर पठाइदिनु भन्ने थुनछेक आदेश गरेको पाइयो। २७ वटा (३७.५ प्रतिशत) मुद्दामा प्रतिवादीलाई कसुरदार होइनन् भनी मान्न सकिने मनासिब आधार नदेखिएकोले पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम

नगद वा सो बराबरको जेथा जमानत दिए तारेखमा राख्नु सो माग भएको धरौट दाखिला गर्न नसके मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८० बमोजिम थुनुवा पुर्जी दिई कारागर पठाइदिनु भन्ने थुनछेक आदेश गरेको पाइयो। त्यसैगरी १ वटा (१.४२ प्रतिशत) मुद्दामा मात्र प्रतिवादीलाई थुनामा राखी मुद्दा पुर्पक्ष गर्नुपर्ने बिद्यमानता नदेखिँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाल प्रतिवादीलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६९ बमोजिम साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने थुनछेक आदेश गरिएको पाइयो।

## ६.२ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम प्रतिबादीबाट माग गरिएको धरौट वा जमानत वा बैङ्क जमानतको अवस्था।

**स्तम्भ चित्र नं. २**




स्तम्भ चित्र नं. २ मा उल्लिखित तथ्याङ्कअनुसार ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दामा प्रतिवादीलाई मुद्दा पुर्पक्षको लागि थुनामा राख्नुपर्ने अवस्थाको विद्यमानता नदेखिएकोले पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाल मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम प्रतिबादीबाट नगद वा सो बराबरको जमानत माग गरिएको ४२ वटा मुद्दाहरुमध्ये १९ वटा (४५.२३ प्रतिशत) मुद्दामा पचास हजार रुपियाँसम्म धरौट माग गरेको पाइयो। १८ वटा (४२.८५ प्रतिशत) मुद्दामा प्रतिवादीलाई पचास हजार रुपियाँदेखि एक लाख रुपियाँसम्म धरौट वा जमानत माग गरेको पाइयो। ४ वटा (९.५२ प्रतिशत) मुद्दामा प्रतिवादीलाई एक लाखभन्दा बढी दुई लाख रुपियाँसम्म धरौट वा जमानत माग गरी थुनछेक आदेश गरेको पाइयो। त्यसैगरी १ वटा (२.३८ प्रतिशत) मुद्दामा प्रतिवादीलाई दुई लाख रुपियाँभन्दा बढी धरौट वा जमानत माग गरेको पाइयो।

**६.३ मुलुकी अपराध संहिता,२०७४ को दफा १८३(१) विपरीतको कसुरमा प्रतिवादीलाई सोही संहिताको दफा १८३(२) बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दावीबमोजिम कसुर ठहर वा कसुरबाट सफाइको अवस्था।**

**स्तम्भ चित्र नं. ३**




स्तम्भ चित्र नं. ३ मा उल्लिखित तथ्याङ्कअनुसार ज्यान मार्ने उद्योगसम्बन्धी ७० वटा मुद्दाहरुमध्ये ४९ वटा (७० प्रतिशत) मुद्दामा अभियोग दावीबमोजिम प्रतिवादीलाई मुलुकी अपराध संहिता,२०७४ को दफा १८३(१) बमोजिमको कसुरमा सोही मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(२) बमोजिम सजाय हुने अवस्था नदेखिएकोले अभियोग दावीबाट सफाइ पाउने ठहर गरी फैसला भएको पाइयो। त्यसैगरी २१ वटा (३० प्रतिशत) मुद्दामा प्रतिवादीले अभियोग दावीबमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा १८३(१) विपरीतको कसुर अपराध गरेको ठहर गरिएको फैसला भएको पाइयो।

**६.४ मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ६७ बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश भएको मुद्दामा अभियोग दावीअनुसार कसुरमा ठहर र सफाइ भएको अवस्था।**

**स्तम्भ चित्र नं. ४**



स्तम्भ चित्र नं. ४ मा उल्लिखित तथ्याङ्कअनुसार ज्यान मार्ने उद्योग मुद्दामा तत्काल प्राप्त प्रमाणबाट प्रतिवादीलाई मुद्दाको पुर्पक्षको लागि थुनामा राखुपर्ने हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ६७ बमोजिम थुनामा राख्ने आदेशअनुसार थुनामा रहेको २७ वटा मुद्दाहरुमध्ये १८ वटा (६६.६६ प्रतिशत) मुद्दामा फैसला हुँदा अदालतबाट अभियोग मागदावीबमोजिम कसुर ठहर भएको पाइयो। त्यसैगरी १९ वटा (३३.३३ प्रतिशत) मुद्दामा फैसला हुँदा अदालतबाट प्रतिवादीले अभियोग मागदावीबमोजिम कसुरबाट सफाइ ठहर भएको पाइयो।

**६.५ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम धरौट वा जमानत वा बैङ्क जमानतमा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश भएको मुद्दामा अभियोग दावीअनुसार कसुर ठहर र कसुरबाट सफाइ भएको अवस्था।**

**स्तम्भ चित्र नं. ५**




स्तम्भ चित्र नं. ५ मा उल्लिखित तथ्याङ्कअनुसार ज्यान मार्ने उद्योग मुद्दामा प्रतिवादीलाई मुद्दा पुर्पक्षको लागि थुनामा राखुपर्ने अवस्थाको विद्यमानता नदेखिएकोले पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाल मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम प्रतिवादीबाट धरौट वा जमानत वा बैङ्क जमानत माग गरी थुनछेक आदेश भएका ४२ वटा मुद्दाहरुमध्ये ३९ वटा (९२.८५ प्रतिशत) मुद्दामा फैसला हुँदा प्रतिवादीले अभियोग मागदावीबमोजिम कसुरबाट सफाइ ठहर भएको पाइयो। त्यसैगरी ३ वटा (७.१४ प्रतिशत) मुद्दामा फैसला हुँदा अभियोग मागदावीअनुसार कसुर ठहर भएको पाइयो।

**६.६ मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ६९ बमोजिम तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश भएको मुद्दामा अभियोग दावीअनुसार कसुर ठहर र कसुरबाट सफाइ ठहर भएको अवस्था।**

**स्तम्भ चित्र नं. ६**




स्तम्भ चित्र नं. ६ मा उल्लिखित तथ्याङ्कअनुसार ज्यान मार्ने उद्योग मुद्दामा प्रतिवादीलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने विद्यमानता नदेखिँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने हुँदा हाल प्रतिवादीलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६९ बमोजिम तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने थुनछेक आदेश भएको १ वटा मुद्दामा १ वटा नै (१०० प्रतिशत) मुद्दामा फैसला हुँदा अभियोग मागदावीअनुसारको कसुरबाट सफाइ ठहर भएको पइयो।

**६.७ मुलुकी अपराध संहिता,२०७४ को दफा १८३(१) बमोजिमको कसुरमा सोही संहिताको दफा १८३(२) बमोजिम सजाय गरी सोही संहिताको दफा १८६ बमोजिम उपचार खर्च दिलाई पाँउ भन्ने अभियोग मागदाबीबमोजिम कसुर ठहर, कसुरबाट सफाइ भएको मुद्दामा ज्यान मार्ने उद्योग कुटपिट र रिसको आवेशबाट कुटपिटमा परिणत भएको र कसुरबाट सफाइ भएको अवस्था।**

**स्तम्भ चित्र नं.७**



स्तम्भ चित्र नं. ७ मा उल्लिखित तथ्याङ्कअनुसार मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) बमोजिमको कसुरमा सोही संहिताको दफा १८३(२) बमोजिम सजाय गरी सोही संहिताको दफा १८६ बमोजिम उपचार खर्च दिलाई पाँउ भन्ने बेहोराको अभियोग मागदाबीअनुसार ७० वटा ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दामा फैसला हुँदा ४३ वटा (६१.४२ प्रतिशत) मुद्दामा ज्यान मार्ने उद्योगको वारदात नभई साधारण कुटपिटसम्म हुँदा पीडित पक्षले मुद्दा सकार गरेमा यसै मिसिलबाट कारवाही किनारा गर्ने गरी प्रस्तुत वारदात मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२(१) बमोजिम साधारण कुटपिटमा परिणत हुने ठहर गरी फैसला भएको पाइयो। २१ वटा (३० प्रतिशत) मुद्दामा मुलुकी अपराध संहिता,२०७४ को दफा १८३(१) अनुसारको ज्यान मार्ने उद्योगको कसुर गरेको ठहर भई फैसला भएको पाइयो। ४ वटा (५.७१ प्रतिशत) मुद्दामा प्रतिवादीको विरुद्ध अभियोग दावी स्थापित हुन नआएकोले कसुरबाट सफाइ पाउने ठहर भई फैसला भएको पाइयो। त्यसैगरी २ वटा (२.८५ प्रतिशत) मुद्दामा तत्कालको गम्भीर उत्तजेना र रिसको आवेगमा आई प्रतिवादीले चोट प्रहार गरेको कारण जाहेरवालालाई अंगभंग बाहेकको अन्य किसिमले चोट पुऱ्याएको घटना वारदात स्थापित भएको हुँदा प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा १९४(१) बमोजिमको कसुर गरेको ठहर्छ भन्ने फैसला भएको पाइयो।

## ६.८ मुलुकी अपराध संहिता,२०७४ को दफा १८६(१) विपरीतको कसुर गरेको ठहर भई प्रतिवादीलाई कैद ठहर भएको अवस्था।

**स्तम्भ चित्र नं. ८**




स्तम्भ चित्र नं. ८ मा उल्लिखित तथ्याङ्कअनुसार ज्यान मार्ने उद्योग मुद्दामा मुलुकी अपराध संहिता,२०७४ को दफा १८३(१) बिपरीत कसुर अपराधमा सोही संहिताको दफा १८३(२) बमोजिम

सजाय गरिपाउँ भन्ने अभियोग मागदाबीअनुसार कसुर ठहर हुने फैसला भएका २१ वटा मुद्दाहरुमध्ये ७ वटा (३३.३३ प्रतिशत) मुद्दामा मुलुकी अपराध संहिता २०७४ को दफा १८३(२) बमोजिम २ वर्षभन्दा बढी ४ वर्षसम्म, ६ वटा (२१.५७ प्रतिशत) मुद्दामा १ वर्षभन्दा बढी २ वर्षसम्म, ३ वटा (१४.२८ प्रतिशत) मुद्दामा ६ महिनाभन्दा बढी १ वर्षसम्म, २ वटा (९.५२ प्रतिशत) मुद्दामा ४ वर्षभन्दा बढी ६ वर्षसम्म, २ वटा (९.५२ प्रतिशत) मुद्दामा ६ महिनासम्म,१ वटा (४.७६ प्रतिशत) मुद्दामा ८ वर्षभन्दा बढी १० वर्षसम्म कैद सजाय गरी फैसला भएको पाइयो भने ६ वर्षभन्दा बढी ८ वर्षसम्म कैद सजाय भएको पाइएन।

## ६.९ मुलुकी अपराध संहिता, २०७६ को दफा १८६(१) विपरीतको कसुर अपराध गरेको ठहर भई जरिबाना ठहर भएको अवस्था।

**स्तम्भ चित्र नं. ९**




स्तम्भ चित्र नं. ९ मा उल्लिखित तथ्याङ्कअनुसार मुलुकी अपराध संहिता,२०७६ को दफा १८६(१) विपरीतको कसुर अपराध गरेको ठहरी जरिबाना ठहर भएको २१ वटा मुद्दाहरुमध्ये १२ वटा (५७.१४ प्रतिशत) मुद्दामा पच्चिस हजार रुपियाँसम्म,६ वटा (२८.५७ प्रतिशत) मुद्दामा पच्चिस हजारभन्दा बढी पचास हजार रुपियाँसम्म, १ वटा (४.७६प्रतिशत) मुद्दामा पचास हजारभन्दा बढी एक लाख रुपियाँसम्म जरिबाना गरिएको पाइयो भने २ वटा (९.५२ प्रतिशत) मुद्दामा जरिबाना नगरिएको पाइयो।

## ६.१० मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४१ बमोजिम क्षतिपूर्ति भराइ दिएको अवस्था।

**स्तम्भ चित्र नं. १०**




स्तम्भ चित्र नं. १० मा उल्लिखित तथ्याङ्कअनुसार मुलुकी अपराध संहिता, २०७६ को दफा १८६(१) विपरीतको कसुर अपराध गरेको ठहर भएको २१ वटा मुद्दाहरुमध्ये ७ वटा (३३.३३ प्रतिशत) मुद्दामा पचास हजार रुपियाँसम्म, ६वटा (२८.५७ प्रतिशत) मुद्दामा पचास हजारभन्दा बढी एक लाख रुपियाँसम्म, २ वटा (९.५२ प्रतिशत) मुद्दामा तीन लाख रुपियाँभन्दा बढी चार लाख रुपियाँसम्म, १ वटा (४.७६ प्रतिशत) मुद्दामा चार लाखभन्दा बढी ५ लाख रुपियाँसम्म मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४१ बमोजिम पीडितलाई क्षतिपूर्ति भराइ दिएको पाइयो। ५ वटा (२३.८० प्रतिशत) मुद्दामा क्षतिपूर्ति भराइएको पाइएन। त्यसैगरी एक लाखभन्दा बढी दुई लाख रुपियाँसम्म र दुई लाखभन्दा बढी तीन लाख रुपियाँसम्मको क्षतिपूर्ति भराइएको पाइएन।

### ६.११ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम धरौट वा जमानत वा बैङ्क जमानतमा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश भएकोमा सो बमोजिम प्रतिवादीले नगद धरौट दाखिला गर्न नसकेको अवस्था।

**स्तम्भ चित्र नं.११**



स्तम्भ चित्र नं. ११ मा उल्लिखित तथ्याङ्कअनुसार मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम धरौट वा जमानत वा बैङ्क जमानतमा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश भएको ४२ वटा मुद्दाहरुमध्ये ३९ (९२.८५ प्रतिशत) मुद्दामा प्रतिवादीले नगद धरौट दाखिला गरी तारेखमा रहेको पाइयो भने ३ वटा (७.१४ प्रतिशत) मुद्दामा प्रतिवादीले क्रमशः तीन लाख, एक लाख पचास हजार र पचास हजार रुपियाँ नगद वा सो बराबरको जेथा जमानत वा बैङ्क जमानत दिन नसकी फैसला हुँदासम्म थुनामा नै बसेको पाइयो।

**६.१२ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम धरौट वा जमानत वा बैङ्क जमानतमा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश भएकोमा सो बमोजिम नगद धरौट दाखिला गर्न नसकेको नगद धरौट र सो मुद्दामा कसुर ठहर वा कसुरबाट सफाइ भएको अवस्था।**

**स्तम्भ चित्र नं. १२**




**तालिका नं. १**

| क्र. सं. | माग गरिएको नगद धरौट | कसुर ठहर/ सफाइ |
|---|---|---|
| १. | रु.५०,०००।-(पचास हजार रुपियाँ) | सफाइ |
| २. | रु.१,५०,००० ।-(एक लाख रुपियाँ) | सफाइ |
| ३. | रु.३,०००००।-(तीन लाख रुपियाँ) | ठहर |

उल्लिखित स्तम्भ चित्र नं.१२ र तालिका नं. १ मा प्रस्तुत गरिएको तथ्याङ्कअनुसार मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम धरौट वा जमानत वा बैङ्क जमानतमा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश भएकोमा सो बमोजिम नगद धरौट दाखिला गर्न नसकेको ३ वटा मुद्दाहरुमध्ये क्रमशः पचास हजार रुपियाँ र एक लाख पचास हजार रुपियाँ नगद धरौट माग भएको २ वटा (६६.६६ प्रतिशत) मुद्दामा सफाइ ठहर र रु. तीन लाख रुपियाँ नगद धरौट माग भएको १ वटा (३३.३३ प्रतिशत) मुद्दामा कसुर ठहर भएको पाइयो।

**६.१३ जिल्ला अदालतबाट भएको थुनछेक आदेशको उच्च अदालतबाट सदर वा वदरको गरिएको अवस्थालाई देहायअनुसार प्रस्तुत गरिएको छ।**

**क.मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ६७ बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश उपर उच्च अदालतबाट भएको सदर वा बदर आदेशको अवस्था।**

**तालिका नं. २**

| क्र.सं. | थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेशको संख्या | थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश सदर/बदरको संख्या |
|---|---|---|
| १. | २७ | १ |

**तालिका नं. ३**

| क्र.सं. | जिल्ला अदालतबाट भएको थुनछेक आदेश | उच्च अदालतबाट भएको आदेश | सदर/बदर |
|---|---|---|---|
| १. | थुनामा राखी मुद्दाको पुर्पक्ष | रु.१,००,०००|- धरौट माग | बदर |

तालिका नं. २ र ३ मा उल्लिखित तथ्याङ्कअनुसार मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ६७ बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश भएका २७ वटा मुद्दाहरुमध्ये १ वटा मुद्दामा मुद्दाको पुर्पक्षको लागि थुनामा राख्ने गरी भएको आदेश बदर गरी प्रतिबादीबाट रु.१,००,०००|-(अक्षरेपि एक लाख रुपियाँ) धरौट माग गर्ने गरी उच्च अदालतबाट आदेश भएको पाइयो।

**ख. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम धरौट वा जमानत वा बैङ्क जमानतमा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश भएको मुद्दामा उच्च अदालतबाट भएको सदर वा बदर आदेशको अवस्था।**

**तालिका नं. ४**

| क्र.सं. | धरौट वा जमानत माग गरी मुद्दाको पुर्पक्ष गर्ने आदेशको संख्या | आदेश सदर /बदरको संख्या |
|---|---|---|
| १. | ४२ | १ |

**तालिका नं. ५**

| क्र.सं. | धरौट माग गरिएको नगद | उच्च अदालतबाट भएको आदेश |
|---|---|---|
| १. | रु.१,००,०००।- | रु.१०,०००।-धरौट माग गरिएको |

तालिका नं. ४ र ५ मा उल्लिखित तथ्याङ्कअनुसार मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम धरौट वा जमानत वा बैङ्क जमानतमा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश भएको ४२ वटा मुद्दाहरुमध्ये १ वटा मुद्दामा प्रतिवादीको तर्फबाट बेरितको आदेश बदर गरिपाउँ भनी उच्च अदालतमा निवेदन परेकोमा निजको आर्थिक अवस्था, पीडितलाई लागेको चोटको प्रकृतिसमेतलाई दृष्टिगत गर्दा मुद्दाको पुर्पक्षका लागि प्रतिवादीसँग रु. १,००,०००।- बराबरको धरौट माग गर्ने गरी भएको आदेशमा धरौटको अंकसम्म मिलेको नदेखिँदा सो हदसम्म उक्त आदेश परिवर्तन गरी प्रतिवादीबाट रु.१०,०००।- नगद वा जेथा जमानत दिए लिई तारेखमा राख्नु भन्ने उच्च अदालतबाट आदेश भएको पाइयो।

**६.१४ ज्यान मार्ने उद्योग मुद्दा जिल्ला अदालतमा दायर भएको मितिदेखि फैसला हुँदासम्म लागेको समयावधिको अवस्था।**

**स्तम्भ चित्र नं. १३**



स्भम्भ चित्र नं. १२ मा उल्लिखित तथ्याङ्कअनुसार ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दाको फैसलामा दायरी मिति र फैसला मिति उल्लेख भएका ४८ वटा मुद्दाहरुमध्ये १७ वटा (३५.४१ प्रतिशत) मुद्दा ६ महिनाभन्दा बढी र १ वर्षसम्मको, १५ वटा (३१.२५ प्रतिशत) मुद्दा १ वर्षभन्दा बढी २ वर्षसम्मको, ११ वटा (२२.९१ प्रतिशत) मुद्दा ३ महिनाभन्दा बढी ६ महिनासम्मको र ५ वटा (१०. ४१ प्रतिशत) मुद्दा २ वर्षभन्दा बढी २ वर्ष ६ महिनासम्मको समयावधिमा फैसला भएको पाइयो।

# परिच्छेद-सात

## ७. अध्ययनको नतिजा, निष्कर्ष र सुझाव

### ७.१ नतिजा

मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ मा ज्यान मार्ने उद्योग गर्न नहुनेसम्बन्धी भएको व्यवस्थाबमोजिम आर्थिक वर्ष २०७८/२०७९ मा सात वटा जिल्ला अदालतहरुबाट फैसला भएका संकलित १३८ वटा फैसलाहरुमध्ये ७० वटा फैसलाहरुलाई अध्ययन तथा अनुसन्धान गरिएको थियो। यसरी संकलन गरिएको १३८ वटा फैसलाहरुमध्ये साधारण दैवी नमुना छनौट (Simple Random Sampling) विधिअनुसार नमुनाको रुपमा छनौट भएका ५१ प्रतिशत अर्थात ७० वटा फैसलाहरुको अध्ययनबाट प्राप्त नतिजालाई निम्नलिखित रुपमा प्रस्तुत गरिएको छ।

**७.१.१** ७० वटा मुद्दाहरुमा भएको थुनछेक आदेशको क्रममा ४२ प्रतिशत मुद्दामा प्रतिवादीबाट धरौट वा जमानत मागी, २७ प्रतिशत मुद्दामा प्रतिवादीलाई थुनामा नै राखी र १.४२ प्रतिशत मुद्दामा मात्र प्रतिवादीलाई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश भएको।

**७.१.२** ४२ वटा मुद्दाहरुमा भएको थुनछेक आदेशको क्रममा ४५.२३ प्रतिशत मुद्दामा पचास हजार रुपियाँसम्म, ४२.८५ प्रतिशत मुद्दामा पचास हजारभन्दा बढी एक लाख रुपियाँसम्म, ९.५२ प्रतिशत मुद्दामा एक लाखभन्दा बढी दुई लाख रुपियाँसम्म र २.३८ प्रतिशत मुद्दामा मात्र दुई लाखभन्दा बढी तीन लाख रुपियाँसम्म नगद धरौट माग गरेको।

**७.१.३** ७० वटा मुद्दाहरुको फैसलाको क्रममा ७० प्रतिशत मुद्दामा अभियोग मागदावी स्थापित हुन नसकी प्रतिवादीलाई कसुरबाट सफाइ र ३० प्रतिशत मुद्दामा मात्र अभियोग मागदावीबमोजिम प्रतिवादीलाई कसुर ठहर भएको।

**७.१.४** थुनामा राखी मुद्दाको पुर्पक्ष गरिएका २७ वटा मुद्दाहरुमध्ये ६६.६६ प्रतिशत मुद्दामा फैसला हुँदा प्रतिवादीलाई अभियोग मागदावीबमोजिम कसुर ठहर र ३३.३३ प्रतिशत मुद्दामा अभियोग मागदावी स्थापित हुन नसकी प्रतिवादीलाई कसुरवाट सफाइ ठहर भएको।

**७.१.५** धरौट वा जमानत वा बैङ्क जमानत राखी मुद्दाको पुर्पक्ष गरिएका ४२ वटा मुद्दाहरुमध्ये प्रतिवादीलाई अभियोग मागदावीबमोजिम ९२.८५ प्रतिशत मुद्दामा कसुरबाट सफाइ ठहर र ७.१४ प्रतिशत मुद्दामा कसुर ठहर भएको।

**७.१.६** तारिखमा राखी मुद्दाको पुर्पक्ष गरिएको १ वटा मुद्दामा प्रतिवादीलाई अभियोग मागदाबी बमोजिम कसुरबाट सफाइ ठहर भएको।

**७.१.७** फैसला भएका ७० वटा मुद्दाहरुमध्ये ६१.४२ प्रतिशत मुद्दा कुटपिटमा परिणत, ३० प्रतिशत मुद्दामा कसुर ठहर, ५.७१ प्रतिशत मुद्दामा कसुरबाट सफाइ ठहर र २.८५ प्रतिशत मुद्दामा रिसको आवेशमा कुटपिटमा परिणत भएको।

**७.१.८** कसुर ठहर भएका २१ वटा मुद्दाहरुमध्ये ३३.३३ प्रतिशत मुद्दामा २ वर्षभन्दा बढी ४ वर्षसम्म, २१.५७ प्रतिशत मुद्दामा १ वर्षभन्दा बढी र २ बर्षसम्म, १४.२८ प्रतिशत मुद्दामा ६ महिनाभन्दा बढी १ वर्षसम्म,९.५२ प्रतिशत मुद्दामा ४ वर्षभन्दा बढी ६ वर्षसम्म, ९.५२ प्रतिशत मुद्दामा ६ महिनासम्म,४.७६ प्रतिशत मुद्दामा ८ वर्षभन्दा बढी १० वर्षसम्म कैद सजाय गरी फैसला भएको र ६ वर्षभन्दा बढी ८ वर्षसम्म कैद सजायको फैसला नभएको।

**७.१.९** कसुर ठहर भएको २१ वटा मुद्दाहरुमध्ये ५७.१४ प्रतिशत मुद्दामा पच्चिस हजार रुपियाँसम्म, २८.५७ प्रतिशत मुद्दामा पच्चिस हजारभन्दा बढी पचास हजार रुपियाँसम्म, ४.७६ प्रतिशत मुद्दामा पचास हजारभन्दा बढी एक लाख रुपियाँसम्म जरिबाना गरिएको र ९.५२ प्रतिशत मुद्दामा जरिबाना नगरिएको।

**७.१.१०** कसुर ठहर भएको २१ वटा मुद्दाहरुमध्ये ३३.३३ प्रतिशत मुद्दामा पचास हजार रुपियाँसम्म, २८.५७ प्रतिशत मुद्दामा पचास हजारभन्दा बढी एक लाख रुपियाँसम्म , ९.५२ प्रतिशत मुद्दामा तीन लाख रुपियाँभन्दा बढी चार लाख रुपियाँसम्म, ४.७६ प्रतिशत मुद्दामा चार लाखभन्दा बढी ५ लाख रुपियाँसम्म पीडितलाई क्षतिपूर्ति भराइदिएको र २३.८० प्रतिशत मुद्दामा क्षतिपूर्ति नभराइएको। त्यसैगरी एक लाखभन्दा बढी दुई लाख रुपियाँसम्म र दुई लाखभन्दा बढी तीन लाख रुपियाँसम्मको क्षतिपूर्ति नभराइएको।

**७.१.११** धरौट वा जमानत वा बैङ्क जमानतमा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश भएको ४२ वटा मुद्दाहरुमध्ये ३९२.८५ प्रतिशत मुद्दामा प्रतिवादीले नगद धरौट दाखिला गरी तारेखमा रहेको। तर ७.१४ प्रतिशत मुद्दामा प्रतिवादीले नगद धरौट दाखिला गर्न नसकी फैसला हुँदासम्म थुनामा नै बसेको।

**७.१.१२** धरौट वा जमानत वा बैङ्क जमानतमा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश भएकोमा सो बमोजिम नगद धरौट दाखिला गर्न नसकेको ३ वटा मुद्दाहरुमध्ये ६६.६६ प्रतिशत मुद्दामा सफाइ ठहर र ३३.३३ प्रतिशत मुद्दामा कसुर ठहर भएको।

**७.१.१३** थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश भएका २७ वटा मुद्दाहरुमध्ये १ वटा मुद्दामा मुद्दाको पुर्पक्षको लागि थुनामा राख्ने गरी भएको आदेश बदर गरी प्रतिबादीबाट रु.१,००,०००|- (अक्षरेपि एक लाख रुपियाँ) धरौट माग गर्ने गरी उच्च अदालतबाट आदेश भएको।

**७.१.१४** बमोजिम धरौट वा जमानत वा बैङ्क जमानतमा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश भएको ४२ वटा मुद्दाहरुमध्ये १ वटा मुद्दामा पुर्पक्षका लागि प्रतिवादीसँग रु. १,००,०००|- बराबरको धरौट माग गर्ने गरी भएको आदेशमा उक्त आदेश परिवर्तन गरी प्रतिवादीबाट रु. १०,०००|- नगद वा जेथा जमानत दिए लिई तारेखमा राख्नु भन्ने उच्च अदालतबाट आदेश भएको।

**७.१.१५** ज्यान मार्ने उद्योगसम्बन्धी फैसलामा मुद्दा दायरी मिति र फैसला मिति उल्लेख भएका ४८ मुद्दाहरुमध्ये ३५.४१ प्रतिशत मुद्दा ६ महिनाभन्दा बढी १ वर्षसम्मको, ३१.२५ प्रतिशत मुद्दा १ वर्षभन्दा बढी २ वर्षसम्मको, २२.९१ प्रतिशत मुद्दा ३ महिनाभन्दा बढी र ६ महिनासम्मको र १०.४१ प्रतिशत मुद्दा २ वर्षभन्दा बढी २ वर्ष ६ महिनासम्मको समयावधिमा फैसला भएको।

## ७.२ निष्कर्ष

नेपालको सन्दर्भमा ज्यान मार्ने उद्योगसम्बन्धी कसुर एउटा परम्परागत कसुर भएको हुँदा यो अपराध नेपाली समाजमा उल्लेखनीय रुपमा घटिरहेको अवस्था छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र र नेपालको संविधानले पनि व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको प्रत्याभूति गरेको छ। यसै सन्दर्भमा मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद-१२ को ज्यानसम्बन्धी कसुर अन्तर्गत दफा १८३ मा ज्यान मार्ने उद्योग गर्न नहुनेसम्बन्धी व्यवस्था गरेको पाइन्छ। यस व्यवस्थाले कसैले कसैको ज्यान मार्ने नियतले सोको उद्योग गर्न हुँदैन भन्ने व्यवस्था गरी ज्यान मार्ने नियतले भएको उद्योगजन्य कार्यलाई समेत प्रतिबन्धित गरेको छ। यस संहिताले ज्यान मार्ने उद्योगलाई एउटा पृथक कसुरको रुपमा व्यवस्था गरेको छ। यो कसुर गर्ने अभियुक्तलाई दश वर्षसम्म कैद र एक लाख रुपियाँसम्म जरिवाना हुने व्यवस्थाले कैदको न्यूनतम हद भने उल्लेख गरेको छैन। मुद्दाको रोहमा सजाय निर्धारण गर्ने क्रममा कतिपय परिस्थितिहरुमा न्यूनतम कैद र जरिवाना गर्नुपर्ने अवस्थालाई न्यायोचित सम्बोधन गर्नको लागि यस व्यवस्थाले अदालतलाई बढी स्वविवेकीय अधिकार प्रदान गरेको देखिन्छ।

ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दाको विवेचना र व्याख्याको सन्दर्भमा सर्वोच्च अदालतबाट महेन्द्रराज बम वि. श्री ५ को सरकार[७५] भएको ज्यान मार्ने उद्योग मुद्दामा "ज्यान मार्ने उद्योग सवै दृष्टिबाट ज्यानसम्बन्धी अपराध नै हुन्छ, सिर्फ ज्यान भने मर्न गएको हुँदैन। अभियुक्तले ज्यान मार्न भनी गरेको कार्य तेश्रो तत्त्वको अप्रत्याशित रुपमा अपर्झट उपस्थिति वा विद्यमान हुन गएको कारणले सम्पन्न हुन नपाएको हुन्छ। प्रतिवादी आफैले मर्नेसम्मको कार्य नगरी छाडी गएको वा पहिलेदेखि नै मार्ने कार्य गर्न नसक्ने अवस्था विद्यमान रहेको स्थिति हुँदैन। तेश्रो तत्त्वको अप्रत्याशित हस्तक्षेपले गर्दा ज्यान मार्ने कार्य गर्नमा अभियुक्तले कुनै कसर नराखे पनि त्यो परिणाम निक्लन पाएको हुँदैन। ज्यान मार्ने उद्योगको अपराधको सम्बन्धमा पनि ज्यान मार्ने अपराध जसे शंकाविहीन तरिकाले प्रमाणित हुन सक्ने प्रमाणिक प्राचुर्यताको अवस्था विद्यमान हुनुपर्ने।" भन्ने व्याख्या गरिएको पाइन्छ। अतः यस प्रतिपादित सिद्धान्तले ज्यान मार्ने उद्योगमा आपराधिक कार्य र आपराधिक मनसायको बाहेक तेस्रो पक्षको हस्तक्षेप अनिवार्य रुपमा हुनै पर्ने सैद्धान्तिक मान्यताले गर्दा ज्यान मार्ने उद्योग सजाय, पीडितलाई पुग्न जाने मानसिक, शारीरिक र आर्थिक र सामाजिक क्षतिको आधारमा यो एउटा गम्भीर कसुर हुँदाहुदै पनि अधिकांश मुद्दाहरु कुटपिटमा परिणत हुने गरिएको पाइयो। यस प्रतिपादित सिद्धान्तपश्चात् सर्वोच्च अदालतले प्रतिपादन गरेको नवीनतम सिद्धान्तहरुले ज्यान मार्ने उद्योग हुनको लागि तेस्रो पक्षको अनिवार्य हस्तक्षेप हुनुपर्ने सैद्धान्तिक मान्यतालाई खण्डन गर्दै तेस्रो पक्षको हस्तक्षेप भए पनि नभए पनि ज्यान मर्नबाट बच्नु र कर्तव्य ज्यानको वारदातको लागि आवश्यक सबै तत्त्वहरुको उपस्थिति भए हुन्छ भन्ने मान्यतालाई स्थापित गरेको पाइन्छ। यसै सेरोफेरोमा जिल्ला अदालतबाट आर्थिक वर्ष २०७८/२०७९ मा फैसला भएका ७० वटा ज्यान मार्ने उद्योगसम्बन्धी फैसलाहरुको अध्ययनबाट प्राप्त नतिजाको आधारमा अध्ययनको निष्कर्षहरुलाई निम्नलिखित रुपमा प्रस्तुत गरिएको छ।

**७.२.१** थुनछेक आदेशको क्रममा अधिकांश प्रतिवादीलाई मुद्दा पुर्पक्षको लागि धरौट वा जमानत माग्नुको साथै उल्लेखनीय रुपमा थुनामा पठाउने गरेको र अति न्यून संख्यामा मात्र तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश गर्ने गरिएको।

**७.२.२** मुद्दा पुर्पक्षको लागि धरौट वा जमानत वा बैङ्क जमानत माग्ने क्रममा अधिकांश प्रतिवादीलाई पचास हजार रुपियाँसम्म, उल्लेखनीय रुपमा पचास हजारभन्दा बढी एक लाखसम्म, न्यून रुपमा एक लाख रुपियाँभन्दा बढी दुई लाख रुपियाँसम्म र अति न्यून रुपमा दुई लाखभन्दा बढी तीन लाख रुपियाँसम्म धरौट वा जमानत माग गर्ने गरिएको।

[७५] ने.का.प. २०५१, अङ्क ४, निर्णय नं. ४८९०।

**७.२.३** अभियोग मागदावीअनुसार कसुर ठहरभन्दा कसुरबाट सफाइ पाउने ठहर भएको मुद्दाको संख्या अत्यधिक भएको।

**७.२.४** थुनामा नै राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश भएको अधिकांश मुद्दामा अभियोग मागदावीबमोजिम कसुर ठहर भए तापनि उल्लेखनीय रुपमा कसुरबाट सफाइ ठहर भएको।

**७.२.५** धरौट वा जमानतमा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश भएको अधिकांश मुद्दामा अभियोग मागदावीबमोजिम कसुरबाट सफाइ र कम संख्यामा मात्र कसुर ठहर भएको।

**७.२.६** तारेखमा राखी मुद्दाको पुर्पक्ष भएको मुद्दामा शतप्रतिशत अभियोग मागदावीबमोजिम कसुरबाट सफाइ ठहर भएको।

**७.२.७** ज्यान मार्ने उद्योग मुद्दा अधिकांश संख्यामा कुटपिटमा परिणत भएको।

**७.२.८** कसुर ठहर भएको अधिकांश मुद्दामा दुई वर्षभन्दा बढी चार वर्षसम्म र न्यून संख्यामा मात्र दश वर्ष कैद सजाय भएको।

**७.२.९** जरिवाना ठहर भएको अधिकांश मुद्दामा पच्चिस हजार रुपियाँसम्म,उल्लेखनीय रुपमा पचास हजार रुपियाँसम्म र न्यून संख्यामा मात्र एक लाख रुपियाँसम्म जरिवाना गरिएको।

**७.२.१०** अत्यधिक संख्यामा पचास हजार रुपियाँसम्म र न्यून संख्यामा पाच लाख रुपियाँसम्म प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति भराएको।

**७.२.११** धेरै संख्यामा प्रतिवादीहरुले नगद धरौट दाखिला गरी मुद्दाको पुर्पक्ष गरेको भए तापनि केही प्रतिवादीहरुले नगद धरौट दाखिला गर्न नसकी फैसला हुँदासम्म थुनामा नै रहेको।

**७.२.१२** मुद्दा पुर्पक्षको क्रममा नगद धरौट दाखिला गर्न असमर्थ रही फैसला हुँदासम्म थुनामा रहेका अधिकांश प्रतिवादीलाई कसुरबाट सफाइ ठहर र नगण्य संख्यामा मात्र कसुर ठहर भएको।

**७.२.१३** थुनमा राखी मुद्दाको पुर्पक्ष गर्न आदेश भएको एउटा मुद्दामा उच्च अदालतबाट धरौट माग भएको।

**७.२.१४** नगद धरौटमा मुद्दाको पुर्पक्ष गर्न आदेश भएको एउटा मुद्दामा उच्च अदालतबाट अत्यधिक मात्रामा धरौट रकम गर्ने आदेश भएको।

**७.२.१५** जिल्ला अदालतबाट अधिकांश मुद्दाहरु मुद्दा दायर भएको ६ महिनाभन्दा बढी १ वर्षको, उल्लेखनीय रुपमा ३ महिनाभन्दा बढी ६ महिनासम्म र १ वर्षभन्दा बढी २ वर्षसम्मको समयावधिमा फैसला भएको। त्यसैगरी न्यून संख्यामा मात्र २ वर्षभन्दा वढी २ वर्ष ६ महिनासम्मको अवधिमा फैसला भएको।

## ७.३ सुझाव

उपर्युक्त रुपमा गरिएको ज्यान मार्ने उद्योगसम्बन्धी फैसलाहरुको विश्लेषण र व्याख्यापश्चात् निकालिएको निष्कर्षहरुको आधारमा निम्नलिखित सुझावहरु प्रस्तुत गरिएको छ।

**७.३.१** जिल्ला अदालतबाट ज्यान मार्ने उद्योगसम्बन्धी भएका फैसलाहरुको अध्ययनबाट पुर्पक्षको लागि थुनामा पठाइएको र धरौट माग गरिएको अधिकांश प्रतिवादीले कसुरबाट सफाइ पाएको र धरौट माग गरिएको केही मुद्दाहरुमा प्रतिवादीले धरौट जमानत दाखिला गर्न नसकेको कारण फैसला हुँदासम्म पनि थुनामा नै बस्नु परेको अवस्था देखिएको हुँदा माननीय जिल्ला न्यायाधीशहरुलाई लक्षित गरी ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दाको थुनछेक आदेशसम्बन्धी अन्तरक्रिया तथा कार्यशाला प्रतिष्ठानबाट सञ्चालन गरिनु पर्दछ।

**७.३.२** जिल्ला अदालतबाट ज्यान मार्ने उद्योगसम्बन्धी भएका फैसलाहरुको अध्ययन विश्लेषण गर्दा फैसलाको निर्णयाधारमा विविधता पाइएकोले सो सम्बन्धमा न्यायिक दृष्टिकोणमा एकरुपता कायम गराउनका लागि राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनु पर्दछ।

**७.३.३** जिल्ला अदालतबाट ज्यान मार्ने उद्योगसम्बन्धी भएका फैसला लेखनहरुमा एकरुपता नदेखिएको हुँदा माननीय जिल्ला न्यायाधीश एवम् इजलास सहायकहरुलाई लक्षित गरी फैसला लेखनसम्बन्धी व्यावहारिक अभ्यासमा आधारित प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्नु उपयुक्त देखिन्छ।

**७.३.४** ज्यान मार्ने उद्योगसम्बन्धी अधिकांश मुद्दाहरुमा प्रतिवादीले कसुरबाट सफाइ पाई कुटपिटमा परिणत भएको अवस्था देखिएको हुनाले ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दाको अभियोजनमा संलग्न हुने अधिकारीलाई ज्यान मार्ने उद्योगसम्बन्धी सैद्धान्तिक अवधारणागत, अन्तर्राष्ट्रिय अभ्यास र राष्ट्रिय कानूनी व्यवस्था, ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दाको अभियोजन तथा अभियोगपत्र लेखनसम्बन्धी राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट प्रशिक्षण सञ्चालन गरिनु पर्दछ।

**७.३.५** ज्यान मार्ने उद्योगसम्बन्धी अधिकांश मुद्दाहरुमा प्रतिवादीले कसुरबाट सफाइ पाई कुटपिटमा परिणत भएको अवस्था देखिएको हुनाले ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दाको अनुसन्धान संलग्न प्रहरी

अधिकारीलाई पनि ज्यान मार्ने उद्योगसम्बन्धी सैद्धान्तिक अवधारणागत, अन्तर्राष्ट्रिय अभ्यास र राष्ट्रिय कानूनी व्यवस्थाको सन्दर्भमा राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट प्रशिक्षण सञ्चालन गरिनु पर्दछ।

**७.३.६** ज्यान मार्ने उद्योगसम्बन्धी कसुरका सम्बन्धमा अबधारणागत बुझाइमा एकरुपता ल्याउन अनुसन्धानमा संलग्न प्रहरी, अभियोजनमा संलग्न सरकारी वकिल, न्याय निरुपणकर्ता न्यायाधीश र प्रतिपक्षी कानून व्यवसायीहरुलाई विज्ञहरुबाट सो सम्बन्धमा प्रशिक्षणका लागि पाठ्यक्रम निर्माण गरी प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गरिनु पर्दछ।

**७.३.७** ज्यान मार्ने उद्योगसम्बन्धी कानूनको दुरुपयोग हुने अवस्था र अरुलाई दुःख दिने नियतले समेत प्रयोग हुने अवस्थाको सम्भावना रहेको देखिँदा सो सम्बन्धमा बैज्ञानिक र प्रभावकारी अनुसन्धान र अभियोजन हुनुपर्दछ।

**७.३.८** ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दाको पुर्पक्षको लागि थुनामा रहने व्यक्तिले समेत सफाइ पाउने देखिएकोले त्यसरी सफाइ पाउने प्रतिवादी (Acquitted Defendant) लाई क्षतिपूर्तिको व्यवस्था गरिनुपर्दछ।

**७.३.९** ज्यान मार्ने उद्योगसम्बन्धमा नेपाल र अन्य मुलुकहरुमा रहेको कानूनी व्यवस्था र अभ्यासमा रहेका अवस्थाको सम्बन्धमा यसभन्दा बृहत प्रकृतिको अध्ययन अनुसन्धान हुनुपर्दछ।

## अनुसूची -१

## नमुनाको रुपमा छनौट भएका ज्यान मार्ने उद्योगसम्बन्धी फैसलाहरुको संक्षिप्त बेहोरा आ.व. २०७८/०७९

### १.विवेक कुमार रावलको जाहेरीले नेपाल सरकार वि. आशिष गुरुङ्ग (मु.नं. ०७५-c१-२१३५)

**अभियोग मागदावी**

जाहेरवाला विवेक बहादुर रावललाई ज्यान मार्ने मनसायले कुटपिट गरी मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ मा परिभाषित दफा १८३ को उपदफा (१) बमोजिमको कसुर अपराध गरेको हुँदा निज प्रतिवादीहरु आशिष गुरुङ्ग, सन्तोष तामाङ्ग भन्ने सुर्य बहादुर तामाङ्ग, लोकेन्द्र खड्का, बुद्ध लामा, रुद्र बैंजु, मदन कुमार लामा, विवेक महर्जन (डङ्गोल), मदन बुढा मगरलाई सोही संहिताको दफा १८३ को उपदफा (२) बमोजिम सजाय गरी निज पीडितलाई पर्न गएको क्षति, उपचार खर्चसमेत निज प्रतिवादीहरुबाटै सोही संहिताको दफा १८६ बमोजिम मनासिब क्षतिपूर्ति दिलाई पाउँ भन्ने समेतको बेहोराको वादी नेपाल सरकारको अभियोग दावी।

**थुनछेक आदेश**

प्रतिवादीहरु आशिष गुरुङ्ग, सूर्य बहादुर तामाङ्ग र लोकेन्द्र खड्कालाई मुद्दा पुर्पक्षको लागि थुनामा राख्ने गरी यस अदालतबाट मिति २०७६/२/१६ मा भएको थुनछेक आदेश।

**उच्चको आदेश**

प्रतिवादीहरु आशिष गुरुङ्ग, सूर्य बहादुर तामाङ्ग र लोकेन्द्र खड्कालाई मुद्दाको पुर्पक्षको लागि थुनामा राख्ने गरी यस अदालतबाट मिति २०७६/२/१६ मा भएको आदेश बदर गरी निज प्रतिवादीहरुबाट जनही रु. १,००,०००। (अक्षरेपि एक लाख रुपियाँ) धरौट माग गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७६/०४/१६ मा भएको आदेश।

**अदालतको ठहर**

पीडित र प्रतिवादीहरुबिच पूर्वीरिसईवी नरही घा जाँच प्रतिवेदनसमेतबाट पीडित मर्नेसम्मको अवस्थाको नभई ज्यान मार्ने उद्योगको अवस्था नहुँदा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा २४ बमोजिम सरोकारवाला पीडितले मुद्दा सकार गरे यसै मुद्दाबाट बाँकी कारवाही किनारा हुने गरी उपस्थित र अनुपस्थित प्रतिवादीहरुका हकमा प्रस्तुत मुद्दा कुटपिटमा परिणत गरिदिएको छ। ज्यान मार्ने उद्योग तर्फ प्रतिवादीहरुले सफाइ पाउने ठहर्छ।

## २. युवराज थापा मगरको जाहेरीले नेपाल सरकार वि. सचित थापा मगर (मु.नं. ०७६-C१-०४०३)

**अभियोग मागदावी**

प्रतिवादी सचित थापा मगरले गरेको उक्त कसुरजन्य कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) बमोजिमको कसुर अपराध भएकोले निज प्रतिवादीलाई सोही संहिताको दफा १८३ को उपदफा (२) बमोजिम सजाय गरिपाउँ भन्ने समेत बेहोराको अभियोग मागदावी।

**थुनछेक आदेश**

मिसिल संलग्न तत्काल प्राप्त प्रमाणहरुबाट यी प्रतिवादी कसुरदार होइनन् भन्न सकिने अवस्था नदेखिएकोले पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल यी प्रतिवादी सचित थापा मगरलाई मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ६७ बमोजिम मुद्दा पुर्पक्षको लागि सम्बन्धित कारागार कार्यालयमा पठाइदिनु भन्ने समेत बेहोराको यस अदालतबाट मिति २०७६/०५/१९ मा भएको थुनछेक आदेश।

**अदालतको ठहर**

निर्णयतर्फ विचार गर्दा, यसमा पीडित उपर गरिएको चोट प्रहारको प्रकृति एवम् पीडितलगायत वादी तर्फका साक्षीहरुको बकपत्रबाट प्रतिवादीले मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) को कसुर गरेको ठहर्छ।

**सजाय निर्धारण**

प्रतिवादीलाई कसुर गर्नको लागि उत्तेजित गरिएको र पीडितलाई चोट पुऱ्याएको कुरामा अदालतमै प्रतिवादी सावित रहेको अवस्था हुँदा न्यूनतम सजाय गर्दा पनि न्यायको मकसद पूरा हुन सक्ने देखिएकोले प्रतिवादी सचित थापा मगरलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ (२) बमोजिम २(दुई) बर्ष कैद र रु. १०,०००/- जरिवाना हुने ठहर्छ। प्रतिवादीबाट पीडितलाई रु.२५,०००/-दफा १८६ बमोजिम भराइदिने ठहर्छ। साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ (३) बमोजिम रु.४००/- प्रतिवादीबाट क्षतिपूर्ति शुल्क कोषमा बुझाउनुपर्ने समेत ठहर्छ।

## ३.शुशिला कुमारी कुंवरको जाहेरीले नेपाल सरकार वि. प्रकाश खनालसमेत (मु.नं. ०७६-C१-०९४५)

**अभियोग मागदावी**

प्रतिवादीहरु प्रकाश खनाल र अखिल भट्टराई मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) बमोजिमको कसुर सोही संहिताको दफा १८३ को उपदफा (२) बमोजिम सजाय गरी

घाइते पीडित कृप बहादुर रावलको उपचारमा लागेको खर्चसमेत सोही संहिताको दफा १८६ बमोजिम निजकै प्रतिवादीहरुबाट पीडित घाइतेलाई दिलाई भराइ पाउँ भन्ने वादी नेपाल सरकारको अभियोग मागदावी।

**थुनछेक आदेश**

पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी यी प्रतिवादी प्रकाश खनालबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम रु. ५०,०००/- (पचास हजार रुपियाँ) धरौट नगदै वा सो बराबरको जेथा जमानत वा बैंक ग्यारेण्टी दिए लिई तारेखमा र दिन नसके मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ८० नं. बमोजिमको थुनुवा पुर्जी दिई नियमानुसारको सिदा खाना पाउने गरी सम्बन्धित कारागार कार्यालय पठाइदिनु भन्ने समेत बेहोराको यस अदालतको मिति २०७६/०८/१२/१५ गतेको आदेशानुसार निज प्रतिवादी प्रकाश खनाल यस अदालतको ध.र.नं. १२५२ मिति २०७६/८/२ मार्फत नगदै धरौट दाखिला गरी रुजु तारेखमा रहेको देखिन्छ।

**अदालतको ठहर**

प्रस्तुत मुद्दामा पीडितको घाउजाँच केस फाराम हेर्दा पीडितको टाउकोमा सामान्य घाउ देखिए तापनि उक्त घाउ कुनै हतियार प्रयोग गरी गराएको एकातर्फ देखिँदैन भने अर्का तर्फ उक्त वारदातमा प्रतिवादी प्रकाश खनाल उपस्थित भएको भए पनि निजले पीडितलाई कुटपिट एवं प्रहार गरेको तथ्य मिसिल संलग्न कुनै पनि प्रमाणबाट देखिन आएको छैन। यस अवस्थामा केवल जाहेरी दरखास्तलाई मात्र आधार मानी ज्यान मार्ने उद्योगमा निज प्रतिवादीलाई सजाय गर्न मनासिब देखिएन। अतः प्रतिवादी अखिल भट्टको हकमा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ९८(१) बमोजिम मुद्दा मुल्तबीमा राखिदिने र प्रतिवादी प्रकाश खनालले आरोपित कसुर गरेको तथ्य मिसिल संलग्न प्रमाणबाट पुष्टि हुनसकेको नदेखिंदा निज प्रतिवादीको हकमा अभियोग दावी पुग्न नसकी निजले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ।

## ४.बिहारी महतोको जाहेरीले नेपाल सरकार वि.ईश्वर श्रेष्ठ (मु.नं. ०७६-C१-१००९)

**अभियोग मागदावी**

प्रतिवादी सूर्य भन्ने ईश्वर श्रेष्ठसमेतको अरुण कुमार महतोको ज्यानै मार्ने नियतले धारिलो हतियार चक्कुले पेट जस्तो संवेदनशील अंगलगायत शरीरका अन्य भागमा समेत पटकपटक प्रहार गरी गम्भीर घाइते बनाई मुलुकी अपराध संहिता,२०७४ को दफा १८३(१) बमोजिमको कसुर गरेकोले ऐजन दफा १८६ बमोजिम पीडित घाइते अरुण कुमार महतोको औषधि उपचारमा लागेको उपचार खर्चबापतको रकम रु.५२,८७७/९४ प्रतिवादीबाट पीडित घाइते करुण कुमार महतोलाई दिलाई

भराइ दिन र यिनै प्रतिवादीसमेत भएको लागु औषधि मुद्दामा हाल निज प्रतिवादी धरौटी राखी छुटेको भन्ने देखिँदा निज प्रतिवादीलाई ऐ. संहिताको दफा ४४ बमोजिम पटके कसुरमा थप सजाय हुन भन्ने समेत बेहोराको मिति २०७६/८/२३ को अभियोगपत्र।

**थुनछेक आदेश**

प्रतिवादी सूर्य भन्ने ईश्वर श्रेष्ठले मौकामा र अदालत समक्ष इन्कारी बयान गरेको भए तापनि निज उपर किटानी जाहेरी परेको, घाइतेले प्रतिवादीलाई चिनी घटनाको बिवरण कागज गरिदिएको, घाइतेको पेटमा धारिलो चुच्चो हतियारले खोपेको गहिरो चोटसहितका बिभिन्न घाउ चोट रहेको भन्ने समेत घा-जाँच केस फाराम, घटना बिवरण कागज गर्ने व्यक्तिले यी प्रतिवादी उपर पोल गरेको र प्रतिवादीसँग हतियारसमेत बरामद भएको भन्ने बरामदी मुचुल्काबाट देखिँदा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई प्रतिवादीलाई मुद्दा पुर्पक्षको लागि थुनामा राख्न कारागर कार्यालय पठाउनु भन्ने समेतको बेहोराको मिति २०७६/८/२४ को थुनछेक आदेश।

**अदालतको ठहर**

वादी पक्षले जाहेरवाला र घाइतेलगायत मौकामा बुझिएका कुनै पनि साक्षीलाई उपस्थित गराइ बकपत्र गराउन नसकेको, घा जाँच केस फारामबाट घाइते अरुण कुमार महतोलाई लागेको चोट सामान्य प्रकारको भई मानिस मर्नेसम्मको नरहेको भन्ने देखिएको र ज्यान मार्ने नियतले छुरा प्रहार गरेको होइन भनी प्रतिवादीले मौकादेखि बयान गरेको देखिँदा प्रतिबादी सूर्य भन्ने ईश्वर श्रेष्ठले मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) बमोजिम ज्यान मार्ने उद्योगको कसुर गरेको भन्ने वादी नेपाल सरकारको अभियोग दावी नपुग्ने ठहर्छ। मिसिल कागजातबाट कुटपिटको वारदात भएको देखि घाइते अरुणकुमार महतोलाई चोट पटक लागेको भन्ने देखिएकोले कुटपिटसम्म कायम हुन सक्ने अवस्था देखिएकोले मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ४२(१) बमोजिम प्रस्तुत मुद्दालाई कुटपिटतर्फ परिणत गरिदिएको छ।

## ५. मिनु बाँनियाको जाहेरीले नेपाल सरकार वि. ध्रुव अर्यालसमेत (मु.नं.०७६-C१-१३८५)

**अभियोग मागदावी**

प्रतिवादीहरु ध्रुव अर्याल र केसव अर्याललाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) बमोजिमको कसुर अपराधमा सोही संहिताको दफा १८३ को उपदफा (२) बमोजिम हुन मागदावी।

**थुनछेक आदेश**

प्रतिवादी ध्रुव अर्याललाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ (१) बमोजिम पुर्पक्षको लागि थुनामा राख्ने सोही संहिताको दफा, ८० बमोजिम थुनुवा पुर्जी दिनु भनी भएको थुनछेक आदेश।

**अदालतको ठहर**

यस अदालत समक्ष सुरु जाहेरी समर्थन गरी गरेको बकपत्र, मौकाको घटनास्थल मुचुल्का, घाउ जाँच केस फाराम र मौकामा बुझिएको प्रहरी कर्मचारी मनोज कुमार राईले यस अदालत समक्ष गरेको बकपत्रसमेतका मिसिल संलग्न प्रमाण कागजातका आधारमा प्रतिवादी ध्रुव अर्याललले मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ बमोजिम कसुर गरेको ठहर्छ।

**सजाय निर्धारण**

प्रस्तुत मुद्दामा प्रतिवादी ध्रुव अर्यालको कसुरमा रहेको संलग्नता र कसुर गर्दाको परिस्थिति एवं पीडितसँगको सम्बन्धसमेतका आधारमा प्रतिवादी ध्रुव अर्याललाई मुलुकी अपराध संहिता,२०७४ को दफा १८३ को उपदफा २ बमोजिम पाँच बर्ष कैद र पचास हजार रुपियाँ जरिवाना हुने ठहर्छ। प्रतिवादी ध्रुव अर्यालबाट पीडित मिनु बानियाँले मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम क्षतिपूर्ति वापत रु. ५०,०००/-(पचास हजार रुपियाँ) भरि पाउने ठहर्छ।

**अभियोग मागदावी**

प्रतिवादी मोहनमान ताम्राकारले बारदात मितिपूर्वदेखि नै पीडित मनिता ताम्राकारलाई शारीरिक एवम् मानसिक यातना दिइराखेको र वारदात मितिमा समेत प्रतिवादीले मादक पदार्थ सेवन गरी कुटपिट गरी ज्यानै मार्ने मनसायले निज मनिता ताम्राकारलाई खुकुरी प्रहार गरेकोमा निज मनिता ताम्राकारले आफ्नो बचाउका निम्ति हातले छेक्न खोज्दा हातमा खुकुरी लाग्न गई नाडीको नशासमेत छिनिन गई रगताम्मे भएको अवस्थामा तत्काल नै छिमेकीको सहयोगमा अपस्ताल पुगी उपचार हुन पाएकाले निज मनिता ताम्राकारको ज्यान जोगिन पुगेको देखिँदा प्रतिवादी मोहनमान ताम्राकारले मुलुकी अपराध संहिताको दफा १८६ को उपदफा (१) बमोजिम ज्यान मार्ने उद्योग गरेको स्थापित हुन आयो। प्रतिवादी मोहनमान ताम्राकारले गरेको उल्लिखित कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) बमोजिम कसुर हुँदा निजलाई सोही संहिताको दफा १८३ को उपदफा (२) बमोजिम सजाय हुन, पीडित मनिता ताम्राकारलाई प्रतिवादीबाट मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम मनासिब क्षतिपूर्तिसमेत भराइ पाउन साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसुरदारबाट पीडित राहतकोषमा क्षतिपूर्ति शुल्क जम्मा गराइ पाउन अभियोग मागदावी।

### ६. मन्जिल ताम्राकारको जाहेरीले नेपाल सरकार वि. मोहनमान ताम्राकार (मु.नं. ०७६-C१-१४७५)

**अभियोग मागदावी**

प्रतिवादी मोहनमान ताम्राकारले बारदात मितिपूर्वदेखि नै पीडित मनिता ताम्राकारलाई शारीरिक एवम् मानसिक यातना दिइराखेको र वारदात मितिमा समेत प्रतिवादीले मादक पदार्थ सेवन गरी कुटपिट गरी ज्यानै मार्ने मनसायले निज मनिता ताम्राकारलाई खुकुरी प्रहार गरेकोमा निज मनिता ताम्राकारले

आफ्नो बचाउका निम्ति हातले छेक्न खोज्दा हातमा खुकुरी लाग्न गई नाडीको नशासमेत छिनिन गई रगताम्मे भएको अवस्थामा तत्काल नै छिमेकीको सहयोगमा अपस्ताल पुगी उपचार हुन पाएकाले निज मनिता ताम्राकारको ज्यान जोगिन पुगेको देखिँदा प्रतिवादी मोहनमान ताम्राकारले मुलुकी अपराध संहिताको दफा १८६ को उपदफा (१) बमोजिम ज्यान मार्ने उद्योग गरेको स्थापित हुन आयो। प्रतिवादी मोहनमान ताम्राकारले गरेको उल्लिखित कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) बमोजिम कसुर हुँदा निजलाई सोही संहिताको दफा १८३ को उपदफा (२) बमोजिम सजाय हुन, पीडित मनिता ताम्राकारलाई प्रतिवादीबाट मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम मनासिब क्षतिपूर्तिसमेत भराइ पाउन साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसुरदारबाट पीडित राहतकोषमा क्षतिपूर्ति शुल्क जम्मा गराइ पाउन अभियोग मागदावी।

**थुनछेक आदेश**

तत्काल प्राप्त प्रमाणहरुबाट यी प्रतिवादी कसुरदार होइनन् भन्न सकिने अवस्था नदेखिएकोले पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल यी प्रतिवादी मोहनमान ताम्राकारलाई मुलुकी फौजदारी कार्यविधि संहिता ,२०७४ को दफा ६७ बमोजिम मुद्दा पुर्पक्षको लागि कानूनबमोजिम सुविधा पाउने गरी थुनामा राख्न थुनुवा पुर्जी दिई कारागार कार्यालय जगन्नाथदेवल, काठमाडौंमा पठाइदिनु।

**अदालतको ठहर**

प्रतिवादी मोहन ताम्राकारले पीडितलाई जोखिमी र धारिलो हतियार खुकुरी प्रहार गरी पीडितको बायाँ हातमा गहिरो घाउँ चोट बनाएको, उक्त घाउँ चोट हुँदा हातको नसा काटिएर उक्त घाउबाट रगत बगिरहेको, समयमा उपचार नपाएको अवस्थामा ज्यान जाने अवस्था देखिन आयो। सो घाउ चोटको गहिराइ, प्रहार र प्रहार गरिएको जोखिमी हतियारसमेतबाट प्रतिवादी मोहनमान ताम्राकारले पीडितलाई ज्यान मार्ने उद्योगको कसुर गरेको ठहर हुन आयो।

**सजाय निर्धारण**

प्रतिवादीले पूर्ण तयारीका साथ मनसायपूर्वक वारदात घटाएको देखिन नआएको र रिसको आवेशमा वारदात घटाएको भए तापनि जोखिमी हतियार खुकुरीको प्रयोग गरेको देखिँदा प्रतिवादी मोहनमान ताम्राकारलाई ३ (तीन) वर्ष कैद सजाय हुने ठहर्छ। यसमा पीडितलाई भराउनुपर्ने क्षतिपूर्तिका सम्बन्धमा पीडित र प्रतिवादी एकासगोलका श्रीमान श्रीमती रहेको, श्रीमानबाट श्रीमतीलाई क्षेतिपूर्ति भराउनुपर्ने सम्पत्ति नै एउटै सम्पत्ति रहे भएको देखिँदा श्रीमतीको उपचारसम्बन्धी खर्च नै सोही सम्पत्तिबाट हुने, हुन सक्ने अवस्था देखिँदा छुट्टै क्षतिपूर्ति भराइ रहनु परेन।

### ७. विवेक बहादुरको जाहेरीले नेपाल सरकार वि. लक्ष्मण राना (मु.नं. ०७६-C१-१६४३)

**अभियोग मागदावी**

प्रतिवादी शुक्र राना भन्ने लक्ष्मण रानासमेतको जाहेरवाला विवेक बहादुर रावललाई ज्यान मार्ने मनसायले कुटपिट गरी मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) बमोजिम कसुर गरेको हुँदा प्रतिवादी शुक्र राना भन्ने लक्ष्मण रानालाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ उपदफा (१) बमोजिमको कसुरमा सोही संहिताको दफा १८३ को उपदफा (२) बमोजिम सजाय गरी मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम प्रतिवादीबाट जाहेरवालालाई मनासिब क्षतिपूर्ति दिलाइ अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसुरदारबाट पीडित राहतकोषमा क्षतिपूर्ति शुल्क जम्मा गराइ पाउँ भन्ने समेत बेहोराको वादी नेपाल सरकारको अभियोग दाबी।

**थुनछेक आदेश**

प्रतिवादीलाई मुद्दा पुर्पक्षको लागि प्रस्तुत मुद्दामा साधारण तारेखमा राख्नु भन्ने यस अदालतको मिति २०७६/२/०७ को थुनछेक आदेश।

**अदालतको ठहर**

पीडित र प्रतिवादीबिच पूर्वीरिसईवी नरही घा जाँच प्रतिवेदनसमेतबाट पीडित मर्नेसम्मको अवस्थाको नभई ज्यान मार्ने उद्योगको अवस्था नहुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२ बमोजिम सरोकारवाला पीडितले मुद्दा सकार गरे यसै मुद्दाबाट बाँकी कारबाही किनारा हुने गरी प्रस्तुत मुद्दा कुटपिटमा परिणत गरिदिएको छ। ज्यान मार्ने उद्योगतर्फ प्रतिवादी शुक्र राना भन्ने लक्ष्मण रानाले सफाइ पाउने ठहर्छ।

### ८. मकरबहादुर तामाङ्गको जाहेरीले नेपाल सरकार वि. लक्ष्मी थापा (मु.नं. ०७६-C१-१६८९)

**अभियोग मागदावी**

प्रतिवादी लक्ष्मी थापालाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) बमोजिम कसुरमा सोही संहिताको दफा १८३ को उपदफा (२) बमोजिम सजाय हुन मागदावी लिई यस अदालतमा दायर हुन आएको अभियोग पत्र।

**थुनछेक आदेश**

पीडित जाहेरवालाको श्रीमती चन्द्रकुमारी तामाङ्गलाई पर्न गएको चोटको अवस्था simple रहेको भन्ने सहिद मेमोरियल अस्पतालको घा जाँच केस फाराम प्रतिवेदन प्रतिवादीका अभिवावकले पीडितका श्रीमानलाई रु.१६,०००/- बुझाएको भन्ने जाहेरवाला मकर बहादुर तामाङ्गको निवेदन र प्रतिवादीको घाइतेसँग कुनै पूर्व रिसिइवी भई मार्ने नियतले खुकुरी प्रहार गरेको देखिन नआएको अवस्थासमेतलाई विचार गरी पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल तत्काल प्राप्त

प्रमाणको आधारमा प्रतिवादी लक्ष्मी थापाबाट मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६८ बमोजिम रु.१०,०००/- अक्षरेपि दश हजार) नगद धरौट वा सो बमोजिमको जेथा जमानी दिए लिई पुर्पक्षको लागि तारेखमा राख्नु नदिए वा दिन नसके कानूनबमोजिम सिदा खान पाउने गरी सम्बन्धित कारागारमा थुनामा राख्न पठाइदिनु भनी भन्ने मिति २०७६/१२/३० मा भएको थुनछेक आदेश।

ज्यान मार्ने उद्योगको अपराध ठहर हुनका लागि प्रतिवादीले पीडितलाई मार्ने मनसाय राखी सोही बमोजिमको कार्य गरेको प्रमाणित हुनुपर्छ र त्यस्तो कार्यको परिणामस्वरुप पीडितको कुनै कारणवश ज्यानसम्म बच्न गएको अवस्था स्पष्ट रुपमा स्थापित हुनुपर्छ। ज्यान मार्ने उद्योगमा मनसाय तत्त्वले ठुलो महत्त्व राख्छ। प्रस्तुत मुद्दामा ज्यानै मार्ने मनसायले पूर्व तयारीका साथ वारदात घट्न पुगेको भन्ने कुरा निर्विवाद रुपमा प्रमाणित हुन नसकेको र वारदातको प्रकृति, घाउ चोटको अवस्थासमेतलाई विचार गर्दा उक्त वारदात ज्यान मार्ने उद्योगअन्तर्गतको रहेछ भन्ने कुरा शङ्कारहित तवरबाट पुष्टि भएको देखिन आएन। यस स्थितिमा केवल जाहेरी दरखास्त र अभियोग दावी मात्रको आधारमा प्रतिवादीहरुलाई कसुरदार कायम गर्नु न्यायोचित देखिन आएन। तसर्थ, प्रतिवादीले पीडितलाई ज्यान मार्ने मनसायले पूर्व तयारीसमेत गरी ज्यान मार्नेसम्मको सम्पूर्ण कार्य गर्दा पनि कुनै कारणवश पीडितको ज्यान मर्न नपाएको अवस्था मिसिल संलग्न प्रमाणबाट नदेखिँदा प्रतिवादी लक्ष्मी थापाले ज्यान मार्ने उद्योगको कसुर गरेको भनी मान्न मिल्ने नदेखिँदा निज प्रतिवादीले अभियोग दावीबाट सफाइ पाउने ठहर्छ भन्ने बेहोराको फैसला।

## ९. रुष्मा राईको जाहेरीले नेपाल सरकार वि. आनन्द बहादुर गुरुङ्ग (मु.नं. ०७६-C१-१८४६)

**अभियोग मागदावी**

प्रतिवादी आनन्द बहादुर गुरुङ्गले गरेको कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) बमोजिमको कसुर अपराधमा निज प्रतिवादीलाई सोही संहिताको दफा १८३ को उपदफा (२) बमोजिम सजाय गरिपाउँ र सोही संहिताको दफा १८६ बमोजिम उषा राईको जिउ, ज्यान तथा सम्पत्तिमा भएको हानि नोक्सानी तथा क्षतिको मनासिव क्षतिपूर्ति निज प्रतिवादीबाट घाइते पीडितलाई दिलाई भराइ पाउँ भन्ने समेत बेहोराको अभियोग मागदावी।

**अदालतको ठहर**

पीडित घाइते व्यक्ति विदेश रोजगारमा रहेको भन्ने अवस्था देखिएबाट निजको बकपत्र हुन सकेको नदेखिए पनि जाहेरवालाले यी प्रतिवादीले मार्ने मनसायले बहिनी पीडित घाइतेलाई चक्कुले प्रहार गरी यत्रतत्र चोट लगाएको हो भनी बकपत्र गरेको तथा संलग्न घा जाँच केस फारामबाट एकपटकको झोकमा त्यति धेरै चोटहरु लाग्न गएको भन्ने प्रतिवादीको बयान स्वाभाविकसमेत नदेखिएबाट जाहेरवालाको बकपत्र र पीडितको घा जाँच केस फाराममा उल्लेख भएको चोटहरु र प्रयोग भएको

धारिलो हतियारको प्रकृतिसमेतका प्रमाणहरुबाट यी प्रतिवादीले अभियोग दावीबमोजिम मुलुकी अपराध संहिता २०७४ को दफा १८३ (१) को कसुर गरेको ठहर्छ भन्ने बेहोराको फैसला।

**थुनछेक आदेश**

पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाल मुद्दा पुर्पक्षको निम्ति मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ को अवस्थाको विद्यमानता देखिँदा प्रतिवादीलाई कानूनबमोजिम सिदा खान पाउने गरी थुनामा राख्न कारागार कार्यालय, काठमाडौंमा पठाइदिनु भन्ने मिति २०७७/०७/२४ को आदेश।

**सजाय निर्धारण**

यी प्रतिवादीले घाइते व्यक्ति उषा राईले आफूले पठाएको रकम बेमनासिव ढंगले खर्च गरेको भन्ने सम्बन्धमा रिस राखी सोही विषयलाई लिइ धारिलो हतियारले धेरै ठाउँमा चोट प्रहार गरेको भन्ने देखिएको, सो चोट पटक गम्भीर भन्ने नदेखिए पनि धारिलो वस्तुले लाग्न गएको भन्ने घा जाँच केस फारामबाट देखिएको तथा वारदातमा पीडित भएकी उषा राई केही दिनको उपचारपश्चात् विदेश गएको भन्ने साक्षीको बकपत्रबाट देखिएको, यी प्रतिवादीको हकमा कसुर गर्दाको परिस्थिति, वारदातको गम्भीरतासमेतका दृष्टिबाट प्रस्तुत कसुरका लागि तोकिएको सजायमध्ये प्रतिवादीको कसुरको गम्भीरता बढाउने मुलुकी अपराध संहिता २०७४ को दफा ३८ मा उल्लेख भएबमोजिमको अवस्थाहरु आकर्षित हुने भनी वादी पक्षबाट सजायपूर्वको प्रतिवेदन तथा अन्य प्रमाण आधारसमेत पेश हुन आएको नदेखिएबाट प्रस्तुत मुद्दा प्रतिवादीलाई न्यूनतम तर्फको सजाय तोक्दा नै न्यायोचित हुने देखियो। तसर्थ यी प्रतिवादीलाई मुलुकी अपराध संहिता २०७४ को दफा १८३ (२) बमोजिम १ (एक) वर्ष कैद र रु.२,०००/- (दुई हजार रुपियाँ) जरिवानाको सजाय हुन्छ। पीडित राहतकोषमा क्षतिपूर्ति शुल्कसमेत जम्मा गराइ लिन पाउने ठहर्छ।

## १०. आश्मा बेलबासेको जाहेरीले नेपाल सरकार वि. सुदिप छन्त्याल (मु.नं. ०७६-C१-१९९६)

**अभियोग दावी**

महानगरीय प्रहरी वृत्त महाराजगञ्ज, काठमाडौंबाट अनुसन्धान कार्य सम्पन्न भई अभियोजनार्थ प्राप्त हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न घटनास्थल मुचुल्का, जाहेरी दरखास्त, प्रतिवादीहरुले गरेको बयान, घाइतेको घाउजाँच केस फाराम, बुझिएका मानिसहरुले गरेको कागजसमेतका प्रमाणहरुबाट मिति २०७७/०३/०४ गते काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. २६ सामाखुसी टाउन प्लानिङस्थित जाहेरवाला आस्था वेलवासे बस्ने घर कम्पाउण्डभित्र प्रतिवादी सुदिप छन्त्यालले जाहेरवालाको छोरा वर्ष १९ को आर्यन वेल्वासेलाई विनाकारण ज्यान मार्ने उद्देश्यले धारिलो हतियार खुकुरीले टाउको र दाहिने हात पाखुरामा पटकपटक प्रहार गरी गम्भीर घाइते बनाएकोमा उद्योगको तथ्य पुष्टि हुन आएकोले प्रतिवादी सुदिप छन्त्याललाई मुलुकी अपराध संहिता, २०७४ को

दफा १८३ (१) बमोजिमको कसुरमा सोही संहिताको दफा १८३ (२) बमोजिम सजाय हुन तथा मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम घाइते आर्यन वेल्वासेलाई हालसम्म उपचारमा लागेको विल भरपाईअनुसारको खर्च घाइते आर्यन वेल्वासेलाई दिलाई भराइ पाउन समेतको मागदाबी लिई दायर भएको अभियोगपत्र।

**थुनछेक आदेश**

प्रतिवादी सुदीप छन्त्याल उपर जाहेरवालाले किटानी जाहेरी दरखास्त दिएको देखिएको, घटना विवरण कागज गर्ने रविन्द्र कुमार साह, विकास कुमार के.सी.ले प्रतिवादी उपर किटानी कागज गरेको देखिएको, घाइते आर्यन वेलवासेले प्रतिवादी उपर किटानी कागज गरेको देखिन्छ। मिसिल संलग्न घाउजाँच केस फाराम हेर्दा घाइते आर्यन बेलवासेको घाउजाँच केस फाराममा Type of weapon sharp Force, Type of Injury Angabhanga (Grievous), Right Temporal region and cut injury over right shoulder and right Arm भन्ने बेहोरा उल्लेख भई मिसिल संलग्न रहेको देखिन्छ। प्रतिवादीले मौकामा तथा अदालतमा भएको बयान, पीडितले मौकामा कागज गर्दा उपचारपश्चात् हाल ठिक भइरहेको भन्ने बेहोराको कागज गरेको, पीडितलाई उपचार खर्च प्रतिवादीका आफन्तले बेहोरेको जाहेरवालाको कागज मिसिल संलग्न रहेको देखिएको, मिसिल संलग्न ग्रिनसिटी हस्पिटलको मिति २०७७।३।१० को पत्रमा उल्लेख भएको पीडितको घाउचोटको अवस्था र सोही पत्रमा पीडितको Condition On Discharge मा Normal No Grievous भन्ने उल्लेख भएको समेतबाट यी प्रतिवादीलाई थुनामा नै राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने अवस्था नदेखिँदा यी प्रतिवादीको हकमा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुनेगरी प्रतिवादी सुदीप छन्त्याललाई धरौटी तारेखमा राख्नु भनी मिति २०७७।०३।२२ मा थुनछेक आदेश भएकोमा प्रतिवादी सुदीप छन्त्यालबाट माग भएको धरौटी रकम जनही रु. २,००,०००/- (दुईलाख रुपियाँ ) यस अदालतको ध.र.नं. २६९८ बाट मिति २०७७।०३।२२ मा दाखिला गरी तारेखमा रहेको।

**अदालतको ठहर**

तथ्यहरुको विवेचनाअनुसार हेर्दा प्रतिवादी र पीडित तथा निजको परिवारबिचमा ज्यान नै मार्नुपर्नेसम्मको पूर्व रिसइवी रही सो कार्य गर्ने गरी पूर्व योजना, तयारीसहित सो कार्य गरेको थियो भन्ने विषयमा मिसिल संलग्न कागजातबाट सो कुरा स्पष्ट खुल्न सकेको देखिँदैन। पीडितको आमा स्वयम्ले बकपत्र गर्दा वा पीडितले बकपत्र गर्दा समेत सो कुरा उजागर भएको, हुन सकेको देखिँदैन। प्रतिवादीले पीडित उपर खुकुरी प्रहार गर्दा अन्य पक्षको सकृय हस्तक्षेपको कारणले घटना रोकिई पीडित बाच्न सफल भई प्रतिवादीको कार्य पूर्ण नभएको भन्ने अवस्था पनि देखिँदैन। प्रतिवादीले पीडितले धेरै हल्ला गरेको, कराएको मात्र कारणबाट टाउको कन्चट तथा पाखुरामा लाग्ने गरी खुकुरी प्रहार गरेको यस स्थितिमा प्रतिवादीले पीडितको ज्यान नै मार्ने मनसायका साथमा खुकुरी प्रहार गरेको भन्ने तथ्य वस्तुनिष्ठ तवरले पुष्टि भएको नदेखिँदा प्रस्तुत घटना वारदातको

अवस्था र प्रकृतिसमेतबाट प्रतिवादी उपरको ज्यान मार्ने उद्योगको हदसम्मको कसुर पुष्टि हुन नसकेकोले अभियोग मागदाबीबाट प्रतिवादी सुदिप छन्त्याललले सफाइ पाउने ठहर्छ भनी काठमाडौं जिल्ला अदालतको मिति २०७८/०९/१८ गतेको फैसला।

## ११. कमल बि.क.को जाहेरीले नेपाल सरकार वि.सन्तोष बानिया (मु.नं.०७७-C१-०१६५)

### अभियोग मागदावी

प्रतिवादी सन्तोष बानियालाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) बमोजिमको कसुरमा सोही संहिताको दफा १८३ को उपदफा(२) बमोजिम सजाय हुन तथा मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम घाइते करण वि.क.को उपचारमा लागेको भनी करण बि.क.ले पेश गरेको निवेदन/बिल भरपाईअनुसारको रकम रु.२४,४२८।- निज प्रतिवादीबाटै पीडितलाई दिलाई भराइ पाउँ साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसुरदारबाट पीडित राहत कोषमा क्षतिपूर्ति शुल्क जम्मा गराइ पाउँ भन्ने समेत बेहोराको अभियोग पत्र।

### थुनछेक आदेश

तत्काल प्राप्त प्रमाणहरुबाट प्रतिवादीलाई अहिल्यै निर्दोष भन्ने एकिन अवस्था नरहेको पीडितको घा जाँच केस फाराममा चोटको किसिम SIMPLE भन्ने उल्लेख भएको र निजको अदालतमा भएको बयानसमेतका अवस्थालाई मध्येनजर गरी हाललाई प्रतिवादीलाई थुनामा नै राख्नुपर्ने अवस्था नदेखिएको हुँदा निज प्रतिवादी सन्तोष बानियालाई मुलुकी अपराध संहिता, २०७४ को दफा ६८ बमोजिम नगद रु.५०,०००।- (पचास हजार रुपियाँ) वा सो बराबरको जमानत वा बैंक ग्यारेन्टी दिए लिई तारिखमा राख्नु दिन नसको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८० बमोजिम थुनुवा पुर्जी दिई नियमानुसार सिदा खान पाउने गरी कारागार कार्यालय जगन्नाथदेवल काठमाडौंमा पठाइदिनु भन्ने समेत बेहोराको थुनछेक आदेश।

### अदालतको ठहर

प्रतिवादी र पीडितविच पूर्व चिनजान रिसईवी रही मार्नुपर्नेसम्मको अवस्था रहे भएको नदेखिनुका साथै प्रतिवादीले पीडितलाई मार्ने मनसाय राखी पूर्व योजना बनाई ज्यान मार्ने नियतले खुकुरी प्रहार गरी सो चोटको कारण पीडित मर्नेसम्मको अवस्थामा पुगेको समेत मिसिलबाट नदेखी श्रीमतीसँगको घर झगडामा पीडितले अचानक हस्तक्षेप गर्दाको तत्कालको रिसले प्रहार गर्दा लागेको सामान्य चोट पटकलाई ज्यान मार्ने उद्योगको कसुर गरेको मान्न सकिएन। अतः नेपाल सरकारको यी प्रतिवादी उपरको ज्यान मार्ने उद्योगको कसुरमा सजाय मागदावीसहितको अभियोग दावी पुग्न सक्दैन। प्रतिवादी सन्तोष बानियाले प्रस्तुत अभियोग दावीबाट सफाइ पाउने ठहर्छ। तर पीडितको घाउ जाँच केस फाराम, घट्ना विवरण कागज तथा बकपत्र, प्रतिवादी स्वयम्को बयान बेहोरासमेतबाट यी

प्रतिवादी उपर मुलुकी अपराध संहिता, २०७४ को दफा १९१(१) र (२)(क) बमोजिमको कसुरमा कारवाही हुन सक्ने देखिँदा यी पीडितलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२ बमोजिम यो फैसलाको सूचना जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौं मार्फत जाहेरवालालाई दिई निजले मुद्दा सकार गर्न आएमा निजलाई वादी पक्ष कायम गरी यसै मिसिलबाट मुद्दाको कारवाही प्रक्रिया अघि बढाउने ठहर्छ भन्ने बेहोराको फैसला।

## १२. गडुल बहादुर तामाङ्गको जाहेरीले नेपाल सरकार वि. विष्णु तिवारी (मु.नं. ०७७-C१-०६३५)

### अभियोग मागदावी

प्रतिवादी विष्णु तिवारीको उक्त कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) बमोजिमको कसुर अपराध भएको हुँदा निज प्रतिवादी विष्णु तिवारीलाई सोही संहिताको दफा १८३ को उपदफा (२) बमोजिम सजाय हुन साथै घाइते राज कुमार तामाङको औषधोपचारमा मात्र हालसम्म रू.६९,५३२/- (उनान्सत्तरी हजार पाँच सय बत्तीस रुपियाँ) खर्च भएको देखिएको र थप उपचार भैरहेको देखिएको हुँदा हालसम्म भएको उक्त औषधोपचार खर्च, पछि आउँदा दिनमा औषधोपचारमा लाग्ने खर्च र अन्य खर्चका कारण सम्पत्ति हुने क्षतिसमेतको क्षतिको मनासिब क्षतिपूर्ति मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम निज प्रतिवादी विष्णु तिवारीबाट पीडित घाइतेलाई दिलाई भराइ पाउ तथा अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसुरदारबाट पीडित राहत कोषमा क्षतिपूर्ति शुल्क जम्मा गराइ पाउ भन्ने समेत बेहोराको अभियोगपत्र।

### थुनछेक आदेश

यी प्रतिवादी उपरको किटानी जाहेरी दरखास्त, खानतलासी तथा बरामदी खानतलासी मुचुल्का, घाइते राजकुमार तामाङले गरिदिएको कागज, प्रतिवादी स्वयम्को यस अदालतमा र मौकामा अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयान बेहोरासमेतका तत्काल प्राप्त मिसिल संलग्न कागजहरुबाट यी प्रतिवादी निर्दोष हुन भन्न सकिने अवस्था नदेखिँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाललाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७(१)(ख) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने देखिँदा नियमानुसार सिदा खान पाउने गरी थुनुवा पुर्जी दिई नजिकको कारागार कार्यालयमा थुनामा राख्न पठाइदिनु भन्ने समेत बेहोराको थुनछेक आदेश।

### अदालतको ठहर

प्रतिवादी उपरको किटानी जाहेरी, सो जाहेरी पुष्टि हुने गरी जाहेरवालाले गरिदिएको बकपत्र, घट्ना विवरण कागज गर्ने कान्छामान वाईवासमेतले गरिदिएको बकपत्र, पीडित घाइते राजकुमार तामाङको बकपत्र तथा निजको घाँउजाँच केस फाराम, घट्नास्थल तथा खानतलासी बरामदी मुचुल्काका साथै यी प्रतिवादी स्वयम्ले कसुरमा सावित रहि गरेको बयान बेहोरासमेतको मिसिल संलग्न कागज

प्रमाणहरुबाट यी प्रतिवादी विष्णु तिवारीले मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ (१) विपरीत ज्यान मार्ने उद्योगको कसुर गरेको ठहर्छ भन्ने बेहोराको फैसला।

**सजाय निर्धारण**

प्रतिवादी विष्णु तिवारी उपर मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ (१) विपरीत बमोजिमको कसुर ठहर भई सजाय निर्धारणको लागि पेश हुन आएको प्रस्तुत मुद्दामा बरामदी मुचुल्कामा उल्लिखित खुकुरी प्रतिवादीबाट भएको स्वयम् प्रतिवादीले मौकामा र यस अदालतमा समेत स्वीकार गरी बयान गरेको बयान बेहोरा प्रतिवादीले मौकामा बयान गर्दा निज घाइते राजकुमार तामाङले मलाई बिना कुनै कारण कुटपिट गरेको कुरालाई सहन गर्न नसकी निजलाई ज्यान मार्ने मनसायले मैले आफ्नो घरमा रहेको खुकुरीले निजको शरीरको विभिन्न भागमा प्रहार गरेको हो भनि गरेको बयान साथै मिसिल संलग्न घाइतेको घाउँजाच केस फाराम साथै जाहेरवाला, घाइते र बुझिएका मानिस कान्छामान वाईवासमेतले यस अदालतमा गरेको बकपत्रसमेतबाट यी प्रतिवादीले बरामद भएको खुकुरीले घाइते राजकुमार तामाङलाई प्रहार गरेको देखिँदा तथा मिसिल संलग्न कागज प्रमाणहरुसमेतलाई विचार गर्दा यी प्रतिवादीको कार्यबाट समाजमा पर्ने नकारात्मक प्रभावलाई रोकी प्रतिवादीलाई कसुर गर्नबाट हतोत्साहित गरी आफ्नो कार्यप्रति पश्चातापबोध हुने गरी भविष्यमा यस्तो कार्य नगरुन् भनि सजाय निर्धारण गर्नुपर्ने देखिँदा यी प्रतिवादी विष्णु तिवारीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ (२) बमोजिम ३ (तीन) वर्ष ६ (छ) महिना कैद हुने ठहर्छ। साथै सोही संहिताको दफा १८६ बमोजिम पीडित घाइतेले रु.६९,५३२।- (उनान्सत्तरी हजार पाँच सय वत्तिस रुपियाँ) प्रतिवादीबाट क्षतिपूर्ति दिलाई भराइ पाउने ठहर्छ। अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ (१) (घ) बमोजिम प्रतिवादीले पीडित राहत कोषमा क्षतिपूर्ति शुल्क जम्मा गराउनुपर्ने ठहर्छ।

### १३. अविचन्द्र शिवाकोटीको जाहेरीले नेपाल सरकार वि. विशन थापा (मु.नं. ०७७-C१-०६४९)

**अभियोग मागदावी**

प्रतिवादी विशन थापाको उक्त कार्य मुलुकी अपराध संहिता २०७४ को दफा १८३ (१) विपरीतको कसुर भएको देखिँदा निज प्रतिवादीलाई सोही संहिताको दफा १८३ (२) बमोजिम सजाय गरिपाउँ भन्ने समेत बेहोराको अभियोग मागदावी।

**थुनछेक आदेश**

मिसिल संलग्न कागजातसमेतको आधारमा एवं विवादको विषयवस्तु र पीडितलाई लागेको चोटपटकको प्रकृतिसमेतलाई हेर्दा प्रतिवादीलाई हाल थुनामै राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने सम्मको अवस्था विद्यमान भएको नदेखिएकोले पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुनेगरी हाललाई प्रतिवादीबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७२ का आधारमा दफा ६८ बमोजिम

रु.१,००,०००।- नगद वा सो बराबरको जेथा जमानी वा बैंक ग्यारेन्टी दिए लिई तारेखमा राख्नु, दिन नसके सम्बन्धित कारागार कार्यालयमा पठाई दिनु भन्ने समेत बेहोराको यस अदालतवाट मिति २०७७।०९।१२ मा भएको थुनछेक आदेश।

**अदालतको ठहर**

निर्णयतर्फ हेर्दा, यसमा पीडित भरत कुमार शिवाकोटीको खुट्टा हाडसमेत भाँचिने गरी शरीरको विभिन्न भागमा समेत गम्भीर चोट लागेको भन्ने निजको घाउ जाँच केस फाराम र डाक्टरको बकपत्रबाट समेत देखिए तापनि प्रतिवादीको पीडितप्रति ज्यान मार्ने मनसाय थियो भन्ने प्रतिवादीको मौकाको बयान र पीडितको बकपत्रबाट समेत देखिएको अवस्था नहुँदा प्रतिवादी विशन थापाले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ। तर प्रस्तुत मुद्दामा पीडितलाई लागेको घाउ चोटको प्रकृतिसमेत हेर्दा वारदात कुटपिट स्वरूपको देखिएको हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२ बमोजिम प्रस्तुत मुद्दा कुटपिटमा परिणत हुने ठहर्छ भन्ने बेहोराको फैसला।

**१४. रति खड्गीसमेतको जाहेरीले नेपाल सरकार वि. शैलेस ढकाल (मु.नं. ०७७-८१-०७५६)**

**अभियोग मागदावी**

अभियोग मागदावी प्रतिवादी शैलेस ढकालको कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) बमोजिमको कसुर अपराधमा सोही संहिताको दफा १८३ को उपदफा (२) बमोजिम सजाय हुन तथा मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम घाइतेको उपचारमा लागेको बिलबमोजिमको खर्च रकम रू.४,००,०००।- (चार लाख) र पछि उपचारको क्रममा लाग्ने उपचार खर्चसमेत प्रतिवादीबाट घाइते पीडितलाई दिलाई भराइ पाउन समेतको अभियोग मागदावी।

**थुनछेक आदेश**

निज प्रतिवादीउपर किटानी जाहेरी परेको, निज प्रतिवादीको अनुसन्धान तथा अदालतसमक्षको बयान, बुझिएका मानिसको कागज, घाइतेको घाउजाँच केस फारामसमेतका तत्काल प्राप्त प्रमाणको आधारमा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई यी प्रतिवादी शैलेश ढकाललाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७२ समेतका आधारमा ऐ. ऐनको दफा ६८ (१) बमोजिम नगद रु.१,००,०००।- (एक लाख रुपियाँ) वा सो बराबरको जमानत वा बैंक जमानत दिए लिइ तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु। माग गरेको धरौटी दिन नसके निज प्रतिवादीलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८० बमोजिम थुनुवा पुर्जी दिई केन्द्रीय कारागार कार्यालयमा थुनामा राख्न पठाई दिनु भन्ने समेत बेहोराको यस अदालतको मिति २०७७।०९।२९ को थुनछेक आदेश।

**अदालतको ठहर**

"ज्यान मार्ने मनसाय राखेर पीडितमाथि कुनै किसिमको प्रहार वा अन्य कुनै प्रकारको आपराधिक कार्य गर्दछ र उसलाई वैद्य प्रतिरक्षा उपलब्ध छैन भने त्यस्तो प्रतिवादीले ज्यान मार्ने उद्योगको अपराध गरेको मान्नुपर्ने (ने.का.प. २०६९ अंक १ नि.नं. ८७६१), ज्यान मार्ने उद्योगको अपराध ठहर हुनका लागि प्रतिवादीले पीडितलाई मार्ने मनसाय राखी सोही बमोजिमको कार्य गरेको प्रमाणित हुनुपर्दछ र त्यस्तो कार्यको परिणामस्वरुप पीडितको कुनै कारणवश ज्यानसम्म बच्न गएको अवस्था स्पष्ट रुपमा स्थापित हुनुपर्दछ" (ने.का.प.२०७२ अंक ४ नि.नं. ९३८६ प्र.६९१), हतियार पनि महत्त्वपूर्ण होला, चोटको गम्भीरता पनि सान्दर्भिक होला। तर घटनाक्रमको समग्रताको सन्दर्भमा के मनसाय राखी गर्न खोजिएको हो, के गरिसकिएको छ, के हुन बाँकी छ सो कार्य इच्छित परिणाम के कति नजिक छ भन्ने कुरालाई पनि उतिकै महत्त्वका साथ हेरिनुपर्छ (ने.का.प. २०७४ अंक ६ सि.नं. ९८३० प्र.१०९९) भनी सर्वोच्च अदालतवाट व्याख्या भइसकेको सन्दर्भमा प्रस्तुत वारदातमा प्रतिवादीको मार्ने मनसाय भएको देखिँदैन। केवल रिसको आवेगमा प्रहार गर्दाको परिणामसम्म देखिन्छ ज्यान मार्ने उद्योग हुनलाई कर्तव्य ज्यानमा हुनुपर्ने तथ्यहरु नै समावेश हुनुपर्ने, ज्यानसम्म बचेको हुनपर्ने हुँदा प्रस्तुत वारदातमा पीड़ित र प्रतिवादीबिच तत्काल गाडी र मोटरसाइकल ठक्कर लागी उठेको विवादको परिणामले पीडितको टाउकोमा गम्भीर चोट लाग्न गएको र उपचारपछि सामान्य अवस्थामा फर्किसकेको स्वास्थ्य अवस्थासमेत देखियो प्रस्तुत मुद्दा ज्यान मार्ने उद्योगको परिधिभित्र पर्ने अवस्थाको देखिएन। ज्यान मार्ने उद्योगको अभियोग दावीबाट प्रतिवादीले सफाइ पाउने ठहर्छ। वादी नेपाल सरकारको अभियोग मागदावी पुग्न सक्दैन। अभियोग मागदावी पुग्न नसक्ने ठहर्छ।

प्रस्तुत मुद्दाको मिसिल संलग्न प्रमाण कागजातहरु अध्ययन गर्दा पीडितको घाउको अवस्थासमेत विचार गर्दा कुटपिटको अवस्था देखिएकोले मुलुकी फौजदारी कार्यावधि संहिता, २०७४ को दफा ४२ बमोजिम कुटपिटमा परिणत हुने ठहर्छ भन्ने बेहोराको फैसला।

## १५. बन्दना राईको जाहेरीले नेपाल सरकार वि. प्रमोद न्यौपाने (मु.नं.०७७-C१-१०९६)

**अभियोग मागदावी**

मिति २०७७।१०।२८ गते दिनको अ. १५:२० बजेको समयमा का.जि.का.म.न.पा.वडा नं २६ लैनचौर स्थित घाइते पवन भुजेल भन्ने बृष बहादुर भुजेल कोठाडेरामा आँखा बन्द गरी कोल्टि परी सुतेको अबस्थामा प्रतिबादीले चक्कु जस्तो जोखिमी हतियारले घाइतेको घाटी जस्तो संवेदनशील अंगमा प्रहार गरी सिरकले नाक मुख थुनि दिएपछि घाइतेले बल जबरजस्ती गरी सिरकबाट बाहिर निस्किन खोज्दा पुनः प्रतिबादीले दाहिने तिघ्राको भागमा प्रहार गरी मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ (१) बमोजिमको कसुर अपराध गरेकोले प्रतिवादी प्रमोद न्यौपानेको उक्त कार्य

मुलुकी अपराध सहिता, २०७४ को १८३ उपदफा (१) ले निषेधित ज्यान मार्ने उद्योगको कसुर गरेकाले निज प्रतिवादी प्रमोद न्यौपानेलाई सोही संहिताको दफा १८३ को उपदफा (२) बमोजिम सजाय हुन साथै प्रतिबादी प्रमोद न्यौपानेको चक्कु प्रहारबाट घाइते भएको बृष बहादुर भुजेलको उपचारमा लागेको रु. १९,८४२/- रुपियाँ र घाइतेको कोठाबाट हराइ क्षति भएको जाहेरी दरखास्तमा उल्लिखित रु. १,००,०००।- रुपियाँ गरी जम्मा रु. १,१९,८४२ रुपियाँ मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम प्रतिवादी प्रमोद न्यौपानेबाट घाइते बृष बहादुर भुजेललाई भराइ दिलाई दिनुहुन साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसुरदारबाट पीडित राहतकोषमा क्षतिपूर्ति शुल्क जम्मा गराइ पाउन मागदावी लिई अभियोगपत्र पेश भएको।

**थुनछेक आदेश**

तत्काल प्राप्त प्रमाणहरुबाट प्रतिवादी प्रमोद न्यौपाने निर्दोष मान्न मिल्ने अवस्था देखिएन। तसर्थ, पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी पीडितको स्वास्थ्य अवस्था, वारदातको तथ्यसमेतलाई विचार गरी यी प्रतिवादी प्रमोद न्यौपानेबाट मुलुकी फौजदारी कार्यविधि संहिता , २०७४ को दफा ६८ बमोजिम रु.१,००,०००/- (एक लाख रुपियाँ) नगद धरौटी वा सो वरावरको जेथा जमानत दिए लिई तारेखमा राख्नु, दिन नसके कानूनबमोजिम सिदा खान पाउने गरी थुनुवा पुर्जी दिई सम्बन्धित कारागार कार्यालयमा थुनामा राख्न पठाइदिनु भन्ने समेत बेहोराको यस अदालतवाट मिति २०७७/११/२३ गतेका दिनको आदेश।

प्रतिवादी प्रमोद न्यौपानेको तर्फबाट बेरितको आदेश वदर गरिपाउँ भनी सम्मानित उच्च अदालत पाटनमा निवेदन परेकोमा तत्काल प्राप्त प्रमाणबाट देखिएको कसुर हुँदाको अवस्थाको प्रकृति, प्रतिवादीले बयानमा उल्लेख गरेको निजको आर्थिक अवस्था, पीडितलाई लागेको चोटको प्रकृतिसमेतलाई दृष्टिगत गर्दा मुद्दा पुर्पक्षका लागि निज प्रतिवादीसँग रु.१,००,०००।- बराबरको धरौट माग गर्ने गरी त्यस अदालतबाट मिति २०७७/११/२३ को आदेशमा धरौटको अङ्कसम्म मिलेको नदेखिँदा सो हदसम्म उक्त आदेशमा परिवर्तन गरिदिएको छ। प्रतिवादी प्रमोद न्यौपानेबाट रु. १०,०००।- दश हजार नगद वा जेथा जमानत दिए लिई तारिखमा राख्नु भन्ने समेत बेहोराको सम्मानित उच्च अदालत पाटनबाट मिति २०७८/०३/१७ मा भएको आदेश।

**अदालतको ठहर**

प्रस्तुत मुद्दामा पीडितको घा जाँच केस फाराम हेर्दा over Rt. th. on 6*2 cm cut injury extending upto subcut tissue. (ii) injury 2- penetrating injury our left neck भन्ने केस फारामबाट देखिएकोले पीडितको घा चोट मर्नेसम्मको अवस्था नदेखिएको र पीडितको अदालतमा भएको वकपत्रसमेतबाट

पनि प्रतिवादीसँग पूर्व रिसइवी रहेको भन्ने नदेखिएको र प्रतिवादीका साक्षीको वकपत्र र बुझिएका मानिसहरुको कागजसमेतबाट यी प्रतिवादीले ज्यान मार्ने उद्देश्यले प्रहार गरेको भन्ने पुष्टि हुन नसकेको र पीडितले नै पनि वकपत्रमा ज्यान मार्ने उद्देश्यले प्रहार गरेको भन्ने खुलाउन नसकेको समेतबाट प्रतिवादीले ज्यान मार्ने उद्देश्यले घाइतेलाई प्रहार गरी मुलुकी अपराध संहिता, २०७४ को दफा १८२ (१) वमोजिमको कसुर पुष्टि नभएकोले सो तर्फको बादी नेपाल सरकारको अभियोग दावी पुग्न नसक्ने ठहर्छ। अभियोग दावीबाट प्रतिवादीले सफाइ पाउने ठहर्छ।

पीडितले संवेदनशील अंगमा समाएकोले प्रतिकारको लागि मिति ०७७/१०/२८ मा पीडित घाइतेलाई चक्कु प्रहार गरेको स्वयम् प्रतिवादीले स्वीकार गरेको र पीडितको घा जाँच केस फारामसमेतबाट देखिएकोले पीडित घाइतेले कुटपिट तर्फ मुद्दा सकार गरेमा यसै मिसिलबाट व्यक्तिवादी भई मुलुकी अपराध संहिता, २०७४ को दफाबमोजिम कारवाही हुने समेत ठहर्छ भन्ने बेहोराको फैसला।

## १६.दुर्गा सोनामको जाहेरीले नेपाल सरकार वि. निर कुमार श्रेष्ठ (मु.नं.०७७-C१-१३६६)

**अभियोग मागदावी**

प्रतिवादी निर बहादुर श्रेष्ठ भन्ने निर कुमार श्रेष्ठले धारिलो हतियारले जाहेरवालाको दिदी नाताकी सम्झना भन्ने बिमल परियारको टाउकोमा प्रहार गरेको कार्य मुलुकी अपराध संहिता,२०७४ को दफा १८३ को उपदफा (१) बमोजिम परिभाषित र निषेधित कसुर अपराध भएको हुँदा निज प्रतिवादी निर बहादुर श्रेष्ठलाई सोही संहिताको दफा १८३ को उपदफा (२) बमोजिम सजाय गरिपाँउ भन्ने समेतको बादी नेपाल सरकारको अभियोग दावी।

**थुनछेक आदेश**

प्रतिवादी उपरको किटानी जाहेरी, पीडितसमेतले गरिदिएको घटना विवरण कागज तथा प्रतिवादी स्वयंको कसुरमा सावित रहि मौकामा गरेको बयान, घा जाँच केस फाराम, पीडितको चोटसमेतबाट निज प्रतिवादी अभियोग मागदावीबमोजिमको कसुरदार देखिन आएकाले पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी निज प्रतिवादीलाई थुनामा राख्न पठाइदिनु भन्ने समेत बेहोराको मिति २०७८/१/३ को आदेश।

**अदालतको ठहर**

पीडितको टाउकोमा pointed object ले पारेको उल्लिखित नाप जाँच अवस्थाको घाउँ चोट परेको अवस्थासम्म देखिन आए पनि जाहेरवाला तथा पीडितले प्रतिवादीको ज्यानै मार्ने उद्देश्यले नियतसाथ चक्कु प्रहार गरेको भन्न नसकेको, प्रतिवादी कसुरमा इन्कार रहेको तथा घाउ जाच गर्ने विशेषज्ञको

बकपत्रसमेतबाट प्रतिवादीले पीडित उपर ज्यान मार्ने नियत साथ चक्कु प्रहार गरी ज्यान मार्ने उद्योगको कसुर गरेको अबस्था पुष्टि हुन नसकेकोले निजले बादीको अभियोगबमोजिमको कसुर गरेको ठहर्न आएन। प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ।

पीडितको टाउँकोमा उल्लिखित नाप साइजको काटेको चोटसमेत रहेको देखिन आएका अवस्थामा फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२ मा नेपाल सरकार वादी भई दायर भएको कुनै मुद्दा कारवाही हुँदा अनुसूची १ वा २ अन्तर्गत नपर्ने देखिएको तर कानूनबमोजिम अन्य कुनै मुद्दा चल्न सक्ने देखिएमा सरोकारवालालाई पक्ष कायम गरी कारबाही किनारा गर्न सक्ने व्यवस्था गरेको देखिएकाले प्रस्तुत वारदातका सम्बन्धमा घाइते पीडित सम्झना शाहीलाई सो कुराको सूचना दिई निजले यसै मिसिलबाट कुटपिटमा कारवाही गर्न चाहेमा यसै मिसिलबाट कारवाही किनारा गर्ने गरी प्रस्तुत वारदात कुटपिटमा परिणत गरि दिने समेत ठहर्छ।

## १७. मोहमद कारुनको जाहेरीले नेपाल सरकार वि. विशेष बुढाथोकी (मु.नं. ०७७-C१-१३७६)

**अभियोग मागदावी**

प्रतिवादी विशेष बुढाथोकीले मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा उक्त कसुरमा निज प्रतिवादी विशेष बुढाथोकीलाई सोही संहिताको दफा १८३ को उपदफा (२) बमोजिम सजाय हुनु। साथै प्रतिवादीको बयानमा खुलेका संजय कार्की भन्ने व्यक्तिको एकिन नाम थर वतन नखुलेको हुँदा खुलिआएका वखत वा पक्राउ परी आएका बखत तथा प्रस्तुत वारदातमा अन्य कोही कसैको संलग्नता रहेको तथ्य पछि खुलिआएका वखत थप दावी लिइने बेहोरासमेत अनुरोधको अभियोग मागदावी।

**थुनछेक आदेश**

प्रतिवादी विशेष बुढाथोकीलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ को बमोजिम नगद रु.२,००,०००।- वा सो बरावरको जेथा वा बैङ्क जमानत माग्नु भनी मिति २०७८/१/६ मा भएको आदेश।

**अदालतको ठहर**

प्रतिवादीहरु र घाइतेबिच ज्यान मार्नुपर्नेसम्मको रिसईवी रहेको भन्ने नदेखिएको, वारदातमा प्रयोग भएको भनिएको हतियार अति सामान्य प्रकारको नेल कटरको चक्कु भन्ने" देखिएको र घाइतेलाई लागेको चोटसमेत सामान्य प्रकारको भन्ने घाउँ जाँच केस फारामबाट देखिँदा प्रस्तुत वारदात ज्यान मार्ने उद्योगको नदेखिँदा प्रस्तुत मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ४२ बमोजिम सरोकारवाला व्यक्तिलाई सूचना दिने ठहर्छ। प्रस्तुत मुद्दाको वारदात नै कुटपिटको देखिएकोले प्रतिवादीहरु विशेष बुढाथोकी र संजय कार्कीले अभियोग मागदावीबाट सफाइ पाउने ठहर्छ भन्ने बेहोराको फैसला।

**१८. निर्मला तामाङ्गको जाहेरीले नेपाल सरकार वि. भरत बहादुर लामासमेत (मु.नं. ०७७-C१-१५०५)**

**अभियोग मागदावी**

मिसिल संलग्न घटनास्थल मुचुल्का, जाहेरी दरखास्त, प्रतिबादीको बयान, घाइतेहरुको घाउ जाँच केस फाराम र घाइतेहरु तथा बुझिएका व्यक्तिहरुले गरेको घटना विवरण कागजसमेतबाट मिति २०७८।०१।१ गते राति अं. २:०० बजेको समयमा काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा. वडा न. ३ तारेभिर स्थित रहेको प्रतिवादी भरत तामाङ भन्ने भरत बहादुर लामाले संचालन गरेको होटलमा ज्यान नै मार्ने मनसाय उद्देश्यले घाइते रबिन खडका र गणेश बस्नेतलाई प्रतिवादी भरत तामाङ भन्ने भरत बहादुर लामाले बियरको बोतलसमेतले टाउकोसमेतको भागमा पटक-पटक प्रहार गरी ज्यान मार्ने मनसायले गम्भीर घाउ चोट पुऱ्याइ मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) बमोजिमको ज्यान मार्ने उद्योगको कसुर गरेको तथ्य स-प्रमाण पुष्टि हुने भएकोले उल्लिखित आधार प्रमाणबाट निज प्रतिवादीहरु भरत तामाङ भन्ने भरत बहादुर लामा र दोर्जे लामाले गरेको उल्लिखित कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) बमोजिमको कसुर हुँदा निज प्रतिवादीहरु भरत तामाङ भन्ने भरत बहादुर लामा र दोर्जे लामालाई सोही संहिताको दफा १८३ को उपदफा (२) बमोजिम सजाय गरिपाउँ भन्ने मागदावी।

**थुनछेक आदेश**

प्रतिवादीको मौकाको र अदालतको वयान, घाउजाँच केस फाराम, किटानी जाहेरी र पीडितको कागज तथा घटना विवरण कागज गर्ने मानिसको भनाईसमेतका तत्काल प्राप्त मिसिल संलग्न कागज प्रमाणबाट यी प्रतिवादी निर्दोष रहेछन् भनी अहिले नै भन्न सकिने अवस्था नरहेको र निजलाई थुनामै राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने सम्मको अवस्था पनि नदेखिएको हुँदा पछि ठहरेबमोजिम हुने नै हुँदा हाललाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७२ समेतलाई दृष्टिगत गरी सोही

संहिताको दफा ६८ बमोजिम यी प्रतिवादी भरत तामाङ्ग भन्ने भरत लामाले रु.१,००,०००।- (अक्षरेपि रु. एकलाख) घरौटी वा सो वरावरको जेथा जमानत वा बैंक ग्यारेन्टी दिए लिई निज प्रतिवादीलाई पुर्पक्षको निमित्त तारेखमा राख्नु। सो अनुसारको नगद धरौटी वा सो वरावरको जेथा जमानत बैंक ग्यारेन्टी नदिए निजलाई कानूनले तोकेको सिदा खान पाउने गरी थुनामा राख सम्बन्धित कारागार कार्यालयमा पठाउनु भनी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७९ बमोजिम यो आदेश पर्चा गरिदिएको छ। दशीको रुपमा प्राप्त भएको सामान जिन्सी आम्दानीमा बाँध्नु भनि यस अदालतबाट मिति २०७८।०१।२१ गते भएको थुनछेक आदेश।

**अदालतको ठहर**

अभियुक्त उपरको मागदावी शंकारहित तवरले पुष्टि हुन नसकेको अवस्थामा शंकाको सुविधा अभियुक्तले पाउने कानूनी सिद्धान्तसमेत रहेको सन्दर्भमा केवल शंका र अनुमानको भरमा प्रतिवादीहरुलाई कसुरदार ठहऱ्याउन न्याय र विवेकसम्मत हुन सक्दैन। यस्तो अवस्थामा केवल अनुमान र शंकाको भरमा मात्र प्रतिवादीहरुले आरोपित कसुर अपराध गरेको भन्न मान्न मिलेन। तसर्थ प्रतिवादीहरु भरत तामाङ भन्ने भरत बहादुर लामा र दोर्जे लामाले आरोपित कसुर अपराध तथा अभियोग मागदावीबाट सफाइ पाउने ठहर्छ। सो ठहरेकाले अभियोग मागदावी पुग्न नसक्ने ठहर्छ। अर्थात वादीको अभियोग मागदावी पुग्न सक्दैन। यसरी उल्लिखित तथ्य तथा आधारहरुबाट अभियोग दावी पुग्न नसके तापनि पीडितहरु प्रस्तुत मुद्दाको घटना वारदातबाट घाइते भएको तथ्य निजहरुको घाउजाँच केस फारामबाट समेत देखिएको हुँदा पीडित पक्षले मुद्दा सकार गरी कुटपिट तर्फ कारबाही गरिपाउँ भनि आएका वखत कानूनवमोजिम कारवाही हुनेगरी प्रस्तुत मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२ बमोजिम कुटपिटमा परिणत गरिदिएको भन्ने बेहोराको फैसला।

## १९. शिरमाया राईको जाहेरीले नेपाल सरकार वि. सुरज श्रेष्ठ (मु.नं.०७७-८१-१५१५)

**अभियोग मागदावी**

जिल्ला काठमाडौ कागेश्वरी मनोहरा वडा नं. ७ मा मेरी वर्ष १९ की छोरी पूजा कार्की र सुरज श्रेष्ठबिच चिनजान भएको एउटै कोठामा बस्न खोज्दै आइरहेकोमा मिति २०७७/१२/०८ गते अं. १२:५० बजेको समयमा प्रतिवादी सुरज श्रेष्ठले मेरो छोरी पूजा कार्कीलाई ज्यान मार्ने मनसायपूर्वक टाउकोमा मट्टितेल खन्याई आगो लगाई जलाई ज्यान लिनेसम्मको काम गर्ने प्रतिवादी सुरज श्रेष्ठलाई सजाय गरिपाउँ भन्ने शिरमाया राईको जाहेरी दरखास्तलाई समर्थित हुने गरी आयुषा श्रेष्ठको डेराकोठा वारदातस्थल खुलेको पाइयो। प्रतिवादी सुरज श्रेष्ठले बयान गर्दा पीडित पूजा कार्कीसँग

आयुषा श्रेष्ठको डेरा कोठामा झगडा भएको, पूजा कार्कीले मट्टीतेल आफ्नो शरीरमा खन्याउन लागेको अवस्थामा भुईमा समेत पोखिएको थियो, एस्ट्रेमा रहेको चुरोटको ठुटामा रहेको आगो लागेको कारणबाट आगलागी भएको हो मैले आगो लगाई ज्यान मार्ने सम्मको कार्य गरेको छैन भनी कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। प्रतिवादी सुरज श्रेष्ठको उक्त इन्कारी बयान रहेतापनि यी प्रतिवादी सुरज श्रेष्ठले पीडित पूजा कार्कीलाई चक्कुले टाउको पछाडि भागमा समेत प्रहार गरेका हुन् पूजा कार्कीको शरीर जलेको कारण बोल्न सक्ने अवस्थामा रहेकी छिन् भनी आयुषा श्रेष्ठको कागज रहेको पाइयो। घाइते पूजा कार्कीले कागज गर्दा प्रतिवादी सुरज श्रेष्ठले कोठा र मेरो शरीरमा मट्टितेल छर्किई लाइटर बालेर आगो लगाई ज्यान मार्ने मनसायले घाइते बनाएका हुन् भनी गरेको कागजबाट प्रतिवादी सुरज श्रेष्ठको इन्कारी बयान खण्डित हुँदै आयो। पीडित पूजा कार्कीको घाउजाँच केस फाराममा Diffuse Facial Swelling kith voice change About ३*२ cm cut injury on left forehead भनी उल्लेख भएका समेतका आधार प्रमाणबाट प्रतिवादी सुरज श्रेष्ठले पीडित पूजा कार्कीउपर गरेको उक्त कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) ले निषेधित ज्यान मार्ने उद्योगको कसुर गरेको स-प्रमाण पुष्टि हुन् आई प्रतिवादी सुरज श्रेष्ठको उक्त कार्य मुलुकी अपराध सहिता, २०७४ को दफा १८३ को उपदफा (१) ले निषेधित ज्यान मार्ने उद्योगको कसुर गरेकाले निज प्रतिवादी सुरज श्रेष्ठलाई सोही संहिताको दफा १८३ को उपदफा (२) बमोजिम सजाय हुनका साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसुरदारबाट पीडित राहतकोषमा क्षतिपूर्ति शुल्क जम्मा गरिपाउँ भन्ने मागदावी लिइएको अभियोगपत्र।

**थुनछेक आदेश**

प्रस्तुत मुद्दामा प्रतिवादीले मौकामा र यस अदालतमा वयान गर्दा समेत आफूले अभियोगदावी बमोजिम ज्यान मार्ने उद्योगको कसुर नगरेको भनी आरोपित कसुरमा इन्कार रहेको लेखिए पनि यिनै प्रतिवादीले मेरो छोरी पूजा कार्की उपर मट्टीलेतसमेत खन्याई आगो लगाई ज्यान मार्ने उद्योग गरेको भनी घाइतेको आमाले दिएको जाहेरी वेहोरालाई समर्थन गर्दै घाइते पूजा कार्कीले घटना विवरण कागजमा लेखाएको वेहोरा, पीडितको घाउ चोटको अवस्था र प्रकृति सम्बन्धमा घाउ जाँच केस फाराममा चिकित्सकले उल्लेख गरेको वेहोरा, घटनास्थल मुचुल्कामा उल्लेख भएको वारदात स्थलको अवस्था एवम् घटना विवरण कागज गर्ने व्यक्तिहरुले लेखाएको वेहोरासमेतका मिसिल संलग्न तत्काल प्राप्त प्रमाणहरुबाट यी प्रतिवादी निर्दोष रहेछन् भनी हालै भन्न मिल्ने अवस्था विद्यमान नदेखिंदा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी प्रतिवादी सुरज श्रेष्ठलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७(१) बमोजिम पुर्पक्षको लागि थुनामा राख्न

दफा ८० बमोजिम थुनुवा पूर्जी दिई सम्बन्धित कारागार कार्यालयमा पठाइदिनु भन्ने समेत बेहोराको यस अदालतको मिति २०७८/०१/२२ को आदेश।

**अदालतको ठहर**

मिसिल संलग्न कागजातहरुबाट प्रतिवादीले पीडितको ज्यान मार्ने उद्देश्यले पीडितको अनुहार र शरीरमा आगो लगाएको देखिन आई तत्काल उपचार हुन सकेको कारण पीडितको ज्यान वच्न पाएको भन्ने तथ्य स्थापित हुन आई प्रतिवादीले पीडितको ज्यान मार्ने उद्योगको कसुर गरेको देखिन आएकोले निज प्रतिवादीले मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) निषेधित ज्यान मार्ने उद्योगको कसुर गरेको ठहर्छ।

**सजाय निर्धारण**

उक्त कानूनी व्यवस्थामा उल्लेख भएको सजाय, प्रतिवादीले गरेको कसुरको प्रकृति, उक्त कसुरमा प्रतिवादीको कसुरको दोषको मात्रा, कसुरबाट पीडितलाई पुग्न गएको क्षति, मिसिल संलग्न सजाय पूर्वको प्रतिवेदनसमेतका कागजातहरुबाट देखिएको प्रतिवादीको आर्थिक सामाजिक अवस्था, प्रतिवादीको उमेर, प्रतिवादीले यस पूर्व फौजदारी अपराधमा सजाय पाएको नदेखिएको अवस्था लगायतका समग्र अवस्थालाई विचार गर्दा दफा १८३(२) मा उल्लेख भएको पूरा सजाय नगरी घटी सजाय गर्दा पनि कानूनी एवम् सजायको उद्देश्य पूरा देखिएकोले प्रतिवादी सुरज श्रेष्ठलाई ४ (चार) वर्ष कैद र चालिस हजार रुपियाँ जरिवाना हुने ठहर्छ। साथै पीडितको उपचारको क्रममा लागेको विलबमोजिमको खर्चसमेतको क्षतिपूर्ति वापत दफा १८६ बमोजिम प्रतिवादीबाट पीडित पूजा कार्कीलाई रु.५,००,०००।- (पाँच लाख रुपियाँ) क्षतिपूर्ति भराइ दिने ठहर्छ। अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम रु.८००।-(आठ सय रुपियाँ) प्रतिवादीबाट असुल गरी पीडित राहत कोषमा जम्मा गरिदिने ठहर्छ।

### २०. अमिसा बलको जाहेरीले नेपाल सरकार वि. धन बहादुर न्यौपाने (मु.नं.०७८-C१-१५३१)

**अभियोग मागदावी**

प्रतिवादी शंकर/धन बहादुर न्यौपाने भन्ने धन बहादुर नेउपानेले मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) विपरीतको कसुर अपराध गरेको हुँदा निज प्रतिवादी शंकर/धन बहादुर न्यौपाने भन्ने धन बहादुर नेउपानेलाई सोही संहिताको दफा १८३ को उपदफा (२) बमोजिम सजाय गरी मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम प्रतिवादीबाट घाइते सानु सिंह बललाई निजले पेश गरेको बिल भरपाईअनुसार निजको उपचारमा हालसम्म लागेको रु. १४,५००/- (चौध हजार पाँच सय रुपियाँ) तथा पछि उपचारमा खर्च भै जाहेरवाला तथा घाइते

पीडितबाट पेश हुने बिलबमोजिमको खर्चसमेत निजै प्रतिवादीबाट दिलाई भराइ पाउँ भन्ने समेत बेहोराको अभियोग मागदावी।

**थुनछेक आदेश**

तत्काल प्राप्त प्रमाणहरुका आधारमा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम धरौटीमा राख्नुपर्ने देखियो। अतः ऐ.संहिताको दफा ७२ मा उल्लेख गरिएका पक्षसमेतलाई मध्येनजर गरी निज प्रतिवादीबाट रु.५०,०००/- (पचास हज़ार रुपियाँ) नगद धरौट वा जमानत वा बैंक जमानत दिए तारेखमा राख्नु। सो दिन नसके ऐ. संहिताको दफा ६८ (२) बमोजिम थुनामा राखी पुर्पक्ष गर्नु भनी ऐ. दफा ७९ बमोजिम प्रस्तुत आदेश गरिदिएको छ भन्ने मिति २०७८/०१/२३ मा यस अदालतबाट भएको आदेश।

**अदालतको ठहर**

अभियोग दावी इन्कार गरी घाइते व्यक्ति स्वयंले आफूलाई कुटपिट गरी रगताम्मे गरेको हुँदा नसाको सुरमा त्यही भएको हँसियाले प्रहार गरेको भन्ने सम्म तथ्य स्वीकार गरेको अवस्था प्रमाणबाट यी प्रतिवादी र पीडित सानुसिंह बलबिच मादक पदार्थ सेवन गरेको अवस्थामा एक अर्कामा हात हालाहाल कुटपिटसम्मको वारदात भइ सोही क्रममा यी घाइते सानुसिहं बललाई चोट लाग्न गएको भन्ने सम्म देखिंदा कुटपिटसम्मको वारदात स्थापित हुन आएको देखियो। वारदातको प्रकृतिबाट ज्यान मार्ने सम्मको मनसाय र मर्ने सम्मको चोट प्रहारसमेत देखिन नआई प्रस्तुत मुद्दाको वारदात मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ अन्तर्गत पर्ने नदेखिएबाट प्रस्तुत मुद्दामा यी प्रतिवादीलाई मुलुकी अपराध संहिता २०७४ को दफा १८३(१) को कसुरमा ऐ. दफा १८३ (२) बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दावी पुग्न सक्तैन प्रतिवादीले सो अभियोग दावीबाट सफाइ पाउने ठहर्छ।

अभियोग दावीबमोजिम मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ भित्र पर्ने नदेखिए पनि वारदातको प्रकृति र प्रतिवादीको बयानबाट प्रस्तुत मुद्दा कुटपिटसम्ममा चल्न सक्ने देखिंदा ऐ संहिताको परिच्छेद १४ अन्तर्गत व्यक्तिवादी वादी भई चल्न सक्ने कुटपिट मुद्दा तर्फ सकार गर्न चाहेमा पीडित घाइते वा सरोकारवालाले सो बमोजिम सकार गरेमा निजलाई वादी पक्ष कायम गरी कुटपिट तर्फ मुद्दा दायर गरी यसै मिसिलबाट कानूनबमोजिम कारवाही र किनारा गर्ने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२ बमोजिम प्रस्तुत मुद्दा कुटपिटमा परिणत हुने ठहर्छ।

## २१. हन कुमार पूजारीको जाहेरीले नेपाला सरकार वि. रविन्द्र नेपाल (मु.नं.०७७-C१-१६७०)

**अभियोग मागदावी**

प्रतिवादी रबिन्द्र चोपालले कानूनको विवादमा परेका बालक परिवर्तित नाम गौशाला २६ (फ) (०७७/०७८) समेतको मिलेमतो, सर-सल्लाह तथा योजनामा मिति २०७८।१।२६ गतेसमेत पीडितहरुलाई कुटपिट गरी धाकधम्की दिएकोमा २०७८/०२/०४ गतेका दिन बेलुका अ.१९:०० बजेको समयमा समेत का.जि. का.म.न.पा. वडा नं. ९ सिनामंगल पञ्चकुमारी मन्दिर स्थितमा घाइते धिरज पूजारी र सुजन देउला हिड्दै गरेको अवस्थामा बादबिवाद सृजना गरी ज्यान मार्ने उद्देश्यले धिरज पूजारीसमेतलाई धारिलो हरियारले टाँउको, घाँटीसमेतका संबेदनशील अंगहरुमा प्रहार गरी सख्त घाइते बनाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) बमोजिम कसुर गरेको हुँदा सो कसुरमा प्रतिवादी रबिन्द्र चोपाललाई सोहि ऐनको दफा १८३ को उपदफा (२) बमोजिम सजाय गरी मुलुकी अपराध संहिता,२०७४ को दफा १८६ बमोजिम घाइते धिरज पूजारी र सुजन देउलाको उपचारमा हालसम्म लागेको खर्च र पछि लाग्न सक्ने थप खर्चसमेत प्रतिवादी रबिन्द्र चोपालसमेतवाट दिलाई भराइ अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसुरदारबाट पीडित राहतकोषमा क्षतिपूर्ति शुल्क जम्मा गराइ पाउँ भन्ने समेत बेहोराको वादी नेपाल सरकारको अभियोग दावी।

**थुनछेक आदेश**

प्रतिवादी रविन्द्र चोपाललाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ (२) (ख) बमोजिम मुद्दा पुर्पक्षको लागि थुनामा राख्नु भन्ने मिति २०७८/०२/२५ को थुनछेक आदेश।

**अदालतको ठहर**

जाहेरवाला, घाइते तथा घटना विवरण कागज गर्ने व्यक्तिहरुले यस अदालतमा वकपत्र गर्दा, कानूनको विवादमा परेका बालक, प्रतिवादी र घाइतेविच विवाद भई झगडा भएकोमा घाइतेलाई चोट लागेको हो। घाइतेहरुको अवस्था हाल सामान्यानै रहेको भन्ने समेत बेहोरा उल्लेख गरेको पाइयो। घाइते धिरज पूजारी र सुजन देउलाको शरीरमा घा चोट देखिएकोमा घाइतेको अवस्था सामान्य रहेको भन्ने घाइते र जाहेरवालाको बकपत्र रही आफू र प्रतिवादीबिच झगडा भएको तथ्यलाई पीडित र प्रतिवादीले स्वीकार गरे पनि पीडितको अवस्था मर्नेसम्मको नदेखिँदा ज्यान मार्ने उद्योगको अवस्था नरही सरोकारवालाले मुद्दा सकार गरे यसै मुद्दाबाट कारवाही किनारा हुने गरी प्रस्तुत मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२ बमोजिम कुटपिटमा परिणत गरिदिएको छ।

मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) बमोजिमको ज्यान मार्ने उद्योगको कसुरमा ऐ. को दफा १८३ को उपदफा (२) बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दावी पुग्न सक्दैन।

## २२. दिपक वोगटीको जाहेरीले नेपाल सरकार वि. लुइस श्रेष्ठ (मु.नं.०७७-C१-१७५६)

**अभियोग मागदावी**

मिति २०७८।०३।०५ गते वेलुका अन्दाजी २०:४५ वजेको समयमा काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ६ वौद्ध पाटिटार स्थित सार्वजनिक सडक बाटोमा प्रतिवादी लुइस श्रेष्ठले चलाएको मोटरसाइकल किरण वोगटीले चलाएको मोटरसाइकलसँग ठोक्किन खोजेको भन्ने विषयमा विवाद गरी प्रतिवादीले धाकधम्की दिई आफ्नो घरभित्रबाट फलामको रड ल्याई ज्यान मार्ने मनसायले किरण वोगटीको टाउकोमा पटकपटक प्रहार गरी रगताम्मे बनाई भुइँमा लडेपश्चात् घाइते मरेको वा मर्न सक्ने अवस्थामा छोडी भागेको हुँदा प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) को कसुरमा सोही दफा १८३ को उपदफा (२) बमोजिम सजाय गरी प्रतिवादीको प्रहारका कारण सख्त घाइते भएका किरण बोगटीको औषधोपचारमा हालसम्म लागेको खर्च रू.१८,३७५।- र पछि लाग्ने खर्चका कारण हुने समग्र क्षतिको मनासिब क्षतिपूर्ति मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम प्रतिवादीबाट पीडित घाइतेलाई दिलाई भराइ अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसुरदारबाट पीडित राहत कोषमा क्षतिपूर्ति शुल्क जम्मा गराइपाउँ भन्ने समेत बेहोराको अभियोगपत्र।

**थुनछेक आदेश**

प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ७२ बमोजिम प्रतिवादी लुइस श्रेष्ठबाट रु.१,००,०००।- (एक लाख) नगद, वा सो बराबरको जेथा वा बैंक जमानत माग गरी दिए लिई तारेखमा राख्नु। नदिए थुनामा राख्न कारागार कार्यालयमा पठाइदिनु भन्ने समेत बेहोराको मिति २०७८।०३।२५ मा भएको आदेश।

**अदालतको ठहर**

प्रतिवादीले आरोपित कसुरमा इन्कार रही बयान गरेको, प्रतिवादीको घाइते/पीडितलाई मार्ने नियत रहेको नदेखिएको र घाइतेलाई लागेको चोट मर्नेसम्मको नदेखिएको समेतका माथिका प्रकरणहरुमा गरिएको विश्लेषणबाट प्रतिवादीले ज्यान मार्ने उद्योगको कसुर गरेको पुष्टि हुन आएन। यसर्थ प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) को कसुरमा सोही

दफा १८३ को उपदफा (२) बमोजिम सजाय गरिपाउँ भन्ने समेतको अभियोग मागदावी पुग्न नसक्ने ठहर्छ। यसर्थ प्रतिवादी लुइस श्रेष्ठले सफाइ पाउने ठहर्छ।

प्रस्तुत घटनामा कुटपिट भएको भन्ने देखिँदा प्रस्तुत मुद्दा अन्तिम भएपछि सरोकारवाला पक्षलाई झिकाई निजले सकार गरेमा वादी पक्ष कायम गरी यसै मिसिलबाट बाँकी कारवाही र किनारा गर्ने गरी प्रस्तुत मुद्दालाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२ बमोजिम कुटपिटमा परिणत गरीदिएको छ। सो ठहर्नाले अरुमा तपसिलबमोजिम गर्ने पारी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ वमोजिम फैसला गरिदिएको छ।

## २३. मायाँ अधिकारीको जाहेरीले नेपाल सरकार वि. मनोज घिमिरे (मु.नं. ०७८-८१-०४२६)

**अभियोग मागदावी**

निज प्रतिवादी मनोज घिमिरेले जाहेरवालाको श्रीमान इन्द्रप्रसाद नेपाललाई ज्यान मार्ने मनसायले ईट्टाले टाउकोमा प्रहार गरी गम्भीर घाइते बनाई भागी फरार भई मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) मा निषेधित र परिभाषित कसुर अपराध गरेको हुँदा सोही संहिताको दफा १८३ को उपदफा (२) बमोजिम सजाय गरी घाइतेको उपचारमा लागेको रकम रू.२,८१,७७१/- प्रतिवादीबाट पीडितलाई भराइपाउँ भन्ने बेहोराको वादी नेपाल सरकारका तर्फबाट दायर हुन आएको मिति २०७८।६।१४ को अभियोगपत्र।

**थुनछेक आदेश**

यी प्रतिवादी उपरको किटानी जाहेरी, जाहेरी बेहोरा समर्थित हुने गरी निजको मौकाको बयान कागज, जाहेरी बेहोरा समर्थित हुने गरी घाइते इन्द्रप्रसाद नेपाल तथा मौकामा बुझिएका दिपक न्यौपाने, गीता श्रेष्ठ र निर्मला तामाङसमेतले गरिदिएको घटना विवरण कागज, घाउजाँच केस फारामसमेतका तत्काल प्राप्त प्रमाणहरूसमेतको अध्ययनबाट यी प्रतिवादी कसुरदार होइनन् भन्ने नदेखिएको तर निजलाई थुनामै राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने अवस्था नदेखिएकाले पछि प्रमाण बुझ्दैजाँदा ठहरेबमोजिम हुने गरी हाललाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम निज प्रतिवादी मनोज घिमिरेबाट निजले दिए। धरौटवापत रू.२,००,०००/- नगद वा सोवापतको जेथा जमानत वा बैंक ग्यारेन्टी लिई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने समेत बेहोराको मिति २०७८।६।१५ मा भएको आदेश।

**अदालतको ठहर**

CCTV Footage हेर्दा आँखाले देखिएको दृश्यसम्मबाट को कसले घाइतेलाई केले कसरी प्रहार गरी घाइते बनाएको भन्ने अवस्था देखिँदैन। यस्तो अवस्थामा जाहेरवाला र पीडितले वकपत्रमा उल्लेख गरेजस्तो यी प्रतिवादीको संलग्नताको प्रामाणिक पुष्टि भएको अवस्था स्पष्ट देखिएको छैन। यसरी CCTV Footage को अवलोकनको पृष्ठभूमिमा घाइते र जाहेरवालाको भनाईबमोजिमको वारदातको अवस्था नदेखिएकाले र विना प्रामाणिक आधारको जाहेरी, जाहेरवालाको वकपत्र, पीडितको अदालतसमेतको बकपत्रका आधारमा मात्र यी प्रतिवादीले वारदात घटाएका हुन् भनी मनोगत रुपमा निष्कर्ष निकाल्न कानूनतः विवेकसम्मत हुँदैन। अतः उल्लिखित तथ्य र प्रमाणको समग्र विवेचनाबाट पीडित घाइते भएकोमा विवाद नभए पनि वारदात कसले कसरी घटाएको भन्ने तथ्यको प्रामाणिक पुष्टि नभई अभियोगदाबीको पुष्टि नभएको अवस्थामा प्रतिवादीले शंकाको सुविधा पाउने नै भएकाले प्रस्तुत अभियोगदाबीबाट प्रतिवादीले सफाइ पाउने ठहर्छ भन्ने बेहोराको फैसला।

## २४. माया तामाङ्गको जाहेरीले नेपाल सरकार वि. कुमारी तामाङ्ग (मु.नं.०७८-C१-०४८०)

**अभियोग मागदावी**

प्रतिवादी कुमारी तामाङले सुकबीर तामाङलाई गाडीबाट तानी पसलमा लगी खुर्पा जस्तो फलामको धारिलो हतियारले टाउको जस्तो अती संवेदनशील अंगमा प्रहार गरेको कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) बमोजिमको कसुर हुँदा उक्त कसुरमा निज प्रतिवादी कुमारी तामाङलाई सोही संहिताको दफा १८३(२) बमोजिम सजाय गरिपाउँ भन्ने समेत बेहोराको अभियोग मागदावी।

**अदालतको ठहर**

पीडित सुकवीर तामाङलाई कुटपिट गरेको वारदात पुष्टि हुन आएकोमा पीडित तथा प्रतिवादीबिच ज्यान लिनुपर्नेसम्मको पूर्व रिसईवी रहेको नदेखिएको, प्रतिवादीको मौकाको बयान तथा अदालतमा गरेको बयान, पीडितले मौकामा गरेको कागज तथा अदालतमा गरेको बकपत्रबाट पनि ज्यान लिनुपर्नेसम्मको रिसईबी देखिन नआएको, घाइतेको घाउ चोटको अवस्थाबाट समेत प्रतिवादीले पीडितलाई मर्नेसम्मको चोट छाडेको समेत देखिन नआएकोले निज प्रतिवादीले पीडितलाई ज्यानै मार्ने नियतले मर्नेसम्मको काम गरेको पुष्टि हुन नआएकोले निज प्रतिवादीलाई अभियोग दावीबमोजिम ज्यान मार्ने उद्योगको कसुरमा संहिताको दफा १८३ (२) बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दावी पुग्न सक्दैन। निज प्रतिवादीले ज्यान मार्ने उद्योगको कसुरबाट सफाइ पाउने ठहर्छ।

प्रतिवादी कुमारी तामाङले अदालतमा समेत पीडितले आफूलाई जिस्काउने गरेकोले वारदातको दिन खुर्पाले प्रहार गरेकी हुँ भनि सावित भएको र पीडितको घाउ जाँच केस फाराममा Blunt force Injury रहेको देखिएका अवस्था प्रस्तुत वारदात मुलुकी अपराध संहिताको परिच्छेद १४ ले व्यवस्था गरेको तथा दफा १९२ बमोजिमको अंगभंग बाहेकको प्रकृतिको सामान्य कुटपिट तर्फको वारदात देखिन आएकोमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२ मा सरकारबादी भई दायर भएको कुनै मुद्दा कारवाही हुँदा अनुसूची १ वा २ भित्र नपर्ने देखिएको तर कानूनबमोजिम अन्य कुनै मुद्दा चल्न सक्ने देखिएमा अदालतले सोही आदेश गरी सरोकारवाला व्यक्तिलाई त्यसको सूचना दिई निजलाई वादी पक्ष कायम गरी कारबाही किनारा गर्नुपर्नेछ भन्ने संहिताको व्यवस्था गरेको देखिँदा सोही व्यवस्था अन्तर्गत प्रस्तुत मुद्दा दुनियाबादीमा परिणत हुने ठहर्छ।

## २५. सन्देशलाबुङ सुब्बाको जाहेरीले नेपाल सरकार वि. महेश बखती (मु.नं. ०७८-C१-०४८३)

**अभियोग मागदावी**

प्रतिवादी महेश बखतीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) बमोजिमको कसुर अपराधमा सोही संहिताको दफा १८३ को उपदफा (२) बमोजिम सजाय हुन तथा मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम जाहेरवाला घाइतेको हालसम्मको उपचार खर्चमा लागेको रु. १,९२,४९० (एक लाख बयानब्बे हजार चार सय नव्वे रुपियाँ) र यसपछि पनि पीडित पक्षले उपचार खर्चको बिल पेश गरेमा सो बमोजिमको रकमसमेत निज प्रतिबादी महेश वखतीबाट घाइतेहरुलाई दिलाई भराइ अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसुरदारबाट पीडित राहत कोषमा क्षतिपूर्ति शुल्क जम्मा गराइ पाउँ भन्ने बेहोराको अभियोगपत्र।

**थुनछेक आदेश**

तत्काल प्राप्त प्रमाणबाट प्रतिवादी महेश बखती निर्दोष रहेछन् भनी अहिले नै भन्न सकिने अवस्था नभए तापनि निजलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्नेसम्मको अवस्था नदेखिँदा पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ७२ बमोजिम प्रतिवादी महेश बखतीबाट रु.२,००,०००।- नगद धरौट वा जमानत वा बैंक जमानत लिई पुर्पक्षका लागि तारिखमा राख्नु। सो धरौट वा जमानत नदिए निजलाई थुनामा राख्नु भन्ने अदालतको आदेश।

**अदालतको ठहर**

उपरोक्त विवेचित आधार प्रमाण, प्रतिवादी स्वयंको वयान वादी नेपाल सरकारको साक्षीहरुको बकपत्र, दावी लिएको कानूनी व्यवस्था तथा प्रतिवादीलाई पीडितलाई मार्नुपर्नेसम्मको पूर्व रिसईवी भई मार्नुपर्ने नियत नभएको समेत अवस्थामा प्रस्तुत मुद्दामा प्रतिवादीलाई शंकाको भरमा ज्यान मार्ने उद्योग जस्तो गम्भीर अपराधमा सजाय गर्न मिलेन। तसर्थ प्रस्तुत मुद्दामा प्रतिवादी महेश बखतीले वादी नेपाल सरकारको अभियोग दावीबाट सफाइ पाउने ठहर्छ।

उपरोक्त विवेचित आधारमा पीडितको शरीरमा चोटपटक देखिएको, प्रस्तुत मुद्दाको सवुत प्रमाण, मुद्दाको प्रकृति, अवस्थासमेत हेर्दा प्रस्तुत मुद्दामा कुटपिट गरेको अवस्थासमेत विद्यमान रहेको देखिँदा र उक्त कार्य सरकारवादी फौजदारी मुद्दा नभई दुनियावादी मुद्दा भएकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२ बमोजिम प्रस्तुत मुद्दाको पीडितलाई सूचना दिई निजलाई वादी पक्ष कायम गरी उपस्थित भए प्रस्तुत मुद्दाको मिसिलबाट कानूनबमोजिम कारबाही र किनारा गर्न नियमानुसार पेश गर्नु।

## २६. सुनिल परियारको जाहेरीले नेपाल सरकार वि. विनोद तामाङ्ग (मु.नं.०७८-८१-०४२७)

**अभियोग मागदावी**

जाहेरवाला तथा घाइते सुनिल परियारलाई प्रतिवादी विनोद तामाङले मिति २०७८/०५/३१ गते अं. १५:३० बजेको समयमा जिल्ला काठमाडौं का.म.न.पा.वडा नं. २६ मित्रनगर स्थित तनहुँ खाजा घरमा ज्यान लिने मनसाय राखी धारिलो हतियार चक्कुले घाटीमा प्रहार गरी सख्त घाइते बनाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) बमोजिमको कसुर गरेको हुँदा सो कसुरमा निज प्रतिवादी विनोद तामाङलाई सोही संहिताको दफा १८३ को उपदफा (२) बमोजिम सजाय गरी मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम पीडित घाइतेलाई क्षतिपूर्ति दिलाई अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसुरदारबाट पीडित राहत कोषमा क्षतिपूर्ति शुल्क जम्मा गराइ पाऊँ भन्ने समेत बेहोराको वादी नेपाल सरकारको अभियोगदावी।

**थुनछेक आदेश**

प्रतिवादीलाई मुद्दा पुर्पक्षको लागि थुनामा राख्ने गरी यस अदालतबाट मिति २०७८/०६/१५ मा भएको थुनछेक आदेश।

**अदालतको ठहर**

प्रतिवादी विनोद तामाङ उपर मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) अर्थात कसैले कसैको ज्यान मार्ने नियतले त्यसको उद्योग गर्न हुँदैन भनी ज्यान मार्ने उद्योगको कसुरको दावी लिई ऐ. को दफा १८३ को उपदफा (२) बमोजिमको सजाय गरिपाउँ भन्ने अभियोग दावी रहे पनि प्रतिवादी र पीडितबिच पूर्व रिसइवी रहेको देखिएन। पीडितको घा जाँच केस फाराम हेरिएकोमा पीडितको घाँटीमा केही चोट पटक देखिए पनि पीडित पर्नेसम्मको अवस्था रहेको स्थिति पनि देखिँदैन। पूर्व चिनजान रहेका जाहेरवालासँग चुरोट छ छैन भनि प्रतिवादीले मागेकोमा केही क्षणपछि सोही समयमा जाहेरवाला एक्कासी आई अघि किन अपशब्द प्रयोग गरी गालीगलौज गरेको भनि आफूलाई कुटपिट गर्न थालेपछि एकाएक उठेको झगडाको रिसको आवेशमा जाहेरवालाको घाटीमा एक पटक चक्कुले प्रहार गरेको हो भन्ने प्रतिवादीको स्वीकारोक्ति रही पीडितलाई परेको घा चोटको अवस्था पीडित र प्रतिवादीबिच पूर्व रिसइवी नरहेको, पीडितलाई प्रतिवादीले मार्नुपर्नेसम्मको मनसाय मिसिल संलग्न तथ्यबाट नखुलेको अवस्थामा प्रतिवादीलाई पीडितले गालीगलौज गरेबाट प्रतिवादीमा एकाएक उठेको रिसको आवेशमा पीडित उपर प्रहार गरी घटना घट्न गएको अवस्था हुँदा प्रतिवादी विनोद तामाङले मुलुकी अपराध संहिता, २०७४ को दफा १९४ को उपदफा (१) को (ग) बमोजिमको कसुरसम्म गरेको ठहर्छ।

प्रतिवादी विनोद तामाङलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १९४ को उपदफा (१) को (ग) बमोजिमको कसुर ठहर भएकोमा निजलाई के कति सजाय हुने भन्ने सम्बन्धमा विचार गर्दा ऐ. को दफा १९४ (१) ले एक वर्षसम्म कैद वा दश हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुने कानूनी व्यवस्था देखिँदा पीडितको शरीरमा परेको घाउ चोटको अवस्था, प्रतिवादीले पीडित उपर घा चोट पुऱ्याउन प्रयोग गरेको हतियार, प्रतिवादीले हतियार प्रयोग गरी पीडित उपर घाउ चोट पुर्‍याएको तथ्य स्वीकारी न्यायिक प्रकृयालाई सहजीकरण गरेका, पहिलो पटक कसुर गरेका, कसुर गरेकोमा प्रायश्चितसमेत गरेको देखिँदा प्रतिवादी विनोद तामाङलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १९४ को उपदफा (१) बमोजिम १ (एक) वर्ष कैद हुने ठहर्छ।

प्रतिवादी र पीडितबिच पूर्व रिसइवी नरही पीडितको अवस्था मर्नेसम्मको नदेखिँदा मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) को कसुरमा ऐ. को दफा १८३ को उपदफा (२) बमोजिम सजाय गरिपाउँ भन्ने सो हदसम्मको आरोपित कसुरबाट प्रतिवादी विनोद तामाङले सफाइ पाउने ठहर्छ।

## २७. मिन्ला राईको जाहेरीले नेपाल सरकार वि.चन्द्र बहादुर मगर (मु.नं.०७८-C१-०७००)

**अभियोग मागदावी**

प्रतिवादी चन्द्र आले मगर भन्ने चन्द्र बहादुर मगरले गरेको उल्लिखित कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) बमोजिम कसुर भएको हुँदा निजलाई सोही संहिताको दफा १८३ को उपदफा (२) बमोजिम सजाय हुन मागदावी लिएको छ। साथै मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम जाहेरवाला घाइते मिन्ला राईले निवेदनसाथ पेश गरेको बिल बमोजिम रु.६,३०७।- तथा उपचारमा लाग्न सक्ने थप खर्चसमेत प्रतिवादीबाट दिलाई भराइ पाउँ भन्ने समेत बेहोराको मिति २०७८।७।३० को अभियोगपत्र।

**थुनछेक आदेश**

प्रतिबादीलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्नेसम्मको अवस्था नदेखिँदा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई रु. १,५०,०००।- नगद धरौट वा सो वापतको जेथा जमानत वा बैंक जमानत दिए लिई तारेखमा राख्नु, नदिए थुनुवा पुर्जी दिई केन्द्रीय कारागार कार्यालयमा थुनामा राख्न पठाउनु। प्रतिबादी चुक्ता भइसकेको देखिँदा बादी नेपाल सरकारका साक्षी जिल्ला सरकारी वकिल कार्यालय मार्फत र प्रतिवादीका साक्षी निजै मार्फत झिकाई बकपत्रको लागि उपस्थित गराइ नियमानुसार पेश गर्नु भन्ने समेत बेहोराको मिति २०७८।८।१ को आदेश।

**<u>अदालतको ठहर</u>**

उल्लिखित तथ्य, प्रमाण र कानूनी व्यवस्थासमेतको विवेचित आधारमा घाइते मिन्ला राईको टाउकोमा लागेको चोट सामान्य प्रकृतिको भन्ने देखिई मानिस मर्नेसम्मको अवस्था नदेखिएको र ज्यान मार्ने मनसायबाट योजना र तयारी साथ प्रतिवादीले सो कार्य गरेको भन्ने पुष्टि हुन नआएकोले प्रतिबादी उपर ज्यान मार्ने उद्योगको कसुर ठहर गरिपाउँ भन्ने समेत वादी नेपाल सरकारको अभियोग दावी पुग्न सक्दैन। घाइते जाहेरवालालाई डिउको बोतलबाट चोट प्रहार गरेको तथ्यलाई प्रतिबादीले अदालतको वयानमा समेत स्वीकार गरेको र तत्कालको गम्भीर उत्तेजना र रिसको आवेगमा आई प्रतिवादीले उक्त चोट प्रहार गरेको कारण जाहेरवालालाई अंगभंग बाहेकको अन्य किसिमले चोट पुऱ्याएको घटना वारदात स्थापित भएको हुँदा प्रतिबादी चन्द्र आले मगर भन्ने चन्द्रबहादुर मगरले मुलुकी अपराध संहिता, २०७४ को दफा १९४(१) बमोजिमको कसुर गरेको ठहर्छ। सो ठहर्नाले घटना प्रकृति र प्रतिवादीको मानसिक अवस्थासमेतलाई दृष्टिगत गरी निज प्रतिबादीलाई ऐजन दफा १९४(१) बमोजिम २० (बिस) दिन कैद र रु.१०,०००।- (दश हजार जरिवाना हुने ठहर्छ। साथै उपचारमा खर्च भएको रु.६.३०७।- समेत क्षतिपूर्ति वापत ऐजन दफा १९८ बमोजिम प्रतिबादीवाट जाहेरवालीले रु.३०,०००।- (तिस हजार) भराइ लिन पाउने ठहर्छ।

त्यस्तै, अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम हुने क्षतिपूर्ति शुल्क रु.४००।- प्रतिवादीबाट असुल गरी पीडित राहत कोषमा जम्मा गर्नु।

## २८. माधव प्रसाद आचार्यको जाहेरीले नेपाल सरकार वि. मनिष आचार्य (मु.नं.०७८-C१-०९२१)

### अभियोग मागदावी

प्रतिवादी मनिष आचार्यले मिति २०७८।०८।१७ गते विहान अं.०९:०० बजेको समयमा काठमाडौं जिल्ला तारकेश्वर नगरपालिका वडा नं. १० मनमैजु स्थित जाहेरवाला स-परिवार घर कोठामा भए/रहेको अवस्थामा प्रतिवादी मनिष आचार्यले सामान्य घरायसी कुराको विवादमा जाहेरवाला माधव प्रसाद आचार्यलाई कुटपिट गरी मनिषा आचार्यलाई ज्यान मार्ने मनसायले धारिलो बस्तु सिसाले प्रहार गरी टाउको, बायाँ हातको नाडी तथा बायाँ खुट्टामा समेत गहिरो घाउ चोट अशक्त घाइते बनाएको देखिन आएको हुँदा निज प्रतिवादी मनिष आचार्यको उक्त कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ (१) बमोजिमको परिभाषित र निषेधित कसुर गरेको स-प्रमाण पुष्टि हुन आयो। अतः उल्लिखित प्रतिवादी मनिष आचार्यको उक्त कसुर मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) बमोजिमको परिभाषित र निषेधित कसुर अपराध भएको हुँदा निज प्रतिबादी मनिष आचार्यलाई सोही संहिताको दफा १८३ को उपदफा (२) बमोजिम सजाय हुन र मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम प्रतिवादीबाट पीडित घाइतेको उपचारमा लागेको रकम रु. १६,५१०।- दिलाई भराइ दिनुहुनका साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसुरदारबाट पीडित राहत कोषमा क्षतिपूर्ति शुल्क जम्मा गराइ पाउन मागसहितको अभियोग दावी।

### थुनछेक आदेश

मिसिल संलग्न तत्काल प्राप्त प्रमाणको आधारमा यी प्रतिवादी मनिष आचार्य अभियोग दावी बमोजिमको कसुरमा निर्दोष रहेछन् भनी अहिले नै भन्न सकिने अवस्था देखिन आएन। तसर्थ, पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल निज प्रतिवादी मनिष आचार्यबाट मुद्दा पुर्पक्षको लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र दफा ७२(१) बमोजिम नगद रू.२०,०००/- (बिस हजार रुपियाँ) धरौट वा सो बराबरको जेथा जमानत वा बैंक जमानत माँग गरिदिए निज प्रतिवादीलाई धरौटी तारेखमा राख्नु र नदिए वा दिन नसके कानूनबमोजिमको सुविधा पाउने गरी सोही संहिताको दफा ८० नम्बरबमोजिम कारणसहितको थुनुवा पुर्जी दिई थुनामा राख्नको लागि स्थानीय कारागार कार्यालयमा पठाइदिने गरी सोही ऐनको दफा ७९ नम्बरबमोजिम आदेश गरिदिएँ।

**अदालतको ठहर**

जाहेरवालाको अदालतमा भएको बकपत्र बेहोरा, पीडितको बकपत्र बेहोरालगायत पीडितको घाउँ जाँच केस फाराममा उल्लिखित घाउँ चोटको विवरण एवं घाउँ जाँच केस फाराम गरी राय दिने विशेषज्ञ डा. रोशन कुमार चौधरीले अदालतमा गरेको बकपत्र बेहोरासमेतले पुष्टि गर्न सकेको देखिन आएन। अर्थात मिसिल संलग्न घाउ जाँच केस फाराम, विशेषज्ञ डाक्टरले अदालतमा गरेको वकपत्र, जाहेरवाला र पीडितको बकपत्र बेहोरा हेर्दा प्रतिवादीले ज्यान मार्ने मनसाय लिई पीडितलाई प्रहार गरेको देखिन आएन। प्रतिवादीले जोखिमी हतियारको प्रयोग गरेको पनि देखिएन। तसर्थ, पीडितको घाउ चोट विवरणसमेतलाई विचार गर्दा ज्यान मार्ने उद्योग तर्फको अभियोग दावी पुग्न नसक्ने ठहर्छ। मिसिल संलग्न उपलब्ध प्रमाणबाट प्रस्तुत वारदात मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १४ अन्तर्गत दफा १९१ बमोजिमको कुटपिटसम्बन्धी कसुर देखिन आएको हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२ बमोजिम कुटपिटसम्बन्धी कसुरमा मुद्दा सकार गर्ने प्रयोजनको लागि जाहेरवालालाई सो को सूचना दिनु भन्ने बेहोराको फैसला।

## २९. सुजु गिरीको जाहेरीले नेपाल सरकार वि. अम्बिका गिरी (मु.नं. ०७८-C१-०९३०)

**अभियोग मागदावी**

प्रतिवादी अम्बिका गिरीले मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) बमोजिम कसुर गरेको हुँदा प्रतिवादी अम्बिका गिरीले गरेको कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा निज प्रतिवादीलाई सोही संहिताको दफा १८३ को उपदफा (२) बमोजिम सजाय हुन साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसुरदारबाट पीडित राहत कोषमा क्षतिपूर्ति शुल्क जम्मा गराइ पाउँ भन्ने समेत बेहोराको अभियोगपत्र।

**थुनछेक आदेश**

प्रतिवादीले कसुरमा इन्कार भई मौकामा गरेको बयान कागज बेहोरा समर्थित हुने गरी यस अदालतसमेतमा बयान गरे तापनि, शरीरमा पेट्रोल छर्किएर आगो लागी घाइते बलराम गिरीको शरीर जलेकोमा विवाद नभएको, यी प्रतिवादीउपर निजले कसुर गरेको हो भनी निजकै छोरी सुजु गिरीले किटानी जाहेरी दिएको, जाहेरी बेहोरा समर्थित हुने गरी मौकामा घाइते बलराम गिरीले गरेको कागज, मौकामा बुझिएका टेकबहादुर बटुवालले जाहेरी बेहोरा समर्थित हुने गरी गरेको घट्ना विवरण कागजसमेतका तत्काल प्राप्त प्रमाणहरुसमेतको अध्ययनबाट यी प्रतिवादी कसुरदार होइनन् भन्ने अवस्था नदेखिएकोले पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम निज प्रतिवादी अम्बिका गिरीबाट निजले धरौटी

बापत नगद रु.१,००,०००/- (एक लाख रुपियाँ) वा सो बराबरको जमानत वा बैंक ग्यारेन्टी दिए लिई तारिखमा राख्नु दिन नसके मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८० बमोजिम थुनुवा पुर्जी दिई नियमानुसार सिदा खान पाउने गरी कारागार कार्यालय जगन्नाथदेवल काठमाडौंमा पठाइदिनु भन्ने समेत बेहोराको थुनछेक आदेश।

**अदालतको ठहर**

पीडितको घाउजाँच केस फाराममा उल्लेख भएको घाउचोटको अवस्था र प्रकृति एवम् प्रतिवादीको मौकाको र अदालतमा गरेको बयान बेहोरा, पीडित, घाइते तथा जाहेरवालाको बकपत्रको बेहोरा घट्नास्थल मुचुल्कासमेतको मिसिल संलग्न कागज प्रमाणका साथै आज इजलास समक्ष प्रतिवादी र घाइते स्वयम् उपस्थित भै आफ्नो श्रीमती प्रतिवादीलाई अभियोग दावीबमोजिम सजाय नहोस् भनी पीडित पति बलराम गिरीले अनुरोध गरे समेतको माथि उल्लिखित आधार कारणसमेतको मिसिल संलग्न कागज प्रमाणहरुबाट यो वारदात ज्यान मार्ने उद्योगको कसुर अन्तर्गतको कार्य देखिन आएन। प्रस्तुत वारदात मुलुकी अपराध संहिता, २०७४ को दफा १९१ (२) (क) अन्तर्गतको कुटपिटको वारदातसम्म देखिन आई मुलुकी फौजदारी कार्यविधिसंहिता, २०७४ को अनुसूची ४ अन्तर्गतको पर्ने देखिएकोले प्रस्तुत अभियोग दावीको मुद्दाबाट प्रतिवादीलाई कसुर ठहर गरी सजाय गर्न मिलेन। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२ बमोजिम यो फैसलाको सूचना जिल्ला सरकारी वकिलको कार्यालय, काठमाडौं मार्फत जाहेरवालालाई दिई निजले मुद्दा सकार गर्न आएमा निजलाई वादी पक्ष कायम गरी यसै मिसिलबाट मुद्दाको कारवाही प्रक्रिया अघि बढाउने ठहर्छ।

## ३०. निता राईको जाहेरीले नेपाल सरकार वि. उमेश थापा (मु.नं. ०७८-C१-०९६०)

**अभियोग मागदाबी**

प्रतिवादीले धारिलो हतियार प्रहार गर्दा कसैको ज्यानै जान्छ भन्ने थाहा हुँदाहुँदै धारिलो हतियार बन्चरोले सुदिप राईको सम्बेदनशील अंग टाउकोमा प्रहार गरेपश्चात् घाइतेको उपचारका लागि कुनै तत्परता नदेखाई घटनास्थलबाट भागेको तथा वारदातपश्चात् प्रहरी कर्मचारी तथा अन्य मानिसहरुको सहयोगमा अस्पताल पुऱ्याइ समयमा उपचार पाएकोले घाइतेको ज्यान बच्न गएको हुनाले यी प्रतिवादी उमेश थापा मगरले योजना बनाई ज्यानै मार्ने उद्देश्यले घाइतेको टाउकोमा बन्चरोले प्रहार गरी ज्यान मार्ने उद्योगको कसुर वारदात गरेको तथा निज प्रतिवादीहरुले गरेको उल्लिखित कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा निज प्रतिवादीलाई सोही संहिताको दफा १८३ को उपदफा (२) बमोजिम सजाय गरिपाउँ भन्ने समेत बेहोराको वादी नेपाल सरकारको अभियोग दाबी।

**थुनछेक आदेश**

प्रतिवादीले अदालत एवं अनुसन्धानको क्रममा गरेको वयान बेहोरा, किटानी जाहेरी दरखास्त, घटना विवरण कागज गर्ने मानिसहरुको भनाई बेहोरा, घाउजाँच केस फारामलगायतका मिसिल संलग्न कागजातहरुसमेतका तत्काल प्राप्त प्रमाणको आधारमा यी प्रतिवादी कसुरदार होइनन् भन्न सकिने अवस्था नदेखिँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल यी प्रतिवादी उमेश थापा मगरलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७(१) (ख) बमोजिम पुर्पक्षको लागि सिदा खान पाउने गरी थुनामा राख्न थुनुवा पुर्जी दिई कारागार कार्यालय जगन्नाथदेवलमा पठाई दिनु भन्ने समते बेहोराको यस अदालतको मिति २०७८/९/१६ गतेको थुनछेक आदेश।

**अदालतको ठहर**

जाहेरवालीले प्रतिवादीलाई किटानी जाहेरी दिएको र पीडितले घटना विवरण कागज गरिदिएको कारण प्रस्तुत मुद्दा अनुसन्धान भई दायर भएको, वारदात स्थलबाट वन्चरो फेला परेको, पीडित सुदिप राईसमेतले घेरा हाली कुटपिट गरेकोले रिस उठी निजहरुलाई हान्न कुटीमा भएको वन्चरो ल्याएको भनि प्रतिवादीले अदालतमा समेत वयान गरेको र पीडितको टाउकोमा ८-९cm को Sharpe Force Injury भएको देखिएको अवस्थामा निज प्रतिवादीले पीडितलाई मार्ने नियतले झगडापश्चात् बन्चरो ल्याएको होइन भन्न सकिएन र जाहेरवाला तथा पीडितले अनुसन्धानमा गरेको बकपत्रभन्दा अदालतमा पृथक बकपत्र गरेको देखिन्छ। अनुसन्धान र अदालतमा पृथक बकपत्र गर्ने वादी नेपाल सरकारका साक्षी पीडित तथा जाहेरवालालाई प्रस्तुत मुद्दामा सजाय निर्धारण हुँदा के कति सजाय गर्ने भन्ने सम्बन्धमा बोलिने नै छ। अतः प्रतिवादी उमेश थापा मगरले पीडित सुदिप राईलाई ज्यान मार्ने नियतले वन्चरो प्रहार गरी घाइते बनाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) बमोजिमको ज्यान मार्ने उद्योगको कसुर गरेको ठहर्छ।

**सजाय निर्धारण**

निर्णय तर्फ विचार गर्दा मिति २०७८/१२/२४ को कसुर ठहर आदेशबमोजिम प्रतिवादी उमेश थापा मगरले मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) बमोजिम जाहेरवालाको छोरा पीडित सुदिप राईलाई ज्यान मार्ने उद्योगको कसुर गरेको ठहर भएको छ। उपर्युक्त कसुर गर्ने प्रतिवादीलाई सोही संहिताको दफा १८३ को उपदफा (२) बमोजिम दश वर्षसम्म कैद र एक लाख रुपियाँसम्म जरिवाना हुने कानूनी व्यवस्था रहेको देखिन्छ। उपर्युक्त कानूनी व्यवस्था र प्रतिवादीले गरेको कसुरको मात्रालाई विचार गरी सजाय निर्धारण गर्ने सन्दर्भमा प्रतिवादीले गरेको कसुरको मात्रा हेर्दा मिति २०७८/८/१७ गते दिनको १४.३० बजेको समयमा घरबाट बालाजु पार्कमा निस्केका प्रतिवादी र पीडितसँग झगडा भएपश्चात् प्रतिवादीले बालाजु

बाइसधाराको टहरोमा रहेको बन्चरो उठाई पीडितलाई प्रहार गर्न गएको उक्त बन्चरो प्रहारबाट पीडितलाई गम्भीर चोटपटक लागेको देखिँदा प्रतिवादीलाई उपर्युक्त कानूनी व्यवस्थाबमोजिमको न्यूनतम सजाय गर्न मिलेन परन्तु प्रतिवादीको उमेर २७ वर्षको रहेको निज पटके कसुरदार नरहेको र पीडित सुदिप राई आफै प्रतिवादीसँग झगडा गरेको अवस्थामा प्रस्तुत वारदात भएको देखिएको हुँदा निज प्रतिवादीलाई उपर्युक्त कानूनी व्यवस्थाबमोजिमको अधिकतम सजाय गर्न पनि मनासिव देखिएन। तसर्थ प्रतिवादी उमेश थापा मगरलाई ऐ, कानूनी व्यवस्थाबमोजिम २ (दुई) वर्ष कैद र रु.२०,०००/- (बिस हजार) रुपियाँ जरिवाना गरी निजबाट अपराध पीडित संरक्षण ऐन २०७५ को दफा ४१ बमोजिमको शुल्क पीडित राहत कोषमा दाखिला गराइ दिएमा मनासिब हुने देखियो।

अब प्रतिवादी उमेश थापा मगरले ज्यान मार्ने नियतले बन्चरोले प्रहार गरेको भनि जाहेरवाली निता राइले दिएको जाहेरी र पीडितले गरेको घटना विवरण कागजबाट प्रस्तुत मुद्दाको अनुसन्धान सुरु भएको तर निजहरुले अदालतमा उपस्थित भई बकपत्र गर्दा सुरुको जाहेरी तथा कागज विपरीत बकपत्र गरी कसुरदारलाई बचाउने उद्देश्य राखेको कुरा निजहरुले अदालतमा गरेको बकपत्रबाट देखिएको हुँदा यसरी अदालत र अनुसन्धानमा पृथक बकपत्र गर्ने वादीका साक्षीहरू जाहेरवाला निता राई र पीडित सुदिप राईलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४४ को उपदफा (२) को (क) बमोजिम जनही रु.३,०००/- (तीन हजार रुपियाँ जरिवाना गर्नुपर्ने हुन आयो।

अतः प्रतिवादी उमेश थापा मगरलाई मुलुकी अपराध संहिता २०७४ को दफा १८३(२) बमोजिम २ (दुई) वर्ष कैद र रु.२०,०००/- (बिस हजार) रुपियाँ जरिवाना भई निजबाट अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिमको शुल्क पीडित राहत कोषमा दाखिला गराउने अनुसन्धान र अदालतमा पृथक वकपत्र गर्ने जाहेरवाला निता राई र पीडित सुदिप राईलाई। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४४ को उपदफा (२) को (क) बमोजिम जनही रु.३,०००/- तीन हजार रुपियाँ जरिवाना हुने ठहर्छ भन्ने बेहोराको फैसला।

## ३१. कमलप्रसाद पराजुलीको जाहेरीले नेपाल सरकार वि. बिकल जंग शाहीसमेत (मु.नं. ०७८-C१-१३५६)

**अभियोग मागदावी**

प्रतिवादीहरु बिकल जंग शाही, सम्राट श्रेष्ठ र सज्जन वि.क. ले मिति २०७८।१०।२६ गते दिउँसो अं. १४:३० बजेको समयमा का.जि. का.म.न.पा वडा नं. १३ सोल्टीमोड स्थित नेशनल लाइफ इन्स्यूरेन्स अगाडि सडकमा जाहेरवाला कमल प्रसाद पराजुलीलाई मार्ने नै नियतले हानेकोले

निज प्रतिवादीहरुको उक्त कसुर मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) बमोजिम परिभाषित र निषेधित कसुर अपराध भएको हुँदा निज प्रतिवादीहरु बिकल जंग शाही र सम्राट श्रेष्ठलाई सोही संहिताको दफा १८३ को उपदफा (२) बमोजिम सजाय अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसुरदारबाट पीडित राहत कोषमा क्षतिपूर्ति शुल्क जम्मा गराइ पाउँ भन्ने समेत बेहोराको अभियोगपत्र।

**थुनछेक आदेश**

प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी यी हाललाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम प्रतिवादीहरु बिकल जंग शाही र सम्राट श्रेष्ठबाट जनही रु.२०,०००|– (बिस हजार) बराबरको नगद धरौटी, जमानत वा दिए तारेमा राख्नु दिन नसके थुनामा राख्न कारागार कार्यालयमा पठाइदिनु भन्ने समेत बेहोराको आदेश।

**अदालतको ठहर**

यी प्रतिवादीहरु उपर किटानी जाहेरी परी जाहेरवाला कमल प्रसाद पराजुलीले यी प्रतिवादीहरु विकलजंग शाही, सम्राट श्रेष्ठ र सजल बि.क. भएर चक्कु कैचीले मेरो टाउँकोमा कानमा प्रहार गरेको हो भनी गरेको बकपत्र, जाहेरवालासँग हातपात तथा धकलपकल भएको र सजल बि.क.ले कैचीले पछाडीबाट जाहेरवालाको टाउँकोमा प्रहार गरेको हो भनी प्रतिवादीहरुले गरेको बयान बेहोराका साथै पीडित जाहेरवालको घाँउजाँच केस फाराममा Type Of Injury: Minor head injury भनी उल्लेख भएको समेतको मिसिल संलग्न कागज प्रमाणहरुबाट यी प्रतिवादीहरुको जाहेरवालालाई मार्नुपर्नेसम्मको कुनै रिसइवी भएको नदेखिनुका साथै मार्ने योजना बनाई मार्ने मनसायले आक्रमण गरेको नभई केटीको विषयमा वादविवादको क्रममा तत्काल रिस उठी हातपात कुटपिटसम्म गरेको देखिँदा प्रस्तुत वारदात मुलुकी अपराध संहिता, २०७४ को दफा १९१(२) (क) अन्तर्गतको कुटपिटको वारदात देखिन आई मुलुकी अपराध संहिता, २०७४ को अनुसूची ४ अन्तर्गतको दुनियावादी भै चल्ने फौजदारी मुद्दा अन्तर्गत पर्ने देखिएकोले प्रस्तुत मुद्दाबाट प्रतिवादीलाई कसुर ठहर गरी सज़ाय गर्न मिलेन। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२ बमोजिम यो फैसलाको सूचना जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौं मार्फत जाहेरवालालाई सूचना दिई निजले मुद्दा सकार गर्न आएमा निजलाई वादी पक्ष कायम गरी यसै मिसिलबाट मुद्दाको कारवाही प्रक्रिया अघि बढाउने ठहर्छ भन्ने बेहोराको फैसला।

## ३२. दिलबहादुर दमाईको जाहेरीले नेपाल सरकार वि. राजु विश्वकर्मा (मु.नं. ०७६-C१-०४६४)

**अभियोग मागदावी**

प्रतिवादी राजु विश्वकर्मा उपर मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) बमोजिमको कसुर अपराधमा सोही संहिताको उपदफा (२) बमोजिम कैद र जरिवाना गरी मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम घाइतेलाई मनासिव क्षतिपूर्ति भराइ पाउँ भन्ने समेत बेहोराको बादी नेपाल सरकारको अभियोग मागदाबी।

**थुनछेक आदेश**

मिसिल संलग्न कागज प्रमाणका आधारमा पछि बुझिएसम्मका प्रमाणबाट ठहरेबमोजिम हुने गरी मुद्दा पुर्पक्षका लागि हाल यी प्रतिवादी राजु विश्वकर्मालाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम थुनामा राख्न ऐ. को दफा ८० बमोजिम थुनुवा पुर्जी दिई स्थानीय कारागार कार्यालय भद्रपुर झापामा पठाइदिनु भन्ने मिति २०७६।१२।४।३ को थुनछेक आदेश।

**अदालतको ठहर**

प्रतिवादी राजु विश्वकर्माले आरोपित कसुर स्वीकार गरी अधिकारप्राप्त अधिकारी र अदालतसमेतमा गरेको साबिती वयान, पीडित घाइतेको मिसिल संलग्न घाउजाँच केस फाराम बरामद भई आएको धारिलो हतियार चक्कु र वादीका साक्षीले अदालतमा आई गरेको बकपत्रसमेतका मिसिल संलग्न प्रमाणबाट अभियोग मागदावीबमोजिमको मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) बमोजिमको कसुर अपराध गरेको ठहर्छ।

**सजाय निर्धारण**

प्रतिवादी राजु विश्वकर्माको उमेर २३ वर्षको, ज्याला मजदुरीको काम गर्ने, घाइते र प्रतिवादीबिच जेठान ज्वाई नाता सम्बन्ध रहेको, निजहरुबिच वादविवाद झगडा भएको, जाहेरवाला र घाइते पटक पटक आदेश हुँदा समेत बकपत्रको लागि उपस्थित नभएको मिसिल संलग्न कागजातबाट देखिएको र प्रतिवादीले अदालतमा आई मेरो पत्नी मबाट छुटाएर लाँदा आवेशमा आई मैले छुरी प्रहार गरेको हुँ, ज्यान मार्ने नियतले चक्कु प्रहार गरेको होइन, मबाट गल्ती भयो अब आइन्दा गर्दिन भन्ने समेत बेहोरा उल्लेख गरी आरोपित कसुर गरेकोमा पश्चाताप गरी वयान गरेको देखिँदा प्रतिवादीलाई कानूनले तोकेको सजायमा न्यूनतम सजाय गर्दा समेत मकसद पूरा हुने देखिन्छ। तसर्थ, प्रतिवादी राजु विश्वकर्मालाई अभियोग मागदावीबमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) को ठहर भएको कसुरमा ऐ. संहिताको दफा १८३(२) बमोजिम २ वर्ष ४ महिना कैद र रु. २४,०००/- जरिवानाको सजाय हुने भई ऐ. संहिताको दफा १८६ बमोजिम प्रतिवादीबाट घाइतेले रु. २५,०००। क्षतिपूर्तिसमेत भराइ लिन पाउने ठहर्छ।

## ३३. अम्बिका गेलालको जाहेरीले नेपाल सरकार वि. पुण्य प्रसाद खनाल (मु.नं. ०७६-C१-०५३६)

**अभियोग मागदावी**

मिति २०७६।१२।२८ गते विहान १०:०० वजेको समयमा जिल्ला झापा अर्जुनधारा न.पा. वडा नं. ५ दहेल गाउँ स्थितमा प्रतिवादी पुण्य प्रसाद खनालले जग्गाको सिमानाका सम्बन्धमा भएको विवादको रिसईवी लिई सुपारीको बोटको निहुँमा जाहेरवालाको बहिनी शुभद्रा गेलाललाई धारिलो हतियार दाउले समेत प्रहार गरी गम्भीर घाइते बनाई ज्यान मार्ने उद्योगको वारदात घटाएको स-प्रमाण पुष्टि हुन आएको हुँदा प्रतिबादी पुण्य प्रसाद खनाल उपर मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) बमोजिमको कसुरमा ऐ. दफा १८३ को उपदफा (२) बमोजिम सजाय हुन तथा मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम प्रतिवादीबाट घाइतेलाई मनासिव क्षतिपूर्ति भराइ अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिमको क्षतिपूर्ति शुल्क पीडित राहत कोषमा जम्मा गरिपाउँ भन्ने बेहोराको अभियोग पत्र।

**थुनछेक आदेश**

प्रतिवादीले मौकामा र आज यस अदालतमा गरेको बयान, निज उपर परेको जाहेरी, घाइते लगायत मौकामा कागज गर्ने व्यक्तिले लेखाइदिएको बेहोरा घाउ जाँच केस फारामको रिपोर्टमा पीडितको शरीरमा लागेको चोटको अवस्था र बरामदित हतियारसमेतको मिसिल संलग्न तत्काल प्राप्त प्रमाणहरुका आधारमा यी प्रतिवादी कसुरदार रहेनछन् भनी हालै मान्न सकिने अवस्था विद्यमान नदेखिँदा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाललाई यी प्रतिवादी पुण्यप्रसाद खनाललाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७(१) बमोजिम थुनामा राख्न सोही संहिताको दफा ८० बमोजिमको थुनुवा पुर्जी दिई स्थानीय कारागार कार्यालयमा पठाइदिनु भनी सोही संहिताको दफा ७९ बमोजिम भएको थुनछेक आदेश।

**अदालतको ठहर**

घाइतेको घा जाँच केस फाराममा उल्लिखित घा चोटको अवस्थालाई हेर्दा Type of injury: Grievous, Healing wound with soft tissue deficit measuring 3cm*2.5cm is present over right forehead, Bandage applied over right middle finger, Bandage applied over left lower limb, the injury sustained by the examinee is Grievous in nature भनी उल्लेख भएको देखिन्छ भने घाइतेको घा जाँच गर्ने चिकित्सकले अदालतमा आई बकपत्र गर्दा उपचार नपाए घाइतेको मृत्युसम्म हुन सक्ने अवस्था रहेको भनी उल्लेख गरिदिएको देखिएबाट घाइतेको तत्कालको अवस्था गम्भीर रहेको भन्ने देखिन्छ। वारदात हुँदा घटनास्थलमै रहेका मानिस तसलिम महमदले समेत जग्गाको विषयमा विवाद हुँदा प्रतिवादी पुण्य प्रसाद खनालले घाइते शुभद्रा गेलाललाई धारिलो हतियार दाउले प्रहार

गरेको देखेको हुँ भनी लेखाइदिएको देखिन्छ। त्यसै गरी लक्ष्मी चौधरी र केसव गेलालले समेत घाइतेलाई प्रतिवादीले धारिलो हतियारले प्रहार गरी घाइते बनाएको भनी बकपत्रमा उल्लेख गरी दिएको अवस्था छ।

तसर्थ माथि उल्लिखित आधार प्रमाणहरुबाट प्रतिवादी पुण्यप्रसाद खनालले जाहेरवालाकी बहिनी शुभद्रा गेलाललाई धारिलो हतियारसमेतले प्रहार गरी घाइते बनाई ज्यान मार्ने उद्योग गरेको देखिँदा प्रतिवादी पुण्यप्रसाद खनालले मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) बमोजिम कसुर गरेको ठहर्छ।

**सजाय निर्धारण**

प्रतिवादी पुण्य प्रसाद खनाल र घाइते शुभद्रा गेलाल दुवै छिमेकी रहेको देखिन्छ। विवादित जग्गाको सिमानामा रहेको सुपारीको बोटको स्वामित्व सम्बन्धमा दुवै पक्षबिच विवाद रहेको अवस्था छ। सोही विवादित जग्गाको सुपारी झारेको विषयमा वादविवाद हुँदा प्रस्तुत वारदात घट्न पुगेको देखिन्छ। यसरी प्रतिवादीले कसुर गर्दाको अवस्था, परिस्थिति, घाइतेको शरीरमा लागेको घा चोटको अवस्था, वारदातको प्रकृति र कसुर र सजायको अनुपातसमेतलाई विचार गर्दा प्रतिवादी पुण्यप्रसाद खनाललाई मुलुकी अपराध संहिता २०७४ को दफा १८३(२) बमोजिम २ (दुई) वर्ष कैद र रु.२०,०००।- (अक्षरेपि बिस हजार रुपियाँ) जरिवाना हुने ठहर्छ।

वारदातबाट पीडितलाई पर्न गएको शारीरिक तथा मानसिक पिडा र घाइतेको उपचार गर्दा लागेको उपचार खर्चको रकमसमेतलाई विचार गर्दा प्रतिवादी पुण्यप्रसाद खनालबाट मुलुकी अपराध संहिता २०७४ को दफा १८६ बमोजिम घाइते शुभद्रा गेलाललाई रु.१,००,०००।- (एक लाख रुपियाँ) क्षतिपूर्ति भराइ दिने ठहर्छ।

अपराध पीडित संरक्षण ऐन २०७४ को दफा ४१ बमोजिम प्रतिवादी पुण्यप्रसाद खनालबाट रु.४०० (चार सय रुपियाँ) क्षतिपूर्ति शुल्क भराइ पीडित राहत कोषमा जम्मा गरिदिने समेत ठहर्छ।

## ३४. कमानसिंह लिम्बुको जाहेरीले नेपाल सरकार वि. सोनी टुडु (मु.नं. ०७७-C१-००१४)

**अभियोग मागदावी**

प्रतिवादी सोनी टुडुले मिति २०७७/०३/१७ गते राति अं. २१:३० बजेको समयमा जिल्ला झापा झापा गा.पा. वडा नं. २ सडकबारी स्थित मराङमई मर्डीको घर अगाडि आँगनमा शम्सेर लिम्बुलाई धारिलो हतियार बिलेटले घाँटी तथा छातीको अगाडिको यत्रतत्र भागहरुमा पटक पटक प्रहार गरी घाइते बनाई ज्यान मार्ने उद्योगको वारदात घटाएको हुँदा प्रतिबादी सोनी टुडु उपर मुलुकी अपराध

संहिता, २०७४ को दफा १८३ (१) बमोजिमको कसुरमा ऐ. दफा १८३ को उपदफा (२) बमोजिम सजाय हुने कसुरमा ऐ. संहिताको दफा १८३ को उपदफा (२) बमोजिम सजाय गरिपाउँ भन्ने समेत बेहोराको वादी नेपाल सरकारको अभियोग पत्र।

**थुनछेक आदेश**

मिसिल संलग्न तत्काल प्रमाणहरुबाट यी प्रतिवादी कसुरमा संलग्न रहेछन् भनी मान्न सकिने अवस्था नदेखिँदा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाललाई यी प्रतिवादी साइला भन्ने सोनी टुडुबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७२ समेतको आधार लिई ऐ दफा ६८ (१) बमोजिम रु.३,००,०००।- (रुपियाँ तीन लाख मात्र) नगद वा सो वरावरको जेथा जमानत दिए लिई सोही संहिताको दफा ७४ बमोजिम कागज गराइ तारेखमा राख्नु दिन नसके ऐ. संहिताको दफा ६८ (२) बमोजिम स्थानीय कारागार कार्यालयमा पठाइदिनु भन्ने समेत बेहोराको आदेशानुसार तोकिएको धरौटी दाखिला गर्न नसकी प्रतिवादी कारागार कार्यालय, झापामा थुनामा रहेको।

**अदालतको ठहर**

प्रतिवादीउपर घाइते शम्सेर लिम्बुलाई प्रतिवादीले ब्लेडले काटी ज्यान मार्ने उद्योग गरेको भन्ने किटानी जाहेरी रही उक्त जाहेरी बेहोरा समर्थन गरी जाहेरवालाले वकपत्र गरेको देखियो। प्रतिवादीले आफ्नो घाँटी र छातीको भागमा ब्लेडले काटेको भन्ने घाइते शम्सेर लिम्बुले मौकाको कागज समर्थन गरी अदालतमा वकपत्र गरेको देखियो। घाइतेको छाती तथा घाँटीमा ब्लेडको चोट रहेको, उक्त चोट गम्भीर रहेको भन्ने घा जाँच प्रतिवेदन रहेको देखियो। वारदात मिति समयमा मैले हल्ला खल्ला गरी मान्छे जम्मा भई प्रतिवादीलाई घाइतेवाट छुट्याएको हो भन्ने घटना विवरण मानिस चुन मुर्मुको वकपत्र, घाइतेलाई रक्ताम्य अवस्थामा देखेको भन्ने वस्तुस्थिति मुचुल्काका मानिस सुनिता सोरेन, भिम बहादुर खत्रीको वकपत्र रहेको पाइयो। उल्लिखित तथ्य प्रमाण तथा वारदातमा प्रयोग भएको हतियारको प्रकृति तथा रुप र प्रतिवादीले घाइतेलाई चोट पुऱ्याएको शरीरको भागको संवेदनशीलतासमेतबाट प्रतिवादीले रिसको आवेशमा मारी दिनुपऱ्यो भनी घाइतेको घाँटी तथा छातीको भागमा ब्लेडले काटेको प्रहार गरेको भनी गरेको मौकाको साविती वयान समर्थित भै प्रतिवादीले अभियोग दावीबमोजिम ज्यान मार्ने उद्योगको कसुर गरेको प्रमाणित हुँदा प्रतिवादी साइला भन्ने सोनी टुडुले अभियोग दावीबमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ (१) बमोजिम कसुर गरेको ठहर्छ।

**सजाय निर्धारण**

प्रतिवादी साइला भन्ने सोनी टुडुलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १५३(१) बमोजिमको कसुर गरेको ठहर भै निजलाई हुन सक्ने सजायका सम्बन्धमा विचार गर्दा, घाइतेको घाउ चोटहरु त्यस्तो खतराजनक देखिँदैन थियो, घाइतेको मर्ने खालको चोट थिएन भनी चिकित्सक डा.भवेस मल्लिकले अदालतमा बकपत्र गरेको, घाइतेको घा जाँचको प्रतिवेदन, चोट प्रहार गर्ने हतियारको प्रकृति, घाइते तथा प्रतिवादीको बयान कागजवाट खुलेको घटना वारदातको अवस्थासमेतका सजाय निर्धारणमा विचारणीय पक्ष तथा सजाय निर्धारणका उद्देश्यसमेतलाई दृष्टिगत गरी प्रतिवादी साइला भन्ने सोनी टुडुलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ (२) बमोजिम १ वर्ष कैद तथा दश हजार रुपियाँ जारिवाना हुने ठहर्छ। प्रतिवादीको आर्थिक अवस्थासमेतलाई विचार गरी प्रतिवादीबाट पीडित शम्सेर लिम्बुले रु. २५,०००।- (पच्चिस हजार) क्षतिपूर्ति बापतको रकम दिलाई भराइ पाउने ठहर्छ। साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(१) (२) बमोजिम हुन आउने क्षतिपूर्ति शुल्क रु.४००।- प्रतिवादीबाट भराइ पीडित राहत कोषमा दाखिला गराउने ठहर्छ।

## ३५. वालकृष्ण सुवेदीको जाहेरीले नेपाल सरकार वि. विनोद गिरी (मु.नं. ०७७-C१-००२८)

**अभियोग मागदावी**

प्रतिवादी विनोद गिरीले मिति २०७६।११।२८ गते अन्दाजी ११:४५ बजेको समयमा जिल्ला झापा कन्काई न.पा. वडा नं. १ स्थित यशोदा कार्कीले संचालन गर्ने चिया नास्ता पसलमा जाहेरवालाको छोरी रुपा सुबेदीलाई ज्यान मार्ने नियतले धारिलो हतियार खुकुरीले प्रहार गरी सख्त घाइते बनाई ज्यान मार्ने उद्योगको बारदात घटाएको स-प्रमाण पुष्टि हुने भएकोले प्रतिबादी विनोद गिरी उपर मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) बमोजिमको कसुरमा ऐ. दफा १८३ को उपदफा (२) बमोजिम सजाय हुन र घाइते रुपा सुवेदीको उपचारमा लागेको उपचार खर्चसमेतको मनासिव क्षतिपूर्ति मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम निज प्रतिवादीबाटै घाइतेलाई दिलाई भराइ पाउन साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ को उपदफा (१) र (२) बमोजिमको क्षतिपूर्ति शुल्क ऐ. उपदफा (३) बमोजिम प्रतिवादीबाट भराइ ऐ. उपदफा (५) बमोजिम पीडित राहत कोषमा जम्मा गरिपाउँ भन्ने मागदावीसहित वादी नेपाल सरकारको तर्फबाट दायर भएको अभियोगपत्र।

**थुनछेक आदेश**

मिसिल संलग्न तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादीलाई अहिले नै निर्दोष मान्न मिल्ने अवस्था विद्यमान नभए पनि पीडितको घाउ चोट सामान्य रहेको भन्ने समेत पीडितको घाउ चोटको अवस्था,

कसुरको प्रकृति स्वरुप हेर्दा मुद्दा पुर्पक्षको लागि प्रतिवादीलाई थुनामा नै राख्नुपर्ने मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ को अवस्था नदेखि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ को अवस्था विद्यमान देखिन गयो। तसर्थ पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा मुद्दा पुर्पक्षको लागि प्रतिवादी विनोद गिरीबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७२ समेतको आधार लिइ सोही संहिताको दफा ६८(१) बमोजिम रु.७५,०००/- (रुपियाँ पचहत्तर हजार मात्र) नगद धरौट वा सो बराबरको जेथा जमानत दिए लिइ सोही संहिताको दफा ७४ बमोजिम कागज गराइ तारेखमा राख्नु। दिन नसके सोही संहिताको दफा ६८ (२) बमोजिम कानूनबमोजिमको सिदा खान पाउने गरी थुनामा राखी मुद्दा पुर्पक्ष गर्नका लागि सोही संहिताको दफा ८० वमोजिम थुनुवा पुर्जी दिई स्थानीय कारागार कार्यालय भद्रपुर झापामा पठाइदिनु। वादी प्रतिवादीका साक्षी बुझ्न इजलास समक्ष पेश गर्नु। बरामद खुकुरी जिन्सीमा आम्दानी बाँधी सुरक्षित राख्नु भन्ने मिति २०७७।४।१३ मा भएको आदेश आदेशानुसार प्रतिवादीले उल्लिखित धरौट राख्न नसकी थुनामा रहेको।

**अदालतको ठहर**

यी प्रतिवादीले घाइतेलाई खुकुरी प्रहार गरी घाँटीलगायतका भागमा घाउ भएको भन्ने किटानी जाहेरी छ। यी प्रतिवादीले म चिया पसलमा बसिरहेको अवस्थामा खुकुरीले घाँटी, छातीलगायतमा प्रहार गरी सख्त घाइते बनाएको भन्ने घाइते रुपा सुवेदी, जानुका सुवेदीको कागज देखिन्छ। सोही बेहोराको कागज घटना विवरणका विचारी गिरी, वस्तुस्थिति मुचुल्काका ओमकान्त अर्यालसमेतले लेखाइदिएको पाइन्छ। घाइते रुपा सुवेदी, जाहेरवाला, घटना विवरणका जानुका गिरी, विचारी गिरीसमेतले खुकुरीले प्रहार गरी रुपा सुवेदी, जानुका सुवेदीसमेतलाई घाइते बनाएका हुन् भनी वकपत्र गरेको अवस्था छ। घाइतेको घाँटीसमेतमा घाउ चोट रहेको घा जाँच प्रतिवेदनमा उल्लेख भएको पाइन्छ। घटनास्थलबाट खुकुरी बरामद भएको अवस्था छ। प्रतिवादीले अनुसन्धानको क्रममा र अदालतमा समेत वरामद खुकुरीको पछाडिबाट घाइते रुपालाई प्रहार गरेको हो। निज घाइतेका बाबु ससुरा, सासु, पत्नीसमेत सँग पैसाको वारेमा विवाद भएको थियो भनी वयान गरेको अवस्था छ। घाउको अवस्था सामान्य भए पनि यी प्रतिवादीले घाइतेलाई मार्नेसम्मको मनसाय रहेको भन्ने प्रहार भएको हतियार र पैसाको विषयसमेत पूर्व रिसइवीसमेतबाट पुष्टि भएको छ। अतः उल्लिखित विवेचित आधार कारण र प्रमाणबाट यी प्रतिवादीले घाइतेलाई खुकुरी प्रहार गरी अभियोग दावीको ज्यान मार्ने उद्योगको कसुर गरेको ठहर्छ।

**सजाय निर्धारण**

सजाय निर्धारण तर्फ बिचार गर्दा, यी प्रतिवादी र पीडिता पति पत्नी एवं साली नाताका भइ घरायसी विवादका कारण वारदात भएको पाइन्छ। प्रतिवादीले खुकुरीले पीडितालाई प्रहार गरेको देखिन्छ सजाय निर्धारणका लागि विचार गर्दा कसुरदारलाई अपराध गर्न हत्तोत्साह गर्ने, कसुरदारलाई दण्डको माध्यमबाट समाजमा पुनःस्थापना गर्ने, पीडितलाई राहत र पुनःस्थापना गर्ने यसका उद्देश्यहरुमाथि विचार गर्नुपर्ने हुन्छ। कसुरको मात्राअनुसार सजाय निर्धारण गर्ने, कसुरको समानुपातिकभन्दा वढी हुने गरी सजाय निर्धारण नगर्ने, कसुरको प्रकृति, स्वरुप, अवस्था प्रतिवादीको विगतको चरित्र, पहिले कसुर गरे नगरेको समेतलाई सजाय निर्धारण गर्दा विचार गर्नुपर्छ भन्ने दण्डका सामान्य सिद्धान्तहरु रहेका छन् जुन उल्लिखित ऐनले समेत आत्मसात गरेको पाइन्छ।

प्रस्तुत मुद्दामा आफ्नै पत्नी पति सासु, ससुरा, सालीबिचमा घरायसी विवाद भएको र यी प्रतिवादीले खुकुरीको उल्टोपट्टिबाट प्रहार गरी समान्य घाउ चोट लागेको अवस्थामा छुट्टै सजाय निर्धारणको प्रतिवेदन प्राप्त नभए पनि न्यूनतम सजाय गर्दा समेत दण्डको उद्देश्य पूरा हुने देखिन्छ। तसर्थ अपराधको प्रकृति, स्वरुपसमेतलाई विचार गरी निज प्रतिवादी विनोद गिरीलाई अभियोग दावीबमोजिम १(एक) वर्ष ३(तीन) महिना कैद एवं रु.६,०००।- (छ हजार रुपियाँ) जरिवानासमेत हुने ठहर्छ। साथै रु. ५,०००।- क्षतिपूर्ति घाइतेले प्रतिवादीबाट भरी पाउने र रु.४००।- अपराध पीडित राहत कोषमा प्रतिवादीले जम्मा गर्नुपर्ने समेत ठहर्छ।

## ३६. छत्रबहादुर वस्नेतको जाहेरीले नेपाल सरकार वि. लक्ष्मी वस्नेत (मु.नं. ०७७-C१-०१६०)

**अभियोग मागदावी**

माथि विवेचित आधार प्रमाणहरुबाट मिति २०७७।६।१८ गते अं. १८:३० बजेको समयमा प्रतिबादी लक्ष्मी बस्नेतले आफ्नै बाबु मानबहादुर बस्नेतलाई ज्यान मार्ने उद्देश्यले दुवैतर्फ धार भएको बासको भाटा तथा फलामको पेचकसले संवेदनशील अंग टाउको तथा अनुहारमा प्रहार गरी गम्भीर घाइते बनाई ज्यान मार्ने उद्योगको वारदात घटाएको हुँदा प्रतिबादी लक्ष्मी बस्नेतलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) को कसुरमा ऐ. संहिताको दफा १८३ को उपदफा (२) बमोजिम कैद र जरिवाना गरी घाइते मानबहादुर बस्नेतलाई मनासिब क्षतिपूर्ति मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ वमोजिम निज प्रतिवादीबाटै दिलाई भराइ पाउन साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ को उपदफा (१) र (२) बमोजिमको क्षतिपूर्ति शुल्क ऐ. उपदफा (३) बमोजिम प्रतिवादीवाट भराइ ऐ. उपदफा (५) बमोजिम पीडित राहत कोषमा जम्मा गरिपाउन भन्ने समेत बेहोराको बादी नेपाल सरकारको अभियोग मागदावी।

**थुनछेक आदेश**

मिसिल संलग्न तत्काल प्राप्त प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा १८(ख) बमोजिम प्रमाण लिन मिल्ने नै देखिँदा पछि बुझिएसम्मका प्रमाणबाट ठहरेबमोजिम हुने नै हुँदा हाललाई प्रतिवादी लक्ष्मी वस्नेतलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७(१) बमोजिम थुनामा राख्न सोही संहिताको दफा ८० बमोजिमको थुनुवा पुर्जी दिई स्थानीय कारागार कार्यालय भद्रपुर झापामा पठाइदिनु भन्ने यस अदालतबाट मिति २०७७।७।१९।४ मा भएको थुनछेकको आदेश।

**अदालतको ठहर**

प्रतिवादीले मौकामा आरोपित कसुर गरेकोमा स्वीकार गरी मौकामा वयान गरेको देखिन्छ भने अदालतमा आई बुवालाई भाटो उचालेर हानेकोमा स्वीकार गरी गरेको बयान, जाहेरी दरखास्त जाहेरी बेहोरालाई समर्थन हुने गरी जाहेरवालाले गरेको वकपत्र, घाइते मानवहादुर वस्नेतले मौकामा गरेको कागज र अदालतमा गरेको वकपत्र, मिसिल संलग्न घाउजाँच केस फारामसमेतका मिसिल संलग्न प्रमाणबाट प्रतिवादी लक्ष्मी वस्नेतले अभियोग मागदावीबमोजिमको मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ (१) वमोजिमको कसुर गरेको तथ्य पुष्टि भइरहेको देखियो।

तसर्थ, प्रतिवादी लक्ष्मी वस्नेतले अभियोग मागदावीबमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ (१) को ज्यान मार्ने उद्योगको कसुर गरेको ठहर्छ।

**सजाय निर्धारण**

प्रतिवादीलाई अभियोग मागदावीबमोजिम हुन सक्ने सजायको सम्बन्धमा विचार गर्दा कसुरदारको दोषको मात्रा कसुरको गम्भीरतासमेतलाई दृष्टिगत गर्नुपर्ने हुन्छ। प्रतिवादीको उमेर २६ वर्ष, वैदेशिक रोजगारीमा जाने आउने गर्ने, कक्षा ८ सम्म अध्ययन गरेको प्रतिवादीले आफ्नै पितालाई टाउकोमा प्रहार गरेको अवस्था, प्रतिवादी र पीडित घाइतेबिच वावु छोराको नाता सम्बन्ध पारिवारिक स्थितिसमेतबाट ठहर भएको कसुरमा प्रतिवादीलाई २ वर्ष ६ महिना कैद दर रु.२५,०००।- जरिबाना गर्दा कानूनको मकसद पूरा हुने देखियो। तसर्थ प्रतिवादी लक्ष्मी वस्नेतलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) को ज्यान मार्ने उद्योगको कसुरमा ऐ. संहिताको दफा १८३(२) वमोजिम २ वर्ष ६ महिना कैद र रु. २५,०००।- जरिबानाको सजाय हुने भई ऐ संहिताको दफा १८६ वमोजिम पीडितले प्रतिवादीवाट रु. ५०,०००- (पचास हजार रुपियाँ) भराइ लिन पाउने र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ को (१) र (२) वमोजिम क्षतिपूर्ति शुल्कसमेत प्रतिवादीबाट पीडित राहत कोषमा जम्मा गरिपाउने ठहर्छ।

## ३७. गीता शेर्पाको जाहेरीले नेपाल सरकार वि. शिव कुमार शेर्पा (मु.नं. ०७७-C१-०२२८)

**अभियोग मागदावी**

प्रतिवादी शिवकुमार शेर्पाले आफ्नै श्रीमती गीता मिति २०७३।०८।१२ गते राति अ. २१:३० बजेको समयमा लाठी, बाँस, दाउराले शरीरको यत्रतत्र भागमा कुटपिट गर्दा रोई कराई हार गुहार गर्दा छिमेकीहरू उपस्थिति भएपश्चात् थप कुटपिट गर्न नपाएको र सबै आ-आफ्नो घरतर्फ गएपश्चात् निज जाहेरवाली आफ्नो छोरोहरुसहित घरभित्र सुतेको समयमा निज प्रतिवादीले बाहिरबाट ढोका लगाई दिई ज्यान मार्ने उद्देश्यले घरमा आगो लगाइदिएको अवस्थामा पीडिताले हार गुहार गर्दा स्थानीय मानिसहरुले थाहा पाई तत्काल वारदात स्थलमा आई पीडितासमेतलाई घरबाहिर निकाल्न सफल भएकोले मात्र निज पीडितासमेतको ज्यान बाँच्न सफल भएको अवस्था देखिँदा निज प्रतिवादी शिवकुमार शेर्पाले आपराधिक उपद्रव (आगो लगाउने कार्य) गरी आफ्नै श्रीमती र छोराहरुको ज्यान मार्ने उद्योगसमेतको कसुर गरेको पुष्टि भएको हुँदा निज प्रतिवादी शिवकुमार शेर्पालाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) बमोजिमको कसुर अपराधमा सोही संहिताको दफा १८३(२) बमोजिम सजाय हुन तथा प्रतिवादीले आफ्नो घरमा आफ्नै श्रीमती पीडिता जाहेरवाला गीता शेर्पासमेत घरभित्र रहेको अवस्थामा निज प्रतिवादीले बाहिरवाट ढोका लगाई दिई घरमा आगो लगाई दिँदा जाहेरवालीले हारगुहार गर्दा स्थानीय मानिसहरुसमेत भेला जम्मा भई पीडिता जाहेरवालालाई बचाउन सफल भएको एवं घरभित्र रहेका महत्त्वपूर्ण कागजातहरु एवं जिन्सी मालसामानसमेत जल्दा जम्मा रु. ८,००,०००।- वरावरको धनमाल जलाई पूर्ण रुपमा नष्ट बनाई क्षति पुऱ्याइ आपराधिक उपद्रवसम्बन्धी कसुर गरेको पुष्टि हुँदा निज प्रतिवादी शिवकुमार शेर्पाउपर मुलुकी अपराध संहिता, २०७४ को दफा २८५(१) र (३) (घ) बमोजिमको कसुर अपराधमा सोही संहिताको दफा २८५ (३) (घ) बमोजिम सजाय हुन साथै निज प्रतिवादीले एउटै वारदातमा एकभन्दा बढी कसुर गरेको देखिएको हुँदा मुलुकी अपराध संहिता, २०७४ को दफा ४३(१) बमोजिमसमेतको कसुर गरेकोमा दफा ४३(२) बमोजिम सजाय हुन समेतको वादी नेपाल सरकारको अभियोगदावी।

**थुनछेक आदेश**

मिसिल संलग्न तत्काल प्राप्त आधार प्रमाणहरुबाट यी प्रतिवादी अभियोग दावीको कसुरमा निर्दोष रहेछन् भन्न सकिने अवस्था नदेखिँदा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई प्रतिवादी शिवकुमार शेर्पालाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७(१) वमोजिम मुद्दा पुर्पक्षका लागि थुनामा राख्नु भन्ने यस अदालतको मिति २०७७।९।८ गतेको आदेशानुसार प्रतिवादी शिवकुमार शेर्पा थुनामा रहेको।

**अदालतको ठहर**

तथ्य प्रमाणको बिश्लेषण गरिहेर्दा, प्रतिवादी शिवकुमार शेर्पाले मौकामा तथा अदालतमा वकपत्र गर्दा जाहेरवालासमेतलाई निजहरु बसेको घर कोठाको ढोकामा चुकुल लगाई घरमा आगो लगाई ज्यान मार्न खोजेको होइन भनी आरोपित कसुरमा इन्कार रही वयान गरेको, वारदात भएको समयमा साँझ जाहेरवाला तथा निजका छोराहरु प्रज्वल शेर्पा, प्रनित शेर्पा, जाहेरवालाको गरामनी १० स्थित माइतीघरमा गएको भन्ने जाहेरवाला स्वयंको बकपत्र रहेको, बुझिएका सवै रोशनी आङ्बोलगायतका मानिसहरुको बकपत्र बेहोराबाट प्रतिवादी र जाहेरवालाको वारदातको दिन साँझको समयमा झगडा भई प्रहरी आई झगडा मिलेपछि जाहेरवाला निजका नानीहरु लिएर गरामनी माइतघरमा गएपछि मात्र घरमा आगो लागेको भनी उल्लेख भएको, प्रतिवादीले घरमा आगो लगाएको देख्ने चश्मदित गवाह कोही नभएको समेतका आधार कारण र प्रमाणबाट प्रतिवादीले जाहेरवाला तथा निजका छोराहरु घरको कोठाभित्र रहेको बेलामा बाहिरबाट ढोकाको चुकुल बाहिरबाट लगाई घरमा आगो लगाई मार्ने मनसायले ज्यान मार्ने उद्योगको कसुर गरेको पुष्टि प्रमाणित हुन आएन। यस अवस्थामा मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) बमोजिमको कसुर अपराधमा, ऐजन संहिताको दफा २८५(१) र (३) (घ) बमोजिमको कसुर अपराधमा, ऐजन संहिताको दफा ४३(१) वमोजिमसमेतको कसुरमा प्रतिवादी शिवकुमार शेर्पालाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको अभियोगदावी शंकारहित स्वतन्त्र वस्तुनिष्ठ प्रमाणको अभावमा पुष्टि हुन नसकेकोले प्रतिवादीउपरको अभियोग दावी पुग्न नसकी प्रतिवादी शिवकुमार शेर्पाले सफाइ पाउने ठहर्छ। तथापि जाहेरवालाको घा जाँच प्रतिवादेनमा Blunt Trauma at multiple side भनी उल्लेख भएको, मिसिल संलग्न पेश भएको फोटोवाट जाहेरवालालाई कुटपिट भएको देखिएको, प्रतिवादीले आफ्नो अदालतसमेतमा जाहेरवालालाई लछार पछार गरी कुटपिट गरेको स्वीकार गरी बयान गरेको बुझिएका मानिसहरुको बकपत्र बेहोराबाट समेत प्रतिवादी र जाहेवालाबिच झगडा भएको र कुटपिटसमेत भएको भन्ने देखिन आएकोले प्रस्तुत वारदातको मुद्दाको विवादको विषयवस्तु मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ र २ अन्तर्गत नभई अनुसूची ४ अन्तर्गत मुलुकी फौजदारी संहिता, २०७४ को दफा ४२ बमोजिम कुटपिट वारदातको मुद्दा अन्तर्गत चल्न सक्ने देखिएकोले सोही बमोजिम प्रस्तुत वारदातको मुद्दालाई कुटपिटको वारदातमा परिणत गरिदिएको छ।

## ३८. बिनिता राईको जाहेरीले नेपाल सरकार वि.बसन्त राई (मु.नं. ०७७-C१-०४३४)

**अभियोग मागदावी**

बसन्त राईले घाइते कुशुम राईलाई धारिलो दाउले घाँटीमा प्रहार गरी गम्भीर घाइते बनाई मुलुकी अपराध संहिता,२०७४ को दफा १८३(१) को कसुर गरेका हुँदा निज प्रतिवादीलाई ऐ. संहिताको

दफा १८३(२) बमोजिम सजाय गरी ऐ. संहिताको दफा १८६ बमोजिम प्रतिवादीबाट घाइतेलाई मनासिव क्षतिपूर्ति दिलाई भराइ अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ (१) र (२) बमोजिमको क्षतिपूर्ति शुल्क प्रतिवादीबाट भराइ पीडत राहत कोषमा जम्मा गरिपाउँ भन्ने वादी नेपाल सरकारको अभियोगपत्र।

**थुनछेक आदेश**

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७२ समेतको आधारमा सोही संहिताको दफा ६८ (१) बमोजिम प्रतिवादी बसन्त राईबाट रु.१,००,०००।- नगद वा सो बराबरको जेथा जमानत दिए लिई ऐ. संहिताको दफा ७४ बमोजिम प्रकृया पुऱ्याई कागज गराइ तारेखमा राख्नु भन्ने समेत बेहोराको मिति २०७७।१२ १३ गतेको यस अदालतको आदेश।

**अदालतको ठहर**

वारदात मिति र समयमा यी प्रतिवादी र घाइते पीडितसँगै बसी मादक पदार्थ सेवन गरेको भन्ने देखिए पनि यी प्रतिवादी र पीडितबिच इवीलाग थियो भनी वादीपक्षले भन्न सकेको देखिँदैन। यी प्रतिवादीले धारिलो हतियार प्रहार गरेकोले कानूनबमोजिम कारवाही गरिपाउँ भन्ने जाहेरी दरखास्त भएकोमा यी प्रतिवादीले घाइतेलाई ज्यान मार्ने उद्देश्यले घाँटीमा काटेको भन्ने पुष्टि गर्ने वस्तुनिष्ठ प्रमाण वादी पक्षबाट पेश हुन सकेको देखिँदैन। उक्त वारदातका प्रत्यक्षदर्शीको रुपमा घाइते कुसुम राई र यी प्रतिवादी बसन्त राईबाहेक अरु व्यक्ति रहे भएको भन्ने समेत देखिँदैन। घाइतेले मौकामा कागज गर्दा यी प्रतिवादीसँग पूर्व रिसइवी झैझगडा नभएको भनी बेहोरा उल्लेख गरेकोमा अदालतमा बकपत्र गर्दा दुवैले सँगै बसेर मादक पदार्थ सेवन गरी घर जाने क्रममा हिड्दै गर्दा चिप्लेर लड्न पुगी आफैले बोकेको हतियारले आफ्नो घाँटीमा चोट लाग्न गएको हो, प्रतिवादी निर्दोष रहेका हुँदा निजले सफाइ पाउनुपर्छ भनी लेखाएको बेहोराले जाहेरी दरखास्तमा उल्लिखित ज्यान मार्ने उद्देश्यले घाइतेलाई प्रतिवादीले घाँटीमा दाउले प्रहार गरेको भनी खुलाएको बेहोरालाई खण्डित गरेको अवस्था छ। मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ (१) मा हेर्दा ***"...ज्यान मार्ने नियतले त्यसको उद्योग गर्न नहुने"*** भन्ने व्यवस्थालाई हेर्दा ज्यान मार्ने उद्योगको कसुर हुनलाई आपराधिक मनसायसहितको कार्य भएको हुनुपर्छ। जाहेरी दरखास्त तथा घाइतेले मौकामा कागज गर्दा यी प्रतिवादीको ज्यान मार्ने नियत थियो भनी लेखाउन सकेको नदेखिएको एवं वादी पक्षले ठोस र विश्वसनीय प्रमाण पेश गरी यी प्रतिवादी उपरको कसुर निर्विवाद रुपमा पुष्टि गर्न सकेको नदेखिँदा यी प्रतिवादीले पीडितमाथि ज्यान मार्ने उद्देश्यले धारिलो हतियार प्रहार गरेका हुन् भनी व्याख्या गरी प्रतिवादीलाई दोषी ठहर गर्न न्यायसम्मत देखिँदैन।

अतः माथि विवेचना गरिएका मिसिल संलग्न वस्तुगत तथ्य एवं प्रमाणलाई दृष्टिगत गर्दा घाइते कुसुम राईको तथा घटना विवरण कागजका मीनाकुमारी आङदेम्वेको अदालतसमक्ष गरेको बकपत्रबाट यी प्रतिवादीको अदालतसमक्ष कसुरमा इन्कार रही गरेको बयानलाई समर्थन गरेको र यी प्रतिवादीको कसुर पुष्टि हुने विश्वसनीय प्रमाण अभियोजन पक्षवाट पेश हुन आएको नदेखिँदा यी प्रतिवादी बसन्त राई उपरको मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) को कसुर गरेको भन्ने अभियोग मागदावी पुग्न नसकी यी प्रतिवादीले प्रस्तुत अभियोगको कसुरबाट सफाइ पाउने ठहर्छ।

## ३९. सुस्मिता राजवंशी चौधरीको जाहेरीले नेपाल सरकार वि.पानालाल चौधरी (मु.नं.०७८-C१-००२७)

**अभियोग मागदावी**

प्रतिवादी पानालाल चौधरीले मिति २०७८।०३।१८ गते राति अं. १९:४५ बजेको समयमा जिल्ला झापा मेचीनगर नगरपालिका वडा नं. १० खयरडाँगी स्थित आफ्नै घरमा छोरा अभिषेक चौधरीलाई ज्यान मार्ने नियतले फलामको रडको भालाले छातीमा प्रहार गरी घाइते भएका अभिषेक चौधरीलाई तत्काल सुबिधा सम्पन्न मेची अस्पतालमा उपचार गर्न लगी उपचार भएको कारण ज्यान बच्न गएको देखिन आई निज प्रतिवादी पानालाल चौधरीले मुलुकी अपराध संहिता,२०७४ को दफा १८३(१) बमोजिमको कसुर अपराधमा सोही ऐनको दफा १८३(२) बमोजिम सजाय हुन साथै मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम घाइतेको उपचार गर्दा लागेको रकमसमेतको मनासिव क्षतिपूर्ति रकम निजै प्रतिवादीबाट घाइतेलाई दिलाई भराइ र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ को उपदफा (१) र (२) बमोजिमको क्षतिपूर्ति शुल्क प्रतिवादीवाट भराइ पीडित राहतकोषमा जम्मा गरिपाउन मागदावी लिई पेश भएको अभियोगपत्र।

**थुनछेक आदेश**

पछि बुझिएसम्मका प्रमाणबाट ठहरेबमोजिम हुने गरी प्रतिवादी पानालाल चौधरीबाट रु.१०,०००।- नगद वा सो बराबरको जेथा जमानत दिए लिई तारेखमा राख्नु भन्ने समेत बेहोराको मिति २०७८।४।१३ को यस अदालतबाट भएको थुनछेक आदेश।

**अदालतका ठहर**

तथ्य प्रमाणहरुको विश्लेषण गरी हेर्दा घाइते अभिषेक चौधरीले प्रतिवादी बुबासँग कुनै विवाद झगडा नभएको, प्रतिवादी बुबाको हातको खुकुरी खोज्दा मेरो छातीमा लागेको हो बुबाले हिर्काएको होइन भनि बकपत्र गरेको, प्रतिवादीले अदालतमा बयान गर्दा कसुरमा इन्कार रही बयान गरेको,

प्रतिवादीको साक्षीले समेत प्रतिवादीले घाइते छोरालाई ज्यान मार्ने उद्योगको कसुर गरेका छैनन् भनि बकपत्र गरेको, प्रतिवादीले घाइतेको ज्यान मार्ने मनसायले नै प्रहार गरी घाउ चोट लागेको हो भन्ने वस्तुनिष्ठ प्रमाण वादी पक्षले पेश गरी पुष्टि गराउन नसकी घाइते अभिषेक चौधरीलाई वारदातको समयमा प्रतिवादी पानालाल चौधरीबाट ज्यान मार्ने मनसायले नै उक्त वारदात भएको भन्ने शंकारहित प्रमाणको अभावमा पुष्टि हुन नसकेकोले प्रतिवादीउपरको वादी नेपाल सरकारको अभियोग दावी पुष्टि हुन सकेन।

अतः माथि विवेचना गरिएबमोजिम प्रतिवादी पानालाल चौधरीले ज्यान मार्ने मनसायले नै प्रहार गरी घाइतेको घाउ चोट लागि प्रतिवादीले ज्यान मार्ने उद्योगको कसुर गरेको पुष्टि हुन नसकेकोले प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) बमोजिमको कसुरमा दफा १८३(२) बमोजिम सजाय गरिपाउँ भन्ने प्रतिवादी पानालाल चौधरी उपरको अभियोग दावी पुग्न नसकी प्रतिवादी पानालाल चौधरीले अभियोग दावीबाट सफाइ पाउने ठहर्छ।

## ४०. काली कान्छी चौधरीको जाहेरीले नेपाल सरकार वि. सुमन दर्जी (मु.नं. ०७८-C१-०१०४)

### अभियोग मागदावी

प्रतिवादी सुमन दर्जीले घाइतेहरुलाई धारिलो हतियार प्रहार गरी मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) बमोजिमको कसुर गरेकोले निजलाई सोही संहिताको दफा १८३ को उपदफा (२) बमोजिम सजाय हुन र मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम घाइतेहरुको उपचार गर्दा लागेको रकमसमेतको मनासिव क्षतिपूर्ति रकम निजै प्रतिवादीबाट घाइतेहरुलाई दिलाई भराइ पाउन साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ को उपदफा (१) र (२) वमोजिमको क्षतिपूर्ति शुल्क ऐ. उपदफा ३ बमोजिम प्रतिवादीवाट भराइ ऐ. उपदफा ५ बमोजिम पीडित राहत कोषमा जम्मा गरिपाउँ भन्ने मागदावीसहित वादी नेपाल सरकारको तर्फबाट दायर भएको अभियोगपत्र।

### थुनछेक आदेश

मिसिल संलग्न तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादी कसुरदार होइनन् भनी अहिले नै भन्न मिल्ने अवस्था नभइ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ नं. को अवस्था विद्यमान रहेको देखिन आयो। तसर्थ पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाललाई यी प्रतिवादी सुमन दर्जीलाई मुद्दा पुर्पक्षको लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७(१) बमोजिम थुनामा राख्न सोही संहिताको दफा ८० बमोजिम थुनुवा पुर्जी दिई स्थानीय

कारागार कार्यालय भद्रपुर झापामा पठाइदिनु| वादी प्रतिवादीका साक्षी बुझी नियमानुसार पेश गर्नु भन्ने समेत बेहोराको मिति २०७८।५।२० मा यस अदालतबाट भएको थुनछेक आदेश।

**अदालतको ठहर**

सजाय निर्धारण गर्दा कसुरदार एवं समाजलाई अपराध गर्न हतोत्साह गर्ने, कसुरदारलाई दण्डको माध्यमबाट समाजमा पुनःस्थापना गर्ने, पीडितलाई राहत र पुनः स्थापना गर्ने यसका उद्देश्यहरुमाथि विचार गर्नुपर्ने हुन्छ। त्यस्तै कसुरको मात्राअनुसार सजाय निर्धारण गर्ने, कसुरको समानुपातिकभन्दा वढी हुने गरी सजाय निर्धारण नगर्ने, कसुरको प्रकृति, स्वरुप, अवस्था, प्रतिवादीको विगतको चरित्र, पहिले कसुर गरे नगरेको, प्रतिवादीको उमेर अवस्थासमेतलाई सजाय निर्धारण गर्दा विचार गर्नुपर्छ भन्ने दण्डका सामान्य सिद्धान्तहरु रहेका छन् जुन उल्लिखित ऐनले समेत आत्मसात गरेको पाइन्छ।

प्रस्तुत मुद्दामा घाउ घाइतेको नाडीमा लागे पनि रातको समयमा हतियार प्रहार गरेको समेत देखिँदा र यस्तो कार्यलाई निरुत्साहित गर्नलाई निश्चित सजाय निर्धारण गर्नुपर्ने हुँदा घटना प्रकृतिसमेत हेर्दा यी प्रतिवादीलाई अधिकतम सजाय गर्नुपर्ने अवस्था नभइ न्यूनतम सजाय गर्दा पनि दण्डको उद्देश्य पूरा हुने हुँदा अभियोग दावीबमोजिम यी प्रतिवादीलाई १ (एक) बर्ष ३ (तीन) महिना कैद र रु १२,०००।- (वाह्र हजार) जरिवानासमेत हुने ठहर्छ। अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम रु. ४००।- (चार सय) प्रतिवादीले कोषमा जम्मा गर्नुपर्ने समेत ठहर्छ।

## ४१. देविमाया लिम्बुको जाहेरीले नेपाल सरकार वि. शेखर पराजुलीसमेत (मु.नं.०७६-C१-०४१८)

**अभियोग मागदावी**

माथि विवेचित आधार प्रमाणहरुबाट प्रतिवादीहरु प्रवेश कार्की, अनिश ढुंगेल, विधान वान्तवा, विजय चौधरी र शेखर पराजुलीसमेतले जाहेरवालाको श्रीमान रामवहादुर लिम्बु र छोरा आशिष मेन्याङवोलाई ज्यान मार्ने नियतले हेलमेटसमेतका चिजले प्रहार गरी सख्त घाइते बनाई निज प्रतिबादीहरुले ज्यान मार्ने उद्योग मुद्दाको वारदात घटाएको हुँदा प्रतिवादीहरु प्रवेश कार्की, अनिश ढुंगेल, विधान वान्तवा, विजय चौधरी र शेखर पराजुली उपर मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) बमोजिमको कसुरमा ऐ. दफा १८३ को उपदफा (२) बमोजिम सजाय गरी साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ को उपदफा (१) र (२) वमोजिमको क्षतिपूर्ति शुल्क उपदफा ३ वमोजिम प्रतिवादीवाट भराइ सोही ऐनको उपदफा ५ बमोजिम पीडित राहत कोषमा जम्मा गराइपाँऊ भन्ने समेत बेहोराको बादी नेपाल सरकारको अभियोग मागदावी।

**थुनछेक आदेश**

पछि बुझिएसम्मका प्रमाणबाट ठहरेबमोजिम हुने गरी मिसिल संलग्न तत्काल प्राप्त काजमा प्रमाणका आधारमा मुद्दा पुर्पक्षका लागि प्रतिवादीहरु प्रवेश कार्की र शेखर पराजुलीबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८(१) वमोजिम जनही रु. ३५,०००/- (पैतिस हजार) नगद, जेथा वा बैंक जमानत दिए निजहरुलाई तारेखमा राख्नु। दिन नसके थुनामा राख्न स्थानीय कारागार कार्यालय भद्रपुर झापामा पठाइदिनु भन्ने समेत बेहोराको यस अदालतवाट मिति २०७६।११।८।५ मा भएको थुनछेकको आदेश।

पछि बुझिएसम्मका प्रमाणबाट ठहरेबमोजिम हुने गरी मिसिल संलग्न तत्काल प्राप्त कागज प्रमाणका आधारमा मुद्दा पुर्पक्षका लागि प्रतिवादी अनिष ढुङ्गेलबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८(१) वमोजिम रु.३५,०००।- (पैतिस हजार) नगद, जेथा वा बैंक जमानत दिए निजहरुलाई तारेखमा राख्नु। दिन नसके थुनामा राख्न स्थानीय कारागार कार्यालय भद्रपुर झापामा पठाइदिनु भन्ने समेत बेहोराको यस अदालतबाट मिति २०७६।११।१९।२ मा भएको थुनछेकको आदेश।

**अदालतको ठहर**

प्रतिवादीहरु प्रवेश कार्की, शेखर पराजुली र अनिश ढुङ्गेलले अदालतमा आई गरेको बयान, प्रवेश कार्की र शेखर पराजुलीले मौकामा अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयान, घाइतेहरु रामबहादुर लिम्बु र निजका छोरा आशिषले मौकामा गरेको घटना विवरण कागज र अदालतमा गरेको वकपत्रसमेतबाट प्रतिवादीहरुमध्येका प्रवेश कार्कीले जाहेरवाला तथा घाइतेहरुको पसल टहराअगाडि पिसाव फेरेको कारणबाट निज प्रतिवादी प्रवेश कार्की र जाहेरवालाका पति र छोराबिच वादविवाद हातपात, झै झगडा भई प्रस्तुत वारदात श्रृजना भएको देखिन्छ। यी प्रतिवादीहरुले जाहेरवालाको पति र छोराको ज्यानै लिनुपर्ने गरी निजहरुबिच कुनै किसिमको पूर्व रिसइवी तथा झै झगडा भएको मिसिल संलग्न कागजातबाट पुष्टि हुन सकेको पाइएन। घाइते र प्रतिवादी प्रवेशबिच सामान्य वादविवाद तथा झगडा भएको कारणवाट वारदात भएको देखिँदा प्रतिवादीहरुले जाहेरवालाको पति र छोराको ज्यानै मार्नेसम्मको नियत राखेको भन्न मिल्ने पनि देखिएन।

तसर्थ, प्रतिवादीहरु प्रवेश कार्की, शेखर पराजुली र अनिश ढुङ्गेलले अभियोग मागदावीबमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) वमोजिमको कसुरबाट सफाइ पाउने ठहर्छ। निज प्रतिवादीहरुको हकमा वादी नेपाल सरकारको अभियोग दावी पुग्न सक्तैन। जाहेरवालाका पति घाइते रामबहादुर लिम्बुलाई वारदातबाट लागेको घाउचोट तथा निजको घाउजाँच केस फारामबाट

प्रस्तुत वारदात कुटपिटमा परिणत हुने प्रकृतिको देखिँदा आरोपित कसुर कुटपिटमा परिणत हुने ठहर्छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२ बमोजिम कुटपिट तर्फ मुद्दा सकार गरिपाउँ भनि सरोकारवालाले निवेदन दिए मुद्दा सकार गराइ यसै मिसिलबाट कारवाही र किनारा गर्नु।

**४२. तपन सरकारको जाहेरीले नेपाल सरकार वि. श्रवण साहसमेत (मु.नं. ०७७-C१-०२४०)**

**अभियोग मागदावी**

माथि विवेचित आधार प्रमाणहरुबाट प्रतिवादीहरु श्रवण साह, भवेश तामाङ, फेकना भन्ने राहुल साह र हिके भन्ने हिक्मत धिमालसमेतले जाहेरवाला तपन सरकारको भाई रतन सरकारलाई पूर्व रिसइवी लिई ज्यानै मार्ने मनसायले धारिलो घातक हतियार खुकुरी, फलामको रडले समेतले टाउको र शरीरको अन्य भागहरुमा प्रहार गरी सख्त घाइते बनाई ज्यान मार्ने उद्योगको कसुर गरेको र तत्काल स्थानीय मानिसहरुसमेतले होहल्ला गर्दा निज प्रतिवादीहरुले थप प्रहार गर्न नपाई वारदात स्थलबाट भागी गएको तथा तत्काल निज घाइतेको उपचार सम्भव भएवाट निज घाइते बच्न सफल भएको पुष्टि भएको हुँदा प्रतिवादीहरु श्रवण साह, भवेश तामाङ, फेकना भन्ने राहुल साह र हिके भन्ने हिक्मत धिमाल उपर मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) बमोजिमको कसुर अपराधमा सोही संहिताको दफा १८३ को उपदफा (२) बमोजिम कैद र जरिबाना गरी घाइतेको उपचारमा लागेको उपचार खर्चसमेतको क्षतिपूर्ति रकम मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम निज प्रतिवादीहरुबाटै घाइते तथा जाहेरवालालाई मनासिव क्षतिपूर्ति दिलाई भराइ पाउनसमेत साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ को उपदफा (१) र (२) बमोजिमको क्षतिपूर्ति शुल्क ऐ. उपदफा (३) बमोजिम प्रतिवादीहरुबाट भराइ ऐ. उपदफा (५) बमोजिम पीडित राहत कोषमा जम्मा गरिपाउन् भन्ने समेत बेहोराको अभियोगपत्र।

**थुनछेक आदेश**

मिसिल संलग्न तत्काल प्राप्त प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा १८ (ख) बमोजिम थुनछेक प्रयोजनार्थ प्रमाणमा लिन मिल्ने नै देखिँदा पछि बुझिएसम्मका प्रमाणबाट ठहरेबमोजिम हुने गरी हाल यी प्रतिवादी श्रवण साहलाई मुलुकी फौजदारी संहिता, २०७४ को दफा ६७(१) बमोजिम मुद्दा पुर्पक्षको लागि थुनामा राख्न सोही संहिताको दफा ८० बमोजिमको थुनुवा पुर्जी दिई स्थानीय कारागार कार्यालय, भद्रपुर झापामा पठाइदिनु भन्ने समेत बेहोराको यस अदालतको मिति २०७७।९।१४।३ को आदेश।

मिसिल संलग्न तत्काल प्राप्त प्रमाणको आधारमा पछि बुझिएसम्मका प्रमाणबाट ठहरेबमोजिम हुने गरी हाल यी प्रतिवादीहरु भवेश तामाङ्ग र फेकना भन्ने राहुल साहलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७(१) बमोजिम मुद्दा पुर्पक्षको लागि थुनामा राख्न सोही संहिताको दफा ८० वमोजिम थुनुवा पुर्जी दिई स्थानीय कारागार कार्यालय भद्रपुर झापामा पठाइदिनु भन्ने समेत बेहोराको यस अदालतको मिति २०७८।९।१।१९ को आदेश।

**अदालतको ठहर**

यसमा प्रतिवादीहरु उपरको किटानी जाहेरी दरखास्त र जाहेरवालाले अदालतमा गरेको वकपत्र, घाइते रतन सरकारले मौकामा गरेको कागज र अदालतमा गरेको वकपत्र, वारदात भएको दिन जाहेरवालाका भाई रतन सरकारसँग आफ्नो र फेकन भन्ने राहुल साहबिच वादविवाद भएको भनी प्रतिवादी श्रवणकुमारले अदालतमा गरेको वयान, मिसिल संलग्न रहेको घाइते रतन सरकारको घाउ जाँच केस फाराममा उल्लिखित घाइतेलाई लागेको घाउ चोट र घाइतेको अवस्था, जाहेरवाला र घाइतेले यी प्रतिवादीहरुसँग पूर्व रिसइवी झै झगडा केही छैन भनी गरेको वकपत्रसमेतबाट प्रतिवादीहरु श्रवण साह, भवेस तामाङ र फेकना भन्ने राहुल साहले जाहेरवालाका भाई रतन सरकारलाई ज्यान मार्ने नियतले घाउजाँच केस फाराममा उल्लिखित चोट पुऱ्याएको भन्न मिल्ने देखिएन।

घाइते रतन सरकारको घाउ जाँचकेस फाराममा देखिएको चोट तथा घाइतेको अवस्था, घाइते र प्रतिवादीबिच भएको वादविवादको विषय तथा वारदातको प्रकृतिसमेतबाट प्रस्तुत मुद्दा कुटपिटमा परिणत हुने देखिंदा प्रतिवादीहरु श्रवण साह, भवेस तामाङ र फेकना भन्ने राहुल साहले अभियोग मागदावीबमोजिमको मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ (१) को कसुरवाट सफाइ पाउने ठहर्छ।

प्रस्तुत मुद्दाको वारदातको प्रकृति, घाइतेलाई लाग्न पुगेको घाउ चोट र घाइतेको अवस्थासमेतलाई दृष्टिगत गर्दा प्रस्तुत मुद्दा कुटपिटमा परिणत हुने ठहर्छ। मुलुकी फौजदारी कार्याविधि संहिता, २०७४ को दफा ४२ बमोजिम सरोकारवाला मुद्दा सकार गर्न आए दुनियावादी फौजदारी दायरीमा दर्ता गरी यसै मिसिलबाट कारवाही र किनारा गर्नु।

## ४३. च्याम्पिङ राईको जाहेरीले नेपाल सरकार वि. योगेन राई (मु.नं.०७७-C१-०५०२)

**अभियोग मागदावी**

प्रतिवादीहरु समिर भन्ने योगेन राई, साजन भन्ने सुर्जन तामाङ र सर्जित राईसमेतले एकआपसमा मिलेमतो गरी योजना बनाई मिति २०७७/१२/१६ गते बेलुकीको अं. २०.३० बजे जिल्ला झापा मेचीनगर न.पा. वाड नं. ७ सरस्वती टोल स्थितमा जाहेरवालाको सहोदर भई स्ट्रोङ राईसँग विना कारण निहुँ खोजी गालीगलौज गरी धारिलो हतियार खुकुरीले ज्यान मार्ने मनसायले संवेदनशील अंग टाउकोमा प्रहार गरी सख्त घाइते बनाएको निज प्रतिवादीहरुले घाइतेलाई पुनः प्रहार गर्न लाग्दा घटनाका प्रत्यक्षदर्शी तथा अन्य स्थानीय मानिसहरु घटनास्थलतर्फ आउँदा निजहरु वारदातस्थलबाट भागेको साथै घाइतेको तत्कालै उपचार सम्भव भएबाट मृत्यु नभई बच्न सफल भएको पुष्टि भएको हुँदा निज प्रतिवादीहरू समिर भन्ने योगेन राई, साजन भन्ने सुर्जन तामाङ र सर्जित राईलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) बमोजिमको कसुर अपराधमा सोही संहिताको दफा १८३ (२) बमोजिम सजाय र मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम मनासिव क्षतिपूर्ति रकम निजै प्रतिवादीबाट घाइतेलाई दिलाई भराइ पाउन साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ को उपदफा (१) र (२) वमोजिमको क्षतिपूर्ति शुल्क ऐ. उपदफा ३ बमोजिम प्रतिवादीवाट भराइ ऐ. उपदफा ५ बमोजिम पीडित राहत कोषमा जम्मा गरिपाउँ भन्ने मागदावीसहित वादी नेपाल सरकारको तर्फबाट दायर भएको अभियोगपत्र।

**थुनछेक आदेश**

उच्च अदालत विराटनगर इलाम इजलासबाट भएको आदेश झापा जिल्ला अदालतको मिति २०७८।१।१८ मा भएको आदेश वेरितको हुँदा आदेश वदर गरिपाउँ भनी कारागार कार्यालय भद्रपुर मार्फत प्रतिवादी समिर भन्ने योगेन राइको निवेदन उपर यी प्रतिवादी योगेन राइ आरोपित कसुरका सम्बन्धमा अदालतमा बयान गर्दा कसुरमा इन्कार रहे पनि निजले मौकामा गरेको वयान एवं पीडितले गरेको घटना विवरण कागज बेहोरा, पीडितको घाउँजाच केस फाराम तथा बुझेका मानिसको भनाइसमेतका तत्काल प्राप्त प्रमाण कागजातको आधारमा निज प्रतिवादीलाई त्यस अदालतबाट मिति २०७८।१।८ मा थुनामा राख्ने गरी भएको आदेश वेरितको नदेखिँदा परिवर्तन गरिरहन परेन। कानूनबमोजिम गर्न भन्ने उच्च अदालत विराटनगर इलाम इजलासबाट मिति २०७८।७।११ मा भएको आदेश।

**अदालतको ठहर**

प्रतिवादीहरुले अदालतमा वयान गर्दा घाइतेसँग धकेलाधकेल भएको हो र घाइते लडी टाउकोमा चोट लागेको हो कुटपिट गरी ज्यान मार्ने उद्योग गरेको छैन भनी लेखाएको अवस्थामा घाइतेसमेतले

वकपत्र गर्दा अनुसन्धानको क्रममा गरेको कागज खण्डित भएको घाइतेको वकपत्र एवं जाहेरी बेहोरा समर्थन गरी वकपत्र गर्न नसकेको अवस्थामा अनुसन्धानको क्रममा भएको घटना विवरणका मानिसको कागज, प्रतिवादीको वयान मात्रको आधारमा यी प्रतिवादीहरुलाई कसुरदार ठहराउन फौजदारी न्यायको मान्य सिद्धान्तले मिल्ने देखिएन। वादीदावी निजहरुकै साक्षीद्वारा खण्डित भएको देखियो। तसर्थ, ज्यान मार्ने उद्योगको कसुर ठहर गरी सजाय गरिपाउँ भन्ने समेत अभियोगदावी पुग्न नसक्ने ठहर्छ, प्रतिवादीहरुले सफाइ पाउने ठहर्छ। तर घाइतेको शरीरमा टाउकोमा घाउचोट रहेको देखिएको र आपसी विवादबाट ठेलाठेल भइ लडेर घाइते भएको भन्ने घाइतेको वकपत्र र प्रतिवादीको वयानसमेतबाट देखिँदा प्रस्तुत मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२ बमोजिम कुटपिट तर्फ परिणत हुने ठहर्छ।

## ४४. कृष्ण प्रसाद राजवंशीको जाहेरीले नेपाल सरकार वि. देव कुमार राजवंशी (मु.नं. ०७७-८१-०६२०)

**अभियोग मागदावी**

विवेचित आधार प्रमाणहरुबाट मिति २०७८/०२/०७ गते साँझ अ. १८:३० बजेको समयमा प्रतिवादी देव कुमार राजवंशीले आफ्नै श्रीमती झटकन राजवंशीसँग घरायसी विषयलाई लिएर बिनाकारण निहु खोजी रिसको आवेशमा आई ज्यानै मार्ने मनसायले फलामको धारिलो हतियार (दाउ) ले पछाडिबाट निज झटकन राजवंशीको टाउकोलगायत शरीरको यत्रतत्र भागहरुमा पटकपटक प्रहार गरी सक्त घाइते बनाई ज्यान मार्ने उद्योग गरेको तथ्य स-प्रमाण पुष्टि भएको हुँदा निज प्रतिवादी देव कुमार राजवंशी उपर मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ (१) बमोजिमको कसुरमा ऐ. दफा १८३ को उपदफा (२) बमोजिम सजाय उपचार खर्चलगायतका क्षतिपूर्तिको रकम साथै क्षतिपूर्ति शुल्क पीडित राहत कोषमा जम्मा गरिपाउँ भन्ने समेत बेहोराको अभियोग मागदावी।

**थुनछेक आदेश**

मिसिल संलग्न तत्काल प्राप्त प्रमाणहरूलाई विश्लेषण गर्दा यी प्रतिवादी आरोपित कसुरमा निर्दोष रहेको भनी अहिले नै विश्वस्त हुन सकिएन। तसर्थ पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल मुद्दा पुर्पक्षका लागि प्रतिवादीलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७(१) बमोजिम थुनामा राख्न कारागार कार्यालय पठाइदिनु भन्ने समेत बेहोराको यस अदालतको आदेश ।

**अदालतको ठहर**

पीडिताको शरीरमा परेको चोटहरु गम्भीर प्रकृतिको देखिएको प्रतिवादीले पीडितालाई तर्साउन चिरपटले हानेको भने पनि वादी नेपाल सरकारका साक्षीहरु राधिका राजवंशी, सुनु राजवंशी र सुरेन राजवंशी तथा पीडिता झटकन राजवंशीले यस अदालतमा गरेको बकपत्र तथा पीडिताका शारीरिक परीक्षणमा Type of injuries Angabhanga (Grievous), severe भनेको र Type of weapon मा sharp force भन्ने उल्लेख भएको अवस्थामा प्रतिवादीले मौकामा गरेको बयान अनुकूल खुकुरीसमेत प्रहार गरी पीडिताको शरीरको यत्रतत्र प्रहार गरी घाउचोट पारेको र चोट पीडाबाट पीडितले हार गुहार गर्दा गाँउलेहरु आई गालीगलौज गरेको कारण प्रहार गर्न छाडेको कारण मात्र पीडिताको ज्यान बचेको र वारदातपश्चात् उपचारबाट जिउन सम्भव रहेको अवस्थामा प्रतिवादीले पीडितालाई अभियोग दावी अनुकूल प्रहार गरी ज्यान मार्ने उद्योगको कसुर गरेको अर्थात मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) बमोजिमको अपराध कसुर गरेको ठहर्छ।

**सजाय निर्धारण**

प्रतिवादीहरूलाई के कति सजाय हुने भन्ने सम्बन्धमा विचार गर्दा यस अदालतको मिति २०७८।०९।१४ को निर्णयले प्रतिवादीले पीडिता निजको श्रीमती झटकन कुमारी राजवंशीलाई बरामद दाउसमेतले प्रहार गरी ज्यान मार्ने कार्य गरेको देखिई प्रतिवादीको कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) बमोजिमको कसुर कायम भएको देखियो। सो कसुरका लागि प्रतिवादीलाई सोही संहिताको दफा १८३(२) बमोजिम १० वर्षसम्म कैद र एक लाख रुपियाँसम्म जरिवाना हुने देखिँदा पीडिताको शरीरमा परेको चोटहरूको अवस्था आफ्नै परिवारको सदस्यमाथि घातक हतियार प्रहार गरेको परिवेशसमेतलाई विचार गरी प्रतिवादीलाई कैद वर्ष ४ र जरिवाना रू. ३०,०००।- सम्म गर्दा ऐनको उद्देश्य पूरा हुने हुँदा प्रतिवादी देव कुमार राजवंशीलाई ४ वर्ष कैद र रू. ३०,०००|- जरिवाना हुने ठहर्छ। पीडित र प्रतिवादी एकै परिवारका हुँदा क्षतिपूर्ति भराइ रहन परेन। प्रतिवादीको अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ (१) र (२) बमोजिम क्षतिपूर्ति शुल्क उपदफा (३) बमोजिम भराइ उपदफा (५) बमोजिम पीडित राहत कोषमा जम्मा हुने ठहर्छ।

## ४५. इन्द्र बहादुर खडकाको जाहेरीले नेपाल सरकार वि. मोहन बहादुर खड्का (मु.नं.०७७-C१-००४७)

**अभियोग मागदावी**

प्रतिवादी मोहन बहादुर खड्काले पूर्व रिसइवीका कारण लाठी र हँसिया जस्ता धारिला र संवेदनशील हतियारको प्रयोग गरी ज्यान मार्ने नियतले पीडित घाइतेहरूको शरीरमा जथाभावी प्रहार गरेको हुँदा यी प्रतिवादीको उक्त कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) बमोजिमको कसुर भएकोले निज प्रतिवादीलाई सोही दफाको उपदफा (२) बमोजिम सजाय हुन र प्रतिवादीको प्रहारबाट पीडितहरूको शरीरमा गम्भीर चोट लागी घाइतेमध्येका इन्द्र बहादुर खड्का हाल उपचारकै क्रममा रहेको हुँदा निजको हालसम्मको उपचारमा लागेको बिलबमोजिमको रकम रू. १,८२,१८८/- (एक लाख बयासी हजार एक सय अठासी) तथा घाइतेमध्येकी कौशिला खड्काले पेश गरेको बिलबमोजिमको रकम रु. ५९,७२९ (उनान्साठी हजार सात सय उनान्तिस) गरी जम्मा रकम रु. २,४२,४३६/- (दुई लाख बयालीस हजार चार सय छत्तिस) खर्च भएको देखिएको तथा थप उपचारको क्रममा लाग्ने बिलहरु पछि पेश भएमा सो बिलबमोजिमको रकमसमेत मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम पीडक पक्षबाट पीडितहरूलाई क्षतिपूर्ति रकम दिलाई भराइ पाउन मागदावी लिइएको छ। साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम प्रतिवादीबाट पीडित राहत कोषमा क्षतिपूर्ति शुल्क वापतको रकम जम्मा हुन समेत मागदावी लिइएको छ भन्ने समेत बेहोराको वादी नेपाल सरकारको यस अदालतमा पेश भएको अभियोगपत्र।

**थुनछेक आदेश**

उल्लिखित तत्काल प्राप्त प्रमाण कागजको आधारमा वादी नेपाल सरकारले प्रतिवादी उपर ज्यान मार्ने उद्योगको मुद्दा चलाएको अवस्था भए पनि लाठी बाहेक अन्य प्रतिवादीले वारदातमा प्रयोग भएको भनिएको हसिया जस्ता औजार बरामद गर्न नसकेको, पीडितहरूको सरकारी अस्पतालमा भएको घा जाँच रिपोट घा चोट सामान्य भनि लेखिआएको देखिँदा र विरामीको अवस्था Grossly Normal भनि लेखिआएको र प्रतिवादीले पीडितहरूसँग आफ्नो बारीमा बाख्रा चराउँदा पीडितहरूसँग हातपात भएको तर अन्य कुरामा इन्कार रही बयान गरेको देखिँदा उल्लिखित मिसिल संलग्न तत्काल प्राप्त प्रमाणबाट ज्यान मार्ने उद्योग जस्तो गम्भीर अपराधमा कसुरदार देखाइ वा कसुरदार हो भन्ने मनासिव आधार देखाइ प्रस्तुत मुद्दामा प्रतिवादीलाई थुनामा राख्न मनासिव नदेखिँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने र प्रमाण बुझ्दै जाँदा अभियोग दाबी ठहरेमा प्रतिवादीलाई कानूनबमोजिमको सजाय हुन सक्ने नै देखिँदा र मुद्दामा प्रमाण बुझ्दै गएको अवस्थामा जुनसुकै बेला

ऐ. संहिताको दफा ७० र ७१ नं. प्रयोग गर्न सकिने अवस्थासमेत प्रयुक्त हुन सक्ने हुँदा माथि उल्लिखित कागज प्रमाणका आधारमा प्रतिवादीलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७२ नं. समेतको आधारमा ऐ. दफा ६८ नं. बमोजिम रु.५५,०००।- (पचपन्न हजार) नगद वा सो बराबरको जेथा जमानत वा बैंक ग्यारेण्टी दिए लिइ प्रस्तुत मुद्दाको पुर्पक्षको लागि तारेखमा राख्नु। उल्लिखित नगद वा सो बराबरको जेथा वा बैंक ग्यारेण्टी दिन नसके ऐ. दफा ८० नं. बमोजिम थुनुवा पुर्जी दिइ थुनामा राख्न जिल्ला कारागार कार्यालय, डडेल्धुरामा लेखी पठाइदिनु भनि ऐ. संहिताको दफा ७९ नं. बमोजिम यो आदेश पर्चा खडा गरिदिएको छ। कानूनबमोजिम गर्नु।

**अदालतको ठहर**

प्रतिवादीको वारदात स्थल, मिति र समयमा उपस्थित भै प्रतिवादीले पीडितहरूसँग बाख्रा चराउने विषयमा भनाभन भै भएको झगडा र कुटपिट भएको हातमा लाठी लिएकोसम्म स्वीकार गरी मौकामा र अदालतमा गरेको बयान प्रतिवादी उपरको किटानी जाहेरी, मौकामा कागज गर्ने व्यक्तिहरूको मौकाको लेखाइ र अदालतमा भएको बकपत्र तथा बादी दाबी समर्थन गरी प्रतिवादीका साक्षीहरूले गरेको बकपत्र तथा भै आएको पीडितहरूको मौकाको घा जाँच प्रतिवेदन र अस्पतालको प्रतिवेदनबाट प्रतिवादीले पीडितहरूलाई हँसिया र लाठीले प्रहार गरी पीडितको टाउको र छातीमा गहिरो गरी काटेको, पीडित विमला कुमारी खड्काको, चन्नरी देवी खड्का र इन्द्र बहादुर खड्काको हात भाँचिदिएको देखिन आइ प्रतिवादीका साक्षी र इन्द्र बहादुर खड्काको मौकाको घटनास्थल पहुँचबाट प्रतिवादीवाट आफूहरू ज्यान मार्न बाच्न सफल भएको देखिँदा प्रतिवादीले वादी नेपाल सरकारको अभियोग मागदाबीअनुसारको कसुर अपराध गरेको ठहर्छ।

**सजाय निर्धारण**

नेपाल सरकारको अभियोग मागदावीबमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) नं. को कसुर अपराधमा प्रतिवादीलाई सोही ऐनको सोही दफा १८३(२) नं. बमोजिम न्यूनतम २(दुई) महिना १५ (पन्ध्र) दिन कैद र रु.२९,०००।- (उनन्तिस हजार)। जरिबाना तजविजी सजाय हुने ठहर्छ। मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ नं. बमोजिम रु.२,४१,९१७।- (दुई लाख एकचालिस हजार नौ सय सत्र) र पछि पेश गरेको उपचार खर्च वापतको रु.८५,९२९।- (पचासी हजार नौ सय उनन्तिस) गरी जम्मा रु. ३,२७,८४६- (तीन लाख सत्ताइस हजार आठ सय छयालिस) ऐ. संहिताको दफा १८६ नं. बमोजिम प्रतिवादीबाट पीडित पक्षहरूले क्षतिपूर्ति भरी भराइ पाउने ठहर्छ। अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(३) नं. बमोजिम अभियोग मागदाबीअनुसार रु. १,१६०।- (एक हजार एक सय साठी) प्रतिवादीबाट पीड़ित राहत कोषमा दिलाई भराइ पाउनेसमेत ठहर्छ।

## ४६. शिवलाल चपाईको जाहेरीले नेपाल सरकार वि. सोमबहादुर किसान (बोहोरा) (०७७-C१-००८७)

**अभियोग मागदावी**

प्रतिवादी सोमबहादुर किसान (बोहोरा) ले मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) विपरीतको कसुर अपराध गरेकाले निजलाई सोही संहिताको दफा १८३ को उपदफा (२) बमोजिम सजाय गरी सोही संहिताको दफा १८६ बमोजिम घाइतेहरुलाई प्रतिवादीबाट क्षतिपूर्ति दिलाई भराइ पाउँ भन्ने समेत बेहोराको वादी नेपाल सरकारको अभियोग मागदाबी।

**थुनछेक आदेश**

प्रस्तुत मुद्दामा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाललाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८० बमोजिम थुनुवा पुर्जी दिई ऐ. संहिताको दफा ६७ को उपदफा (१) को देहाय (ख) बमोजिम मुद्दा पुर्पक्षको निमित्त थुनामा राख्नुपर्नेमा निज प्रतिवादी सोमबहादुर किसान बोहोरा उपर यस अदालतमा दर्ता भएको ०७७-०१-००८६ को कर्तव्य ज्यान मुद्दामा आजै यसै इजलासबाट मुद्दा पुर्पक्षका लागि थुनामा राख्ने आदेश भएकोले उक्त कर्तव्य ज्यान मुद्दाबाट छुटी जाने अवस्था आएमा प्रस्तुत ज्यान मार्ने उद्योग मुद्दाबाट पुर्पक्षका लागि थुनामा राख्नु भन्ने समेत बेहोराको यस अदालतका आदेशानुसार प्रतिवादी सोमबहादुर किसान (बोहोरा) प्रस्तुत मुद्दामा पुर्पक्षको लागि कारागार कार्यालय, बागलुङमा थुनामा रहिआएको अवस्था रहेछ।

**अदालतको ठहर**

प्रतिवादी सोमबहादुर किसानले मृतक यामबहादुर के.सी. क्षेत्रीलाई प्रहार गरी मरणासन्न पारेपछि केही पर लालबहादुर निउरेको घरमा अर्को कोदालो भेटी लक्ष्मी चपाइलाई कोदालीले हानी त्यही पल्टाई दिई विष्णुमती चपाइको घरमा गई विष्णुमती चपाइलाई सोही कोदालीले शरीरको विभिन्न भागमा पल्टाई निज घाइते दुवैको टाउकोलगायतका शरीरका विभिन्न भागमा ज्यान मार्ने मनसायले चोट पुऱ्याएको र अन्य गाउँका मानिसको हार गुहार र तत्काल निज घाइतेहरुको उपचार हुन सकेबाट ज्यान भने मर्न नपाएको ज्यानसम्बन्धी उद्योगको कसुरको वारदात यी प्रतिवादी सोमबहादुर किसानले गरेको पुष्टि हुँदा निज प्रतिवादीले मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को कसुर गरेको ठहर्न आयो।

**सजाय निर्धारण**

सजाय निर्धारणका सन्दर्भमा निज प्रतिवादीलाई यसै लगाउको ०७७-०१-००८६ को कर्तव्य ज्यानको मुद्दामा जन्मकैदको सजाय हुने गरी आजै सजाय निर्धारण भएको र सोही मिति

२०७७।११।३ को यामबहादुर के.सी. को निज प्रतिवादी कर्तव्यबाट मृत्यु भएको वारदातसँगै यस मुद्दाका घाइते दुई जना उपरसमेत निजले कोदालो र कडा हतियारले ज्यान मार्ने मनसायले चोट प्रहार गरेको तर तत्कालै गाउँलेहरु आई निज प्रतिवादीको हातमा भएको कोदालो खोसी नियन्त्रणमा लिइनुका साथै घाइतेहरुको उपचारका लागि अस्पताल लगी घाइतेको ज्यान बच्न पाएको अवस्था देखिँदा वारदातको प्रकृति, अवस्था, पीडित पक्षलाई पुग्न गएको क्षति र कसुर गर्दाको परिस्थितिलाई विचार गर्दा उल्लिखित ज्यान मार्ने उद्योगको कसुरमा यी प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (२) बमोजिम ३ (तीन) वर्ष कैद र रु. ३०,०००।- (तिस हजार रुपियाँ) जरिवाना हुने ठहर्छ। मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम प्रतिवादी सोमवदादुर किसान (बोहोरा) बाट घाइतेहरु लक्ष्मी चपाई र विष्णुमती चपाईलाई जनही रु. ३०,०००।- (तिस हजार रुपियाँ) क्षतिपूर्ति भराइ दिने ठहर्छ। साथै अपराध पीडित संरक्षण ऐन, २०७४ को दफा ४१ को उपदफा (३) बमोजिम प्रतिवादी सोमबहादुर किसान (बोहोरा) बाट रु. १,०००।- (एक हजार रुपियाँ) दाखिल गराइ पीडित राहत कोषमा जम्मा गर्नु।

**४७. श्यामबहादुर वि.क.को जाहेरीले नेपाल सरकार वि. तिलक पुनसमेत (मु.नं. ०७७-C१-०७७)**

**अभियोग मागदाबी**

प्रतिवादीहरु तिलक पुन, कोपिल बुढाथोकी, दिलिप बुढाथोकी, गनबहादुर फगामी, हेमलाल फगामी, हर्कबहादुर बुढाथोकी मगर र उमेश बुढाथोकीले मुलुकी अपराध संहिता, २०७४ दफा १८३ को उपदफा (१) विपरीतको कसुर गरेका हुँदा निजहरुलाई सोही संहिताको दफा १८३ को उपदफा (२) बमोजिम सजाय गरी सोही संहिताको दफा १८६ बमोजिम प्रतिवादीहरुबाट जाहेरवालालाई मनासिव क्षतिपूर्तिसमेत दिलाई भराइ पाउँ भन्ने समेत बेहोराको वादी नेपाल सरकार तर्फबाट दायर भएको अभियोगदाबी।

**थुनछेक आदेश**

प्रस्तुत मुद्दामा थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाल मुद्दा पुर्पक्षको निमित्त मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७२ समेतको आधारमा दफा ६८ को उपदफा (१) बमोजिम निज प्रतिवादीहरू तिलक पुन, कोपिल बुढाथोकी, दिलिप बुढाथोकी, गनबहादुर फगामी, हेमलाल फगामी, हर्कबहादुर बुढाथोकी मगर र उमेश बुढाथोकीबाट जनही रु. ८०,०००/- (अक्षरेपि असी हजार) नगद धरौट वा बैंक ग्यारेन्टी वा जेथा जमानत दिए लिई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने समेत बेहोराको यस अदालतको बिभिन्न मितिको थुनछेक आदेशानुसार प्रतिवादीहरू तिलक पुन, कोपिल बुढाथोकी, दिलिप बुढाथोकी, गनबहादुर फगामी, हेमलाल फगामी,

हर्कबहादुर बुढाथोकी मगर र उमेश बुढाथोकीले आदेशानुसारको नगद धरौट राखी मुद्दा पुर्पक्षको लागि तारेखमा रहिआएको अवस्था रहेछ।

**अदालतको ठहर**

प्रतिवादीहरु र जाहेरवालाबिचको ज्यान मार्नेसम्मको इविलाग, मनसाय नभएको र भलिबल खेलको सामान्य विवादलाई लिई दोहोरो कुटपिट भएको र पीडितहरुको घाउ केस फाराम हेर्दा Old moderate severely भएको प्रतिवेदन रहेको र ज्यान मार्ने कसुर स्थापित हुनका लागि ज्यान मार्ने मनसाय, मार्नेसम्मको चोट र बाह्य हस्तक्षेपबाट ज्यान बच्न गरेका परिस्थिति नदेखिँदा प्रतिवादीलाई ज्यान मार्ने मनसायको अभावमा उद्योगको कसुर ठहर गर्न नमिल्ने हुँदा यी प्रतिवादीहरु तिलक पुन, कोपिल बुढाथोकी, दिलिप बुढाथोकी, गनबहादुर फगामी, हेमलाल फगामी, हर्कबहादुर बुढाथोकी मगर र उमेश बुढाथोकीसमेत जना सातले ज्यान मार्ने उद्योगको अभियोग दावीबाट सफाइ पाउने ठहर्छ। प्रतिवादीहरुले सफाइ पाएको अवस्था भए तापनि प्रतिवादीले वारदातमा संलग्नता नरहेको बेहोरा पुष्टि गर्न नसकेकाले र जाहेरवालाका टाउको तथा शरीरका अन्य भागमा घाउ चोट लाग्न गई घाइते भएको कुटपिट भएको अवस्था देखिएको र सो वारदात मुलुकी अपराध संहिता, २०७४ को अनुसूची १ अन्तर्गतको वारदात नपर्ने हुँदा कुटपिट जस्तो देखिँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२ बमोजिम सो तर्फ स्वयं जाहेरवालाले मुद्दा सकार गरी मुद्दा चलाउन सक्ने भएकाले पुनरावेदनको अन्तिम किनारा भएपछि कुटपिट तर्फ मुद्दा चलाउन चाहेमा सकार गर्न आउनु भनी सरोकारवाला पीडितहरु शयामबहादुर वि.क. र लालबहादुर वि.क.का नाममा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ४२ बमोजिम सूचना जारी गरी सो को म्यादभित्र मुद्दा सकार गरेमा जाहेरवाला तथा पीडितहरुलाई वादी पक्ष कायम गरी यसै मिसिलबाट कानूनबमोजिम कारवाही र किनारा हुने गरी प्रस्तुत वारदात कुटपिट तर्फ परिणत हुने ठहर्छ।

### ४८. अमरिता कुमारी साहको जाहेरीले नेपाल सरकार वि. मोहम्मद मम्ताज नदाफ(मु.नं.०७८-C१-०००१)

**अभियोग मागदावी**

प्रतिवादी मोमताज नदाफ भन्ने मो.सम्ताज नदाफको कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ (१) बमोजिमको कसुरमा प्रतिवादी मोमताज नदाफ भन्ने मो. मम्ताज नदाफलाई सोही संहिताको दफा १८३ (२) बमोजिम सजाय हुन तथा मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम प्रतिवादी मोमताज नदाफ भन्ने मो. मम्मताज नदाफवाट घाइतेमध्येका रामप्रगास साहलाई मनासिव क्षतिपूर्ति तथा उपचार गराएको बिल कागजमा उल्लिखित रकम रू. ७४,५१३/- दिलाई भराइ हाल उपचार गराइरहेको भन्ने तथ्य मिसिल कागजातहरुवाट देखिँदा पछि उपचारपश्चात्

पेश भएका बिलअनुसारको सम्पूर्ण उपचार खर्च निज प्रतिवादीबाटै भराइ पाउनको साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ (३) अनुसार क्षतिपूर्ति शुल्क दिलाई भराइ पाउनसमेतको मागदावी लिई पेश हुन आएको वादी नेपाल सरकारको अभियोगपत्र।

**थुनछेक आदेश**

तत्काल प्राप्त प्रमाणहरुको रोहमा प्रतिवादी बेकसुर रहेको नदेखिएकोमा सुरु मौकाको बयानमा नै प्रतिवादीले जाहेरवालीहरुसँग रिसइवी रहेको देखाए पनि घटना कसुरमा आफ्नो संलग्नतामा ईन्कारी रही वयान बेहोरा लेखाएको घटनास्थल मुचुल्कामा रोहवर रहेकी जाहेरवालीले मुचुल्काको बेहोराबाट यी प्रतिवादीको नाम उल्लेख नगरेको, स्वयं घाइतेले गरेको घटना विवरण कागजबाट देखिएको निजको हालको चोटको अनुमानको अवस्थासमेतको मध्यनजर हाल मुद्दा पुर्पक्ष निम्ति मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ को अवस्था विद्यमानता नभई ऐ. को दफा ६८ को अवस्थाको विद्यमानता देखिँदा मुद्दा पुर्पक्षका निम्ति हाल प्रतिवादीबाट नगद, जमानत वा बैंक जमानत रकम रु.१,२५,०००।- (अक्षरेपि एक लाख पच्चिस हजार मात्र) माग गरिदिए तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु भनी मिति २०७८।०४।०५। ३ मा यस अदालतबाट भएको आदेश।

**अदालतको ठहर**

निज प्रतिवादीले अनुसन्धानकै क्रमको वयानमा पनि घटना कसुरमा आफ्नो संलग्नता रहे भएको तथ्यलाई ईन्कार गरेको देखिन्छ भने अदालतमा वयान गर्दा पनि घटना कसुरमा आफ्नो संलग्नतामा इन्कारै रहेको पाइन्छ। तर मिसिल संलग्न कागजात प्रमाणहरुवाट जाहेरवाली. घाइते एवं यी प्रतिवादी चिरपरिचित, छिमेकी रहेको देखिएको, सोलाई यी प्रतिवादीले पनि स्वीकारै गरेकोमा झै-झगडा कुटपिटको जरियाको रुपमा पहिलेदेखि नै रहेको जग्गाको विवाद भन्ने देखिन्छ। यस रोहमा यी प्रतिवादीसमेत कसुर घटाउन संलग्न रहेको भनी घाइते एवं जाहेरवालीको अदालतको बकपत्रसमेतबाट देखिएकोमा घटना कसुरमा संलग्न नै नरहेको भन्ने समेतको प्रतिवादीको इन्कारी खण्डित भएको पाइन्छ। सोबाट हाल प्रतिवादीले घाइतेसमेत उपरमा जे-जुन रुप र प्रकृतिको कसुर अपराध घटाएको भनी अभियोग मागदावी लिइएको हो सो सम्मको बादी नेपाल सरकारको अभियोग मागदावी पुग्न नसक्ने तर घटना कसुरको अवस्था, प्रतिवादीले घाइतेलाई पारेको घाउ चोटको प्रकृतिसमेतबाट प्रस्तुत मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२ बमोजिम कुटपिटमा परिणत हुने ठहर्छ।

## ४९. सुरेन्द्र यादवसमेतको जाहेरीले नेपाल सरकार वि.मधुर चौधरी (मु.नं. ०७६-C१-०१४२)

**अभियोग मागदावी**

मिति २०७६।८।२९ गते अ.१९:०० बजेको समयमा प्रतिवादीहरु मधु चौधरी भन्ने मधुर चौधरीसमेतले जाहेरवालाहरु सुरेन्द्र यादव, सुदामा देवी र रामवरण यादवसमेत उपर बाँसको लाठी र फराठासमेतले प्रहार गरी घाइते पारी यी प्रतिवादीहरु मधु चौधरी भन्ने मधुर चौधरी, विशेश्वर चौधरी, लालु चौधरी भन्ने धिरेन्द्र चौधरी, शिवसागर चौधरी, निरस चौधरी र सोलिन्द्र चौधरीसमेतले ज्यान मार्ने उद्योग गरेकोले निज प्रतिवादीहरुले मुलुकी अपराध संहिता, २०७४ को ज्यानसम्बन्धी कसुरको दफा १८३(१) को कसुर अपराधमा प्रतिवादीहरु मधु चौधरी भन्ने मधुर चौधरी, विशेश्वर चौधरी, लालु चौधरी भन्ने धिरेन्द्र चौधरी, शिवसागर चौधरी, निरस चौधरी र सोलिन्द्र चौधरीलाई सोही संहिताको दफा १८३(२) बमोजिम सजाय तथा यी प्रतिवादीहरुबाट घाइते जाहेरवालाहरुलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ अनुसार मनासिव क्षतिपूर्ति दिलाई भराइ दिनुको साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ (३) अनुसार क्षतिपूर्ति शुल्कसमेत भराइ पाउँ भन्ने समेत बेहोराको वादी नेपाल सरकारको यी प्रतिवादीहरु उपर अभियोग मागदावी रहेको देखिन्छ।

**थुनछेक आदेश**

यसमा यी प्रतिवादीहरुले यस अदालत समक्ष कसुरमा इन्कारी रही वयान गरे तापनि यी प्रतिवादीहरुसमेत उपर किटानी जाहेरी परेको, सोलाई समर्थन हुने गरी घटनास्थल मुचुल्का, घटना विवरण कागज रहेको, घाइतेहरुको घाउ जाँच केस फारामलगायतका तत्काल प्राप्त प्रमाणहरुबाट यी प्रतिवादीहरु अहिले नै आरोपित कसुरमा निर्दोष रहेछन् भनी मान्न सकिने अवस्था नदेखिएकोले पछि थप प्रमाणहरु बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाललाई प्रतिवादीहरु शिवसागर चौधरी र निरस भन्ने सुकेश्वर चौधरीलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र दफा ७२ बमोजिम जनही रु.१,५०,०००।- (अक्षरेपि एक लाख पचास हजार) रुपियाँ नगदै धरौटी जमानत वा बैंक ग्यारेन्टी लिई तारेखमा राख्नु। नगदै धरौटी जमानत वा बैंक ग्यारेन्टी नदिए वा दिन नसके कानूनबमोजिमको सिदा खर्च पाउने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८० बमोजिम थुनुवा पुर्जी दिई सम्बन्धित कारागार कार्यालयमा राख्न पठाइदिनु भन्ने समेत बेहोराको यस अदालतबाट मिति २०७८।०१।१६ गतेमा भएको मुद्दा पुर्पक्षसम्बन्धी आदेश।

**अदालतको ठहर**

मिसिल संलग्न प्रतिवादीहरुको बयान, वादी पक्षका साक्षीहरुको बकपत्र, घाउ चोटको अवस्था, प्रतिवादी मधु चौधरी भन्ने मधुर चौधरीको वयान तथा वादी पक्षका साक्षीको बकपत्रसमेतबाट दोहोरो

कुटपिट भएको अवस्था देखिएको, प्रतिवादी मधु चौधरी भन्ने मधुर चौधरीको मौकाको तथा अदालतको बयानसमेतबाट प्रतिवादी तथा जाहेरवाला घाइतेबिच वादविवाद तथा दोहोरो कुटपिट भएको भन्ने मिसिलबाट देखिएकोले जाहेरवाला घाइते पीडितले सकार गरेमा निजहरुलाई बादी पक्ष कायम गरी प्रस्तुत मुद्दाको मिसिलबाट कानूनबमोजिम कारवाही किनारा हुने गरी प्रस्तुत मुद्दालाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२ बमोजिम कुटपिट तर्फ परिणत गरिदिएको छ। वादी नेपाल सरकारको प्रतिवादीहरु उपरको प्रस्तुत ज्यान मार्ने उद्योग तर्फको अभियोग दावी पुग्न सक्दैन। प्रतिवादीहरुले प्रस्तुत ज्यान मार्ने उद्योगको अभियोग दावीबाट सफाइ पाउने ठहर्छ।

## ५०. हरिनारायण साहको जाहेरीले नेपाल सरकार वि. बद्रि यादव (मु.नं. ०७६-C१-०१५९)

**अभियोग मागदावी**

मिसिल संलग्न जाहेरी दरखास्त घटनास्थल मुचुल्का, घा जाँच केस फाराम प्रतिवेदन र घटना बिवरण कागजसमेतका प्रमाणहरुको आधारमा मिति २०७६।६।२५ गते नं. ०७:३० बजेको समयमा प्रतिवादीहरुले आ-आफ्नो हातमा लाठी, फराठा, फलामे रड र धारिलो हतियार खुकुरीसमेत लिई जाहेरवाला हरिनारायण साहसमेत उपर हमला गरी घाइते पारी ज्यान मार्ने उद्योगको कार्य गरेकोले प्रतिवादीहरु बद्री यादव, हरि यादव, रिखी राम यादव, सत्यनारायण चौधरी, रुपेश चौधरी, शैलेन्द्र सिंह र प्रदिप धामीको उक्त कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ (१) बमोजिमको कसुर अपराधमा निज प्रतिवादीहरु बद्री यादव, हरि यादव, रिखी राम यादव, सत्यनारायण चौधरी, रुपेश चौधरी, शैलेन्द्र सिंह र प्रदिप धामीलाई सोही संहिताको दफा १८३(२) बमोजिम सजाय हुन र जाहेरवाला तथा घाइतेहरुलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ अनुसार मनासिव क्षतिपूर्ति दिलाई भराइ दिनुको साथै निज प्रतिवादीहरुवाट अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(३) अनुसार क्षतिपूर्ति शुल्कसमेत भराइ पाउँ भनि दायर हुन आएको अभियोग मागदावी।

**अदालतको ठहर**

पीडित घाइतेहरुको मौकाको घाउँ जाँच केस फाराम हेर्दा निजहरूको शरीरमा घाउ चोट देखिई उक्त चोटहरु Simple प्रकृतिको रहेको बेहोरा उल्लेख भएको पाइयो। उक्त घाउँ जाँच गर्ने सम्बन्धित चिकित्सक डा. बद्रीनारायण साहले बकपत्र गर्दा समेत उक्त चोटहरु Simple प्रकृतिको भई उक्त चोटहरुबाट मानिसको मृत्यु हुन सक्दैन भनि बकपत्र गरेको देखिनुका साथै घाइतेहरु तथा जाहेरवालासमेतले बकपत्र गर्दा घाइतेहरुलाई लाग्न गएको घाउँ चोटहरु प्रतिवादीहरुको प्रहारवाट भएको नभै सितापुरवाट निजगढ तर्फ जाँदै गर्दा यी घाइतेहरुसमेत सोही टेम्पुमा रहि लडि चोटपटक लागि घाइते भएका हुन भनी घाउँ जाँच केस फाराममा देखिएको घाइतेहरुको चोट

प्रतिवादीहरुको प्रहारवाट भएको नदेखिई अन्य कारणवाट भएको देखिएको समेतका उल्लिखित आधार कारणहरुवाट यी प्रतिवादीहरुका विरुद्धको अभियोग दावी स्थापित हुन आएन। तसर्थः प्रतिवादीहरु बद्री यादव, हरि यादव, रिखी राम यादव, सत्यनारायण चौधरी, रुपेश चौधरी, शैलेन्द्र सिंह र प्रदिप धामीले अभियोग दावीबमोजिमको आरोपित कसुरवाट सफाइ पाउने ठहर्छ।

## ५१. गोपाल सिंहको जाहेरीले नेपाल सरकार वि. विजय सिंह कुशवाह (मु.नं. ०७६-C१-०२३८)

**अभियोग मागदावी**

मिति २०७६/१०/११ गते अं. दिउँसो १२:०० बजेको समयमा जिल्ला महोत्तरी गौशाला न.पा. वडा नं.८ भण्टावारीमा जाहेरवालाले फोहोर थुपारेको विषयलाई लिई वादविवाद भएकोमा जाहेरवाला र जाहेरवालाको नावालक छोरा वर्ष १६ को शिवम् सिंहलाई घर आँगनमा बसिरहेको अवस्थामा प्रतिवादीहरू विजय सिंह कुशवाहा, सुनिल सिंह कुशवाहा, अनिल सिंह कुशवाहा र जगदिश महतोसमेतले गठमेल गरी हातहातमा घरेलु हतियार बञ्चरो, फलामको रड, लाठी, छुरा लिई चारै तर्फवाट घेरा हाली जाहेरवालालाई ज्यान मार्ने नियतले विपक्षी जगदिश महतोले जाहेरवाला तथा निजको टाउकोमा तथा जाहेरवालाको पेटमा छुरा प्रहार गरी घाइते बनाएको हुँदा ज्यान मार्ने उद्देश्यले कुटपिट गरी ज्यान मार्ने उद्योगको कसुर अपराध गरेकोले प्रतिवादीहरु विजय सिंह कुशवाहा, सुनिल सिंह कुशवाहा, अनिल सिंह कुशवाहा र जगदिश महतोसमेतले मुलुकी अपराध संहिता, २०७४ को ज्यानसम्बन्धी कसुरको दफा १८३(१) बमोजिमको कसुर अपराधमा निज प्रतिवादीहरुलाई सोही संहिताको दफा १८३ (२) बमोजिम सजाय तथा निज प्रतिवादीहरुबाट मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ अनुसार पीडितलाई मनासिव क्षतिपूर्ति दिलाई भराइ दिनुको साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ (३) अनुसार क्षतिपूर्ति शुल्कसमेत भराइ पाउँ भन्ने समेत बेहोराको अभियोग मागदावी।

**थुनछेक आदेश**

यी प्रतिवादीहरुले जाहेरवाला र निजको छोरालाई कुटपिट गरी ज्यान मार्ने उद्योग गरेकाले तदनुरुप कारवाही गरिपाउँ भन्ने जाहेरवालाको जाहेरी दरखास्त परेकोमा मिसिल संलग्न घटनास्थल मुचुल्का, घा जाँच केस फाराम, घटना विवरण कागज र घाइते सिवम सिंहले मौकामा गरेको घटना विवरण कागज एवं प्रतिवादीहरुले अधिकारप्राप्त अधिकारी र अदालत समक्ष गरेको बयान बेहोरासमेतका तत्काल प्राप्त प्रमाण कागजातहरुबाट यी प्रतिवादीहरुलाई मुद्दा पुर्पक्षका क्रममा ठहरेबमोजिम हुने गरी प्रतिवादीहरु विजय सिंह कुशवाहा तथा सुनिल सिंह कुशवाहाबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ७२ को आधारमा नगद रु.२५,०००।- (पच्चिस हजार रुपियाँ) वा सो बराबरको जमानत दिए मुद्दा पुर्पक्षको लागि तारेखमा राख्नु। धरौट वा जमानत दिन नसके थुनामा

राख्न ऐ. ऐनको दफा ८० बमोजिम थुनुवा पुर्जी दिई कारागारमा पठाइदिनु भन्ने समेत बेहोराको यस अदालतबाट मिति २०७७।०३।१० मा भएको थुनछेक आदेश।

**अदालतको ठहर**

प्रतिवादीहरुको मौकामा तथा यस अदालतमा भएको बयान, पीडित जाहेरवालाको घाउ चोटको अवस्था, घाउ जाँच केस फाराममा उल्लिखित घाउ चोट, घाउ जाँच केस फाराममा घाउचोट Simple उल्लेख भएको अवस्थासमेतबाट अभियोग दावीको घटना वारदात कुटपिट प्रकृतिसम्मको रहे भएको देखिँदा जाहेरवाला, पीडित सरोकारवालाले सकार गरेमा प्रस्तुत मुद्दाको मिसिलबाट नै बाँकी कारवाही अगाडि बढाउने गरी प्रस्तुत मुद्दालाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२ बमोजिम कुटपिट तर्फ परिणत गरिदिएको छ। वादी नेपाल सरकारको यी प्रतिवादीहरु उपरको ज्यान मार्ने उद्योग तर्फको अभियोग दावी पुग्न सक्दैन। प्रतिवादीहरु विजय सिंह कुशवाहा, सुनिल सिंह कुशवाहा, अनिल सिंह कुशवाहा र जगदिश महतोले प्रस्तुत ज्यान मार्ने उद्योगको अभियोग दावीको कसुर अपराधबाट सफाइ पाउने ठहर्छ भन्ने बेहोराको फैसला।

**५२. उपेन्द्र मुखियाको जाहेरीले नेपाल सरकार वि. रामजी मुखिया (मु.नं. ०७७-C१-००५१)**

**अभियोगपत्र**

मिति २०७७।०४।११ गते अ. २०:०० वजेको समयमा जिल्ला महोत्तरी मनरा सिस्वा नगरपालिका वडा नं. १० सकरी गाउँको सार्वजनिक सडकमा प्रतिवादीहरू रामजी मुखिया, श्रीचन मुखिया, दुलारचन मुखिया र राम अशिष मुखियासमेतले जाहेरवाला उपेन्द्र मुखियाको श्रीमती धनेश्वरी देवी, छोराहरू रास नारायण मुखिया र लाल किशोर मुखियासमेतलाई लात मुक्का, बाँसको फटा तथा फलामको दवियासमेतले प्रहार गरी घाइते बनाई ज्यान मार्ने उद्योगको कसुर स-प्रमाण पुष्टि भएकोले प्रतिवादीहरूले मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ (१) बमोजिमको कसुर अपराधमा प्रतिवादीहरूलाई, सोही संहिताको दफा १८३(२) बमोजिम सजाय हुन, प्रतिवादीहरूबाट घाइतेहरूको उपचारमा लागेको खर्च रू.२,००,०००।- मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ अनुसार जाहेरवालालाई दिलाई भराइ दिनुको साथै निज प्रतिवादीहरूवाट अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ (३) अनुसार क्षतिपूर्ति शुल्कसमेत भराइ पाऊँ भन्ने समेत बेहोराको अभियोग मागदावी।

**थुनछेक आदेश**

यसमा पछि प्रमाण बुझ्दै जाँदा र तत्काल प्राप्त प्रमाणहरूको न्यायिक परीक्षण हुँदा ठहरेबमोजिम हुने नै हुँदा हाल प्रतिवादी रामजी मुखियाबाट रू.८०,०००।-(असी हजार) नगद, जेथा जमानत वा बैंक ग्यारेण्टी लिई मुद्दाको पुर्पक्ष गर्नु भन्ने समेत बेहोराको यस अदालतको थुनछेक आदेश।

**अदालतको ठहर**

जाहेरी दरखास्त, पीडितको घाउजाँच केस फाराम, प्रतिवादी रामजी मुखियाको बयान, घटना विवरण कागज गर्ने मानिसको बकपत्रसमेतको मिसिल संलग्न प्रतिवादीबाट प्रतिवादीहरूले जाहेरवाला/पीडितहरूलाई ज्यानै मार्ने मनसायले कुटपिट गरी ज्यान मार्ने उद्योगको कसुर गरेको भन्ने अभियोग दावी शंकारहित रूपमा वस्तुनिष्ठ प्रमाणद्वारा पुष्टि हुन सकेको नदेखिएकोले प्रतिवादीहरूले मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) बमोजिमको ज्यान मार्ने उद्योगको कसुर गरेको भन्ने अभियोग दावी पुग्न नसक्ने प्रतिवादीहरू रामजी मुखिया, श्रीचन मुखिया, दुलारचन मुखिया, रामअशिष मुखियासमेतले अभियोग दावीबाट सफाइ पाउने ठहर्छ। साथै मिसिल संलग्न घाउजाँच केस फाराम, बुझिएका व्यक्तिहरूको बकपत्र, जाहेरवाला/पीडितको बकपत्रसमेतबाट प्रतिवादीहरू र जाहेरवाला/पीडितबिच कुटपिट भएको भन्ने देखिएकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२ बमोजिम प्रस्तुत मुद्दा कुटपिटमा परिणत गरिदिएको छ।

## ५३. सहिम राइनको जाहेरीले नेपाल सरकार वि. लुकमान राइन (मु.नं. ०७७-C१-०११८)

**अभियोग मागदावी**

मिसिल संलग्न घटनास्थल मुचुल्का, जाहेरी दरखास्त, प्रहरी प्रतिवेदन, प्रतिवादीहरुको बयान, पीडितहरुको स्वास्थ्य जाँच प्रतिवेदन तथा घटना विवरण कागजसमेतका प्रमाणहरुबाट यी प्रतिवादीहरु लुकमान राईन भन्ने मो. लुकमान राईन र गुफरान राईन भन्ने मो. गुफरानसमेतले मो. अमर राईन र मो. फहिम राईनसमेतलाई घेरा हाली कुटपिट गरी घाइते बनाई ज्यान मार्ने उद्योगको कसुर गरेको तथ्य स-प्रमाण पुष्टि भएको देखिँदा निज प्रतिवादीहरुले मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ (१) बमोजिमको कसुरमा प्रतिवादीहरुलाई सोही संहिताको दफा १८३(२) बमोजिम सजाय गरी प्रतिवादीहरुबाट सोही संहिताको दफा १८६ बमोजिम मनासिव क्षतिपूर्ति भराइ साथै निज प्रतिवादीहरुबाटै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(३) बमोजिम क्षतिपूर्ति शुल्क भराइ पाउँ भन्ने समेत बेहोराको अभियोग मागदावी।

**थुनछेक आदेश**

पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ आधारमा र ऐ. ऐनको दफा ७२ र ६८ समेतलाई विचार गरी निज प्रतिवादी लुकमान राइन भन्ने

मो. लुकमान राइन र गुफरान राइन भन्ने मो. गुफरान राइनबाट जनही रु.५०,०००।-(अक्षरेपि पचास हजार रुपियाँ) नगद वा सो बराबरको जेथा जमानत वा बैंक जमानत मागी दिए मुद्दा पुर्पक्षको लागि तारेखमा राख्नु भन्ने समेत बेहोराको यस अदालतको थुनछेक आदेश।

**अदालतको ठहर**

मिसिल सलग्न उल्लिखित कागज प्रमाणहरुबाट घाइतेमध्येका अमर राइनले मास्क लगाएको विषयमा विवाद भई प्रतिवादीहरुले काठको चिरानले प्रहार गर्दा घाइतेमध्येका फहिम राइन सामान्य र अमर राइन गम्भीर घाइते भई उपचारपश्चात् हाल सामान्य हुने क्रममा रहेको र यी प्रतिवादीहरुले आफ्नो प्रहारबाट घाइते भएका घाइते/पीडितहरुको उपचारमा सहजताका लागि उपचार खर्च दिएको वा सामान्य मानवीय व्यवहारसम्म प्रदर्शन गरेको भन्ने नदेखिए तापनि सोही आधारले मात्र अभियोग दाबीअनुसारको ज्यान मार्ने उद्योग अन्तर्गतको वारदात स्थापित वा पुष्टि हुन सक्ने अवस्था रहेको वारदातको प्रकृति, घटनाक्रमसमेतबाट प्रस्तुत वारदात कुटपिट अन्तर्गतको देखिएको र सो प्रकृतिको अपराधबाट समेत पीडितले चाहेमा क्षतिपूर्तिसहितको न्याय प्राप्त गर्न सक्ने नै देखिन्छ। अतः उल्लिखित आधार प्रमाणहरुवाट यी प्रतिवादीहरुले अभियोग दावीबमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ (१) बमोजिम ज्यान मार्ने उद्योगको कसुर गरेको ठहर्दैन। तथापि यी प्रतिवादीहरुकै कुटपिट एवम् चोट प्रहारका कारण पीडितहरु घाइते भएको देखिँदा प्रस्तुत मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२ बमोजिम कुटपिटमा परिणत हुने ठहर्छ। सरोकारवालालाई सूचना दिई निजले सकार गर्न आए वादी कायम गरी कानूनबमोजिम गर्नु।

## ५४. अविनाश कुमार ठाकुरको जाहेरीले नेपाल सरकार वि. नथुनी मण्डल खतवे (मु.नं.०७७-C१-०१५१७)

**अभियोग मागदावी**

मिति २०७७/०४/१५ गते १३:०० बजेको समयमा जिल्ला महोत्तरी लोहारपट्टी नगरपालिका वडा नं. ७ स्थित दुर्गा मन्दिर चोकमा प्रतिवादीहरू नथुनी मण्डल खत्वे, किशोर मण्डल र सजिवन मण्डलसमेतले जाहेरवाला अविनाश कुमारलाई ज्यान मार्ने नियतले वासको लाठी, फलामको रड समेतले टाउकोसमेतमा प्रहार गरी निर्घात रूपमा कुटपिट गरी गम्भीर घाइते बनाएको पुष्टि भएकोले प्रतिवादीहरू नथुनी मण्डल खत्वे, किशोरी मण्डल र सजिवन मण्डलले मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) बमोजिमको कसुर अपराधमा प्रतिवादीहरू नथुनी मण्डल खत्वे, किशोरी मण्डल र सजिवन मण्डललाई सोही संहिताको दफा १८३(२) बमोजिम सजाय हुने गरी साथै निज प्रतिवादीहरूवाट अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ (३) अनुसार क्षतिपूर्ति शुल्कसमेत भराइ पाउँ भन्ने समेत बेहोराको अभियोग मागदावी।

**थुनछेक आदेश**

यसमा पछि थप प्रमाणहरू बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाललाई मुलकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७२ समेतलाई मध्येनजर गरी सोही संहिताको दफा ६८ बमोजिम प्रतिवादी नथुनी मण्डल खत्वेबाट रू.७५,०००।-(पचहत्तर हजार) रूपैयाँ नगदै धरौटी, जमानत वा बैंक ग्यारेण्टी लिई तारेखमा राख्नु भन्ने समेत बेहोराको यस अदालतको थुनछेक आदेश।

**अदालतको ठहर**

मिसिल संलग्न जाहेरी दरखास्त, पीडितको घाउजाँच केस फाराम, प्रतिवादीहरूको वयान, प्रतिवादीहरूको साक्षी बकपत्रसमेतबाट प्रतिवादीहरूसमेत भई जाहेरवालालाई ज्यानै मार्ने मनसायले कुटपिट गरेको भन्ने अभियोग दावी शंकारहित रूपमा वस्तुनिष्ठ प्रमाणद्वारा पुष्टि हुन सकेको नदेखिएकोले प्रतिवादीहरू उपरको मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) बमोजिमको ज्यान मार्ने उद्योगको अभियोग दावी पुग्न नसक्ने, प्रतिवादीहरू नथुनी मण्डल खत्वे, किशोरी मण्डल खत्वे, सजिवन मण्डल खत्वेले अभियोग दावीबाट सफाइ पाउने ठहर्छ। साथै घटनास्थल मुचुल्का, जाहेरी दरखास्त, बकपत्र, पीडितको घाउजाँच फारामसमेतबाट प्रस्तुत वारदातमा कुटपिट भएको भन्ने देखिएकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२ बमोजिम सरोकारवालाले सकार गरेमा यसै मुद्दाको मिसिलबाट कानूनबमोजिम कारवाही किनारा हुने गरी प्रस्तुत मुद्दा कुटपिटमा परिणत गरिदिएको छ।

## ५५. निक्की निसादको जाहेरीले नेपाल सरकार वि. राम मिलन केवट (मु.नं. ०७५-C१-५३७)

**अभियोग मागदावी**

प्रतिवादी राम मिलन केवटले आफ्नै श्रीमती जाहेरवाली निक्की निसादसँग वादविवाद गरी ज्यान मार्ने उद्देश्यले निज जाहेरवालीलाई तातो दुध खनाई दिई आगो बलेको दाउराले हानि जलाई घाइते बनाएकोले निज प्रतिवादी राम मिलन केवटले मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ (१) विपरीतको कसुर अपराध गरेको हुँदा निज प्रतिवादी राम मिलन केवटलाई सोही संहिताको दफा १८३ (२) बमोजिम सजाय हुन र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम गरिपाउँ भन्ने समेत बेहोराको अभियोग पत्र गगदावी।

**थुनछेक आदेश**

प्रतिवादी राम मिलन केवटले अदालतमा बयान गर्दा अभियोग दावीको कसुरमा इन्कार रही बयान गरेको, पीडितको घाउजाँच परीक्षण प्रतिवेदनमा Type of injury मा simple भन्ने देखिएको र शरीरको पछाडि भागमा केही भाग जलेको जस्तो देखिई प्रतिवादीले गरेको कार्यबाट पीडितको ज्यान मार्नेसम्मको मनसाय नदेखिए तापनि प्रतिवादी उपरको किटानी जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, बुझिएका मानिसहरूले गरिदिएको घटना विवरण कागज, प्रतिवादीले अनुसन्धान अधिकारी एवं यस अदालतमा गरेको बयानसमेतका मिसिल संलग्न आधार प्रमाणबाट यी प्रतिवादी अभियोग दावीको कसुरमा अहिले नै निर्दोष रहेछन् भनी भन्न सकिने अवस्थाको विद्यमानता नदेखिँदा पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाललाई यी प्रतिवादी राम मिलन केवटलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८(१) नं. तथा ७२ बमोजिम नगद धरौटी रु. ३०,०००/- (तिस हजार) वा सो वापत जेथाजमानत वा बैंक जमानत दिए लिई तारेखमा राख्नु सो दिन नसके सोही संहिताको दफा ६८(२) बमोजिम मुद्दा पुर्पक्षको लागि थुनामा राख्न सोही मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८० नं. बमोजिम थुनुवा पुर्जी दिई स्थानीय कारागार कार्यालय पठाउनु भन्ने समेत बेहोराको मिति २०७६।११।०६ मा यस अदालतबाट भएको थुनछेक आदेश।

**अदालतको ठहर**

प्रतिवादी राम मिलन केवटको मौकामा एवं यस अदालतमा भएको बयान, वादी पक्षका साक्षीहरू यस अदालतमा उपस्थित भई गरेको बकपत्र, मौकामा भएको घटना विवरण कागज, अनुसन्धानका क्रममा पेश भएको पीडितको फोटोबाट पीडितको शरीरमा पोलिएको घाउ देखिरहे पनि निज पीडितलाई प्रतिवादीले नै आगो लगाएको भन्ने सम्मको अवस्था स्पष्ट एवं वस्तुनिष्ठ ठोस प्रमाण एवं शंकारहित तवरबाट पुष्टि हुन नसकी रहेकोले अभियोग दावीबमोजिम प्रतिवादी राम मिलन केवटलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) बमोजिमको कसुरमा सोही मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(२) बमोजिम सजाय हुने अवस्था देखिएन। प्रतिवादी राम मिलन केवटले अभियोग दावीबाट सफाइ पाउने ठहर्छ।

**५६. गम बहादुर गुरुङको जाहेरीले नेपाल सरकार वि. राम बहादुर कामी (मु.नं. ०७७-C१-०२९५)**

**अभियोग मागदावी**

मिति २०७७।१०।२२ गते अं.११:०० बजेको समयमा जिल्ला रूपन्देही देवदह न.पा. वडा नं.११ स्थित शेष बहादुर गुरुङ र अन्य २/३ जना व्यक्तिहरु बसिरहेको अवस्थामा प्रतिवादी राम बहादुर वि.क.ले एक्कासी धारिलो हतियार दाउसमेतले शेष बहादुर गुरुङ र दुर्गा बहादुर गुरुङ्लाई

प्रहार गरी घाइते बनाएकोले निज प्रतिवादी राम बहादुर कामीले मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) विपरीतको कसुर अपराध गरेको देखिँदा निज प्रतिवादी राम बहादुर कामीलाई सोही संहिताको दफा १८३(२) बमोजिम सजाय गरी अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम गरिपाउँ भन्ने समेत बेहोराको अभियोगपत्र मागदावी।

**थुनछेक आदेश**

प्रतिवादी राम बहादुर कामीले यस अदालत एवं अनुसन्धान अधिकारी समक्ष गरेको साविती बयान, निज उपरको किटानी जाहेरी, घटनास्थल मुचुल्का, घाउ जाँच केस फाराम, मौकामा बुझिएका मानिसहरूले गरेको कागजसमेतका तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादीलाई पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाललाई यी प्रतिवादी राम बहादुर कामीलाई मुद्दा पुर्पक्षको लागि थुनामा राख्नुपर्ने हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ नं. बमोजिम थुनामा राख्न ऐे. संहिताको दफा ८० बमोजिम थुनुवा पुर्जी दिई स्थानीय कारागार कार्यालयमा पठाइदिनु। प्रतिवादी चुक्ता भइसकेको र प्रतिवादीले साक्षी राखेको नदेखिँदा जाहेरवालालगायतका वादी पक्षका साक्षी जिल्ला सरकारी वकिल कार्यालय मार्फत उपस्थित गराउन लगाई बुझी नियमानुसार पेश गर्नु भन्ने समेत बेहोराको मिति २०७७।११।१८ मा यस अदालतबाट भएको थुनछेक आदेश।

**अदालतको ठहर**

प्रतिवादीको मौकामा एवं यस अदालतमा भएको बयान, जाहेरवाला एवं पीडितहरु शेष बहादुर गुरुङ र दुर्गा बहादुर गुरुङले यस अदालतमा उपस्थित भई वकपत्र गर्दा पीडितहरुलाई प्रतिवादी राम बहादुर कामीले धारिलो हतियारले हानेको भन्ने समेत उल्लेख भई मिसिल संलग्न रहेका पीडितको फोटोहरु एवं घाउ जाँच केस फारामसमेतबाट अभियोग दावीबमोजिमको कसुर पुष्टि भैरहेकोले प्रतिवादी राम बहादुर कामीले अभियोग दावीबमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ (१) विपरीतको कसुर अपराध गरेको ठहर्छ।

**सजाय निर्धारण**

निज पीडितहरुको टाउकोमा चोट देखिई प्रतिवादीले अभियोग दावीबमोजिमको कसुर गरेको ठहर भैरहेको देखिए पनि निज प्रतिवादी बिरामी रही औषधी सेवन गरेको भन्ने बेहोरा आज सजाय ठहरको क्रममा निज प्रतिवादीका कानून व्यवसायीले पेश गरेको सजायपूर्वको प्रतिवेदनसमेतबाट देखिई निज प्रतिवादी मानसिक रुपमा कमजोर रहेको भन्ने समेत उल्लेख गरेबाट प्रतिवादी राम बहादुर कामीको शारीरिक, मानसिक, पारिवारिक, सामाजिक अवस्थासमेतलाई विचार गरी निजलाई थप उपचार गराउनुपर्ने सम्मको अवस्थासमेत देखिएकोले निज प्रतिवादीलाई न्यूनतमसम्म सजाय गर्न मनासिब

देखिंदा अभियोग दावीबमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(२) बमोजिम १ (एक) वर्ष कैद र रु.५,०००/- (पाँच हजार) जरिवाना हुने ठहर्छ। साथै प्रतिवादी राम बहादुर कामीबाट अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(१)(ख) बमोजिम रु.४००/- (चार सय) असुल गरी पीडित राहत कोषमा जम्मा गर्नु।

## ५७. कृष्ण प्रसाद पौडेल शर्माको जाहेरीले नेपाल सरकार वि. रेशम बहादुर रायमाझी (मु.नं.०७७-C१-०३९६)

**अभियोग मागदावी**

मिति २०७७।१२।२३ गते विहान जिल्ला रूपन्देही तिलोत्तमा नगरपालिका वडा नं. १२ महरस्थित स्थानीयहरु तथा जनप्रतिनिधिसमेत भई सडक नाप्दै गर्दा प्रतिवादी रेशम बहादुर रायमाझीले वादविवाद गरी उपस्थितमध्ये धनपति पौडेललाई मार्ने नियतले काठको लठ्ठीले टाउकोमा प्रहार गरी सख्त घाइते बनाई भागेकोमा स्थानीयसमेतले तत्काल उपचारको लागि अस्पताल लगेको कारण निज घाइते धनपति पौडेल बाँच्न सफल भएको हुँदा प्रतिवादी रेशम बहादुर रायमाझीको उक्त कसुर मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ (१) विपरीतको हुँदा निज प्रतिवादीलाई सोही संहिताको दफा १८३(२) बमोजिम सजाय गरी सोही संहिताको दफा १८६ बमोजिम उपचार खर्च दिलाई अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम गरिपाउँ भन्ने समेत बेहोराको अभियोग मागदावी।

**थुनछेक आदेश**

प्रतिवादीलाई मुद्दा पुर्पक्षको लागि थुनामा राख्नुपर्ने अवस्थाको विद्यमानता नदेखिएकोले पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाल मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम प्रतिवादी रेशम बहादुर रायमाझीबाट रू.१,५०,०००।- (अक्षरेपि एक लाख पचास हजार रुपियाँ) नगद वा सो बराबरको जमानत दिएमा लिई तारिखमा राख्नु। माग भएको धरौटी दाखिला गर्न नसके प्रतिवादीको कागज गराइ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८० बमोजिम थुनुवा पुर्जी दिई थुनामा राख्न कारागार कार्यालय रूपन्देहीमा लेखी पठाउनु। आदेशानुसार माग भएको धरौट रकम प्रतिवादी रेशम बहादुर रायमाझीले दाखिला गर्न नसकेकोले निज प्रतिवादी मुद्दा पुर्पक्षको लागि थुनामा रहेको।

**फैसला**

अतः प्रतिवादीले मौकामा र अदालतमा बयान गर्दा काठको लाठीले धनपति पौडेलको टाउकोमा प्रहार गरेको भनी सो तथ्य स्वीकार गरेका, घाइतेको घाउ जाँच हुँदा Blunt force को प्रयोग भएको

देखिएको, टाउकोको बाहिरी भागमा मात्र चोट लागेको, टाउकाको हड्डी नफुटेको, रगत नजमेको र घाइतेलाई केही समय निगरानीमा राखी पठाएको भन्ने उल्लेख भएको, प्रतिवादीको नियत र मनसाय नदेखिएको, पीडितको अवस्था सामान्य रहेको देखिएबाट प्रस्तुत वारदात ज्यान मार्ने उद्योगको बारदात नभई साधारण कुटपिटसम्म हुँदा पीडित पक्षले मुद्दा सकार गरेमा यसै मिसिलबाट कारवाही किनारा गर्ने गरी प्रस्तुत वारदात मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२(१) बमोजिम साधारण कुटपिटमा परिणत हुने ठहर्छ।

**५८. परमिला बराईको जाहेरीले नेपाल सरकार वि. विनोद कुर्मी (मु.नं.०७८-C१-००३३)**

**अभियोग मागदावी**

मिति २०७८/०३/२६ गते अं.२०:०० बजेको समयमा पीडित परमिला बराई आफ्नै घरमा बसी रहेको अवस्थामा प्रतिवादी विनोद कुर्मीले आफैले ल्याएको धारिलो बन्चरोले ज्यान मार्ने मनसायले पीडितको बायाँ काँध तथा पेटमा समेत प्रहार गरी रगताम्य पारेको र पीडितले हार गुहार गरेपछि अन्य मानिसहरु आउन थालेपछि निज प्रतिवादी भागी फरार भएको तथा समयमै उपचार पाएको कारण मात्र पीडित परमिला बराईको ज्यान बाँच्न सफल भएकोले प्रतिवादी बिनोद कुर्मीले मुलुकी अपराध संहिता,२०७४ को दफा १८३(१) विपरीतको कसुर गरेकोले निजलाई ऐ. संहिताको दफा १८३(२) बमोजिम सजाय गरी अपराध पीडित संरक्षण ऐन,२०७५को दफा ४१ बमोजिम ऐ. संहिताको दफा १८६ र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४ को दफा ४१ बमोजिम पीडितलाई मनासिब क्षतिपूर्ति भराइ पाउँ भन्ने समेत बेहोराको मिति २०७८/४/१९ गतेको अभियोगपत्र।

**थुनछेक आदेश**

प्रतिवादीले गरेको कसुर ज्यान मार्ने उद्योगको अवस्था होइन भन्ने अवस्था नभै ज्यान मार्ने उद्योगको अवस्था हो भन्ने विश्वसनीय एवं मनासिव आधार देखिँदा पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल यी प्रतिवादी विनोद कुर्मीलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने देखिँदा निजलाई ऐ. संहिताको दफा ८० बमोजिम थुनुवा पुर्जी दिई कारागार कार्यालय रुपन्देहीमा पठाइदिनु। दशीको रुपमा प्राप्त बन्चरो थान- १ जिन्सीमा आम्दानी बाँध्नु भन्ने समेत बेहोराको मिति २०७९/४/२१ मा भएको आदेश।

**अदालतको ठहर**

तथ्य, प्रमाण र विश्लेषणको आधारमा यी प्रतिवादी विनोद कुर्मीले जाहेरवालीको घरमा परपुरुष आउने गरेको कुरामा जाहेरवालीसँग किन आउँछ भन्दा जाहेरवालीसँग झगडा विवाद हुँदा रक्सी

सेवन गरेका सुरुमा परपुरुषलाई मार्ने मनसाय साथ धारिलो हतियार बन्चरो लिई जाहेरवालीको घरमा गै परपुरुषलाई खोज्दा जाहेरवालीसँग झगडा हुँदा बन्चरोले पीडित जाहेरवालीको काँध पेटमा मात्र नभै संवेदनशील अंग टाउकोसमेतमा प्रहार गरी गम्भीर घाइते बिरामी भएकोमा अपरेशन गरेको कारण मात्र बच्न सफल भएबाट प्रतिवादीले मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ (१) अनुसारको ज्यान मार्ने उद्योगको कसुर गरेको ठहर्छ।

**सजाय निर्धारण**

जाहेरवाली र प्रतिवादी एकै ठाउका २०।२५ मिटर नजिकका छिमेकी भएको, उपचार खर्च प्रतिवादीले सबै बेहोरेको अवस्थामा बढी सजाय गर्नु भन्दा न्यून सजाय गरी क्षतिपूर्ति भराउदा नै एउटै गाउँघर टोलमा मिलेर बस्न सक्ने अवस्था हुन सक्ने स्थितिलाई मध्यनजर गरी यी प्रतिवादीलाई मुलुकी अपराध संहिता,२०७४ को दफा १८३(२) बमोजिम ६ महिना कैद र रु.७,००।- जरिवाना हुने ठहर्छ। पीडित जाहेरवालाको पछिसम्मको उपचार गर्ने क्षतिपूर्ति भराइ राख्ने व्यवस्था नहुँदा पछिसम्म उपचारमा लाग्न सक्ने खर्च र पीडितले पाएको दुःख पीडालाई मनन गरी जाहेरवालीले प्रतिवादीबाट ऐ. संहिताको दफा १८६ र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४१ बमोजिम रु. १,२५,०००।- क्षतिपूर्ति भराइ पाउने ठहर्छ। साथै प्रतिवादीले अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४ बमोजिम रु.४००।- पीडित राहत कोषमा जम्मा गर्नुपर्ने समेत ठहर्छ।

## ५९. वेद प्रसाद गिरीको जाहेरीले नेपाल सरकार वि. अजय क्षेत्री (मु.नं.०७८-C१-०२५४)

**अभियोग मागदावी**

मिति २०७८।८।३ गते राति जिल्ला रूपन्देही बुटवल उपमहानगरपालिका वडा नं.१२ नयाँ गाउँ हाटबजारस्थित सार्वजनिक चौरमा प्रतिवादी अजय क्षेत्रीले जीवन गिरीसमेतलाई ज्यान मार्ने उद्देश्यले ढुङ्गा तथा वियरका बोतलले टाउकोसमेतका संवेदनशील अङ्गमा प्रहार गरी घाइते बनाई घटनास्थलमा छाडी भागी गएका हुँदा प्रतिवादी अजय क्षेत्रीको कसुर मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१)| बमोजिमको हुँदा निज प्रतिवादीलाई सोही संहिताको दफा १८३ (२) बमोजिम सजाय गरी अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम गरिपाउँ भन्ने समेत बेहोराको अभियोग मागदावी।

**थुनछेक आदेश**

तत्काल प्राप्त प्रमाणबाट प्रतिवादीलाई थुनामा राखुपर्ने सम्मको स्थिति नहुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम रु.७५,०००।- (पचहत्तर हजार) नगद वा सो

बराबरको जमानत दिए लिई तारेखमा राख्नु, दिन नसके मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८० बमोजिम थुनुवा पुर्जी दिई थुनामा राख्न स्थानीय कारागार पठाउनु, बरामद सामान जिन्सीमा आम्दानी बाँध्नु। प्रतिवादी चुक्ता भइसकेको हुँदा वादी नेपाल सरकारका साक्षी जिल्ला सरकारी वकिल कार्यालय रूपन्देही मार्फत र प्रतिवादीका साक्षी निज मार्फत उपस्थित गराउन लगाई बकपत्र गराइ नियमानुसार पेश गर्नु भन्ने समेत बेहोराको मिति २०७८।८।२१ को आदेश।

**फैसला**

वारदातमा वियरको बोतल प्रयोग भएको, घाइतेहरुको अवस्था गम्भीर प्रकृतिको नदेखिएको, प्रतिवादीले अदालतमा र मौकामा गरेको बयान, पीडित पक्ष र प्रतिवादी पक्षबिच पूर्व कुनै रिसइवी रहेको नदेखिएको, पीडितले उपचार खर्च प्राप्त गरेकाले क्षतिपूर्तिमा दावी नभएको, घाइते जीवन गिरीले अदालतमा बकपत्र गर्दा प्रतिवादीलाई सजाय हुनुभन्दा पनि अब आइन्दा गल्ती नगरुन्, आफ्नो स्वास्थ्य अवस्था ठिक छ भनी सो बेहोरा लेखाएका, घाइते महेश भट्टराईले बकपत्र गर्दा आफ्नो स्वास्थ्य अवस्था ठिक रहेको, प्रतिवादीले नसाको आवेगमा हानेका हुन् ज्यान लिनलाई होइन भनी उल्लेख गरेका, प्रतिवादीले ज्यान मार्ने उद्देश्यले हानेका होइनन् भनी जाहेरवाला वेद प्रसाद गिरीले गरेको बकपत्रसमेतबाट प्रस्तुत वारदात ज्यान मार्ने उद्योगको कसुर नभई साधारण कुटपिटसम्मको वारदात देखिएबाट पीडित पक्षले मुद्दा सकार गरेमा यसै मिसिलबाट बाँकी काम कारवाही गर्ने गरी प्रस्तुत वारदात मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२(१) बमोजिम साधारण कुटपिटमा परिणत हुने ठहर्छ।

## ६०. आशिष आलेको जाहेरीले नेपाल सरकार वि. टोप बहादुर श्रेष्ठ (मु.नं. ०७६-C१-०७१५)

**अभियोग मागदावी**

मिति २०७६।९।६ को राति ग्यालेक्सी क्याफेमा नाचगानको क्रममा भएको विवादमा उक्त क्याफेमा कार्यरत बाउन्सर प्रतिवादी पुष्कर कार्कीसमेतले जाहेरवालाको टाउकोमा वियरका बोतलसमेतले प्रहार गरी घाइते बनाई ज्यान मार्ने उद्योगको कसुर गरेका हुँदा प्रतिवादीहरू पुष्कर क्षेत्री, किशोर कुँवर र टोप बहादुर श्रेष्ठलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) को कसुरमा सोही संहिताको दफा १८३(२) बमोजिम सजाय गरी सोही संहिताको दफा १८६ बमोजिम प्रतिवादीहरूबाट जाहेरवालालाई क्षतिपूर्ति दिलाई अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिमसमेत गरिपाउँ भन्ने समेत अभियोग मागदावी।

**थुनछेक आदेश**

पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता ,२०७४ को दफा ६८ बमोजिम प्रतिवादी पुष्कर कार्कीबाट रू.५०,०००/- (अक्षरेपि पचास हजार रुपियाँ) नगद वा सो बराबरको जमानत दिएमा लिई तारिखमा राख्नु। माग भएको धरौट दाखिला गर्न नसके प्रतिवादीको कागज गराइ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८० बमोजिम थुनुवा पुर्जी दिई थुनामा राख्न कारागार कार्यालय रूपन्देहीमा लेखी पठाउनु भनी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७९ बमोजिम यो आदेश गरिदिएको छ भन्ने समेत बेहोराको २०७७।६।१४ को आदेश।

**फैसला**

निज जाहेरवालाले अदालतमा बकपत्र गर्दा प्रतिवादीहरूसँग रिसइवी केही नरहेको प्रतिवादीहरुलाई नचिनेको ज्यान मार्ने उद्देश्यले प्रतिवादीहरुले कुटपिट नगरेका प्रतिवादीहरुका अभिभावकहरुबाट क्षतिपूर्ति पाइसकेको, सामानहरु पनि सबै फिर्ता पाइसकेको हुँदा प्रतिवादीहरुलाई सजाय हुनु नपर्ने भनी प्रतिवादीहरूलाई सफाइ दिई जाहेरी बेहोरा मौकामा गरेको कागज र अभियोग दावी खण्डन गरी सो बेहोरा लेखाएका र प्रतिवादीहरुको वारदातमा कुनै संलग्नता नरहेको भनी प्रतिवादीहरुका साक्षीहरु हर्क बहादुर कुँवर र विशाल कुँवरले गरेको बकपत्रसमेतबाट ज्यान मार्ने उद्योगको कसुर स्थापित हुन सक्ने तथ्य र प्रमाणको विद्यमानता नरहेबाट प्रतिवादीहरूलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) विपरीतको कसुरमा सोही संहिताको दफा १८३(२) बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग मागदावी पुग्न सक्दैन। प्रतिवादीहरू पुसमान क्षेत्री भन्ने टोप बहादुर श्रेष्ठ, किशोर कुँवर र पुष्कर कार्कीले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ।

### ६१. बाल कुमारी सिंजालीको जाहेरीले नेपाल सरकार वि.गौतम बहादुर फौजा (मु.नं.०७८-C१-०००१)

**अभियोग मागदावी**

प्रतिवादी गौतम बहादुर फौजाले मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) बमोजिमको कसुर अपराध गरेकोले निज प्रतिवादीलाई सोही संहिताको दफा १८३ (२) बमोजिम सजाय गरी ऐ.संहिताको दफा १८६ बमोजिम प्रतिवादीबाट पीडित जाहेरवालीलाई मनासिव क्षतिपूर्ति दिलाई अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम प्रतिवादीबाट क्षतिपूर्ति शुल्क असुल गरी पीडित राहत कोषमा जम्मा गरिपाउँ भन्ने समेत बेहोराको अभियोगपत्र।

**थुनछेक आदेश**

पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई प्रतिवादी गौतम बहादुर फौजालाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ अनुसार पुर्पक्षको लागि थुनामा राख्न मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८० बमोजिम थुना पुर्जी दिई कारागार कार्यालय सुर्खेतमा थुनामा राख्न कारागार कार्यालय, सुर्खेतमा लेखि पठाइदिनु भन्ने समेत बेहोराको यस अदालतको थुनछेक आदेश।

**फैसला**

प्रतिवादीले ज्यान मार्ने उद्देश्यले श्रीमतीलाई खुर्पाले प्रहार गरेको होइन भनी लेखाएको भए तापनि खुर्पा जस्तो धारिलो हतियारले हिर्काएपछि मान्छे मर्न सक्ने अवस्थामा प्रतिवादीले पटक पटक प्रहार गरेको र प्रतिवादीले एक पटक शरीरको विभिन्न भागमा खुर्पाले प्रहार गरिसकेपछि जाहेरवालीले प्रतिकार गरी भागेको अवस्थामा समेत पुनः खुर्पाले प्रहार गरेकोमा जाहेरवालीको प्रतिकार गाउँलेको सहयोग र उपचारको कारणले जाहेरवालीको ज्यान बच्न सकेको देखिँदा प्रतिवादीले अभियोग दावीबमोजिमको कसुर अपराध गरेको देखियो।

अतः माथि विवेचित आधार कारणसमेतबाट प्रतिवादी गौतम बहादुर फौजाले आफ्नै श्रीमतीलाई धारिलो हतियार खुर्पा प्रहार गरी ज्यान मार्ने उद्योग गरेको पुष्टि भएकोले निज प्रतिवादीले अभियोग दावीबमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) बमोजिमको कसुर अपराध गरेको ठहर्छ।

**सजाय निर्धारण**

सजाय निर्धारण तर्फ विचार गर्दा, प्रतिवादी गौतमबहादुर फौजाले यस पूर्व फौजदारी कसुरमा सजाय पाएको भन्ने मिसिलबाट देखिँदैन। प्रतिवादीले गरेको कसुरको प्रकृति, मात्रा, प्रतिवादी र जाहेरवालीको विवादको कारण प्रस्तुत वारदात घटेको अवस्था पीडित जाहेरवालीलाई लागेको चोटको प्रकृति, जाहेरवालीलाई एक महिनाभित्र क्षतिपूर्ति दिन मन्जुर भई आफूले गरेको कार्यमा पश्चाताप गरी एकपटक सुध्रने मोका पाउँ भनी गरेको कागज, प्रतिवादीको आर्थिक सामाजिक पारिवारिक अवस्था तथा मुलुकी अपराध संहिता, २०७४ को दफा ३८ र ३९ मा उल्लिखित कसुरको गम्भीरता घटाउने तथा बढाउने अवस्था र प्रतिवादीलाई सजाय गर्नुको उद्देश्यसमेतलाई मध्येनजर गरी यी प्रतिवादी गौतमबहादुर फौजालाई ठहर भएको कसुरमा मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(२) बमोजिम १(एक) वर्ष ६(छ) महिना कैद र रु.१५,०००/- (पन्ध्र हजार रुपियाँ) जरिवानाको सजाय हुने प्रतिवादीवाट पीडित जाहेरवालीले सोही संहिताको दफा १८६ बमोजिम रु.

१,००,०००/- (एक लाख रुपियाँ) क्षतीपूर्ति भराई पाउने समेत ठहर्छ। साथै अभियोग दावीको अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम प्रतिवादीबाट रु. ६०० (छ सय रुपियाँ) क्षतिपूर्ति शुल्क असुल गर्ने समेत ठहर्छ।

## ६२. खेमलाल पुनको जाहेरीले नेपाल सरकार वि. जोगी पुन (मु.नं. ०७८-C१-०१२३)

**अभियोग मागदावी**

प्रतिवादी खुमान पुन भन्ने जोगी पुनलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) बमोजिमको कसुरमा सोही संहिताको दफा १८३(२) बमोजिम सजाय गरी अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम हुन तथा प्रतिबादी खुमान पुन भन्ने जोगी पुनबाट घाइते तेज बहादुर पुनलाई औषधी उपचारमा लागेको सम्पूर्ण उपचार खर्च रु. ६२,४०४.१२।- (अक्षरेपि बैसठ्ठी हजार चार सय चार रुपियाँ बाह्र पैसा) र यस पश्चात् लाग्ने अरु खर्चसमेत मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम अभियुक्तबाटै दिलाई भराइ पाउन भन्ने समेत ब्यहोराको नेपाल सरकारको मिति २०७८।०८।०२ गतेको अभियोग मागदावी ।

**फैसला**

प्रतिवादी खुमान पुन उपर परेको किटानी जाहेरी दरखास्त प्रतिवादी खुमान पुन भन्ने जोगी पुनले मौकामा र अदालतसमक्ष बयान गर्दा मैले तेजबहादुर पुनलाई धारिलो हतियार हँसियाले घाँटीमा गर्धनमा प्रहार गरी ज्यान मार्ने उद्योग गरेको भनी आरोपित कसुरमा सावित रही गरेको बयान, घाइते तेजबहादुर पुनको घाउ जाँच केस फाराम, घाइते तेजबहादुर पुनको मिसिल संलग्न रहेको तस्बिर (फोटो) बाट निजको घाँटीमा गहिरो चोट लागेको देखिएको घटनास्थल मुचुल्का र मौकामा बुझिएका मनिसरा पुनसमेतले मौकामा कागज गर्दा प्रतिवादी खुमान भन्ने जोगी पुनले तेजबहादुर पुनको घाँटी, गर्दनमा गहिरो चोट पुग्ने गरी काठी रक्ताम्मे बनाई एक हातमा हँसिया र अर्को हातमा ढुङ्गा समाती भागी फरार हुँदै गरेको प्रत्यक्ष देखेको हुँ भनी गरेको कागजसमेतका प्राप्त आधार र प्रमाणहरुबाट यी प्रतिवादी खुमान पुन भन्ने जोगी पुनले जाहेरवालाको बुवा तेजबहादुर पुन बिरामी भई घरमा एक्लै सुतिरहेको अवस्थामा धारिलो जोखिमी हतियार हँसियाले टाउको, घाँटी, गर्दन र हातमा प्रहार गरी ज्यान मार्ने उद्योग गरी मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) बमोजिमको आरोपित कसुर गरेको ठहर्छ।

**सजाय निर्धारण**

प्रतिवादी खुमान पुन भन्ने जोगी पुनले मादक पदार्थ (रक्सी) सेवन गरी ज्यान मार्ने उद्देश्यले पीडित तेजबहादुर पुनलाई धारिलो हतियार हँसियाले प्रहार गरी गम्भीर घाइते बनाई ज्यान मार्ने उद्योग

गरेकाले प्रस्तुत वारदातको प्रकृति, गम्भीरता र प्रस्तुत घटनामा निज प्रतिवादीको भूमिकासमेतलाई मध्यनजर गर्नुपर्ने हुन आएको छ। प्रतिवादी खुमान पुन भन्ने जोगी पुनको कार्य व्यवहार हेर्दा धारिलो हतियार हँसिया लिई सुतिरहेको व्यक्तिलाई घाँटीमा प्रहार गरी काटेको कार्य निर्मम प्रकृतिको हुँदा निजलाई अधिकतम सजाय गर्न उपयुक्त देखिँदा निज प्रतिवादी खुमान पुन भन्ने जोगी पुनलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(२) बमोजिम १० (दश) वर्षसम्म कैद र रु.१,००,०००/- (अक्षरेपि एक लाख) जरिबाना हुने ठहर्छ।

घाँटी जस्तो संवेदनशील अंगमा हँसिया जस्तो धारिलो जोखिमी हतियार प्रयोग गरी काटेको अवस्थामा हुन गएका शारीरिक पीडा तथा मानसिक पिडासमेतलाई मध्यनजर गरी प्रतिवादीबाट पीडितले रु.४,००,०००/- (अक्षरेपि चार लाख) औषधी उपचार खर्च तथा क्षतिपूर्ति पाउने ठहर्छ।

## ६३. गगन बहादुर बुढाको जाहेरीले नेपाल सरकार वि. खडक सिं बुढा (मु.नं. ०७८-C१-०३०९)

**अभियोग मागदावी**

मिति २०७१।१।१० गते बेलुकी अं. १७:०० बजेको समयमा जिल्ला सुर्खेत भेरीगंगा न.पा. वडा न. २ काल्पानी स्थित जाहेरवालाको घर आँगनमा प्रतिवादी खडक सिंह बुढाले जाहेरवालासँगको पूर्व रिसइविका कारण सुरुमा निजकी भाउजुलाई कुटपिट गरेकोमा निज सो स्थानबाट भागेपछि जाहेरवालाकी वर्ष अं. ३ की अवोध नाबालिका छोरी रक्षा बुढालाई ज्यान मार्ने उद्देश्यले सालको चिरपटले टाउकोमा हानि नजिकै रहेको उचालेर पछारी सख्त घाइते बनाई उक्त वारदातस्थलबाट भागी गएको र घटनास्थलमा रहेकी दुर्गा थापाले घाइतेको आफन्तहरूलाई खवर गरी आफन्तहरूलाई तत्काल उपचारको लागि अस्पताल लिई उपचार भएको कारण पीडितको ज्यान बच्न गएको देखिएबाट निज खडक सिं बुढाले मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) बमोजिम कसुर गरेको तथ्य स-प्रमाण पुष्टि हुन आएकाले निजलाई सोही संहिताको दफा १८३(२) बमोजिम सजाय गरी अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम हुनुका साथै पीडित घाइते रक्षा बुढाको हालसम्मको औषधी उपचार खर्च रू.१८,४००।- (अठार हजार चार सय) र पछि लाग्ने उपचार खर्चको साथै पीडितले पाउने क्षतिपूर्ति मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम कसुरदारबाट दिलाई भराइ पाउनसमेतको मागदाबी लिई मिति २०७१।१।२२ मा यस अदालतमा दायर हुन आएको अभियोगपत्र।

**थुनछेक आदेश**

प्रतिवादी खडक सिं बुढालाई पछि ठहरेबमोजिम हुने गरी हाललाई मुद्दा पुर्पक्षका लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम थुनामा राख्न सोही संहिताको दफा ८० बमोजिम थुनुवा पुर्जी दिई कारागार कार्यालय सुर्खेतमा लेखि पठाउनु।

**फैसला**

प्रस्तुत वारदात सामान्य कुटपिटको हो भन्ने तर्फ पनि हेर्नुपरेको छ। यी प्रतिवादीले आफ्नो प्रतिरक्षा गर्न तथा भाग्नसमेत नसक्ने ३ वर्षकी अबोध बालिका उपर सङ्गीण प्रकारले हमला गरेको र निज नाबालिका अचेत अवस्थामा पुगेपछि मरी भनि वारदातस्थलमा निजको कुटाई खाई उम्की भागेकी दुर्गा बुढालाई पुनः लखेट्न गएको भन्ने तथ्यबाट यो सामान्य कुटपिटको नभई सङ्गीण प्रकारले नाबालिकाको ज्यान मार्ने नियतले गरेको हमला भन्ने नै देखिन्छ। कार्य व्यवहारबाट पनि घटनाको विश्लेषण गर्नुपर्ने हुन्छ। निजको कार्य व्यवहार कुटपिटको वारदातसँग लगेर तुलना गर्न सकिंदैन। अतः यी प्रतिवादी खडक सिं बुढाले पीडित नाबालिकाको ज्यानै मार्ने उद्देश्यले सालको चिर्पटले प्रहार गरेको तथा उचालेर ढुङ्गामा पछारी मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ (१) विपरीतको ज्यान मार्ने उद्योगको कसुर गरेको ठहर्छ।

**सजाय निर्धारण**

प्रतिवादीले वारदातस्थलमा रहेकी जाहेरवालाकी भाउजुलाई हानेकोमा निज प्रतिवादीबाट फुत्किएर भागेपछि तत्काल वारदातस्थलमा रहेकी सामान्य चेतना तथा जानकारीसमेत नहुने उमेरकी अबोध नाबालिकालाई हातमा रहेको सालको चिरपटले प्रहार गरेको तथा नाबालिकालाई उचालेर ढुङ्गामा पछारेको समेतका कार्यबाट बालिकाको शारीरिक तथा मानसिक पक्षमा समेत असर गरेको देखिन्छ। अतः प्रतिवादीको कार्य, पीडितको अवस्था र उमेर तथा कसुरको गम्भीरतासमेतका आधारमा यी प्रतिवादीलाई ५ (पाँच) वर्ष कैद र रू.५०,०००।-(पचास हजार रुपियाँ) जरिवाना हुने ठहर्छ। निजबाट रू. २०००/- असुल गरी पीडित राहत कोषमा दाखेल गर्नु।

## ६४. मिना बि.सी.को जाहेरीले नेपाल सरकार वि. महेन्द्र बि.सी. (मु.नं. ०७८-C१-०३४४)

**अभियोग मागदावी**

प्रतिवादी महेन्द्र वि.सी.ले ज्यान मार्ने उद्देश्यले पीडितको घाँटीलगायतका संवेदनशील अंगहरुमा फलामको रडलगायतका जोखिमी हतियारहरूले प्रहार गरी ज्यान मार्ने उद्योग गरेको उक्त कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) बिपरीतको कसुर हुँदा निज प्रतिवादी महेन्द्र बि सी लाई सोही संहिताको दफा १८३(२) बमोजिम सजाय गरी अपराध पीडित संरक्षण ऐन, २०७५

को दफा ४१ बमोजिम हुन र मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम अभियुक्तबाट जाहेरवाली मिना वि.सी.लाई उपचार गर्दा लागेको विलहरूको रकम रु.१३,६१९.५० का साथै यस पश्चात् पेश हुन आउने अन्य बिलबमोजिमको रकम र प्रतिवादीले पीडितलाई कसुर गरेवाट पीडितलाई पर्न गएको शारीरिक मानसिक र भावनात्मक पीडा र चोट बापतको मनासिव क्षतिपूर्ति दिलाई भराइ पाउ भन्ने बेहोराको मिति २०७१।०३।०९ को अभियोगपत्र।

**थुनछेक आदेश**

प्रतिवादी महेन्द्र वि. सी. बाट पछि ठहरेबमोजिम हुने गरी हाल रू. २५,०००/- (पच्चिस हजार) नगद वा सो बराबरको असीमित अवधिको बैंक ग्यारेण्टी दिए मुद्दा पुर्पक्षको लागि धरौटमा राखु। सो दिन नसके मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४ को दफा ८० को थुना पुर्जी दिई कारागार कार्यालय सुर्खेतमा थुनामा राख्न पठाउनु।

**फैसला**

ज्यान मार्ने उद्योग मुद्दामा मनसाय तत्त्वको पनि महत्त्वपूर्ण भुमिका रहेको हुन्छ। मनसाय तत्त्वलाई हेर्दा यी प्रतिवादीहरूले पूर्व योजना बनाई ज्यानै मार्ने उद्देश्यले ज्यानै मार्नेसम्मको कार्य गरेको भन्ने देखिँदैन भने ज्यान मार्नेसम्मको घाउ चोटको गम्भीर अवस्थासमेत घाउ जाँच केस फारामबाट देखिँदैन। घा जाँच केस फाराममा घाउको अवस्था सामान्य (Type of injury is simple) रहेको भन्ने समेत देखिन्छ। यी प्रतिवादी र पीडितको तत्काल वारदात स्थलमा प्रतिवादीको प्रहारले चोट लागेको हो भनेर मान्दा पनि यसमा ज्यानै जानेसम्मको कार्य भएको नदेखिएकाले नेपालको मुलुकी अपराध संहिता, २०७४ मा यसरी चोट पुऱ्याउनेका विरूद्धमा अन्य कसुरको पनि व्यवस्था गरिएको छ। सो तर्फ दावी नभएर ठुलो ज्यान मार्ने उद्योगमा दावी भएको देखिन आएको छ। जाहेरी दरखास्त, घा जाँच केस फाराम, साक्षीको बकपत्रसमेतका कागजातहरू अवलोकन गर्दा पीडित तथा प्रतिवादीको बिचमा वादविवाद भई कुटपिटको घटना भएको भन्ने देखिन आएको छ। कुटपिटको वारदात देखिएको भए पनि ज्यान मार्ने मनसाय तत्त्वको अभावमा सो वारदात ज्यान मार्नेसम्मको वारदात भन्ने देखिँदैन। अतः यसमा ज्यान मार्ने उद्योगको कसुर नहुँदा सो तर्फ सफाइ हुन्छ। केस फारामसमेतबाट प्रस्तुत मुद्दा दुनियावादी कुटपिटमा परिणत गरिदिएको छ।

### ६५. मन सुनारको जाहेरीले नेपाल सरकार वि. चक्र बहादुर सिंह (मु.नं.०७७-C१-०१८०)

**अभियोग मागदावी**

यी प्रतिवादीहरू चक्र बहादुर सिंह, अर्जुन कुमार सिंह, प्रेम बहादुर शाही, भिम बहादुर सिंह, जीवन शाही र सुरक्षा शाहीको कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ (१) बमोजिमको कसुर

देखिँदा निज प्रतिवादीहरु चक्र बहादुर सिंह, अर्जुन कुमार सिंह, प्रेम बहादुर शाही, भिम बहादुर सिंह, जीवन शाही र सुरेश शाहीलाई सोही संहिताको दफा १८३(२) बमोजिम सजाय गरी अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम हुनका साथै मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम प्रतिवादीहरूबाट घाइते रण बहादुर सुनार र टेक बहादुर सुनारलाई उपचार खर्च रू. ३३,५२२/- (तेत्तिस हजार पाँच सय बाइस) समेत क्षतिपूर्ति दिलाई पाउन मागदावी लिइ दायर भएको मिति २०७७।११।१७ को अभियोगपत्र।

**थुनछेक आदेश**

यी प्रतिवादीहरूबाट पछि ठहरेबमोजिम हुने गरी हाल प्रतिवादीहरूबाट जनही रु. ५०,०००/- (पचास हजार) नगद वा सो बराबरको असीमित अवधिको बैङ्क ग्यारेण्टी दिए मुद्दा पुर्पक्षको लागि धरौटमा राख्नु सो दिन नसके ऐ. दफा ८० को थुना पुर्जी दिई कारागार कार्यालय सुर्खेतमा पठाउनु।

**फैसला**

पीडितलाई चोट लागेको देखिए पनि सो चोट सामान्य प्रकृतिको रहेको छ। वारदात यी प्रतिवादीले घटाएका थिए भनेर मान्दा पनि यसमा ज्यानै जानेसम्मको कार्य भएको देखिँदैन। मुलुकी अपराध संहिता, २०७४ मा अपराध संहितामा यसरी चोट पुऱ्याउनेका विरूद्धमा अन्य कसुरको पनि व्यवस्था गरिएको छ। सो तर्फ दावी नभएर ठुलो ज्यान मार्ने उद्योगमा दावी भएको छ। ज्यान मार्ने उद्योगको लागि रिसइवीलगायतका अवस्थाहरू तथा ज्यानै जानेसम्मका कृत्यहरू देखिनुपर्ने हुन्छ। जाहेरी बेहोरा तथा अनुसन्धानका क्रममा भएको कागजहरूको प्रमाणिकता यस अदालतमा प्रमाणित हुन सकेको छैन। जाहेरी दरखास्त प्रतिवादीहरूको बयान, घा जाँच केस फारामसमेतका कागजातहरू अवलोकन गर्दा पीडित तथा प्रतिवादीहरूको बिचमा फुटबल खेल्ने क्रममा कुटपिटको घटना भएको भन्ने देखिन आएको छ। कुटपिटको वारदात देखिएको भए पनि ज्यान मार्ने मनसाय तत्त्वको अभावमा सो वारदात ज्यान मार्नेसम्मको वारदात भन्ने देखिँदैन। अतः यसमा ज्यान मार्ने उद्योगको कसुरबाट सफाइ हुन्छ। प्रस्तुत मुद्दा दुनियावादी कुटपिटमा परिणत हुन्छ।

## ६६. प्रेम बहादुर शाहीको जाहेरीले नेपाल सरकार वि. मनोज गुरुङ्ग (मु.नं.०७७-C१-००२४)

**अभियोग मागदावी**

प्रतिवादीहरू मनोज गुरुङ्ग र नविन गुरुङ्गको कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) बमोजिमको कसुर गरेको देखिएबाट निजहरूलाई सोही संहिताको दफा १८३(२) बमोजिम सजाय गरी अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम हुन मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम प्रतिवादीहरूसमेतबाट घाइते प्रेमबहादुर शाहीलाई औषधी

उपचारमा लागेको विलबमोजिमको खर्च रू. १६,११४।- (सोह्र हजार एक सय चौध) र विल पेश भएको वारदातको समयमा हराएको जाहेरवालाको रू.३०,०००/- (तिस हजार) पर्ने रियल मि 7i मोबाइलको मूल्यसमेत गरी जम्मा रकम रू. ४६,११४/- (छयालिस हजार एक सय चौध) समेत मनासिव क्षतिपूर्ति दिलाई भराइ पाउ भन्ने बेहोराको मिति २०७८।०४।३२ को अभियोगपत्र।

**थुनछेक आदेश**

प्रतिवादीहरू नविन गुरुङ- १ र मनोज गुरूङ-१ बाट पछि ठहरेबमोजिम हुने गरी हाल निजहरूबाट जनही रु. ७५,०००/- (पचहत्तर हजार) नगद वा सो बराबरको असीमित अवधिको बैङ्क ग्यारेण्टी दिए मुद्दा पुर्पक्षको लागि धरौटमा राख्नु। सो दिन नसके ऐ. दफा ८० को थुना पुर्जी दिई कारागार कार्यालय सुर्खेतमा पठाउनु।

**फैसला**

प्रस्तुत मुद्दामा बरामदी मुचुल्का हेर्दा हेलमेट बरामद भएको र कुनै धारिलो हतियार बरामद भएको भन्ने समेत नदेखिएकाले खाली कोरा भनाईको आधारमा धारिलो हतियार प्रहार गरेका हुन् भनी कसुर कायम गर्नु न्यायोचित हुँदैन। अर्को तर्फ पीडितको घाउँ जाँच केस फाराम हेर्दा खोस्रिएका घाउँहरू रहेका धारिलो हतियार प्रयोग भई गम्भीर चोट लागेको देखिँदैन। यसबाट अभियोग मागदावीबमोजिम प्रतिवादीहरूले ज्यान मार्ने उद्योगको कसुर गरेका हुन् भन्ने अभियोग मागदावीमा सहमत हुन सक्ने अवस्था देखिएन। यी प्रतिवादीहरूले घटना घटाएका थिए भनेर मान्दा पनि यसमा ज्यानै जानेसम्मको कार्य भएको नदेखिएकाले नेपालको मुलुकी अपराध संहिता, २०७४ मा यसरी चोट पुऱ्याउनेका विरुद्धमा अन्य कसुरको पनि व्यवस्था गरिएको छ। सो तर्फ दावी नभएर ठुलो ज्यान मार्ने उद्योगमा दावी भएको देखिन आएको छ जाहेरी दरखास्त, प्रतिवादीहरूको बयान, घा जाँच केस फारामसमेतका कागजातहरू अवलोकन गर्दा पीडित तथा प्रतिवादीहरूको बिचमा चिया नास्ता पसलमा वादविवाद भई कुटपिटको घटना भएको भन्ने देखिन आएको छ। कुटपिटको वारदात देखिएको भए पनि ज्यान मार्ने मनसाय तत्त्वको अभावमा सो वारदात ज्यान मार्नेसम्मको वारदात भन्ने देखिँदैन। अतः माथि विवेचित आधार र कारणसमेतबाट यसमा प्रस्तुत मुद्दा दुनियावादी कुटपिटमा परिणत हुन्छ। ज्यान मार्ने उद्योगको दावीबाट सफाइ हुन्छ। पीडितले सकार गरे यसै मुद्दाबाट कारवाही गर्नु।

## ६७. सिता कुमारी बुढाको जाहेरीले नेपाल सरकार वि. सुवास चन्द्र पहाडी बि.क.(मु.नं.०७८-C१-००५५)

**अभियोग मागदावी**

प्रतिवादीहरू सुवासचन्द्र पहाडी बि.क., असिम शाही, सुवास भण्डारी, भुवन भण्डारी र निराजन श्रेष्ठ भन्ने सिमन श्रेष्ठसमेतले जाहेरवालीको छोरा हरी बुढासमेतसँग केही दिन अगाडि भएको झगडाको कारण रिसइवी लिई हरी बुढाको ज्यान मार्ने उद्देश्यले सबै जना सल्लाह गरी प्रतिवादीमध्येका निराजन श्रेष्ठ भन्ने सिमन श्रेष्ठले खुकुरी तथा अन्य प्रतिवादीहरूले लातीसमेतले प्रहार गरी घाइते बनाएकोमा तत्काल वारदातस्थलमा प्रहरी टोली पुगी प्रतिवादीहरूले थप प्रहार गर्न नपाई पीडितको तत्काल उपचार भएकाले ज्यान बच्न सफल भएको हुँदा प्रतिवादीहरू सुवासचन्द्र पहाडी बि.क., असिम शाही, सुवास भण्डारी, भुवन भण्डारी र निराजन श्रेष्ठ भन्ने सिमन श्रेष्ठले मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) बमोजिमको कसुर गरेको पुष्टि हुन आयो। यी प्रतिवादीहरूलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(२) बमोजिम सजाय गरी अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम हुनका साथै मुलुकी अपराध संहिता २०७४ को दफा १८६ बमोजिम प्रतिवादीहरूबाट पीडित हरी बुढालाई लागेको औषधी उपचारसमेतको खर्च रू.२५,०५२(पच्चिस हजार बाउन्न) र पछि पेश हुने विलबमोजिमको उपचार खर्च तथा वारदातको समयमा हराएको भनिएको हरी बुढाले लगाएको सुनको सिक्री रू.१,२३,०००/-, सुनको औंठी रू.६५,०००/-, मोवाइल रू.४५,०००/- र नगद रू.८,०००।- समेत मनासिव क्षतिपूर्ति दिलाई भराइ पाउ भन्ने मागदावी लिई मिति २०७८।६।४ मा दायर भएको अभियोग पत्र।

**थुनछेक आदेश**

यी प्रतिवादीहरूबाट पछि ठहरेबमोजिम हुने गरी जनही रु. २५,०००/- (पच्चिस हजार) नगद वा सो बराबरको असीमित अवधिको बैङ्क ग्यारेण्टी दिए मुद्दा पुर्पक्षको लागि धरौटमा राख्नु। सो दिन नसके ऐ. दफा ८० को थुनुवा पुर्जी दिई कारागार कार्यालय सुर्खेतमा पठाउनु।

**फैसला**

यी प्रतिवादीहरुले घटना घटाएका थिए भनेर मान्दा पनि यसमा ज्यानै जानेसम्मको कार्य भएको नदेखिएकाले मुलुकी अपराध संहिता, २०७४ मा यसरी चोट पुऱ्याउनेका विरूद्धमा अन्य कसुरको पनि व्यवस्था गरिएको छ। सो तर्फ दावी नभएर ठुलो ज्यान मार्ने उद्योगमा दावी भएको देखिन आएको छ। जाहेरी दरखास्त, प्रतिवादीहरूको बयान, घा जाँच केस फारामसमेतका कागजातहरू अवलोकन गर्दा पीडित तथा प्रतिवादीहरूको बिचमा पहिलेदेखि नै विवाद भैरहने र सो दिनको वारदात पनि सोही विवादको शृङ्खलास्वरुप भएको दोहोरो कुटपिटको घटना भएको भन्ने देखिन

आएको छ। कुटपिटको वारदात देखिएको भए पनि ज्यान मार्ने मनसाय तत्त्वको अभावमा सो वारदात ज्यान मार्नेसम्मको वारदात भन्ने देखिँदैन। अतः माथि विवेचित आधार र कारणसमेतबाट यसमा प्रस्तुत मुद्दा दुनियाँवादी कुटपिटमा परिणत हुन्छ। ज्यान मार्ने उद्योगको दावीबाट सफाइ हुन्छ। पीडितले सकार गरे यसै मुद्दाबाट कारवाही गर्नु।

**६८. पवन कुमार श्रेष्ठको जाहेरीले नेपाल सरकार वि. हरी बुढासमेत (मु.नं.०७८-C१-००८७)**

**अभियोग मागदावी**

अभियुक्तहरू हरी बुढा, प्रिन्स आचार्य, सुबिन भन्ने तुल्सीरमण लामिछाने र बिधान शाहीले जाहेरवालाको भाई निराजन श्रेष्ठ भन्ने सिमन श्रेष्ठसमेतसँग केही दिन अगाडि भएको झगडाको कारण रिसिइवी लिई निराजन श्रेष्ठ भन्ने सिमन श्रेष्ठको ज्यान मार्ने उद्देश्यले सबै जना सल्लाह गरी निजहरूले फलामको रड, खुकुरी र घनसमेतले पीडित निराजन श्रेष्ठ भन्ने सिमन श्रेष्ठको टाउकोलगायत शरीरका विभिन्न अङ्गमा प्रहार गरी घाइते बनाएकोमा पुनः खुकुरीले प्रहार गर्न खोज्दा वारदातस्थल नजिक रहेका सुवास भण्डारी र सुवास सुनारले देखि निजको हातबाट खुकुरी खोसी फालेपछि प्रहार गर्न नपाई पीडितको तत्काल उपचार भएकाले ज्यान बच्न सफल भएको हुँदा अभियुक्तहरू हरी बुढा, प्रिन्स आचार्य, सुबिन भन्ने तुल्सीरमण लामिछाने र बिधान शाहीले मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकाले अभियुक्तहरू हरी बुढा, प्रिन्स आचार्य, सुबिन भन्ने तुल्सीरमण लामिछाने र बिधान शाहीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(२) बमोजिम सजाय गरी अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम हुनका साथै वारदात मितिदेखि फरार प्रतिवादी बिधान शाहीका नाउँमा सम्मानित अदालतबाटै म्याद जारी गरी कानूनबमोजिम हुन समेतको मागदाबी लिई मिति २०७८/०६/२० मा यस अदालतमा दायर भएको अभियोगपत्र।

**थुनछेक आदेश**

यी प्रतिवादीहरूबाट पछि ठहरेबमोजिम हुने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ७२ बमोजिम जनही रु.२५०००/- (पच्चिस हजार) नगद वा सो बराबरको असीमित अवधिको बैंक ग्यारेण्टी दिए मुद्दा पुर्पक्षको लागि धरौटमा राख्नु। सो दिन नसके ऐ दफा ८० को थुना पुर्जी दिई कारागार कार्यालय सुर्खेतमा पठाउनु।

**फैसला**

प्रस्तुत मुद्दाका प्रतिवादी हरी बुढालाई निराजन श्रेष्ठ भन्ने सिमन श्रेष्ठले खुकुरी प्रहार गरी ज्यान मार्ने उद्योग गरेको भन्ने विषयमा सिता कुमारी बुढाको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी सुवासचन्द्र

पहाड़ी बि.क. समेत भएको ज्यान मार्ने उद्योग मुद्दा यसै अदालतमा चलेको र उक्त मुद्दाका तथ्यका सम्बन्धमा सोही मुद्दामा नै उल्लेख भैसकेको हुँदा सोको पुनर्उल्लेखन गरिएको छैन। उपर्युक्त तथ्य भएको प्रस्तुत मुद्दाका पीडित र प्रतिवादीहरूको भूमिका र यसैको लगाउको ७८-०७८-००२९२/०७८-C१-००५५ को मुद्दाका पीडित र प्रतिवादीहरूको भूमिका र कार्य एकै मिलानको भएको वारदात मिति एउटै भएकोले उक्त लगाउको मुद्दाको विवेचित आधार र कारणसमेतबाट यसमा प्रस्तुत मुद्दा नि. नं. ५७८ अनुसार दुनियाँवादी कुटपिटमा परिणत हुन्छ। ज्यान मार्ने उद्योगको कसुरबाट सफाइ हुन्छ पीडितले सकार गरे यसै मुद्दाबाट कारवाही गर्नु।

**६९. प्र.ज. भुपेन्द्र मल्लको प्रतिवेदनले नेपाल सरकार वि. ललित बहादुर गुरुङ्ग (मु.नं.०७८-C१-०१२२)**

**अभियोग मागदावी**

प्रतिवादी ललित बहादुर गुरुङ्गको कार्य प्रचलित मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ विपरीत १५ नं. बमोजिमको कसुर गरेको देखिँदा सोही ऐन ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम सजाय हुन (उक्त कसुर सजायलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ (१) विपरीतको कसुर अपराधमा सोही संहिताको दफा १८३ (२) बमोजिम सजाय हुने गरी निरन्तरता दिएको) साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम हुनुका साथै मुलुकी अपराध संहिता २०७४ को दफा १८६ बमोजिम मनासिव क्षतिपूर्ति दिलाई भराइ पाउनसमेतको मागदावी लिइ दायर भएको मिति २०७८/०७/३० को अभियोगपत्र।

**थुनछेक आदेश**

पछि ठहरेबमोजिम हुने गरी प्रतिवादी ललित बहादुर गुरुङ्गबाट रु. ५०,०००/- (पचास हजार) नगद वा सो बराबरको असीमित अवधिको बैङ्क ग्यारेण्टी दिए मुद्दा पुर्पक्षको लागि धरौटमा राख्नु। सो दिन नसके ऐ दफा ८० को थुना पुर्जी दिई कारागार कार्यालय सुर्खेतमा पठाउनु।

**फैसला**

प्रस्तुत मिसिल अध्ययन गर्दा जाहेरवाला र प्रतिवादी बिच झगडा हातपात भएको भन्ने सम्मको अवस्था देखिएको छ। जाहेरवाला भुपेन्द्र मल्लले बकपत्र गर्दा रिसइवी थिएन, सामान्य विवाद भएको भनि उल्लेखन गरेको हुँदा ज्यानै मार्नेसम्मको पूर्व रिसइवीसमेत रहेको देखिँदैन। पीडितको घाउ जाँच केस फाराम हेर्दा पनि घाउ चोट लागे तापनि गम्भीर प्रकृतिको नरहेको भन्ने देखिन्छ। यी पीडितको ज्यानै जाने प्रकृतिको गम्भीर अवस्थाको भएको नदेखिँदा प्रतिवादीबाट पीडितलाई मर्ने

अवस्थासम्मको आक्रमण भएको थियो भनि मान्न सकिएन। अतः यसमा ज्यान मार्ने उद्योगको वारदात स्थापित हुन नआएकोले आरोपित कसुरबाट सफाइ हुन्छ।

**७०. जगत बहादुर रसाईलीको जाहेरीले नेपाल सरकार वि. अर्जुन बि.क. (मु.नं. ०७८-C१-०२४२)**

**अभियोग मागदावी**

प्रतिवादी अर्जुन वि. क. लाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८३(१) विपरीतको कसुर अपराधमा सोही संहितको दफा १८३(२) बमोजिम सजाय हुनका साथै महेश रोकायसमेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी अर्जुन वि.क. समेत भएको अभद्र व्यवहार मुद्दामा यी प्रतिवादी अर्जुन वि.क.लाई रु.७०००/- हजार जरिवाना हुने गरी फैसला भएको देखिँदा यी प्रतिवादीले पटक पटक कसुर गरेको देखिन आएकोले निज प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा ४४ बमोजिम थप सजायसमेत गरी अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम हुनका साथै पीडित घाइतेको हालसम्म लागेको औषधी उपचार बापतको रकम पाइसकेको र पछि लाग्ने उपचार वापतको रकम दिलाई भराइ पाउ भन्ने घाइते पीडितको कागजबाट देखिन आएकोले पछि पेश हुन आएका उपचार बापतको विलबमोजिमको रकम र जाहेरीमा उल्लिखित पीडितको साथमा रहेको भनिएको गाडी धनीको रकम रु. ३०,०००/- र आफूले ज्याला मजदुरी गरेको भत्ता बापतको रकम रु. ५ हजारसमेत गरी जम्मा रु. ३५०००/- मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम कसुरदारबाट पीडित घाइते कर्ण बहादुर रसाईलीलाई दिलाई भराइ पाउन मागदावी लिई दायर भएको मिति २०७८।११।२२ को अभियोगपत्र।

**थुनछेक आदेश**

पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई मुद्दा पुर्पक्षका लागि प्रतिवादी अर्जुन वि. क लाई मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को दफा ६७ बमोजिम थुनामा राख्न सोही संहिताको दफा ८० बमोजिमको थुनुवा पुर्जी दिई कारागार कार्यालय, सुर्खेतमा लेखी पठाइदिनु।

**फैसला**

प्रस्तुत मुद्दामा जाहेरवालालगायत पीडितले बकपत्र गर्दा रिसइवी थिएन भनि उल्लेखन गरेको हुँदा ज्यानै मार्नेसम्मको पूर्व रिसइवीसमेत रहेको देखिँदैन। पीडितको घाउ जाँच केस फाराम हेर्दा पनि घाउ चोट लागे तापनि गम्भीर प्रकृतिको नरहेको भन्ने देखिन्छ। प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदन हेर्दा निजको टाउको, नाक, च्यापुमा चोट लागेको भन्ने देखिन्छ। यसबाट पीडित र जाहेरवालाबिच दोहोरो झडप भएको कारण यी पीडितलाई चोट लाग्न पुगेको देखिएको छ। यी

पीडितको ज्यानै जाने प्रकृतिको गम्भीर अवस्थाको भएको नदेखिँदा प्रतिवादीबाट पीडितलाई मर्ने अवस्थासम्मको आक्रमण भएको थियो भनि मान्न सकिएन तसर्थ यसमा पीडितको घाउजाँच केस फाराम, प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदन, प्रतिवादीको बयान, पीडितलगायत साक्षीको बकपत्रसमेत आधार र कारणबाट ज्यान मार्ने उद्योग तर्फको दावी पुग्न सक्दैन। यसमा प्रस्तुत वारदात ज्यान मार्ने उद्योगको नदेखिँदा कुटपिटमा परिणत गरिदिएको छ। पीडितले सकार गरे यसै मिसिलबाट कारवाही हुन्छ।

## सन्दर्भ ग्रन्थसूची


- **संयुक्त राष्ट्रसंघीय व्यवस्था**
- मानव अधिकारको विश्वव्यापी घोषणापत्र,१९४८
- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञपत्र,१९६६
- **राष्ट्रिय कानूनी व्यवस्था**
- नेपालको संविधान
- सवारी तथा यातायात व्यवस्था ऐन,२०४९
- मुलुकी अपराध संहिता,२०७४।
- मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४।
- स्थानीय सरकार सञ्चालन ऐन,२०७४।
- **पुस्तक**
- प्रा.माधवप्रसाद आचार्य, अधिवक्ता बद्रीप्रसाद भण्डारी, फौजदारी कानूनको समीक्षात्मक विवेचना,(२०६३), प्रकाशकः भृकुटी एकेडेमिक पब्लिकेसन्स्, प्रदर्शनी मार्ग, काठमाडौं।
- प्रा.डा. रजितभक्त प्रधानाङ्ग, अधिवक्ता मेघराज पोखरेलसमेत, फौजदारी कानूनको परिचय,(२०६२), प्रकाशकः भृकुटी एकेडेमी पब्लिकेसन्स्, प्रदर्शनी मार्ग, काठमाडौं।
- Monica Chawla, Criminal Attempt and Punishment, (2006), Published by; DEEP & DEEP PUBLICATIONS PVT. LTD, F-159, Rajouri Garden, New Delhi-110 027.
- DEU TITUS REID, CRIMINAL LAW, (2007), SEVENTH EDITION, Published by; New York Oxford, OXFORD UNIVERSITY PRESS.
- **विशेषाङ्क /स्रोत सामग्री/जर्नल/प्रतिवेदन**
- जिउ, ज्यानसम्बन्धी अपराधको प्रवृत्तिगत अध्ययन, (२०७४), प्रकाशकः महान्यायाधिवक्ताको कार्यालय, नेपाल, अपराधशास्त्रीय अनुसन्धान केन्द्र, रामशाहपथ, काठमाडौं।
- कानून, अंङ्क ५४, प्रकाशकः कानून व्यवसायी कलब, काठमाडौं, डिल्लिबजार, काठमाडौं।

- त्रैमासिक भर्डिक्ट, वर्ष ४ अङ्क १४, चैत्र-जेठ,२०७७,प्रकाशकः लयर्स फोरम नेपाल, अनामनगर, काठमाडौं।
- फौजदारी कसुरसम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक अपराध संहिता, २०७४, दफावार व्याख्यात्मक टिप्पणी, प्रकाशकः राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल, हरिहरभवन, ललितपुर।
- सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन,२०७७/०७८, प्रकाशकः सर्वोच्च अदालत, रामशाह पथ, काठमाडौं।

**<u>अनुसन्धान पद्धतिसम्बन्धी पुस्तक</u>**

- अनुसन्धान पद्धति तथा प्रतिवेदन लेखन (तेस्रो संस्करण),(२०६३), प्रकाशकः नेशनल बुक सेन्टर भोटाहिटी काठमाडौं।
- अनुसन्धान पद्धति, (२०७७), प्रकाशकः पैरवी बुक हाउस प्रा.लि.।
- H.K. WOLF.P. R PANT. (2005). SOCIAL SCIENCE RESEARCH AND THESIS WRITING. Buddha Academic Publisher and Distributors Pvt. Ltd. Kathmandu, Nepal.
- Dr. MYNENI S. R. (2001). LEGAL RESEARCH METHODOLOGY.ALLAHABAD LAW AGENCY.PLOT NO.33,16/2 MATHURA ROAD FARIDABAD(HARYANA).
- **<u>वेवसाइटस</u>**
- https://nepalpolice.gov.np/news/
- https://nagariknews.nagariknetwork.com/social-affairs/
- https://www.nayapatrikadaily.com/news-details/
- M LIBRARIES, https://open.lib.umn.edu/criminallaw/